# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-II

**NEP-(DE)-PG-C-201**

# BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**
Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U., Dist-Darjeeling,
West Bengal, Pin-734013,
India.
Phone: (O) +91 0353-2776331/2699008
Fax: (0353) 2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# नेपाली भाषा विज्ञान

## BLOCK-1

एकाइ – 1, नेपाली भाषाको परिचय, वैशिष्ट्य तथा नेपाली भाषाका विकासको पृष्ठभूमि

एकाइ - 2. नेपाली भाषाका विकासको कालक्रमिक अध्ययन

एकाइ – 3, नेपाली भाषाका भाषिकाहरूको विवरणात्मक अध्ययन

एकाइ - 4. ध्वनि र वर्ण, नेपाली वर्णका भेद

एकाइ - 5, नेपाली वर्णविज्ञानको सिद्धान्तको विकास

एकाइ - 6. नेपाली शब्द - ढुकुटी

एकाइ – 7, नेपाली वाक्यका भेद अनि नेपाली वर्णको उच्चारणगत् विशेषता

## BLOCK-2

**UNIT-8** नेपाली भाषा अध्ययन परम्पराको अध्ययन ।......................... **8**

**UNIT-9** नेपाली वर्ण,अक्षर र लिपि व्याकरण ..................................... **53**

**UNIT-10** नेपाली भाषाका व्याकरणिक वर्ग र कोटिहरू......................... **97**

**Unit-11** वाक्यका सङ्घटक एकाइहरू.............................................. **139**

**UNIT-12** नेपाली क्रियापद र क्रियाइतर शब्दको रूपतात्त्विक अध्ययन..... **184**

**UNIT-13** नेपाली पदबन्धहरूको संरचना.......................................... **253**

**UNIT-14** पदक्रम र पदसङ्गति...................................................... **289**

# BLOCK-2 □ □ □ □ □ □ □ □ □ □ □ □ □ □ □ □

यस नेपाली भाषा विज्ञान अन्तर्गत रहेको यस प्रभाग - २ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – ८ नेपाली भाषा अध्ययन परम्पराको अध्ययन ।** यस एकाइमा नेपाली भाषा अध्ययन परम्परा विषय विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययनमा नेपाली भाषाको उत्पत्ति देखि विकासको विभिन्न चरणहरूको विस्लेषण गरिनेछ । भाषा विकासको परम्पराबारे विविद विद्वानहरूको चर्चालाई पनि लिखित सामाग्रीलाई आधार दिनको निम्ति चर्चा गरिनेछ । मुख्य विषय भने भाषा अध्ययन परम्परालाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गर्नु हो ।

**एकाइ -९ नेपाली वर्ण, अक्षर र लिपि व्याकरण** यस एकाइमा **नेपाली वर्ण, अक्षर र लिपि व्याकरण** बारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययनमा वर्ण अक्षर लिपिको परिचय दिदै वर्ण अक्षर र लिपि विज्ञानको पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ –१० नेपाली भाषाका व्याकरणिक वर्ग र कोटीहरू** यस एकाइमा **नेपाली भाषाका व्याकरणिक वर्ग र कोटीहरू** विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन विशेष व्याकरणिक कोटी र व्याकतणिक वर्गको परिचय र कार्यको अध्ययन यस एकाइमा गरिने छ ।

**एकाइ – ११वाक्यका सङ्घटक एकाईहरू** यस एकाईमा **वाक्यका सङ्घटक एकाईहरू**को विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययनमा वाक्य के हो भन्ने कुरा स्पष्ट पार्दै वाक्यका सङ्घटक एकाईको विस्तृत चर्चा गरिनेछ।

**एकाइ – १२ .१नेपाली क्रियापदको रूपतात्विक अध्ययन**

यस एकाइमा **नेपाली क्रियापदको रूपतात्विक** अध्ययन गरिने छ । यस अध्ययनमा क्तियाको परिचय राख्दै क्तियाको रूपतात्विक अध्ययनमा जोड दिइनेछ ।

**एकाइ –१२.२ नेपाली क्रियाइतर शब्दको रूपतेत्विक अध्ययन** यस एकाईमा **नेपाली क्रियाइतर शब्दको रूपतात्विक अध्ययन** अध्ययन गरिने छ । यस एकाइमा क्रियाको धेरथोर परिचय राख्दै क्रियाइतर शब्दको रूपतात्विक अध्ययन गरिनेछ । गरिने छ ।

**एकाइ – १३ नेपाली पदबन्धहरूको संरचना** यस एकाइमा पदबन्धको संरचनाको चर्चा गर्नु नै मुख्य उद्देश्य हुनेछ । नेपाली पदबन्ध र पदावली समब्नधित भएकोले यसको सूत्रात्मक अदाययन प्रस्तुत गरिनेछ ।

**एकाई १४. पदक्रम र पदसङ्गति** यस एकाईमा पदक्रम पदसङ्गतिको परिचय साथै वाक्यमा यसको कार्यव्यापार र महत्तवको विस्तृत चर्चा गरिनेछ ।

# UNIT-8 नेपाली भाषा अध्ययन परम्पराको अध्ययन ।

□ □ □ □ □ □

8.0 उद्देश्य

8.1 परिचय

8.2 नेपाली भाषाको अर्थ र परिचय

8.3 नेपाली भाषा – अध्ययन परम्परा

8.3.1 संसारका भाषाहरूको पारिवारिक वर्गीकरण

8.3.1.1 अफ्रिकाली भाषा परिवार,

8.3.1.2 *मलय पोलिनेसियाली भाषा परिवार*

8.3.1.3 ककेसियालीपरिवार

8.3.1.4 आग्नेली भाषा परिवार

8.3.1.5 जापानी–कोरियाली भाषा परिवार

8.3.1.6 युराल अल्टाइली भाषा परिवार

8.3.1.7 अमेरिकाली भाषा परिवार

8.3.1.8 चिनियाँ–तिब्बती भाषा परिवार

8.3.1.9 भारोपेली भाषा परिवार

8.3.2 भारोपेली भाषा परिवारको विशेषता

8.3.3 भाषाका आधुनिकीकरण र मानकीकरणका प्रक्रियाहरू

8.3.3.1 भाषा छनोट

**8.3.3.2 भाषाको कोडीकरण**

**8.4.3.3 भाषाको विस्तार**

**8.3.3.4 भाषाको स्वीकृति**

8.4 नेपाली भाषाको अध्ययन परम्परा

8.4.1 अनेपाली विद्वान्हरूको मत

8.4.2 नेपाली विद्वान्हरूको मत

8.4.3 नेपाली भाषाको प्रमुख विशेषता

8.5 नेपाली भाषाको विकासक्रम

8.5.1 नेपाली भाषाको स्तरीकरणमा हलन्त बहिष्कार आन्दोलन

8.5.2नेपाली भाषा विकास र परिमार्जनमा झर्रोवादी आन्दोलन

8.5.3 नेपाली भाषाको मानकीकरण प्रयास

8.6 उपसंहार

8.7 सार

8.8 अनुशीलनी

8.9 अतिरिक्त अध्ययन

8.10 □ □ □ □ □ □ □ □ □ □ □□□□□ □ □□ □ □ □ □

## 8.0 उद्देश्य

यस लेख लेखको मुख्य उद्देश्य विशेष नेपाली भाषाको अध्ययनलाई केन्द्र बनाइ अध्ययन गर्नु हो। विश्वमा भाषाको अध्ययन परम्परा कहिले र कहाँबाट सुरु भयो। भाषाको अध्धयन परम्परामा कुन-कुन मोडहरू देखा परे ती कुराहरूलाई प्रस्तुत गरिको छ। भाषाको अध्ययन परम्परालाई अघि बडाउनका निम्ति संसारका भाषाहरूको पारिवारिक वर्गीकरण गरियो। भाषाको ती वर्गीकरणअनुसार भाषा अध्ययेताहरूले नेपाली भाषालाई भारोपेली परिवार अन्तर्गत राखिएको पाइन्छ। यसैअन्तर्गत भारोपेली भाषा परिवारको विशेषतालाई पनि प्रस्तुत गरिएको छ। यस लेखमा भाषाको आधुनिकीकरण र मानकीकरण प्रक्रियाहरूको आधारहरू र देवनागरी

लिपीको उद्भव पनि प्रस्तुत गरिको छ। यस लेखमा भारोपेली भाषा परिवार र नेपाली भाषा अध्ययन र नेपाली भाषाको अध्ययन परम्पराका निम्ति विभिन्न विदेशी, स्वदेशी र नेपाली विद्वान्हरूको मत-मतान्तरहरूको परिचर्चा पाइन्छ। नेपाली भाषाको विकासक्रमा हलन्त बहिष्कार आन्दोलन, झर्रोवादी आन्दोलनको भूमिका देखाउनु यस लेखको उदेश्य हो। नेपाली भाषाको मानकीकरणका प्रयासहरूमा यसको प्रचीन, माध्यमिक र आधुनिक रूपहरू पनि देखाइएको छ।

## 8.1 परिचय

भाषालाई समाजमा एकअर्कासँग विचारको साटासाट गर्ने माध्यम मानिन्छ। भाषा भनेको वाक्-प्रतीक वा बोलीको त्यो व्यवस्था हो जसबाट वक्ता र श्रोतामाझ भाव, अनुभूति अथवा विचारको विनिमय हुन्छ।

## 8.2 नेपाली भाषाको अर्थ र परिचय

अङ्ग्रेज विद्वान् सर जर्ज ग्रिएसनले 'नेपाल' र 'नेवार' दुवै शब्द उच्चारणको भिन्नताले अलग अलग शब्द भए पनि तिनको मूलशब्द एकै भएको लेखेका छन्। डा स्टेफन कोर्नो र प्रोफेसर आर एल टर्नरले पनि ग्रिएसनकै लेखाईलाई समर्थन गरेका छन्। नेपालमा उतिबेला बसोवास रहेका 'नेवार' जातिको बस्तीको भारतको बिहारसँग सिमा जोडिएको थियो। सिमा जोडिएका देशका जनताहरूको एकअर्काको देशमा ओहोरदोहोर हुने नै भयो। विहारका वासिन्दाबाट **नेवार**लाई **नेपाल** उच्चारण गर्न थालेको बाबुराम आचार्यले 'हाम्रो राष्ट्रभाषा नेपाली' पुस्तकमा उल्लेख गरेका छन्। नेपाल शब्दमा ई प्रत्यय लागेर नेपाली शब्दको व्युत्पति भएको हो। नेपाल

नामको आधारमा भाषाको नाम नेपाली भयो।बाबुराम आचार्यका अनुसार उत्तरी भारतका मौर्य सम्राट चन्द्रगुप्त मौर्य(इ पू ३२१–२९७)का मन्त्री कौटिल्यको 'अर्थशास्त्रम्' नामक 'वार्ता–ग्रन्थ' मा नेपाल शब्द प्रयोग गरिएको छ। पहिलोपटक लिखितरुपमा 'नेपाल' शब्द उल्लेख भएको पाइएको कौटिल्यको सोही पुस्तकमा हो।' वंशवालीहरूमा नेपाल नामको अर्थ **ने** मुनिद्वारा पालित दिएएको भए तापनि भोट-बर्मेली भाषामा पाइने ने (पवित्र ठाउँ, घर) र पाल (भेडाको भुत्ला) को योगले बनेको नेपालको अर्थ 'भेडाको भुत्ला हुने पवित्र ठाउँ वा घर' युक्तिसङ्गत छ भन्ने कुरालाई इतिहासकारहरूले वाडेल साहेबको व्याख्याका आधारमा मानेका छन्।

भाषालाई अभिव्यक्ति सञ्चारका निम्ति मानवीय क्रियाको परिणाम मान्न सकिन्छ। भाषा रूढ र अचल प्रकृतिको नभएर परिवर्तनशील रहेको हुन्छ। पिजिन रूपबाट भाषा क्रेओलको अवस्था हुँदै नवीन भाषा बनेझैं संस्कृतबाट विभिन्न रूपबाट प्रभावित र प्रेरित हुँदै वि सं १०३८ को दामुपालको दुल्लुस्थित शिला लेखपछि नेपाली भाषा आफ्नै किसिमले समृद्धि प्राप्त गरेर भाषिक रूपमा आफ्नो स्वरूप ग्रहण गर्दै गएको देखिन्छ। शब्द निर्माण प्रक्रियाका निम्ति विभिन्न भाषाबाट प्रभावित र प्रेरित बन्दै गएको नेपाली भाषा हिन्दी, भोजपुरी, मराठी आदिसँग सामञ्जस्यता राख्ने किसिमको भए तापनि पृथक संरचना र अध्ययन परम्परासँग विकसित छ।

नेपाली भाषा मूलतः भारोपीय अथवा भारोपेली परिवारको भारतीय आर्य भाषाअन्तर्गत पर्दछ। यो भाषा नेपाल देशमा राष्ट्रिय भाषाको रूपमा स्वीकृत छ। नेपालबाहिर विश्वभरि नै छरिएर बसेका नेपालीहरूले मातृभाषाका रूपमा ग्रहन गरेको पाइन्छ। नेपाली भाषा भारतको विभिन्न प्रान्तमा बोलिने मात्र होइन शिक्षा र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण र सरकारी मान्यता पनि प्राप्त गरिसकेको छ। रतको पश्चिम बङ्गाल

राज्यको दार्जिलिङ जिल्ला, जलपाईगढी जिल्ला, सिक्किम राज्य, आसाम राज्य, देहरादुन, भाक्सु, वाराणसी र अन्य बहुसङ्ख्यक ठाऊँहरूमा नेपाली भाषाको प्रचलन र मर्यादा छ। भारतको संविधानअन्तर्गत आछौँ अनुसूची र साहित्य अकादमी, नयाँ दिल्लीसम्म नेपाली भाषाले राष्ट्रिय सम्मानको मान्यता पाइसकेको छ। यसैले नेपाली भाषा भारोपेली परिवारको एउटा गरिमामय र महत्त्वपूर्ण भाषा हो।

## 8.3 नेपाली भाषा – अध्ययन परम्परा

अङ्ग्रेज विद्वान् सर जर्ज ग्रिएसनले 'नेपाल' र 'नेवार' दुवै शब्द उच्चारणको भिन्नताले अलग अलग शब्द भए पनि तिनको मूलशब्द एकै भएको लेखेका छन्।डा स्टेफन कोर्नो र प्रोफेसर आरएल टर्नरले पनि ग्रिएसनकै लेखाईलाई समर्थन गरेका छन्। नेपालमा उतिबेला बसोवास रहेका 'नेवार' जातिको बस्तीको भारतको बिहारसँग सिमा जोडिएको थियो।सिमा जोडिएका देशका जनताहरूको एकअर्काको देशमा ओहोरदोहोर हुने नै भयो। विहारका वासिन्दाबाट **नेवार**लाई **नेपाल**उच्चारण गर्न थालेको बावुराम आचार्यले 'हाम्रो राष्ट्रभाषा नेपाली' पुस्तकमा उल्लेख गरेका छन्। नेपाल शब्दमा ई प्रत्यय लागेर नेपाली शब्दको व्युत्पति भएको हो। नेपाल नामको आधारमा भाषाको नाम नेपाली भयो।बाबुराम आचार्यका अनुसार उत्तरी भारतका मौर्य सम्राट चन्द्रगुप्त मौर्य(इ पू ३२१–२९७)का मन्त्री कौटिल्यको 'अर्थशास्त्रम्' नामक 'वार्ता–ग्रन्थ' मा नेपाल शब्द प्रयोग गरिएको छ। पहिलोपटक लिखितरुपमा 'नेपाल' शब्द उल्लेख भएको पाइएको कौटिल्यको सोही पुस्तकमा हो।'वंशवालीहरूमा नेपाल नामको अर्थ **ने** मुनिद्वारा पालित दिएएको भए तापनि भोट-बर्मेली भाषामा पाइने ने (पवित्र ठाउँ, घर) र पाल (भेडाको भुत्ला) को योगले बनेको नेपालको अर्थ 'भेडाको

भुत्ला हुने पवित्र ठाउँ वा घर' युक्तिसङ्गत छ भन्ने कुरालाई इतिहासकारहरूले वाडेल साहेबको व्याख्याका आधारमा मानेका छन्।भाषालाई अभिव्यक्ति सञ्चारका निम्ति मानवीय क्रियाको परिणाम मान्न सकिन्छ। भाषा रूढ र अचल प्रकृतिको नभएर परिवर्तनशील रहेको हुन्छ। पिजिन रूपबाट भाषा क्रेओलको अवस्थाहुँदै नवीन भाषा बनेझैँ संस्कृतबाट विभिन्न रूपबाट प्रभावित र प्रेरित हुँदै विसं १०३८ को दामुपालको दुल्लुस्थित शिला लेखपछि नेपाली भाषा आफ्नै किसिमले समृद्धि प्राप्त गरेर भाषिक रूपमा आफ्नो स्वरूप ग्रहण गर्दै गएको देखिन्छ। शब्द निर्माण प्रक्रियाका निम्ति विभिन्न भाषाबाट प्रभावित र प्रेरित बन्दै गएको नेपाली भाषा हिन्दी, भोजपुरी, मराठी आदिसँग सामन्जस्यता राख्ने किसिमको भए तापनि पृथक संरचना र अध्ययन परम्परासँग विकसित छ।

नेपाली भाषा मूलतः भारोपीय अथवा भारोपेली परिवारको भारतीय आर्य भाषाअन्तर्गत पर्दछ। यो भाषा नेपाल देशमा राष्ट्रिय भाषाको रूपमा स्वीकृत छ। नेपालबाहिर विश्वभरि नै छरिएर बसेका नेपालीहरूले मातृभाषाका रूपमा ग्रहन गरेको पाइन्छ। नेपाली भाषा भारतको विभिन्न प्रान्तमा बोलिने मात्र होइन शिक्षा र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण र सरकारी मान्यता पनि प्राप्त गरिसकेको छ। रतको पश्चिम बङ्गाल राज्यको दार्जिलिङ जिल्ला, जलपाईगढी जिल्ला, सिक्किम राज्य, आसाम राज्य, देहरादुन, भाक्सु, वाराणसी र अन्य बहुसङ्ख्यक ठाऊँहरूमा नेपाली भाषाको प्रचलन र मर्यादा छ। भारतको संविधानअन्तर्गत आछौँ अनुसूची र साहित्य अकादमी, नयाँ दिल्लीसम्म नेपाली भाषाले राष्ट्रिय सम्मानको मान्यता पाइसकेको छ। यसैले नेपाली भाषा भारोपेली परिवारको एउटा गरिमामय र महत्त्वपूर्ण भाषा हो।

Notes

### 8.3.1 संसारका भाषाहरूको पारिवारिक वर्गीकरण

भाषाको उत्पति विषय विभिन्न विद्वान्हरूले विभिन्न समयमा आआफ्ना मत प्रकट गरेका छन्। मानव जातिको अस्तित्वसँगै भाषा जन्मिएको होइन तर सभ्यताको एउटा लामो कालखण्डपछि मात्रै समाजमा भाषाको उत्पत्ति भएको हो भन्ने विभिन्न विद्वान्हरूको अनुमान अधिक प्रचलित रहेको पाइन्छ। भाषाको विकासले सामाजिक सम्बन्ध विस्तार र सामाजिक अन्तर्क्रियाका क्षेत्रमा निकै ठूलो परिवर्तनको आउन थालेको अनुमान गर्न सकिन्छ भने भाषाको विकास मानवीय क्रियाकै कारण भएको हो भन्ने कुरो पनि थाहा हुँदछ।

भाषाको आविष्कार मानिसको सिर्जनशील चेतना र श्रमनशील स्वभावको समन्वित परिणति थियो । भाषाको एउटा समग्र स्वरुप मानव समाजमा देखियो भने संसारका अनेकौँ थरिका भाषा अस्तित्व र प्रचलनमा आए। समय क्रममा नयाँ–नयाँ भाषाहरू पनि देखिए भने धेरै भाषाहरू समाजबाट लोप तथ्य प्राप्त गर्न सकिन्छ। मानिसले कहिलेकाहीँ इसारा, चित्र, हाउभाउ, सुसेली आदिबाट पनि आफ्ना कतिपय भावलाई व्यक्त गरिएको पाइन्छ। समाजमा भाषा नै अभिव्यक्तिको सबैभन्दा शक्तिशाली माध्यम मानिन्छ भने सामाजिक सम्बन्ध, सामाजिक अन्तर्क्रिया र सामाजिक चेतना विस्तारका क्रममा यसले मानव सभ्यतामा अभूतपूर्व योगदान गरेको छ। प्रत्येक भाषाको आ-आफ्नै किसिमको विशेषता र प्रकृति रहेको हुन्छ। त्यसै आधारमा ती भाषालाई पारिवारिक वर्गीकरणअन्तर्गत राखिएको पाइन्छ।

भाषाका दुई किसिमका वर्गीकरणका आधार छन् – पारिवारिक अनि प्रकारगत। भाषाको पारिवारिक वर्गीकरण भन्नाले एउटै साझा पुख्र्यौली भाषाबाट विकसित अन्य उसै किसिमका भाषाहरूलाई एउटै वर्गमा

समूहीकृत गर्ने काम हो। यस प्रकारको वर्गीकरण गर्दा कुनै पनि भाषाको रचना तत्त्व र अर्थ तत्त्व नै भाषाका आपसी सम्बन्धको निर्णायक पक्ष मानिन्छन्। कुनै पनि मूल भाषा लामो समयको अन्तरालमा विभिन्न भाषाहरूमा परिवर्तन भएको हुनसक्छ भन्ने आधार र तर्क नै यसको मूल आधार रहेको देखिन्छ ।

संसारमा रहेका मूलतः चार हजार भाषाहरूलाई भाषाशास्त्रीहरूले ध्वनि, पदरचना, शब्दभण्डार र अर्थमा देखिने समानता एवं क्षेत्रगत निकटताका आधारमा समेत विभिन्न परिवारमा वर्गीकरण गरेका छन्। वर्गीकरण गर्दा विभन्न विद्वान्ले आ-आफ्ना किसिमले वर्गीकरण गरेका छन्। कतिपय विद्वान्ले संसारका भाषाहरूलाई १०, १३ र कतिपय विद्वान्ले चाहिँ १८ परिवारमा समेत विभाजन गरेको भेटिन्छ। त्यस्तै कतिपयले त संसारका भाषाहरूलाई एक सय परिवारमा पनि वर्गीकरण गरेको पाइन्छ। यद्यपि १० प्रकारले गरिएको वर्गीकरणलाई नै अधिक वैज्ञानिक मान्न सकिन्छ।

### *8.3.1.1* अफ्रिकाली भाषा परिवार,

द्रबिड भाषा परिवार, मलय पोलिनेसियाली भाषा परिवार, ककेसियाली भाषा परिवार, आग्नेली भाषा परिवार, जापानी–कोरियाली भाषा परिवार, युराल अल्टाइली भाषा परिवार, अमेरिकाली भाषा परिवार, चिनियाँ–तिब्बती भाषा परिवार अनि भारोपेली भाषा परिवार गरी संसारमा १० परिवारका भाषा भएकोमा धेरैले विश्वास गर्दछन्। अफ्रिका महादेशका विभिन्न क्षेत्रमा बोलिने विभिन्न भाषाहरूलाई अफ्रिकाली भाषा परिवारभित्र राखिएको छ। यसभित्र पनि सामेली, हामेली, बान्टु, बुस्मन र सुडानेली गरी पाँच उप–परिवारका भाषाहरू रहेका छन्। त्यस्तै, द्रबिड जातिहरूले बोल्ने भाषालाई द्रबिड भाषा परिवारमा राखिएको छ। खासगरी भारतको तमिलनाडु राज्य तथा मलेसिया, इन्डोनेसिया, श्रीलङ्का, बर्मालगायत पूर्वी र दक्षिणी अफ्रिका

आदि क्षेत्रमा यस परिवारका भाषाहरू बोलिन्छन्। इशापूर्व १५०० भन्दा अघि नै बोलीचालीमा आएको मानिने यस परिवारको मुख्य भाषा तमिल मानिन्छ। साहित्य, सभ्यता र संस्कृतिका हिसाबले पनि यो भाषा निकै सम्पन्न मानिन्छ। तमिलबाहेक यस परिवारभित्र सेन्तमिल, मलयालम, कन्नाडा, तेलगु, कोलामी आदि भाषा पर्दछन्।

### 8.3.1.2 मलय पोलिनेसियाली भाषा परिवार

पनि संसारको एउटा भाषा परिवार हो। पश्चिम अफ्रिकाको तटवर्ती मडागास्करदेखि पूर्वमा इस्टरद्वीपसम्म तथा उत्तरमा फारमोसादेखि दक्षिणमा न्युजिल्यान्डसम्मका मलय प्रायद्वीप, जावा, सुमात्रा, बोर्नियो, बाली, फिजी, सोलोमन, गिलबर्ट, मडागास्कर, न्युजिल्यान्ड आदि द्वीपहरूमा यस परिवारका भाषाहरू रहेका छन्। यस भाषा परिवारभित्र पनि इन्डोनेसियाली, मेलानेसियाली, मिक्रोनेसियाली र पोलिनेसियालीजस्ता भाषिक परिवार पर्दछन्।

### *8.3.1.3 ककेसियालीपरिवार*

संसारमा अर्को भाषा पनि छ। कृष्ण सागर र क्यास्पियन सागरका बीचमा अवस्थित ककेसस पर्वत र त्यसका आसपासका क्षेत्रमा यस परिवारका भाषाहरू बोलिन्छन्। यसभित्र मूलतः उत्तरी र दक्षिणी गरी दुई शाखा छन्। उत्तरी ककेसियालीभित्र सरकेसी, चेचेन र लेगी भाषा विशेष महत्वपूर्ण छन् भने दक्षिणी ककेसियालीभित्र जर्जियाली, मिग्रेली र स्वानी भाषा प्रमुख मानिन्छन्।

### 8.3.1.4 आग्नेली भाषा परिवार

पनि संसारको एउटा महत्वपूर्ण भाषा परिवार हो। यसलाई आग्नेसियाली, आग्नेली वा अस्ट्रिक भाषा परिवार पनि भन्ने गरिन्छ। दक्षिण पूर्व एसिया मुख्य थलो रहेको यस परिवारका भाषाहरू अन्नाम, कम्बोडिया, बर्मा, थाइल्यान्ड, भारत हुँदै निकोबार द्वीपसम्म फैलिएको देखिन्छ।

### 8.3.1.5 जापानी–कोरियाली भाषा परिवार

संसारको अर्को महत्वपूर्ण भाषा परिवार हो। जापान र कोरिया मुख्य क्षेत्र रहेको यो भाषा परिवारका नाम अनुसार नै जापानी र कोरियाली गरी दुई उप–परिवार रहेका छन्। जापानी भाषा साहित्यिक सांस्कृतिक दृष्टिले संसारकै उच्च र समृद्ध भाषा मानिन्छ।

### 8.3.1.6 युराल अल्टाइली भाषा परिवार

युराल र अल्टाइ पर्वतका बीचमा रहेका क्षेत्रमा प्रचलित भाषाहरूको सामूहिक रुप हो। यसका पनि युराल र अल्टाइ गरी दुई शाखाहरू छन्। फिनल्यान्ड, नर्वे, हङ्गेरी, साइबेरिया, टर्की, मङ्गोलिया, रुस आदि क्षेत्रमा यस परिवारका भाषाहरू बोलिन्छन्। साहित्यका दृष्टिले चाहिँ फिनी (फिनल्यान्ड), मग्यार (हङ्गेरी) र तुर्की (तर्की) भाषा उल्लेखनीय छन्।

### 8.3.1.7 अमेरिकाली भाषा परिवार

अमेरिकामा बसोबास गर्ने विभिन्न आदिबासीहरूले बोल्ने भाषाहरूलाई अमेरिकाली भाषा परिवारभित्र राखिएको छ। अमेरिकामा थोरै–थोरै समुदायले पनि अनेक भाषाहरू बोल्ने गरेको देखिन्छ। यी भाषाहरूका बारेमा व्यापक अध्ययन हुन नसके पनि भाषाशास्त्रीहरूका अनुसार यस

परिवारभित्र एक हजार भाषाहरू पर्नसक्ने धारणा राखेका छन्। साथै उनीहरूले सबै भाषा एउटै परिवारभित्र पर्न नसक्ने सम्भावना पनि औंल्याएका छन्। भूगोलका आधारमा यी भाषाहरूलाई क्यानाडा र संयुक्त राज्यमा प्रचलित भाषा, मेक्सिको र मध्य अमेरिकाली भाषा अनि दक्षिण अमेरिकाली भाषा गरी तीन भागमा विभक्त गरेका छन्। प्रायः बोलीचालीमै सीमित यस परिवारको भाषामा साहित्यिक सिर्जना खासै भएको देखिदैन। साथै धेरै भाषामा लिपिको पनि अभाव रहेको छ।

### 8.3.1.8 चिनियाँ–तिब्बती भाषा परिवार

भाषिक वक्ताका दृष्टिले संसारकै दोस्रो ठूलो भाषा परिवार हो। खासगरी चीन, तिब्बत र बर्मामा बोलिने यस परिवारका भाषाहरू थाइल्यान्ड, भारत,नेपाल, भुटान, भियतनाम आदि देशहरूमा पनि बोलिन्छन्। यस परिवारलाई भाषाशास्त्रीहरूले भोट–बर्मेली र थाई–चिनियाँ गरी दुई शाखामा विभाजन गरेका छन्। भारत नेपालमा बोलिने तामाङ, नेवारी, मगर, राई, किराँती, गुरुङ, लिम्बू, शेर्पा, चेपाङ, सुनुवार, थामी, धिमाल, थकाली, तिब्बती, जिरेल आदि धेरै भाषाहरू यसै परिवारभित्र पर्दछन्।

### *8.3.1.9 भारोपेली भाषा परिवार*

संसारमा सबैभन्दा ठूलो भाषा परिवारका रुपमा रहेको भारोपेली भाषा परिवार छ। यो संसारकै सर्वाधिक विकसित भाषा परिवार मानिन्छ। भारतीय उपमहाद्वीप र युरोप मुख्य क्षेत्र रहेकोले यसको नाम पनि दुबै क्षेत्रलाई समेटेर भारोपेली राखिएको हो। संसारमा रहेका सबैभन्दा बढी जनसंख्याले बोल्ने र युरोप तथा एसिया महादेशका विभिन्न क्षेत्रमा फैलिएको यो परिवारका भाषाहरू साहित्य, संस्कृति र ज्ञानको भण्डारका

रुपमा पनि प्रसिद्ध छन्। भाषा विज्ञानका दृष्टिले पनि यस परिवारका विभिन्न भाषाहरूको अध्ययन निकै भएको मानिन्छ।

संस्कृत, अवेस्ता, ग्रिक, ल्याटिन, रुसी, जर्मन आदि विश्वको प्राचीन र समृद्ध भनिएका भाषाहरू पनि यसै भारोपेली परिवारका भाषाहरू मानिन्छन्। भाषा परिवारको नाम राख्नेदेखि यसको मूल थलो र प्रयोक्ताका बारेमा कुनै ठोस निर्णय भने अझैं भएको छैन। धेरैजसोले ई पू ४५०० वर्षअघि भारोपेली समुदायका मानिसहरू एकै ठाउँमा बस्थे र एउटै भाषा बोल्थे भन्ने अनुमान भने गरेका छन्। मूल थलो अज्ञात रहे पनि भाषा वैज्ञानिकहरूले भाषाहरूको तुलनात्मक अध्ययनका आधारमा भारोपेली काल्पनिक मूल भाषाको नामाकरण गरी तिनका प्राचीन वक्तालाई विरोस नाम दिएका छन्। यसैले भारोपेली परिवारका भाषा बोल्ने मूल प्रयोक्ता विरोस जाति भएको बताएका छन्।

भारोपेली परिवारका भाषाहरूलाई सतम् र केन्तुम् गरी दुई वर्गमा विभाजन गरिएको छ। सतम् वर्गभित्र संस्कृत, अवेस्ता, रुसी, बाल्टिक, हिन्दी, नेपाली, फारसी आदि भाषा पर्दछन् भने केन्तुम् वर्गभित्र ल्याटिन, ग्रिक, जर्मनेली, केल्टिक, तोखारी, इटाली, बेल्स, अङ्ग्रेजी आदि भाषाहरू रहेका छन्। साथै भारोपेली भाषा परिवारलाई मुख्य गरी ११ वटा उप–परिवारमा विभक्त गरिएको छ। सतम् वर्गका भाषालाई बाल्टेली, स्लाभेली, अल्बानियाली (इलिरियाली), आर्मेनियाली र आर्य–इरानेली पाँच तथा केन्तुम वर्गका भाषाहरूलाई एनातोलियाली, ग्रिसेली, इटालेली, जर्मनेली, केल्टेली र तोखारेली गरी छ प्रकारमा राखिएको छ। यसरी संसारका भाषाहरूलाई अनेक परिवारभित्र राखेर अध्ययन र विश्लेषण गर्ने गरिएको छ।

## 8.3.2 भारोपेली भाषा परिवारको विशेषता

माथि चर्चा गरिएका भाषाहरूको अध्ययनपछि पुनर्निर्माण भयो, जसलाई हामी भारोपेली भाषा भन्छौ। सबै चर्चित भाषा एउटै मूल भाषाबाट विकसित भएका थिए भन्ने कुरो माथि नै भनियो। तल यस मुल भाषाका विशेषताहरूको संक्षेपमा चर्चा गरिने छ –

**(क) ध्वनि –** भारोपेलीका स्वर र व्यञ्जनध्वनिका सम्बन्धमा विद्वान्हरूको मतभेद छ तापनि सामन्यतः निम्न लिखित स्वर र व्यञ्जनहरू थिए -

**तालिका १ भारोपेली स्वर र व्यञ्जनहरू**

**स्वर**

**ह्रस्व र दिर्घ** अ ए ओ

**अतिह्रस्व** अ

**व्यञ्जन**

| | | | | |
|---|---|---|---|---|
| **कण्ठ्योष्ठ्य** | क्व् | ख्व् | ग्व् | घ्व् |
| **कण्ठ्य** | क् | ख् | ग् | घ् |
| **कण्ठतालव्य** | क्य् | ख्य् | ग्य् | घ्य् |
| **दन्त्य** | त् | थ् | द् | ध् |
| **ओष्ठ्य** | प् | फ् | ब् | भ् |
| **अनुनासिक** | म् | न् | | ङ् |
| **द्रवित** | र् (ऋ) | | ल (लृ) | |
| **अर्धस्वर** | य (इ) | | व (उ) | |
| **सोष्म** | स् | | ज् | |

भारोपेलीमा तीन थरीका कवर्ग थिए – कण्ठ्य, कण्ठ्योष्ठ्य, तालव्य। सतम वर्गका भाषामा कण्ठ्योष्ठ्यका ओष्ठ्य तत्वको लोप भयो। केन्तुम बर्गको भाषामा अघि यो थियो तर तिनमा पनि भाषाको विकासप्रक्रियामा यसको लोप भयो। तालव्य क्य् ख्य् ग्य् घ्य् लाई केही विद्वान् सामान्य क ख ग घ पनि भन्दछन्। कण्ठ्य ध्वनिलाई डा चटर्जी पश्चकण्ठ्य ( Back Velar) र अलि-जिह्विय (Uvular) मान्दछन्। त् थ् द् ध् लाई केही विद्वीन् दन्त्य नमानेर दन्त्यमूलीय र बत्स्र्य पनि भन्दछन्। केही विद्वान् तीन कवर्गका साथ तीन प्रकारको ङ् को पनि अस्तित्व मान्दछन्।

**(ख) रूप** – भारोपेली रूपतत्त्वको विशेषता हो लिङ्ग, वचन, र कारकअनुसार कुनै शब्दको रूमा परिवर्तन हुनु। यसरी कुनै शब्दको रूप परिवर्तित भए पनि त्यो शब्दका केही शब्द अपरिवर्तित रहन्छन्। यस्ता सधैँ एकनास रहिरहने णूल रूपमा केही प्रत्ययहरू थपिएपछि अनेक रूप लिन्छन्। यस्ता प्रत्यय प्रायः दुई प्रकारका छन् – कृदन्त र तद्धितान्त अथवा प्राथमिक र गौण।केही प्रत्यय खास शब्दमा मात्र काम गर्ने पनि छन्। वाक्यमा प्रयोग गर्नका निम्ति नाम र क्रियालाई लिङ, वचन, पुरुष, काल, भाव अनुसार बनुने परम्परा मूल भारोपेलीमा नै वर्तमान थियो। विबिन्न भाषाहरूको अध्ययन गरेर भाषाशास्त्रीहरूले नामका तीन लिङ, तीन वचन, तीन पुरुष, चार काल, तीन वाच्य, पाँच भाव भएका देखाएका छन्। नाम र क्रियाबाहेक अव्यय पनि थिए जसका आज हामी विभिन्न रूप बनाउन सकदैनौं। सर्वनाम र विशेषणलाई नामभित्रै समाबेश गरिएको छ। सर्वनामका अनेकरूप थिए। समस्त शब्दहरूको प्रयोग पनि त्यस्ता बेला हुन्थ्यो र एक्लै रहँदाको अर्थ समस्त भएको शब्दले दिदैन थियो। यसरी भाषा अन्तर्मुखी श्लिष्ट योगात्मक थियो, जसले क्रियाको काल निर्माणमा समेत सहयोग गर्थ्यो।

## 8.3.3

## भाषाका आधुनिकीकरण र मानकीकरणका प्रक्रियाहरू

भाषाको आधुनिकीकरण भन्नाले आधुनिक युगका आवश्यकताअनुसार भाषिक क्रियाकलाप गर्न भाषालाई सक्षम बनाउँदै लैजानु भन्ने बुझिन्छ। समाजको आवश्यकतालाई ध्यानमा राखी भाषालाई सहज सम्प्रेषणीय बनाउनु आधुनिकीकरण हो। आधुनिकीकरणले भाषालाई स्तरयुक्त बनाउने कार्य गर्दछ। समाजको विविध पक्षको विकासका लागि अभिव्यक्त गरिने स्तरीय भाषिक रूपलाई भाषाको मानक रूप मानिन्छ। समाजका बौद्धिक, शैक्षिक, सांस्कृतिक आदि पक्षको विकासका साथसाथै त्यसलाई व्यक्त गर्ने, ग्रहण गर्ने तथा सम्प्रेषण युक्त बनाउन शिष्ट, स्तरीय, मानवीय तथा मान्यता प्राप्त भाषाको निर्माण गर्दै जानु र सोही अनुसार भाषिक प्रयोगको क्षेत्र विस्तार गर्नु मानकीकरणका कार्य हुन्। यसरी भाषाको मानक तयार हुँदै जान्छ। ठुलो क्षेत्रमा प्रयोग हुनु, धेरै वक्ताले प्रयोग गर्नु, शैक्षिक, साहित्यिक लगायत औपचारिक कार्यमा प्रयोग हुनु मानक भाषाका विशेषता हुन्। मानक भाषा सबै भाषिकाका वक्ताहरूको स्वीकार्य भाषिका हो। भाषाको मानक निर्माण गर्ने प्रक्रियालाई मानकीकरण भन्न सकिन्छ। भाषाको आधुनिकीकरण र मानकीकरण सँगसँगै हुने प्रक्रिया हुन्। आधुनिकीकरणले मानकीकरणमा सहयोग गर्दछ। भाषाको आधुनिकीकरण र मानकीकरणका प्रक्रियाहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

### 8.3.3.1 भाषा छनोट

भाषाको छनोट अर्थात् चयनको अर्थ समाजमा प्रयोग भइ राखेका भाषामध्ये उपयुक्त प्रयोजनका लागि भाषिक भेद छान्ने काम गर्नु हो। यसरी छान्दा निश्चित मापदण्डका आधारमा छनोट गरिन्छ। भाषाका क्षेत्रीय

भेद वा अन्य भेदमध्येका कुनै भाषा लिइन्छ। भाषाको केन्द्र वा राजधानी, प्रमुख सहर वा वक्ताहरूको बाहुल्य रहेको स्थानमा बोलिने भाषालाई मानक भाषाको रूपमा मान्ने प्रचलन छ। त्यसै गरी सांस्कृतिक र ऐतिहासिक पक्ष, साहित्यिक र शैक्षिक पक्षलाई पनि आधार मानिएको पाइन्छ। नेपाली भाषाको सन्दर्भमा पुर्बेली उपभाषिकालाई मानक भाषाको मान्यता दिएको देखिन्छ।

### 8.3.3.2 भाषाको कोडीकरण

भाषाको मानक स्तर निर्धारण गर्न छनोट गरेपछि त्यसलाई व्यापक जन मानसमा लैजान र त्यसलाई लोकप्रिय बनाउन विभिन्न कार्यहरू गर्ने गरिन्छ। ती कार्यहरू कोडीकरण अन्तर्गत पर्दछन्। भाषालाई नियम सङ्गत, सरल र सहज एक रूपता प्रदान गर्न व्याकरणको निर्माण गर्ने। शब्द प्रयोगलाई सहज बनाउन शब्दकोशको निर्माण, हिज्जेको मानक स्तर निर्माण, लिपिको निर्धारण जस्ता कार्यहरू गर्नु कोडीकरण हुन्। यो मानकीकरणको दोस्रो चरणमा सम्पन्न गरिन्छ।

### 8.4.3.3 भाषाको विस्तार

विस्तार भन्नाले भाषाको क्षेत्र विस्तार र कार्य विस्तारलाई बझ्नु पर्छ। सामाजिक प्रयोगका निम्ति छानिएको भाषालाई व्यापक र विस्तृत क्षेत्रमा फैलाउने कार्य यसले गर्दछ। वक्ताहरूको सङ्ख्या वृद्धि, कथ्य भेदबाट स्तरीय र लेख्य रूपमा विकसित हुनु, सरकारी गैर सरकारी कार्यालयमा औपचारिक काममा प्रयोग हुनु, विश्वविद्यालय एवम् अन्य शैक्षिक क्षेत्रमा प्रयोग गर्नु विस्तार अन्तर्गत पर्दछन्।

### 8.3.3.4 भाषाको स्वीकृति

भाषाको मानकीकरण र आधुनिकीकरणको चौथो तथा अन्तिम प्रक्रियालाई स्वीकृतिको चरण भनिन्छ। भाषालाई प्रयोगका लागि मान्य हुने वा

प्रचलनमा ल्याउन सक्ने तयारी गर्नु नै स्वीकृति हो। समाजका व्यक्तिहरूले नरुचाएको भाषा मानक भाषा बन्न सक्दैन। जबरजस्ती मानकीकरण गर्न खोजेर भाषा लोकप्रिय र मानक बन्न सक्दैन। समाजका वक्ताहरूले सहज ढङ्गले प्रयोग गर्नु नै स्वीकृतिको नमुना हो। भाषाले स्वीकृति प्राप्त गरेपछि मानकीकरण प्रक्रियाले पूर्णता प्राप्त गर्दछ। अहिलेको विवाद स्वीकृतिको प्रक्रियाबाट अघि बढ्दै छ। यस्तो समयमा सरकारी पक्षबाट हस्तक्षेप गरिनुभन्दा यसलाई भाषा मानकीकरणकै चरण हो भनी समर्थन गर्नु बुद्धिमानी हुन्छ।

## 8.3.4 देवनागरी लिपिको उद्भव र विकास

देवनागरी लिपि भारोपेली परिवारका विभिन्न भाषा भाषाहरूले व्यापक रूपमा प्रयोग गर्ने प्रथम लिपि मानिन्छ। इ पू पाँचौँ शताब्दीदेखि सन् ३५० सम्म प्रचलित ब्राह्मी लिपिको दुई शाखा– उत्तरी र दक्षिणी शैलीमध्ये देव नागरी लिपिको विकास उत्तरी शैलीबाट भएको हो । ब्राह्मी दक्षिण एसियाकै सबैभन्दा पुरानो लिपि हो। यसलाई कसैले अर्माइक, कसैले खरोष्ठी र कसैले ग्रिसेली लिपिबाट विकसित भएको मानेका छन्। यस लिपिको नमुना पाँचौँ शताब्दीको राजा अशोकको शिलालेखहरूबाट प्राप्त भएका छन्। प्राचीन नेपालका सिन्जाली खस राजाहरूद्वारा लेखिएका शिलालेखमा तथा अभिलेखहरूमा यही देव नागरी लिपिको प्रयोग भएको पाइन्छ।

इसापूर्व पाँचौँ शताब्दीदेखि सन् ३५० सम्म प्रचलित ब्राह्मी लिपिको दुई शाखामध्ये उत्तरी शाखाबाट गुप्त लिपिको विकास हुन गयो। ब्राह्मी लिपिबाट विकसित गुप्तलिपि इसाको ३५० देखि ५०० सम्म प्रचलनमा रह्यो। नेपालमा यसलाई पूर्व लिच्छिवी लिपिका रूपमा चिनिएको पाइन्छ। गुप्त लिपिबाट कुटिल लिपिको लगभग इ सं ६०० देखि ८०० सम्म प्रचलनमा रह्यो। कुटिल

लिपि पछिको अवस्थामा प्राचीन देव नागरी लिपिको नामले परिचित भयो। आठौँ शताब्दीतिर आधुनिक देव नागरी लिपिको विकास भएको मानिन्छ।

## 8.3.5 भारोपेली परिवार र नेपाली भाषा

भारोपेली भाषा विश्वकै सबैभन्दा बढी मानिसले बोल्ने भाषा हो। एसिया, युरोपदेखि अमेरिकासम्म यस परिवारका भाषाहरू बोलिन्छन्। भारतेली र युरोपेली दुई शब्दलाई मिलाएर भारोपेली बनाइएको हो। विस्तृत भू–भागमा फै लिएको, धेरै मानिसले बोल्ने विकसित भाषाको रूपमा यस परिवारका भाषाहरू रहेका छन्। भारोपेली भाषा परिवारलाई दुई वर्गमा विभाजित गरी अध्ययन गर्ने गरिएको पाइन्छ। ती दुई वर्गमा सतम् वर्ग र केन्तुम वर्ग रहेका छन्। सतम् वर्गमा बालटेली, स्लाभेली, आर्मेनियाली, अल्बानियाली, आर्य–इरानेली, दरद, आर्य (नेपाली, हिन्दी, अवेस्ता) भाषाहरू रहेका छन् भने केन्तुम् वर्गमा केल्टेली, जर्मनेली, डेनिस, ल्याटिनेली, तोखारेली परिवारका भाषाहरू रहेका छन्।

नेपाली भाषाको उत्पत्तिबारे बताउनु पर्दा यसको पृष्ठभूमितर्फ ध्यान दिनु पर्ने हुन्छ। नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गभित्र पर्ने भाषा हो। यसको सम्बन्ध आर्य–इरानेली शाखाको आधुनिक आर्य भाषासँग रहेको पाइन्छ। नेपाली भाषा आधुनिक आर्य भाषाहरूमध्ये एक भएकाले यसको सम्बन्ध संस्कृत, प्राकृत र अपभ्रंशसँग जोड्नु पर्ने हुन्छ। नेपाली भाषा संस्कृत मूलबाट प्राकृत र अपभ्रंश हुँदै खस भाषा बन्न पुगेको मानिन्छ।

विभिन्न विद्वान्हरूले आर्य भाषाको उत्पत्तिको अध्ययन गरेका छन्। जर्ज ग्रियर्सनले आर्य भाषाको केन्द्रीय उपशाखाभित्रको पहाडी भेदबाट नेपाली भाषाको उत्पत्ति भएको मानेका छन्। डा सुनीति कुमार चटर्जीले आधुनिक आर्य भाषाका पाँच भेदमध्ये उदीच्य भेद अन्तर्गत उदीच्य खसबाट

कुमाउनी, गढवाली र नेपाली भाषाको विकास भएको मानेका छन्। नेपाली विद्वान्हरू डा बल्लभमणि दाहाल र डाचूडामणि बन्धुले नेपाली भाषाको उत्पत्ति खस प्राकृत र खस अपभ्रंशबाट भएको मानेका छन्।

आर्य शाखाको प्राचीन रूप संस्कृत भाषा हो। यसलाई प्राचीन आर्य भाषा भनिन्छ। यसको अनुमानित समय इ पू १५०० देखि इ पू ५०० सम्म मानिन्छ। वैदिक संस्कृत आर्य भाषाको प्राप्त सर्वाधिक पुरानो रूप हो। यसपछि लौकिक संस्कृतको विकास भयो। इपू ५०० देखि इस्वीको १००० सम्मलाई मध्य कालीन आर्य भाषाको समय मानिन्छ। यस समयमा संस्कृत भाषाबाट पाली, प्राकृत, प्राकृत अपभ्रंश भाषाहरूको विकास भयो। यिनै भाषाहरूबाट इस्वीको १००० पछिको समयमा अन्य आर्य भाषासँगै नेपाली भाषाको विकास भएको हो। यस क्रममा संस्कृत, प्राकृत, अपभ्रंश, खस हुँदै नेपाली भाषाको विकास भएको मानिन्छ।

## 8.4 नेपाली भाषाको अध्ययन परम्परा

नेपाली भाषाको उत्पत्ति कहाँबाट कसरी भयो भन्ने विषयमा पनि व्यापक अध्ययन भएको देखिन्छ। नेपाली भषाको उत्पत्तिका विषयमा विभिन्न विद्वान्हरूले अध्ययन गरेका छन्। ती विद्वान्हरूका मतहरूलाई हेर्दा नेपाली भाषाको उत्पत्तिका विषयमा भिन्न भिन्न मतहरू प्रस्तुत भएको देखिन्छ।

आर्य शाखाको प्राचीन रूप संस्कृत भाषा हो। यसलाई प्राचीन आर्य भाषा भनिन्छ। जसको अनुमानित समय इ पू १५०० देखि ५०० इ.पू.सम्म मानिन्छ। वैदिक संस्कृत आर्य भाषाको प्राप्त सर्वाधिक पुरानो रूप हो भने त्यसपछि लौकिक संस्कृतको विकास भएको मानिन्छ। इ पू ५०० देखि इ पू १००० सम्मलाई मध्य कालीन आर्य भाषाको समय मानिन्छ। यस समयमा संस्कृत भाषाबाट पाली प्राकृत, साहित्यिक प्राकृत र प्राकृत अपभ्रंश भाषाहरूको विकास भयो। यिनै भाषाहरूबाट इ सं को ११ औँ शताब्दीमा

विभिन्न आधुनिक आर्य भाषाहरूको विकास भएको हो। यस क्रममा संस्कृत प्राकृत, अपभ्रंश, खस हुँदै नेपाली भाषाको विकास भएको भानिन्छ। यस विषयमा विभिन्न विदेशी तथा स्वदेशी विद्वान्हरूका भिन्न भिन्न मतहरू छन्।

## 8.4.1 अनेपाली विद्वान्हरूको मत

आधुनिक कालमा आएर नेपाली भाषाको चर्चा संभवतः कसियानो बेलिगातीको ब्रह्मानिकम सेब् युनिभर्सिटिस् काशी (रोम् १७७१) मा पहिलोपल्ट भयो। यस पुस्तकको भूमिकामा जोन क्रिस्टोफोरस अमाडुटियसले भआरतका विभिन्न क्षेत्रका भाषा लिपिको नाम लिंदा नेपाली (नेपोलेनसिस) को नाम पनि आएको छ।नेपाली भाषाको अध्ययन-परम्परामा जोहान्स क्रिस्टोफोरस आमाडुजीको नाम स्मरणीय देखिन्छ। यिनले विदेशीहरूलाई नेपाली भाषाको नाम चिनाउने कार्य गरेका छन्। यसपछि पादरी क्यारे भारतमा आए र यहाँको भाषाहरूको अध्ययन गरी ३३ भाषाका ३४ नमूना दिए, जसमा नेपाली भाषा पनि सम्मिलित थिए। ग्रियर्सनको भनाइमा यो ई १८१६ तिरको हो।

हर्न्ले आधुनिक आर्य भाषाहरूको विभाजन गर्ने प्रथम व्यक्ति होर्नले हुन्। यिनले आधुनिक आर्य भाषालाई पूर्वी गौडा, पश्चिमी गौडा, दक्षिणी गौडी र उत्तरी गौडी भनी विभाजन गरेर नेपाली भाषालाई उत्तरी गौडीमा राखेका छन्। यिनका अनुसार उत्तरी गाडीको सम्बन्ध शौरसेनी प्राकृतसँग छ।

**बिम्स** (सन् १८६७) ले नेपाली भाषालाई इण्डोजर्मनिक परिवारको इण्डिक वर्गमा राखेका छन्।

**हर्न्ले** (सन् १८८०) ले नेपाली भाषालाई उत्तरी गौडीअन्तर्गत राखेका छन्।

**ग्रियर्सन** (सन् १९१६) आधुनिक आर्य भाषाको विभाजन गर्ने अर्का व्यक्ति हुन्। यिनले होर्नलेको अध्ययनलाई आधार बनाएर आर्य भाषाहरूको विभाजन गरे। यिनले आधुनिक आर्य भाषाहरूलाई मध्य देशीय, आभ्यन्तर र बाह्य गरी विभाजन गरे। यिनले शौरसेनी प्राकृतको अपभ्रंशबाट नेपाली भाषाको विकास भएको मत प्रस्तुत गरेका छन्। यिनको भनाइ अनुसार हिमालय पहाडको पूर्वतिर स्थित नेपाल राज्यमा बोलिने  आर्य-भाषा पूर्वी पहाडी भाषा हो। यसलाई खस कुरा वा नेपाली भाषा पनि भनिन्छ।

**सुनीति कुमार चटर्जी**ले सन् १९२६ मा प्रकाशित बङ्गाली भाषाको उत्पत्ति र विकास नामक पुस्तकमा आर्य भाषाहरूलाई दक्षिणात्य, प्राच्य, मध्य देशीय, प्रतीच्य र उदीच्य गरी पाँच भागमा विभाजन गरेका छन् । नेपाली भाषालाई प्रतीच्य अन्तर्गत राखेका छन्।

**टर्नर** (१९३१) ले पश्चिमोत्तरी संस्कृतबाट नेपाली भाषाको उत्पत्ति भएको मानेका छन्।

**भोलानाथ तिवारी**ले नेपाली भाषालाई शौरसेनीको पूर्वी पहाडी भेदमा राखेका छन् भने अर्का भाषा शास्त्री **कपिलदेव द्विवेदी**ले खस अपभ्रंशको पूर्वी पहाडी भेदमा नेपाली भाषालाई राखेका छन्। नेपाली भाषाको अध्ययनगर्ने क्रममा कर्कप्याट्रिकको नाम पनि उल्लेखनीय रहेको छ। नेपाल अधिराज्यको विवरन (सन् १८११) लेख्ने कर्कप्याट्रिकले नेपाली भाषाको वर्गीकरण, हस्तलिखित नेपाली वर्णमालाको नमुना दिनको साथै यस भाषाका जम्मा ५५० जति शब्द सङ्कलन गरेका छन्। उनले नेपाली भाषालाई **पर्वती** नाम दिँदै यस भाषाको सम्बन्ध संस्कृतसँग भएको बताएका छ। कर्कप्याट्रिकलाई आधार मानेर हेमिल्टन (१९१९) ले नेपाली भाषालाई हिन्दीको भाषिका भनेका छन्। नेपाली भाषालाई **पार्वतीय**का साथसाथै **खसभाषा** भनेर पनि

यिनले उल्लेख गरेको पाइन्छ। नेपाली भाषाको व्याकरण परम्पराका निम्ति पादरी विलियम क्यारे (१८१६) लाई सम्झन सकिन्छ।

## 8.4.2 नेपाली विद्वान्हरूको मत

नेपाली भाषाको उत्पत्ति सम्बन्धी चर्चा गर्ने प्रथम नेपाली विद्वान् सूर्य विक्रम ज्ञवाली हुन्। उनले नेपाली भाषालाई शौरसेनी प्राकृतको विकसित रूप मानेका छन्। यस विषयमा चर्चा गर्ने अर्को स्वदेशी विद्वान् बालकृष्ण पोखरेलले राष्ट्रभाषा नामक कृतिमा नेपाली भाषाकोजन्म शौरसेनी प्राकृत हुँदै खस अपभ्रंशबाट भएको उल्लेख गरेका छन्।पण्डितराज सोमनाथ शर्माको भनाइ अनुसार- 'हाम्रो भाषा पहाडी-भाषा हो। सोही भाषा राज भआषा भएर राज्यभर पैलिएको हुनाले **नेपाली भाषा** कहलाएको हो। नेपाली भाषाका आधिकारिक र प्रमुख अनुसन्धान कर्ता चूडामणि बन्धुले आफ्नो नेपाली भाषाको उत्पत्ति नामक पुस्तकमा नेपाली भाषाको उत्पत्ति हिमाली वर्गमा पर्ने खस अपभ्रंशबाट भएको बताएका छन्। प्रोफेसर घनश्याम नेपाल (नेपाली साहित्यको परिचयात्मक इतिहास, सन् २००८) ले नेपाली भाषाको उत्पत्ति उत्तरी प्राकृतको खस अपभ्रंशबाट भएको मानेका छन्।

यसरी नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा विभिन्न विदेशी तथा स्वदेशी विद्वान्हरूले आआफ्नो मत प्रस्तुत गरेका छन्। ती मतहरू एक आपसमा बाझिएका छन्तापनि नेपाली भाषाको उत्पत्ति संस्कृत भाषाबाट प्राकृत अपभ्रंश खस हुँदै विकसित भएको मान्न सकिन्छ।

## 8.4.3 नेपाली भाषाको प्रमुख विशेषता

नेपाली भाषाका प्रमुख र सामान्य विशेषताहरू निम्नलिखित छन् –

१. यो एउटा भारोपेली परिवारको भाषा हो।

Notes

२. यसको उद्भव खस प्राकृत हर खस अपभ्रंशबाट आधुनिक आर्य भाषाका रूपमा भएको हो।

३. यो संयोगात्मकबाट वियोगात्मक अवस्थातिर बड्दो छ।

४. यो निश्चित पदक्रम भएको छ।

५. यसका बिभिन्न भेदहरू क्षेत्रीय र सामाजिक भाषिकाका रूपमा विकसित छन्।

६. यो व्यकरणात्मक भाषा भएकोले यसको आफ्नै व्याकरण छ।

७. यसका कथ्य र लेख्य दुवै रूप छन्।

८. यो वैज्ञानिक र एवं प्राविधिक अभिव्यक्तिका लागि सक्षम भाषा हो।

९. यो नेपाली देवनागरी लिपीमा लेखिने भाषा हो।

१०. नापाली भाषा भारतेली खलकको भाषा हुनाका साथै संस्कृतबाट प्रकृत अपभ्रंश हुँदै एउटा आदुनिक भारतीय भाषाका रूपमा यसको उद्भव भएको हो। यसको विकास र समृद्धिमा भोट-हिमाली वर्गका भाषाहरूको विशेष योगदान र महत्व छ।

११. .स भाषाका विकासका पृष्ठभूमिमा मुकय रूपले भारोपेली र भोट-चिनियाँ नि घौण रूपमा आग्नेय तथा द्रविड परिवारका विभिन्न भाषाहरूको भूमिका रहेको कुरा यसका अध्येताहरूले लेखेका छन्।

## 8.5 नेपाली भाषाको विकासक्रम

नेपाली भाषाको प्राथामिककालदेखी अहिलेसम्मलाई हेर्दा नेपाली भाषाको विभिन्न शाखा प्रशाखा पाइन्छन् । नेपाली भाषा शतम् वर्गअन्तर्गत

भारोपेली परिवारभित्र पर्दछ। भारोपेली शब्द भारतेली र इरानेली दुईवटा शब्द मिसाएर बनाइएको एउटा मिश्र वाक्य हो।भारोपेली परिवारको दुईवटा मुख्य साखा छन्-भारत-इरानेली शाखा र युरोपेली शाखा। नेपाली भाषा भारत इरानेली शाखाको भारतेली उपशाखाभित्र पर्ने एउटा आधुनिक भारतीय आर्यभाषा हो।

### 8.5.1 नेपाली भाषाको स्तरीकरणमा हलन्त बहिष्कार आन्दोलन

नेपाली भाषाको स्तरीकरणमा विभिन्न समयमा भएका विविध भाषिक आन्दोलनहरूको विशेष भूमिका रहेको छ। ती भाषिक आन्दोलनमध्ये हलन्त बहिष्कार आन्दोलन नेपाली लेख्य भाषाको विकासमा महत्त्वपूर्ण मानिन्छ। हलन्त राखेर औच्चरिक भाषा जस्तै लेख्य भाषा बनाउने तत् कालीन प्रचलनका विपरीत भाषालाई सम्प्रेषणीय र व्यापक प्रयोग योग्य बनाउने उद्देश्यले राममणि आदीको अगुवाइमा यो अभियानको सुरुआत भएको थियो। वि सं १९७० मा गोरखा भाषा प्रकाशिनी समितिका अध्यक्ष बन्न पुगेका राममणि आदी वि सं १९६५ मा माधवी पत्रिकामा मातृ प्रसाद शर्मा अधिकारीको छद्म नामबाट कविता रीति शीर्षकको लेखमार्पmत् ‘हलन्त बहिष्कार’ मान्यताको थालनी गरे।

राममणि आ.दी. को तर्क अनुसार अक्षरमा खुट्टा काट्नाले शब्द र वाक्य भद्दा देखिने हुँदा यस्तो प्रणालीलाई हटाइनु पर्छ भन्ने उनको मान्यता थियो। हलन्त बहिष्कारसम्बन्धी आ.दी. को भनाइ यस्तो रहेको थियो– “............प्राचीन निकृष्ट परिपाटी छोडी, नवीन सभ्य समाजले स्वीकृत गरेका परिपाटीसँग, उपयोगी पुस्तकहरूको प्रकाशन गराउने पनि यी पत्रिकाका अभिमत छ।”

हलन्त बहिष्कार आन्दोलनलाई बालकृष्ण सम, शिखरनाथ सुवेदी आदिले विरोध गरेका थिए भने लेखनाथ पौड्याल, चक्रपाणि चालिसे आदिले समर्थन गरेका थिए।

**8.5.2नेपाली भाषा विकास र परिमार्जनमा झर्रोवादी आन्दोलन**

नेपाली भाषामा हिन्दी, उर्दु, फारसी, अरबी, अङ्ग्रेजी आदि भाषाका शब्दहरूको व्यापक प्रयोग भई नेपाली भाषाले मौलिकपन गुमाउन लागेको महसुस गरी केही उत्साही भाषा सचेत युवाहरूले यस भाषाको संरक्षण र सम्बर्धन गर्ने उद्देश्यले झर्रोवादी आन्दोलनको सुरुआत गरेका हुन्। यस आन्दोलनको थालनी वि सं २०१३ मा भारतको बनारसबाट भएको हो। बनारसमा पढ्न बसेका नेपाली विद्यार्थीहरू तारानाथ शर्मा, बालकृष्ण पोखरेल र बल्लभमणि दाहाललाई यस अभियानको प्रमुख अगुवा मानिन्छन्। नेपाली भाषालाई सम्पन्न, समृद्ध र स्तरीयता प्रदान गर्न झर्रोवादी आन्दोलनको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। नेपाली साहित्य लेखन तथा भाषामा विदेशी भाषाका शब्दहरूलाई त्याग्दै ठेट अर्थात् झर्रा नेपाली शब्दको प्रयोग गर्नु र आवश्यकता अनुसार नेपाली भाषामा नरहेका शब्दहरू नेपालीमै निर्माण गरी प्रचलनमा ल्याउनु यस आन्दोलनको प्रमुख विशेषता थियो।

झर्रोवादी आन्दोलन नेपाली भाषाको मौलिकपनलाई जोगाउन गरिएको भाषिक आन्दोलन हो। राणा शासनको वेलामा नेपाली भाषामा संस्कृतको अतिशय प्रभाव थियो। राणा दरबारमा नाटक देखाउने र गीत गाउने प्रचलनसँगै उर्दु, फारसी जस्ता भाषाहरूले प्रवेश पाए। खानदानी परिवारका व्यक्तिहरू भारतका विभिन्न सहरमा पढ्न जान्थे। अङ्ग्रेजी स्कुलमा अध्ययन गरेकाहरू सोही भाषामा बोल्न सक्नु ठुलो महानता सम्झन्थे भने संस्कृत अध्ययन गरोकाहरू नेपाली भाषालाई अनौपचारिक बोलीचालीको

मात्र भाषा बनाउनु पर्छ, साहित्यमा संस्कृतको प्रयोग हुनु पर्छ भन्ने मान्यता राख्थे। यसरी देशभित्र खास भाषिक नीति नहुनु, शैक्षिक संस्थाहरू थोरै हुनु, विश्व विद्यालयहरूमा नेपाली भाषामाभन्दा अन्य भाषामा पढाइ हुनु जस्ता सन्दर्भहरूले नेपाली भाषालाई ठिमाहा भाषा बनाउँदै लगेको थियो।

यस आन्दोलनले गति लिनु अघिसम्म नेपाली भाषाको विकृत रूप यस्तो थियो –"अगर हामी नेपालीहरूले आफ्नो देशको ताकाजाका ध्यान दिँदैनौँ देशको मागको बाबजुद हामी चल्छौँ त यो जोरसँग ऐलान गर्न सकिन्छ कि हामी आदमी होइनौँ बल्कि हैवान हौ।"

अर्को उदाहरण : "उत्तुङ्ग हिमशैलको धवल प्राङ्गणमा निवास गर्दै पतीतपावनी कल्मष प्रक्षालन कार्यमा सुसम्पन्नता सरिता बाग्मतीको पवित्रोदक पान गर्दै पर्बत चूडामणि चन्द्रागिरीको नैकट्य पाएका काष्टमण्डपनिवासीहरू धन्य हुन्" आदि।

यस्तो भाषिक प्रयोगले पाठक र भाषाबिच दूरी बढ्दै गयो। सर्व साधारण मानिसले भाषा बुझ्न कठिन हुन थाल्यो । माथिल्लो तहमा बस्ने कथित पढे लेखेका वर्गले आफूलाई जनताभन्दा ठुलो र जान्ने बुझ्ने सावित गर्न भाषाको दुरुह प्रयोग हुन थाल्यो। पाठ्य पुस्तक र साहित्यिक रचनामा भाषाको यस्तो प्रयोगले नेपाली भाषामा सुगमता, प्रयोगमा सरलता, बोधगम्यता, नेपाली भाषाको मौलिकपनको रक्षा, नेपालीमा भएका शब्दहरूको स्तरीयता जस्ता आवश्यकताहरू देखिए। यस आवश्यकतालाई पुरा गर्न झर्रोवादी आन्दोलन महत्त्वपूर्ण रहेको मान्न सकिन्छ। यस आन्दोलनले नेपाली भाषाका आवश्यकताहरू सम्पूर्ण रूपमा पुरा गरेको नभई भाषाको विकास र नेपाली मौलिकता जोगाउन यसले सहयोग गरेको

Notes

पाइन्छ। 'नौलो पाइलो' पत्रिकालाई आफ्नो मुख पत्र बनाएको झर्रोवादी आन्दोलनले नेपाली भाषाको विकासमा केही सकारात्मक प्रभाव छाडेको छ।

## 8.5.3 नेपाली भाषाको मानकीकरण प्रयास

नेपाली भाषाको मानकीकरण निकैपछि आएर मात्र भएको देखिन्छ। नेपाली भाषाको अध्ययनमा सर्व प्रथम विदेशी विद्वान्हरूले चासो राखेपछि स्वदेशी विद्वान्हरूले पनि यसप्रति चासो राख्दै नेपाली भाषाको अध्ययन सँगसँगै मानकीकरणतर्फ प्रयास गरेको देखिन्छ। सबैभन्दा पहिला नेपाली भाषाको चर्चा कसियानो बेलिगत्तिको अल्फाबेटस ब्रह्मानिकम ऐन युनिभर्सिटाइटिस कासी (रोम– इ १७७१) भन्ने पुस्तकमा भएको मानिन्छ। अहिलेसम्म खोज अनुसन्धानले प्राप्त गरेको जानकारी अनुसार यो पुस्तकमा नै पहिलो पटक नेपाली भाषाको अध्ययनबारे चर्चा भएको पाइन्छ। यसै पुस्तकको भूमिका लेख्ने क्रममा जोन्स क्रिस्टोफोरस आमाडुरिसले नेपाली भाषाको नाम राखेको पाइन्छ।

कर्कप्याट्रिकले पनि नेपाली भाषाको अध्ययन प्रयासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। उनले आफ्नो पुस्तक An Account of the Kingdom of Nepal (नेपाल अधिराज्यको वितरण) भन्ने पुस्तकमा नेपालका आठ ओटा भाषाहरूको उल्लेख गरेको पाइन्छ। उनले प्रस्तुत गरेका आठ ओटा भाषाहरूमा पर्वते, नेवारी, दनुवारी मग्राती, किराती, वायु वा हायु, लिम्बु र भोटे देखिन्छन्। यसै क्रममा जेम्स अलेकजान्डरे एटन, केलग, रुडल्फ होर्नले, टर्नबुल जस्ता विदेशी विद्वान्हरूले नेपाली भाषाको अध्ययनमा विशेष चासो प्रस्तुत गरेको देखिन्छ। जेम्स अलेकजान्डर एटनको Grammar of the Nepali Language (नेपाली भाषाको व्याकरण) नामक ग्रन्थ कलकत्ताबाट प्रकाशित प्रस्तक देव नागरी लिपिको हावामा नेपाली भाषा सर्व

प्रथम उल्लेख भएको पाइन्छ। यो पुस्तक नेपाली भाषाको पहिलो पुस्तकका रूपमा देखा पर्दछ।

नेपाली भाषाको मानकीकरणतर्फ धेरै विद्वान् तथा नेपाली भाषामा प्रकाशित व्याकरण तथा पत्र पत्रिकाहरूले भूमिका खेलेको पाइन्छ। सुब्बा विरेन्द्र केशरी अर्याल नेपाल भाषाको अध्ययन र व्याकरणको चर्चा गर्ने पहिला व्यक्ति हुन्। वि सं १९६३ मा प्रकाशित सुन्दरी पत्रिकाको 'बेसरी' मा भाषा काव्यका सैद्धान्तिक पक्षलाई पूर्वीय ढङ्गले उठाएका छन्। यस काव्य लक्षण लेखमा काव्य रचनाका निम्ति शब्दानुशासनको आवश्यकता पर्ने कुरा उनले औँल्याएको पाइन्छ। यसै गरी वि सं १९५८ मा 'गोरखा पत्र' प्रकाशित भएपछि नेपाली भाषाको आधुनिक कालको चहलपहल सुरु भई मानकीकरणतर्फ विशेष चासोहरू बढ्दै गएको पाइन्छ। खासमा वि. सं १९६३ मा प्रकाशित सुन्दरी पत्रिकाबाट मात्रै भाषिक अध्ययनतर्फको चासो बढ्दै गएको देखिन्छ। वि सं १९६५ को माधवी पत्रिका र राममाणि आदीको सक्रियतामा नेपाली भाषाले ठुलो सहयोग प्राप्त गयो। नेपाली भाषामा 'हलन्त बहिस्कार' आन्दोलनको प्रारम्भसमेत भएर नेपाली भाषामा व्याकरणात्मक स्त्री लिङ्ग शब्दको प्रयोग गर्न थालियो।

नेपाली भाषाको मानकीकरण प्रयासमा आधारका रूपमा जयपृथ्वी बहादुर सिंहको प्राकृत व्याकरण (वि सं १९६८), विश्वमणि दीक्षिताचार्यको गोरखा व्याकरण बोध (वि सं १९६९) र पण्डित हेमराजको चन्द्रिका (वि सं १९६९) जस्ता पुस्तकहरू आएको देखिन्छ। वास्तवमा हेमराजको चन्द्रिका व्याकरणको पुस्तक प्रकाशनपछि नै नेपाली भाषामा मानकीकरणका विषयमा अझ गम्भीर चासो र प्रयासको थालनी भयो। यस पुस्तक नेपाली भाषामा लेखिएका व्याकरणहरूमध्ये सबैभन्दा विस्तृत, व्यापक र गहन देखिन्छ। यसै क्रममा इ १९१८ मा कलकत्ता विश्व विद्यालयले म्याट्रिक,

आइए र बिएसम्म नेपाली भाषालाई स्वीकार गरेको र नेपाली भाषाको पाठ्यक्रममा पारसमणि प्रधान र जयपृथ्वी बहादुर सिंहको योगदान रहेको समेत उल्लेख पाइन्छ। वि सं १९७६ मा नेपालका विद्वान् सोमनाथ सिग्द्यालको मध्य चन्द्रिका व्याकरण प्रकाशित भयो। यस पुस्तकले पनि नेपाली भाषाको मानकीकरणमा विशेष योगदान पुऱ्याएको देखिन्छ। अहिले पनि यस पुस्तकको महत्त्वबारे अध्ययन र चर्चा हुने गरेको पाइन्छ।

वि सं १९८८ मा विदेशी विद्वान् ज्याल्फ लिले टर्नरले नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपूर्ण शब्दकोश (A Comparative and Etymological Dictionary of Nepali Language) प्रकाशित गरे। आधुनिक नेपाली भाषाको अध्ययनमा यस पुस्तकले विशेष महत्त्व राखेको पाइन्छ।

यसै गरी वि सं १९९१ मा शारदा पत्रिकाको प्रकाशनसँगै नेपाली साहित्यको आधुनिक कालको सुरुआत र भाषा सम्बन्धी अनेकौं अध्ययन प्रयास सुरु भए। यस पत्रिकाले भाषासम्बन्धी अनेकौँ समस्यालाई बौद्धिक वर्णमा पुऱ्याई नेपाली भाषाको मानकीकरणका लागि झकझकाउने कार्य गऱ्यो। यसै गरी १९९१ सालमा नेभाप्रसले नेपाली कसरी शुद्ध लेख्ने? भन्ने सानो पुस्तिका प्रकाशन गरी नेपाली भाषाको स्तरीकरण र मानकीकरणमा गहन अभिरुचि प्रस्तुत गऱ्यो। यो पुस्तिकाले लिखित भाषालाई निश्चित एक रूपताको गोरेटोतिर हिँडाउन ठुलो सहयोग पुऱ्यायो। यसै क्रममा पुष्कर शमशेरको प्रधान सम्पादकत्वमा दुई भागमा क्रमशः १९९२ र १९९५ सालमा प्रकाशित अङ्ग्रेजी–नेपाली कोशले यस परम्परामा थप योगदान पुऱ्यायो। त्यस्तै रामचन्द्र ढुङ्गानाको नेपाली शब्दकोश (२००८) को पनि थप सहयोग यस प्रयासले ग्रहण गऱ्यो।

२००८ सालमा महानन्द सापकोटाको विशेष सक्रियतामा इलामको करफोकमा स्थापित 'नेपाली भाषा प्रचारक सङ्घ' ले नेपाली भाषाको अध्ययन र मानकीकरणमा विशेष जोड दियो। देशको राष्ट्रिय शिक्षा प्रणालीमा परिवर्तन ल्याउन र नेपाली भाषालाई सशक्त बनाई पाठ्य पुस्तक र कोश बनाउने कुरा यसले जोड्तोडका साथ उठायो। यसपछि विद्वान् रामराज पन्तले सर्वप्रथम नेपाली भाषाको भाषा वैज्ञानिक अध्ययनको सूत्रपात गरे। उनको नेपाली भाषा विज्ञान (२०१६) नामक पुस्तक नै भाषाको भाषाको भाषा वैज्ञानिक र सैद्धान्तिक दुबै पक्ष समेटेको पहिलो पुस्तक मानिन्छ। त्यसै गरी बालकृष्ण पोखरेलको नेपाली भाषाको कथा (२०१९), पाँच सय वर्ष (२०२०), नेपाली भाषा र साहित्य (२०२१), राष्ट्रभाषा (२०२२), चूडामणि बन्धुको नेपाली भाषाको उत्पत्ति (२०२५), भोजराज ढुङ्गेल, दुर्गा प्रसाद दाहालको प्रयोगिक भाषा विज्ञान (२०५८) जस्ता पुस्तकहरूले नेपाली भाषाको मानकीकरण एवम् आधुनिकीकरणमा थप योगदान पुऱ्याएका छन्। त्यस्तै स्वदेशी विद्वान्हरूका विद्यावारिधि शोध पत्रहरूले नेपाली भाषाको मानकीकरणमा विशेष योगदान पुऱ्याएको देखिन्छ।

यसरी नै नेपाली भाषाका वर्ण विन्याससम्बन्धी नियमहरू समय क्रमसँगै परिवर्तन गर्नु पर्ने कुरालाई जोड दिएर नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित नेपाली भाषा सङ्गोष्ठी (२०६९) ले पनि नेपाली भाषाको मानकीकरणमा नयाँ ढङ्गको थालनी गरेको पाइन्छ। यसलाई नेपाल सरकार माननीय मन्त्री स्तरको मिति (वि सं  २०६९) साउन २३ गतेको वर्णविन्यासगत निर्णयले अनुमोदन गर्दै पाठ्यक्रम विकास केन्द्रद्वारा नेपाली वर्ण विन्याससम्बन्धी वैज्ञानिक ढङ्गको प्रकाशन शैली (वि सं २०७०) पुस्तिकासमेत प्रकाशन गरिएको छ।

विकसित हुँदै लोक व्यवहारमा चलेको कयौं प्राकृतहरूमध्ये केही नमुनाहरू संस्कृत तथा प्राकृत वाङ्मय ग्रन्थहरूमा रहन नपाई प्रयोग-परम्पराको प्रवाहभित्ररूप फेर्दै अघि बढेर आधुनिक अवस्थासम्म आए अनि कति चाहिँ लुप्त भएर गए। त्यस्ता प्राकृत बोलिहरूबाट आधुनिक भारतीय भाषाहरूको विकास हुने ऐतिहासिक क्रम र प्रक्रियाको अध्ययन गर्ने भाषाअध्येताहरूले प्राकृतका विभिन्न क्षेत्रीय भेदहरू देकाइएका छन् जसलाई अपभ्रंश भनिएको छ। विभिन्न अध्येताहरूले आआफ्ना दृष्टिकोण्नुसार प्रस्तुत गरेका त्यस्ता वर्गीकरणहरूलाई प्राध्यापक चूढाममि बन्धुले भनेझैं मोटामोटी रूपमा यसरी मिलाएर हेर्न सकिन्छ –

अरू अदुनिक भारतीय आर्यभाषाहरूको जस्तै नेपालीको पनि विकासको इतिहास दसौं शताब्दी इस्वीपछिदेखि तालिएको देखिन्छ। यस भाषाका पुराना मूल प्रयोक्ता -

पूर्बेली प्राकृतमागधीवर्ग – भोजपुरी, बङ्गला, मैथिली, असमिया, उडिया, मगही।

मध्यपूर्बेली प्राकृतअर्धमागधीवर्ग – अवधी, बघेली, छत्तीसगढी।

मध्यदेशीय प्राकृत (पश्चिमेली) शौरसेनीवर्ग – गुजराती, राजस्थानी, कनौज, बुन्देलखण्डी, ब्रज, बाँगरु।

उत्तरी प्राकृत ब्राचड वर्ग – पन्जाबी, सिन्धी, लहँदा, पैशाची।

खस वर्ग – पश्चिमेली पहाडी भाषाहरू, गढवाली, कुमाउनी र नेपाली।

दक्षिणी प्राकृत महाराष्ट्री वर्ग – मराठी, कोङ्कणी।

नेपाली भाषाको विकासको इतिहासलाई मुख्य रूपले तीनवटा चरणमा बाँडेर हेर्ने गरिएको छ। ती यसप्रकार छन् –

प्राचीन नेपाली भाषा – एघारौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म।

माध्यकालीन नेपाली भाषा – सौह्रौं शताब्दीदेखि उन्नाइसौं शताब्दीसम्म।

आधुनिक नेपाली भाषा – बीसौं शताब्दीदेखि हालसम्मे।

**(क)नेपाली भाषाको प्राचीन रूप**

उदीच्य अर्थात् पश्चिम दिशातिर विकासशील रहेका प्राकृत भाषाका दुईवटा हाँगादेखापरे – ब्राचड र खस। ब्राचड शाखाबाट अचेल पन्जाबी, सिन्धी, लहँदा, पैशाची आदि भाषाहरू विकसित भए भने खस शाखाबाट पश्चिमी पहाडी क्षेत्रमा प्रचलित ससाना भाषा-गोष्ठीका साथै अचेलका कुमाउनी, गढवाली रनेपाली भाषाहरू विकसित भए। राजनैतिक सिमा विभाजन र प्रशासनिक कारणहरूले गढवाली-कुमावनी र नेपाली जति छन् भाषिक प्रकृतिर व्याकरणिक व्यवस्थाका दृष्टिले यी तीनैवटा परस्पर त्यति नै निकट देखिन्छन्। यस दृष्टिले यी तिनैवटा आधुनिक भारतीय भाषालाई हेर्ने हो भने यी तिनै एउटै भाषाका तीनवटा भौगोलिक भेदहरू वा भाषिकाहरूका अवस्थाबाच अघि बढेर आआफ्ना स्वतन्त्र रूप विकास गर्न आइपुगेका देखिन्छ।

प्राचीन नेपाली भाषाको क्षेत्र अचेलको नेपालका गण्डकी, कर्णाली, वाग्मती र कोसी क्षेत्रहरूका साथै पश्चिमाञ्चल भारतको उत्तराञ्चल राज्यका कुमाउँ, गढवाल, भाग्सु तथा हिमाचल प्रदेशसम्म फिजिएको देखिन्छ। एघारौं शताब्दीतिर आइपुग्दा पश्चिम नेपालका सिन्जा र डोटी क्षेत्रका चुलिका प्राकृतबाट विकसित खपतलीय अपभ्रंशबाट खस भाषाको प्रारम्भिक विकास भएको  कुरा बालकृष्ण पोखरेल ले गरेका छन्। नेपाली भाषा राजस्थानको उदयपुर क्षेत्रको राजपुतहरूले गढवाल –कुमाउँ हुँदै पश्चिम नेपालको कर्णाली-डोटी क्षेत्रमा ल्याएको मेवाडी बोलीको विकसित रूप हो भन्ने जर्ज ग्रियर्सनको भनाइ अब अस्वीकार्य भइसकेको छ। मुगलहरूको आगमनले गर्दा भएको जपुतहरूको त्यस्तो पलायनभन्दा अघिदेखि नै नेपाली भाषा

त्यस क्षेत्रमा प्रचलित रहेको कुरा दसौं-एघारौं शताब्दीदेखिका अभिलेखहरू फेला परेबाट पुष्ट भइसकेको छ। पश्चिम नेपाल मा चल्लहरूको शासन व्यवस्था बनेपछि नै यस भाषाले विशेष रूपले विकास र विस्तार पुन थालेको प्रतीत हुन्छ। राज्याश्रय भाषाको विकासका निम्ति एउटा महत्त्वपूर्ण कुरा हो। नेपाली भाषाले आफ्नो विकायको पहिलो बिहानीदेखि नै राज्याश्रय निरन्तर पाउने सौभाग्य पाएकाले  यसले आजको रूप र अवस्थासम्म विकास र विस्तार गर्न सकेको हो। आफ्नो भाषा र संस्कृतिप्रतिको सचेतता र कटिबद्धता नेपालीहरूमा अलिक बढी तीव्र भइदिएको भए निश्चय नै आज यसको व्याप्ति र उन्नति धेरै गुणा बढी भइसकेको हुन्थ्यो भन्ने कुरा अनुमान गर्न सकिन्छ। नेपाली भाषाको त्यो प्राचीन रूप कस्तो थियो भन्ने कुरा निधो गर्नाको लागि चाहिने प्रारम्भिक चरणका ऐतिहासिक तथ्यङ्कहरू खासै उपलब्ध छैनन्। जे-जति पुराना र लेखओटहरू पाइन्छन् तिनमा भएको भाषा नेपाली, गडवाली, कुमाउनी, हिन्दी आदि विभिन्न भाषाहरूमा प्राचीन रूपसँग साझा समानता देखाउने विशेषताहरूले युक्त पाइन्छ। यसैले यसको प्रचीनतम नमुना कुन हो भनेर किटान गर्ने क्रम एकाधिक मतहरू प्रकाशमा आएका छन्।

प्राचीन नेपाली भाषाको समय उत्पत्ति कालदेखि वि सं १५५४ सम्मलाई मानिन्छ। यसको सुरुआत वि सं १०३८ को दुल्लुको दामुपालको शिलालेखलाई आधार मानी सोही शताब्दीलाई मानिन्छ। कर्नाली प्रदेश सिन्जा उपत्यकाबाट खस भाषाको आरम्भ भएको अभिलेखहरूले पुष्टि गरेका छन्।

दामुपालको शिलालेखमा उल्लेखित 'ओम पद्मे हुँ दामुपाल भुपाल रेष भई। किष्णु अ डैको भाइ। सउँ पाल अडै सा ९९३' ले प्राचीन भाषाको स्वरूपलाई देखाएको छ। यस लेखोटमा प्रयोग भएको 'किष्णु अडैको भाइ। सउँ पाल

अडै' भन्ने हरफभित्रको षष्ठी विभक्ति **को** ले गर्दा यो लेखोट नेपाली भाषामा छ भन्ने निष्कर्ष निकालिएको पाइन्छ। यसमा प्रयोग गरिएको ढुङ्गो, अक्षरको कपाइ र खोपाइ, लिपिको शैली आदिको पुरातात्त्विक एवम् भाषातात्त्विक समिक्षा गरी निक्यौंल भने निकालिएको पाइन्न। यस लेखोटमा रहेको एउटा थरसूचक शब्द अडैजस्तो एउटा पुरानो थरसूचक शब्दको व्युत्पत्ति, उच्चारण र प्रयोग प्रचलन आदिको अध्ययनले पनि यस लेखोटको भाषिक परिचय निश्चित गर्नमा सहयोग पुऱ्याउन सक्तो हो। बालकृषम पोखरेलले **पाँचसय वर्ष**को तेस्रो संस्करणमा एउटा **बेनामी बाज परीक्षा**को नमूना प्रस्तुत गरेका छन् र यसको समय सन् ९४३ तिर भनी अनुमानसमेत गरेका छन्। यसको पहिलो लेखन त्यतिबेलातिर गरेको भए पनि यसको उपलब्ध प्रतिलिपि जो छ त्योचाहिँ सन् सन् १६४३ तिरको मात्र पाइन्छ। त्यसै गरी अन्य नमुनाहरूमा १३१२ को अशोक चल्लको हुम्ला जिल्लाको केलिङ गुम्बाको ताम्रपत्र – 'तिम्रा आलि अटली अटल करी अक्र्याँ छुँ.............।' नेपाली साहित्य (प्रथम खण्ड) (२००३) का सम्पादक प्राध्यपक चुढामणि बन्धुले यो उपर्युक्त दुवै पुराना नमुनाहरूभन्दा पछिको आदित्यमल्लको सन् १३२१ को अभिलेखलाई नेपाली नेपाली भाषाको सबैभन्दा पुरानो नमुना मानेका छन्। मोहनप्रसाद खनालले नै खोजेर निकालेको यो अभिलेख पश्चिम नेपालको गोर्खा जिल्लामा रहेको **ताघवाइ** नामक गुम्बामा भेटिएको थियो। वि सं १४४६ को मलय बर्माको ताम्रपत्र – '.....हरिदत्त अधिकारी बाहुन्ले पायो मंघर डगृको यमेत पाष्यो जग्गा पुव सुयाड पसि रातोमाटो उत्त्र घनघाट गाडषेत...' रहेका छन्। प्राचीन कालको अन्तिम नमुना मानिनेवि सं १५५० को गगनीराजको यात्रा नामको कृतिको भाषा यस्तो रहेको छ–स्वस्ति श्री साके १४१५ मासे कार्तिक तिर्थी र वासरे २ नक्षत्रे १ करने २ मोहोत्रे ७ लगने ८ श्री राजाश्री गगनीराजले भूमि

अंससक वैसा गरि गया भै छ : मष भषका क्ष्येकाका माटि।' यी नमुनाहरूबाट नेपाली भाषाको क्रमिक विकास भएको पाइन्छ। यसपछि आदित्य मल्लको ताम्रपत्र (१३२१), पुण्मल्लको ताम्रपत्र (१३५८), अभयमल्लको ताम्रपत्र (१३४६), मेदिनी वर्मा राउलाको ताम्रपत्र (१३९३), संसारवर्माको ताम्रपत्र (१३९६) तथा बलिराजको (१३९८) जस्ता अनेकौं अभिलेखहरू प्राप्त छन् जसले नेपाली भाषाको प्रचीन रूप र अवस्थाको परिचय दिन्छन्।

**(ख) नेपाली भाषाको माध्यमिक रूप**

पन्ध्रौ शताब्दीदेखि उन्नाईसौं शताब्दीको अन्त्यसम्मको अवधि नेपाली भाषाका विकासको मध्यकालका रूपमा देखापर्दछ। यस वधिमा नेपाली भाषालाई सामान्य लोकव्यवहारदेखि लिएर प्रशासन, व्यापार, साङित्य लेखन आदि विविध प्रयोजनका लागि उपयोग गरी यसका विविध फाँट र शैलीहरूको विकासको घडेरी बसाउने काम विसेष रूपले भयो। यसै अवधिको उत्तरार्धमा आएर यस भाषालाई एउटा विशेष नाउँ दिने प्रयासहरू थालिए जसको फलस्वरूप विभिन्न समय, सन्दर्भ र क्षेत्रमा यसका विभिन्न नाउँ चलाइए।

माध्यकालीन नेपाली भाषाको विकासक्रमलाई केही उपलब्ध लिकित दसीहरूका आधारमा दुई भागमा छुट्याएर हेर्न सकिने देखिन्छ –

**सौह्रौंदेखि अठारौं शताब्दीको पूर्वार्धसम्म – पूर्वमध्यकाल।**

**अठारौं शताब्दीको उत्तरार्धदेखि उन्नाईसौं शताब्दीको अन्त्यसम्म – उत्तरमध्यकाल।**

**सौह्रौंदेखि अठारौं शताब्दीको पूर्वार्धसम्म – पूर्वमध्यकाल (१५००-१७५०)**

नेपाली साहित्यको इतिहाससँग यो अवधि सोझै सम्बन्धित नदेखिए तापनि साहित्य लेख्न थालिनुअघिको नेपाली भाषाको स्वरूप र स्थितिको केही परिचय दिने विविध ग्रन्थहरू यस अवधिमा लेखिए। ती ग्रन्थहरू विविन्न विषयबारे गद्यमा लेखिएका छन्। ती मध्ये कत्तिको गद्य शैली निकै चाखलाग्दो पनि पाइन्छ। विशेष गरी शिकार औषध-रसायन, नीति-उपदेश आदि नै ती ग्रन्थका विषय रहेका छन्। यी ग्रन्थमा नेपाली गद्यको वर्णनात्मक एवं प्रत्यायनमुखी रूपको विकासशील अवस्था देख्न पाइन्छ। खण्डखाद्य (१६०१), बाज परिक्षा (१६३०), ज्वरोत्पतिचिकित्सा (१७१६), प्रायश्चितप्रदीप(१७२३), अजीर्णमञ्जरी (१७५३) आदि यस अवधिको नेपाली भाषाको स्वरूप र विशेषताका परिचायक ग्रन्थहरू हुन्।

**अठारौं शताब्दीको उत्तरार्धदेखि उन्नाईसौं शताब्दीको अन्त्यसम्म – उत्तरमध्यकाल (१७५०-१८९९)**

यस युगको थालनीबाट नै नेपाली भाषामा साहित्यका प्रारम्भिक नमुनाहरू फेलापर्दछन्। अतः साचो अर्थमा नेपाली साहित्यको इतिहासको प्रारम्भबिन्दु पनि यही नै देखापर्दछ। यस समयदेखि नेपाली भाषाको प्रयोग साहित्यिक एवं साहित्येतर दुवै थरीका पाट निर्माण गर्नमा हुन थालेको पाइन्छ। भाषाको साहित्यिक प्रयोगतर्फ पनि खास गरी गद्य र पद्य दुवै लेखन-मार्गद्वारा मुख्य रूपले इतिवृत्तमूलक रचनाहरू लेखिएको पाइन्छन्।

नेपाली भाषा विकासको माध्यमिक कालको सुरुआत वि सं १५५५ लाई मानिन्छ। यसै सालको धव कर्मठद्वारा लिखित कार्बोरिक विवोष शाहीको ताम्रपत्रमा मध्य कालीन नेपाली भाषाको लक्षण पाइन्छ। वि सं १९५८ मा 'गोरखा पत्र'को प्रकाशन नहुँदासम्मको अवधि मध्य काल हो। प्राचीन कालका विपरीत यस अवधिका शिलालेख र साहित्यमा प्रचलित नेपाली

बढी सहज र बोधगम्य हुँदै गएको पाइन्छ। यस कालका भाषाहरूका केही नमुना निम्न अनुसार छन् -

राजा प्रताप मल्लको वि सं १७२७ तिरको रानी पोखरीको अभिलेखको नमुना–एक दिन तिर्थको अनेक अनेक फल। एति तिर्थ सवै यो पोषरिमाहा छ। यो पोषरीमा स्तान गरिकन देव तप्रपन वितरतप्रपन सध्या आदि समस्त कर्म जसले गयो, यति तिर्थमाहास्नान गऱ्याको पुण्य पावनु छ। पृथ्वी नारायण शाहको वि सं १८३१ को दिव्योपदेश– मेरा साना दुःखले आर्ज्याले मुलुक होइन, सबैलाई चेतना भया। भानुभक्तीय रामायणको श्लोक– एक्दिन् हे हनुमान् म चित्रकुटमा रामका नजिक्मा थिञाँ। मेरा काख्मढा सुत्या र रघुनाथ् हातको तकिया दिञाँ।

**(ग) नेपाली भाषाको आधुनिक रूप**

आधुनिक नेपाली भाषाका सुरुआत बिसौं शताब्दीको प्रारम्भतिरबाट भएको मानिन्छ। यसै समयदेखि नेपाली भाषा प्रयोगले मुद्रनको युगमा प्रवेश गऱ्यो। नेपालीमा समाचर पत्र, साहित्यिक पत्रिकाहरू तथा पुस्तकहरू प्रकाशित हुन थालियो। नेपाली वाङमयको इतिहासले यहींदेखि पाण्डुलिपि र अभिलेखहरूको य़ुग पार गरेर मुद्रण प्रकाशन र व्यापक विज्ञापनको युगमा प्रवेश गऱ्यो। यसै समयदेखि नेपाली भाषाको व्याकरणिक रूप निर्धारण, कोश निर्माण, भाषाको मानकीकरण तथा प्रशासनिक क्षेत्रमा यसको प्रयोग र प्रक्रियापनि विशेष रूपले थालियो। यसै चरणमा आएर भारत र नेपाल दुवैतिरका  शिक्षाकेन्द्रहरूमा नेपाली भाषा-साहित्य शि७मको प्रावधानका साथै कतिपय क्षेत्रहरूमा शिक्षण-माध्यमका रूपमा पनि नेपाली भाषाको प्रयोग हुन थाल्यो। यसले गर्दा अरू भाषा-भाषीहरूका सामु नेपाली बा,को प्रतिष्ठामा वृद्धि आयो। विशेष गरी बीसौं शताब्दीमा भएका दुई-दुईवटा

महासमरहरूले नेपालीभाषीहरूलाई विभिन्न देश-देशान्तरसम्म पुऱ्याए। तिनीहरूसँगसँगै नेपाली भाषाहरूको पनि भौगोलिक विस्तार हुँदै गयो। प्रत्यक्ष एवम् साहित्यसृजनगत प्राप्तिका दृष्टिले ती दुई महासमर नेपाली जातिका निम्ति खासै फलप्रद नदेखे तापनि यसको भौगोलिक विस्तार तथा एउटा सिङ्गो जातिको रूपमा यसको सङगठन एवम् युद्धवीर जातिका रूपमा विश्वव्यापी चिन्हारीजस्ता केही महत्वपूर्ण कुराहरू यी युद्धहरूबाट प्राप्त भए।

ससाना सांस्कृतिक एवम् भाषिक गोष्ठीहरूको परस्पर अन्तर्लयनद्वारा एउटा वृहत्तर भाषिक-सांस्कृतिक समुदायका रूपमा नेपाली जातिको गठन-प्रक्रिया पूर्ण रूपले सुदृढ भइसक्न बाँकि छँदै यसरी आइलागेका महासमरहरूको बौद्धिक राजनैतिक एवम् समाजशास्त्रीय तात्पर्य र महत्त्व चाल पाउने र छिचोलेर बुझ्नसक्ने सामूहिक चेतना नेपाली समाजमा आइसक्ने अवस्था भएकै थिएन्। अतः यस अप्रत्याशित घटनाले नेपालीहरूलाई आफूमा समेटेर लिए तापनि तथा यसले नेपाली जातीय विशिष्टताहरूको सक्दो उपयोग गरे तापनि भर्खरै हल्कँदो नेपाली जातिले आफ्नो हुँदो चिनेर यसको उपयोग गर्न सकेन। संकिर्ण सामन्ती व्यवस्था व्यापक अशिक्षा, आर्थिक विपन्नता र शक्तिद्वारा टिपिएर विश्वयुद्धको विराट क्यानभसमा फालिन पुगेको नेपाली जातिको त्यस पुस्ताले यथाशक्ति क्षमता प्रदर्शन गरेर एटा इमादार, सङ्घर्षशील, सोझो, युद्धकुशल, साहसी र कर्तव्यनिष्ठ जातिको रूपमा जुन परिचय विश्व-समाजसमक्ष स्थापित गऱ्यो त्यसलाई बौद्धिक सचेतता,जतीय सचेतता,जतीय भविष्यप्रतिको दुरदर्शिता र समयानुकूल कार्यकौशलताको विकास गरेर परवर्ती पिँढीले जातिलाई उँभो उठाउन जुन काम गर्नसक्नुपर्ने थियो त्यो अपेक्षित मात्रामा हुन सकेन। बरु त आफ्ना अशिक्षित सोझो र कर्तव्यनिष्ठ अग्रजहरूले कमाइदिएको **वीर**

**जाति**को चिनारीका गीत गाएर, पुर्ख्यौलीइतिहासको अतिगौरवमा डुबेर पछिला पिँढीको एउटा व्यापक र भावुकतापूर्ण अतीतप्रेमको शिकार बनिरह्यो। यसरी ठुलो सङ्घर्ष र बलिदानले हासिल गरेको वीर जातिको चिनारी जातीय सम्पदाका रूपमामर्यादित बन्न पाएन। तैपनि यसले नेपाली समाजलाई भारतका अरू भाषा-भाषी समाजहरू सँगसँगैजसो आधुनिक युगको फेराभित्र समेट्यो। फलस्वरूप नेपाली समाज र साहित्यमा आदुनिक चेतनाको अभिव्यक्ति र विकासको दृष्टिले यो आधुनिक युग निकै महत्त्वपूर्ण रहेको पाइन्छ।

पश्चिम नेपालको उपल्लो प्रान्तबाट दसौं-एघारौं शताब्दीतिरदेखि विकसित हुँदै र फिँजिदै पूर्वतिर बढेर आएको नेपाली भाषाको अनेक उपभाषा वा भाषाका अनेक उपभाषा वा भाषिकाहरू बन्दै गए। नेपालका पश्चिमी, केन्द्रिय र पुर्बेली भाषिकाहरूका अतिरिक्त यता भारतमा दार्जिलिङ-सिक्किम, उत्तरपूर्वाञ्चल तथा पश्चिमाञ्चलतिरका भाषिकाहरू आआफ्ना स्वरूपगत विशेषताहरू र परिचय लिएर विकासशील रहेका छन्। पूर्वाञ्चल भारतमा मात्र पनि विबिन्न राज्यमा यो भाषा व्यवहार गर्नेहरूका आआफ्ना समाजभाषिक रूप वैशिष्ट्य छन्। यतिका विभिन्न भाषिकाहरू विकशित र व्यवहृत हुँदै पनि विशेष गरी बीसौं शताब्दीको प्रारम्भदेखि यसको पुर्बेली भाषिका नै लेखनमा व्यवहार गरिँदै आएर मानक भाषिकाका रूपमा स्वीकृत र व्यवहृत बन्न पुगेको देखिन्छ। नेपाली भाषाको लिखित रूप र त्यसको व्याकरण यही मानक भाषिकाका आधारमा निर्मित छ।

वि सं १९५८ मा 'गोरखा पत्र' प्रकाशन सुरु भएपछि नेपाली भाषाले आधुनिक युगमा प्रवेश गरेको मानिन्छ। त्यस यता साहित्यिक गतिविधिले गणात्मक तीव्रता पाउनु, राणा शासनको अन्त्यपछि शिक्षाको द्रुत विकास हुनु, भाषिक अध्ययन र अनुसन्धान बढ्नु, भाषाको स्तरीकरण

र आधुनिकीकरणमा व्यक्तिगत र संस्थागत प्रयासहरू बढ्नु जस्ता कुराहरूबाट नेपाली भाषाले आधुनिकता प्राप्त गर्दै गएको देखिन्छ। हिजोभन्दा आज, आजभन्दा भोलिलाई आधुनिक काल मानिन्छ। त्यस्तै भाषा पनि निरन्तर आधुनिक बन्ने, विकास हुँदै जाने वस्तु हो।

वर्तमान अवस्थामा नेपाली भाषाले व्यापकता पाइ सकेको छ। यसमा बर्सेनि थुप्रै साहित्यिक कृतिहरू लेखिन्छन्। नेपाली भाषा उच्च माध्यमिक तहसम्म अनिवार्य विषयको रूपमा शैक्षिक संस्थानहरूमा पढाइन्छ। यसका शब्दकोशहरू पनि विकसित रूपमा प्राप्त छन्। औपचारिक कामकाजको भाषा, माध्यम भाषा जस्ता विशेषता हुनु नेपाली भाषाका उल्लेख्य पक्षहरू हुन्।

## 8.5 उपसंहार

निषकर्षमा भन्न सकिन्छ यस लेखको मुख्य उद्देश्य विशेष नेपाली भाषाको अध्ययनलाई केन्द्र बनाइ अध्ययन गर्नु हो। विश्वमा भाषाको अध्ययन परम्परा कहिले र कहाँबाट सुरु भयो, कुन-कुन मोडहरू देखा परे ती कुराहरूलाई प्रस्तुत गरिको छ। भाषाको अध्ययन परम्परालाई अघि बडाउनका निम्ति संसारका भाषाहरूको पारिवारिक वर्गीकरण गरियो। भाषाको ती वर्गीकरण अनुसार भाषा अध्ययेताहरूले नेपाली भाषालाई भारोपेली परिवार अन्तर्गत राखिएको पाइन्छ। यसैअन्तर्गत भारोपेली भाषा परिवारको विशेषतालाई पनि प्रस्तुत गरिएको छ। यस लेखमा भाषाको आधुनिकीकरण र मानकीकरण प्रक्रियाहरूको आधारहरू र देवनागरी लिपीको उद्भव पनि प्रस्तुत गरिको छ।  यस लेखमा भारोपेली भाषा परिवार र नेपाली भाषा अध्ययन र नेपाली भाषाको अध्ययन परम्पराका निम्ति विभिन्न विदेशी, स्वदेशी र नेपाली विद्वान्हरूको मत-मतान्तरहरूको परिचर्चा पाइन्छ। नेपाली भाषाको विकासक्रममा हलन्त बहिष्कार आन्दोलन,

Notes

झर्रोवादी आन्दोलनको भूमिका देखाउनु यस लेखको उदेश्य हो। नेपाली भाषाको मानकीकरणका प्रयासहरूमा यसको प्रचीन, माध्यमिक र आधुनिक रूपहरू पनि देखाइएको छ। नेपाली भाषाको अध्ययन र विकासका निम्ति विभिन्न ठाउँका शैक्षिक संस्थानहरू, साहित्यिक संस्थानहरू र पत्र-पत्रिकाहरूले पनि हालमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

## 8.6 सार

- [illegible]
- [illegible]
- [illegible]
- [illegible]

## 8.7 अनुशीलन

Notes

[illegible] ?

[illegible] ?

[illegible] ?

## 8.9 अतिरिक्त अध्ययन


खाती, नरेशचन्द्र, सन् २०१२, क्रम अध्ययनका, निर्माण प्रकाशन ट्रस्ट, नाम्ची, दक्षिण सिक्किम।

नेपाल, घनश्याम, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, एकता बुक्स हाउस, प्रा लि सिलगढी।

नेपाल, घनश्याम, सन् २०१८, उच्च माध्यमिक नेपाली व्याकरण र रचना, एकता बुक्स हाउस, प्रा लि, सिलगढी।

प्रधान, पारस मणि, सन् १९७२, नेपाली भाषाको उत्पत्ति र विकास, पी एम प्रधान एण्ड सन, कालिम्पोङ।

बन्धु, चूडामणि, वि सं २०५२, नेपाली भाषाको उत्पत्ति, साझा प्रकाशन, ललितपुर, काठमाडौँ।

बन्धु, चूडामणि, वि सं २०७३, भाषाविज्ञान, साझा प्रकाशन, काठमाडौँ।

पोखरेल, बालकृष्ण, वि सं २०५५, राष्ट्रभाषा, साझा प्रकाशन, पुलचोक, काठमाडौँ

शर्मा, मोहनराज, वि सं २०७१, प्रज्ञा नेपाली सन्दर्भ व्याकरण, नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँ।


## 8.10 [illegible]

[illegible] : [illegible] – [illegible]

1. [illegible]

.........................................................................................................

.........................................................................................................

......................................................................................................

([illegible] .[illegible])

2. [illegible]

.........................................................................................................

.........................................................................................................

......................................................................................................

([illegible] .[illegible])

3. [illegible]

.........................................................................................................

.........................................................................................................

.....................................................................................................

([illegible] 3 [illegible] .[illegible])

4. [illegible]

.....................................................................................................

....................................................................................................

....................................................................................................

...................................................................................................

([illegible] ٢.٤ [illegible])

5. [illegible]

...................................................................................................

...................................................................................................

..................................................................................................

..................................................................................................

**Notes**

[illegible]

# UNIT-9 नेपाली वर्ण,अक्षर र लिपि व्याकरण

□ □ □ □ □ □


9.0 उद्देश्य

9.1 परिचय

9.2 वर्णको अर्थ र परिभाषा

9.3 अक्षरको अर्थ र परिभाषा

9.4 लिपिको अर्थ र परिभाषा

9.5 नेपाली वर्ण, अक्षर र लिपि व्याकरणको अध्ययन

9.5.1 वर्ण व्याकरणको अध्ययन

9.5.1.1 खण्डीय र खण्डेतर वर्ण

9.5.2 अक्षरको अध्ययन

9.5.2.1 अक्षरको प्रकार

9.5.2.2 अक्षर संरचना

9.5.2.3 नेपालीको अक्षर संरचना

9.5.2.4 अक्षर संरचना देखाउने पद्धति

9.5.2.5 नेपाली अक्षरका वितरणात्मक विशेषता

9.5.3 लिपिको अध्ययन

9.5.3.1 लिपिको महत्त्व

9.5.3.2 लिपिका सीमा

9.5.3.3 लिपिको प्रारम्भ र विकास

9.5.3.4 ब्राह्मी लिपि र देवनागरी लिपि

9.5.3.5 लिपि र वर्णविन्यास

9.6 □ □ □ □ □ □ □

9.7 □ □ □

9.8 □ □ □ □ □ □ □

Notes

9.9 अतिरिक्त अध्ययन

9.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययनपछितपाईंनिम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ:

- वर्णको सामान्य परिचय
- अक्षरको सामान्य परिचय
- लिपिको सामान्य परिचय
- वर्णको परिभाषा र खण्डिय र खण्डेतर वर्ण
- अक्षरको प्रकार, अक्षर संरचना र अक्षर संरचना

देखाउने पद्धति

- लिपिको महत्त्व, सीमा, प्रारम्भ र विकास
- ब्राह्मी लिपि र देवनागरी लिपि
- लिपि र वर्णविन्यास

## 9.1 □ □ □ □ □

यस एकाइं वर्ण, अक्षर र लिपिको विषयमा विषद अध्ययन प्रस्तुत गरिएको छ। भाषाका वर्णहरूको अध्ययन गर्ने विषयलाई वर्णविज्ञान भनिन्छ। भाषाका खण्डीय र खण्डेतर वर्ण, स्वर र व्यञ्जन वर्ण, अक्षर प्रणाली आदि भाषाका उच्चरित ध्वनिको अध्ययन गरी भाषाका वार्णिक व्यवस्थाको निरूपण गर्ने काम वर्णविज्ञानअन्तर्गत हुन्छ। वर्णविज्ञान त्यो विज्ञान हो जसमा वर्णहरूको निर्धारण गरिन्छ र यसका सहायताले कुनै भाषाका वर्णसम्बन्धी आन्तरिक रचना बुझ्न सकिन्छ। वर्णविज्ञानका पनि विशेष गरी दुई धारा छन्- अमेरिकाली संरचनावादीहरूले विकसित गरेको

स्वतन्त्र वर्णविज्ञान र प्राग सम्प्रदायले प्रारम्भ गरी अमेरिकाका रूपान्तरणवादीहरूले विकसित गरेको व्यवस्थित वर्णविज्ञान। कुनै भाषिक व्यवस्थाको लघुतम अर्थभेदक ध्वनिलाई वर्ण भनिन्छ। भाषाको उच्चारण व्यवस्थासँग सम्बन्धित सिद्धान्तलाई वर्णसिद्धान्त भनिन्छ। जसमा सैद्धान्तिक दृष्टिले सीमित वर्णलाई देखाएर भाषाको वार्णिक व्यवस्थालाई स्पष्ट गरिएको हुन्छ। यसरी उच्चारणका दृष्टिले (डाँडा) रहेका दुवै 'ड' भिन्न भए तापनि वर्णसिद्धान्तका आधारमा एउटै 'ड' का दुई रूप हुन्। यो बुझ्न वर्ण सिद्धान्तका कतिपय आधारभूत कुराहरूमा आधारित हुनुपर्छ।

जब हामी कुनै भाषाका अक्षरका विषयमा विचार गर्छौं र कुनै भाषाका अक्षरहरूको निर्धारण व्यतिरेकका आधारमा गर्छौं ती वार्णिक अक्षर मानिन्छन्। भाषाका वार्णिक विश्लेषणका सन्दर्भमा स्वर, व्यञ्जन, मात्रा, लय, बलाघातझैं अक्षर पनि महत्त्वपूर्ण कुरा हुन्। अरू विशेषताझैं भाषाका अक्षरप्रणाली पनि बेग्लाबेग्लै हुन्छन्। शब्दहरू अक्षरका आधारमा सजिलैसँग छुट्टिन्छन्। बोलिने अक्षर र लेखिने अक्षर बेग्लाबेग्लै कुरा हुन्। खास भिन्नता के हो भने बोलिने अक्षरले भाषाका उच्चारणलाई जनाउँछन् भने लेखिने अक्षरले भाषाका लिखित रूपलाई जनाउँछन। देवनागरी वर्णमालाका सग्ला स्वर र व्यञ्जनहरूलाई अक्षरकै रूपमा उच्चरित गरिने भए पनि लेखनपद्धतिमा भने फरक पर्छ।

लिपिको अध्ययन प्रतीक व्यवस्थाको अध्ययन हो। प्रतीक व्यवस्था भन्नाले प्रतीकका रूपमा आउने चिन्हहरूको व्यवस्था भनिएको हो र यस्ता चिन्हहरूका शब्द, अक्षर वा वर्णका प्रतीकका रूपमा विभिन्न भाषामा आ-आफ्नै अक्षर, सङ्ख्या र चिन्हहरू हुन सक्छन्। संसारमा सबै लिपि पूणतः एउटै किसिमको हुन्छन् भन्ने केही जरूरी छैन, कतिपय लिपि शब्द-अक्षरात्मक र अक्षर-वर्णात्मक पनि हुन सक्छन्। शब्दात्मक, अक्षरात्मक र

Notes

वर्णात्मक जस्तो किसिमको लिपि भए तापनि त्यसका प्रत्येक स्वतन्त्र चिन्हलाई हामी लिपि भन्न सक्छौँ। जस्तै 'तर' मा 'त' तथा 'र' दुवै लिपि हुन्।

## 9.2 वर्णको अर्थ र परिभाषा

वर्ण भन्नाले भाषाका कुनै एउटा प्रयत्न र स्थान विशेषबाट उच्चारित भएर शब्दमा अर्थको निर्धारण गर्नसक्ने ध्वनिविशेष भन्ने बुझिन्छ। अर्थात् अर्थमा भिन्नता ल्याउने सबैभन्दा सानो भाषिक एकाइ वर्ण हो। वर्ण सबै भाषामा एकैनास हुँदैनन्। भाषा विशेषको आ-आफ्नै वर्णव्यवस्था हुन्छ। प्रत्येक भाषामा वर्णहरूको प्रयोगको आ-आफ्नै विशिष्ट परिपाटी हुन्छ। वर्ण भनेको सैद्धान्तिक दृष्टिले भाषाका उच्चारित ध्वनिहरूको त्यो समूह हो जसमा उस्तै किसिमका ध्वनिहरू हुन्छन् र ती ध्वनिहरू खास भाषामा खास किसिमले व्यवस्थित हुन्छन्। वर्ण वास्तवमा सैद्धान्तिक एकाइ हो। नेपाली भाषामा /क/ वर्ण छ भन्नुको तात्पर्य के हो भने यसका विभिन्न ध्वनितात्त्विक रूप पनि छन्। किनभने वर्ण एक वा एकभन्दा धेरै यस्ता ध्वनिहरूको समूह हो जो ध्वन्यात्मक दृष्टिले समान हुन्छन् र परिपूरक वितरण वा मुक्तपरिवर्तनका रूपमा आउँछन्। वर्णको निर्माण गर्ने यी विभिन्न समान किसिमका ध्वनिलाई संवर्ण (Allophone)भनिन्छ। व्यवहारमा हामी एउटा वर्णका धेरै संवर्ण हुन्छन् भन्छौँ। त्यस्ता संवर्णहरू नै भाषाका बोलचालबाट लिइएका रूप हुन् र कुनै भाषामा वर्ण मात्र रहने तथा संवर्ण नहुने सम्भावना रहँदैन।

कुनै भाषिक व्यवस्थाको लघुतम अर्थभेदक ध्वनिलाई वर्ण भनिन्छ। आदि, मध्य र अन्त्य गरी कुनै एक परिवेशमा अर्थभेदक भएर आउने ध्वनि वर्ण हुन्छ र कुनै एक परिवेशमा पनि अर्थभेदक भएर नआउने ध्वनि वर्ण हुँदैन,

जस्तै- [नङ्] र [याम्] मध्ये [ङ्] आदि परिवेशमा तथा [य्] अन्त्य परिवेशमा नआए पनि [ङ्] अन्त्य परिवेशमा र [य्] आदि परिवेशमा अर्थभेदक भएर आएकाले यी दुवै वर्ण हुन्। कुनै भाषामा यस्ता अर्थभेदक ध्वनि जतिवटा फेला पर्दछन्, त्यस भाषाका त्यतिवटा वर्ण छन् भनेर निर्धारण गरिन्छ। यस दृष्टिबाट नेपालीमा ६ वटा स्वर वर्ण र २९ वटा व्यञ्जन वर्ण छन्, जस्तै-

**स्वर वर्ण-** अ, आ, इ, उ, ए, ओ

**व्यञ्जन वर्ण-**क् ख् ग् घ् ङ्

च् छ् ज् झ्

ट् ठ् ड् ढ्

त् थ् द् ध् न्

प् फ् ब् भ् म्

य् र् ल् व् स् ह्

## 9.3 अक्षरको अर्थ र परिभाषा

**अक्षर**तत्सम शब्द हो। यसको प्रयोग लिखित ध्वनिसंकेत वा वर्ण ( स्वरयुक्त वा रहित), ब्रम्हा र शीर्ष अनेक अर्थमा भएको छ। हिजोआज यस अन्तिम अर्थमा अक्षर (Syllable) को प्रयोग गरिन्छ। यसअनुसार **अक्षर भनेको सासका एक प्रवाहमा उच्चरित हुने ध्वनि वा ध्वनिसमूहको एक खण्ड हो**। यसरी अक्षरको स्थान ध्वनिभन्दा माथि र शब्द वा रूपभन्दा तल छ अर्थात् यो ध्वनिभन्दा माथिल्लो तर शब्द वा रूपभन्दा भिन्न एक उच्चारण खण्ड हो। अक्षर एउटा  वर्णले पनि बन्न सक्छ, एउटाभन्दा

अधिक वर्णको पनि अक्षर हुनसक्छ। उदाहरण- ऊ, ए, औ आदि एकै वर्णले बनेका अक्षर हुन् भने म (म्+अ), यो (य्+ओ), के (क्+ए) आदि दुईवटा वर्णले बनेका अक्षर हुन्। 'कमल' शब्दमा दुई अक्षर छन्- क (क्+अ)+ मल् (म्+अ+ल्) अनि पाँचवटा वर्ण छन्। फोक्साको सासको एउटै प्रवाहमा उच्चारित भाषाध्वनि एक अक्षरमा आउँछ। हामीले उच्चारण गर्दा सास पनि फेर्ने गर्छौं र मुटुको ढुकढुक घडीको आवाज झैं चलि नै रहन्छ। हाम्रा लामा शब्दलाई हामी एकैपल्ट भन्न सक्दैनौं र श्वास-प्रवाहका क्रममा क्रमशः टुक्राटुक्रामा उच्चारण गर्छौं। नेपालीमा 'म आज पुस्तकालय जान्छु' यस वाक्यको 'म' मा १ 'पुस्तकालय' मा ५ र अरू शब्दमा २-२ अक्षर छन्। अक्षरमा कति ध्वनि हुन्छन् भन्ने कुरा भाषाको प्रकृतिमा निर्भर रहन्छ।

अङ्ग्रेजी Syllable ग्रिक शब्द Syllable बाट विकसित भएको हो जसको अर्थ हो एउटामा आबद्ध खण्ड। ब्लुमफिल्डले मुखरता र शीर्षलाई अक्षर मानेका छन्। पाइकले (१९६६ पृ-११६) श्वसन संस्थानको क्रिया सुरु गर्ने त्यो स्पन्दनशील पृथक एकाइलाई अक्षर मानेका छन् जुन गतिका एक उच्च शीर्षमा लक्षित हुन्छ। रबिन्स (१९६४: १४५) भन्छन् अक्षरको प्रयोग वाग् ध्वनिहरूका त्यस अनुक्रमका संकेतका लागि हुन्छ जुन श्रव्यताका दुई न्यूनतम स्थितिहरूका बीच एक उच्चरित स्थिति वा अन्तर्निहित श्रव्यताका शिखरलाई धारण गर्छ। सामान्यतया व्यञ्जनभन्दा स्वर तथा स्पर्श व्यञ्जनभन्दा प्रवाही व्यञ्जन अधिक श्रव्य हुन्छन्। उनी दीर्घता र बलाघात पर्दैमा त्यो अक्षर हुन नसक्ने बताउँछन्।

## 9.4 लिपिको अर्थ र परिभाषा

भाषा यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्था हो भने लिपि त्यस्ता प्रतीकको पनि प्रतीक हो। भाषालाई प्रतीक व्यवस्थाका रूपमा स्वीकार गर्दा हामीले

वस्तुजगतको 'टोपी' का लागि उच्चरित ध्वनि 'टोपी' लाई नै ध्वनिप्रतीकका रूपमा लिएका छौँ। तर जब यिनै मुखोच्चरित ध्वनिलाई हामी आँखाले देखिने किसिमले लिपिबद्ध गर्छौं त्यसलाई लिपि भनिन्छ र यो प्रतीकको पनि प्रतीक हुन आउँछ। विभिन्न वस्तु, भाव र विचार जनाउन हामी जति ध्वनि निकाल्छौँ ती प्रतीक वा चिन्ह हुन् भने लिपिबद्ध भाषा पनि त्यस्तै मुखोच्चरित ध्वनिहरूका ठाउँमा आएका चिन्ह हुन्। भोल्टेयरको भनाइमा 'लिपि वाणीको चित्र हो'।

सामान्यतः हामी भाषालाई कानद्वारा ग्रहण गर्छौं। कसैले बोलेका कुरालाई हामी कानद्वारा नै सुन्छौँ र भाषा मूलतः कानद्वारा ग्रहण गरिने विषय हो। तर जब हामी भाषालाई लिपिबद्ध गर्छौं तब यो कानको विषय नभएर आँखाको विषय हुन आउँछ। जबसम्म लिपिको आविष्कार भएको थिएन, भाषा पूर्णतः कानद्वारा ग्रहण गरिने विषय थियो। अहिलेसम्म पनि संसारका कतिपय समाजमा कुनै किसिमको लिपि नै छैन। तर लिपिको आविष्कारले गर्दा अहिले हामीसँग हाम्रो जीवनकालमा पनि आँखाले ग्रहण गरेर नसिद्धिने भाषाका लिखित सामग्री छन्। लिपिको सहायताले नै आज मान्छेले भाषालाई देशकालको सीमाभन्दा बाहिर ल्याउन सकेको छ।

## 9.5 नेपाली वर्ण, अक्षर र लिपि व्याकरणको अध्ययन

### 9.5.1 वर्ण व्याकरणको अध्ययन

'वर्ण' भनेको कुनै भाषिक व्यवस्थाको लघुतम अर्थभेदक ध्वनिलाई भनिन्छ। यस परिभाषाले वर्णका निम्नलिखित तीनवटा पहिचान छन् भन्ने जनाएको छः

१. **लघुतम एकाइ**

वर्ण भाषाको सबैभन्दा सानो वा लघुतम एकाइ भएकाले यो अविभाज्य हुन्छ। अविभाज्यताका कारण वर्णलाई टुक्र्याउन सकिँदैन, जस्तै- गोरु शब्दलाई ग्.ओ.र्.उ मात्र टुक्र्याउन सकिन्छ, तर ग्.ओ.र्.उ मध्ये कुनैलाई पनि टुक्र्याउन सकिँदैन। टुक्र्याउँदा नटुक्रिने हुँदा नै ग्.ओ.र्.उ लघुतम भाषिक एकाइ वा वर्ण हुन्।

**२. अर्थभेदक**

लघुतम युग्मअन्तर्गत व्यतिरेकी वितरणमा आएर अर्थ फरक पार्ने ध्वनिलाई अर्थभेदक भनिन्छ। एउटा ध्वनि फरक र अन्य ध्वनि समान भई भिन्न-भिन्न अर्थ बुझाउने दुई वा दुईभन्दा बढी शब्दहरूको जोडीलाई लघुतम युग्म भनिन्छ। समान परिवेशमा आई शब्दको अर्थमा भिन्नता ल्याउने ध्वनिहरूलाई वर्ण भनिन्छ, जस्तै-

| लघुतम युग्म | परिवेश | व्यतिरेकी वर्ण | अर्थभेद |
|---|---|---|---|
| /कर्/ | # - अर # | /क्/ | ढिपी |
| /खर्/ | # - अर्# | /ख्/ | घाँस |
| /गर्/ | # - अर# | /ग्/ | गर्नु |
| /घर्/ | #- अर् # | /घ्/ | गृह |

माथिका लघुतम युग्महरू /कर्/, /खर्/, /गर्/, /घर्/ मा समान परिवेश # - अर् # मा आएका /क्/, /ख्/, /ग्/, /घ्/ ले अर्थमा भिन्नता ल्याएका हुँदा [क्], [ख्], [ग्], [घ्] सबै स्वतन्त्र वर्ण हुन्।

**३. व्यवस्था**

प्रत्येक भाषाको आफ्नै व्यवस्था वा नियम हुन्छ। वर्णहरू आफ्नै भाषिक व्यवस्थाअनुरूप व्यतिरेकी हुने हुँदा कुनै भाषिक व्यवस्थामा

उही वर्णहरू व्यतिरेकी हुन्छन् र कुनै भाषिक व्यवस्थामा हुँदैननन्, जस्तै नेपालीको लघुतम युग्म /काम्/, /खाम्/ मा /क्/ र /ख्/ व्यतिरेकी हुन्।

भाषाका ध्वनिहरू असङ्ख्य हुन सक्छन् र वर्णहरूलाई भने हामी घटाएर सीमित सङ्ख्यामां देखाउन सक्छौँ। यसरी देखाउँदा स्वर र व्यञ्जन गरी वर्णहरूको सङ्ख्या सरदर-३०-३५ हुन्छन्। भाषाका ध्वनिहरूको विश्लेषण गरी भाषाका यस्ता वर्णहरूलाई देखाउँदा व्यतिरेक, परिपूरक वितरण र परिवर्तनका आधारमा नै देखाइन्छ।

### 9.5.1.1 खण्डीय र खण्डेतर वर्ण

**१. खण्डीयवर्ण**

मोटामोटी रूपमा भाषाका वर्णहरूलाई दुई किसिमले छुट्ट्याइन्छ- खण्डीय वर्ण र खण्डेतर वर्ण। खण्डीय वर्ण ती हुन् जसलाई छुट्टै उच्चारण गर्न सकिन्छ। छुट्ट्याएर खण्ड गर्न सकिने र स्वतन्त्र रूपमा उच्चरित हुने वर्णलाई खण्डीय वर्ण भनिन्छ। य़स्ता खण्डीय वर्णमा भाषाका स्वर र व्यञ्जन वर्णहरू पर्दछन्। छुट्ट्याएर खण्ड गर्न नसकिने र स्वतन्त्र रूपमा उच्चरित नहुने वर्णलाई खण्डेतर वर्ण भनिन्छ। खण्डेतर वर्ण ती हुन्, जसलाई हामी सँधै खण्डीय वर्णहरूका साथ मिलेर बसेका पाउँछौँ। स्वरका दीर्घता, लय, बल आदि यस्तै खण्डेतर वर्णअन्तर्गतका कुरा हुन्।

**(क) स्वर वर्ण**

स्वतन्त्र वा अर्का ध्वनिका सहायताबिना उच्चारित हुने वा श्वासप्रवाहमा बाधा उत्पन्न नभई उच्चारित हने वर्णलाई स्वर वर्ण भनिन्छ। स्वर वर्णको

उच्चारण क्रममा मानिसको फोक्सोबाट आएको सास कतै पनि नरोकिने भए तापनि जिब्रो ओठको सक्रियता कुनै न कुनै रूपमा रहेको हुन्छ। नै अव्ययको सक्रियताको प्रभावले गर्दा स्वरवर्णको स्वरूप भिन्नभिन्न बन्दछ। यस दृष्टिले स्वरवर्णको वर्गीकरण गर्दा मूलतः तीनवटा आधारमा गर्न सकिन्छः

**१.जिब्रोको सक्रियता**

**२.जिब्राको उचाइ र**

**३.ओठको स्थिति**

**१. जिब्रोको सक्रियता**

उच्चारण गर्दा जिब्रोको सक्रिय हुने भागको आधारमा स्वरको वर्गीकरण अग्र, केन्द्रीय र पश्च गरी तीन वर्गमा गरिन्छ।

क) अग्रः जिब्रोको अघिल्लो भाग सक्रिय भई उच्चरित हुने स्वरलाई अग्रस्वर भनिन्छ, जस्तै नेपालीका **इ**, **ए**।

ख) केन्द्रीयः जिब्रोको बीच भाग सक्रिय भई उच्चरित हुने स्वरलाई केन्द्रीय स्वर भनिन्छ, जस्तै- **अ**।

ग) पश्चः जिब्राको पछिल्लो भाग सक्रिय भई उच्चरित हुने स्वरलाई पश्चस्वर भनिन्छ, जस्तै- नेपालीका **अ**, **आ**, **उ**, **ओ**।

**२. जिब्रोको उचाइ**

उच्चारण गर्दा जिब्रो उठ्ने, नउठ्ने आधारमा स्वरको वर्गीकरण उच्च, मध्य र निम्न गरी तीन वर्गमा गरिन्छ। यिनको परिचय तल दिइन्छः

क) उच्चः जिब्रो सबैभन्दा माथि उचालिई उच्चरित हुने स्वरलाई उच्चस्वर भनिन्छ, जस्तै-नेपालीका **इ**, **उ**।

ख) मध्यः जिब्रो माझसम्म उठी उच्चरित हुने स्वरलाई मध्यस्वर भनिन्छ, जस्तै- नेपालीका **ए**, **ओ**।

ग) निम्नः जिब्रो आफ्नो ठाउँबाट नउठी उच्चरित हुने स्वरलाई निम्नस्वर भनिन्छ, जस्तै- नेपालीका **अ**, **आ**।

जिब्रोको उचाइसँगै मुखेओढारको खुल्ने भागहरूलाई समेत आधार बनाइ स्वरको वर्गीकरण निम्नलिखित चार प्रकारमा पनि गरिन्छः

क) विवृत वा खुला स्वरः जिब्रो सबैभन्दा तल्लो स्थिति (आफ्नो ठाउँ) मा रही उच्चरित ने स्वरलाई विवृत वा खुला स्वर भनिन्छ। विवृतको अर्थ खुला हो। यस स्थितिमा मुखेओढारको भाग सबैभन्दा बढी खुला वा फराकिलो हुन्छ। नेपालीको **आ** विवृत स्वर हो।

ख) अर्धविवृत वा आधा खुला स्वरः जिब्रोतलबाट एक तृतीयांश जतिमाथि चालिएर उच्चरित हुने स्वरलाई अर्धविवृत अथवा आधा खुला स्वर भनिन्छ। यस स्थितिमा मुखेओढारको भाग विवृतभन्दा केही कम खुला वा फराकिलो हुन्छ। नेपालीको **अ**अर्धविवृत स्वर हो।

ग) संवृत वा बन्द स्वरः जिब्रो सबैभन्दा माथि उचालिई उच्चरित हुने स्वरलाई संवृत वा बन्द स्वर भनिन्छ। संवृतको अर्थ बन्द हो र यस स्थितिमा मुखेओढारको भाग सबैभन्दा बढी बन्द वा साँघुरो हुन्छ। नेपालीका **इ**, **उ** संवृत स्वर हुन्।

घ) अर्धसंवृत वा आधा बन्द स्वरः जिब्रो सबैभन्दा माथिल्लो स्थिति (संवृत) बाट एक तृतीयांशजति तल झरी उच्चरित हुने स्वरलाई अर्धसंवृत वा आधा बन्द स्वर भनिन्छ। यस स्थितिमा

मुखेओढारको भाग अर्धविवृतभन्दा बढी साँघुरो र संवृतभन्दा खुला हुन्छ। नेपालीका अर्धसंवृत स्वर **ए**, **ओ** हुन्।

**३. ओठको स्थिति**

उच्चारण गर्दा ओठ गोलो हुने वा फैलिने आधारमा स्वरको वर्गीकरण गोलित र अगोलित गरी दुई वर्गमा गरिन्छ।

क) गोलितः ओठ गोलो भई उच्चरित हुने स्वरलाई गोलित स्वर भनिन्छ, जस्तै नेपालीका उ, ओ।

ख) अगोलितः ओठ गोलो नभई फैलिएर उच्चरित हुने स्वरलाई अगोलित स्वर भनिन्छ, जस्तै नेपालीका अ, आ, इ, ए ।

**(ख) व्यञ्जन वर्ण**

स्वतन्त्र वा अर्का ध्वनिका सहायताले मात्र उच्चारित हुने वा श्वासप्रवाहमा बाधा उत्पन्न भएर उच्चारित हुने वर्णलाई व्यञ्जन वर्ण भनिन्छ। व्यञ्जन वर्णको उच्चारण गर्दा फोक्सोबाट बाहिर निस्किने सास मुखभित्र कहीँ न कहीँ एक क्षणका निम्ति अवरूद्ध हुन्छ, कहीँ सानो ठाउँबाट सङ्घर्ष गर्दै निस्कन्छ र कहीँ यो सास रोकिन खोज्दा जिब्रामा कम्पन हुन्छ। यसरी अनेक प्रयत्नपछि मात्र मुखबाट बाहिर निस्केको सासका सहायताले उच्चरित हुने वर्णलाई व्यञ्जन वर्ण भनिएको छ। व्यञ्जन वर्णको वर्गीकरण चारवटा कुराका आधारमा गरिन्छः

१. **प्रयत्न**
२. **स्थान**
३. **प्राणत्व र**

४. घोषत्व

**१. प्रयत्नको आधारमा व्यञ्जन वर्णको वर्गीकरणः** प्रयत्न भनेको उच्चारणस्थानमा जिब्रो, ओठ आदि गतिशील उच्चारण अवयव वा करणले स्पर्श गरेर साससलाई प्रभावित पार्ने तरिका हो। नेपाली व्यञ्जन वर्णको उच्चारण निम्नलिखित प्रयत्नद्वारा गरिन्छ- (क) स्पर्श, (ख) स्पर्श-सङ्घर्षी, (ग) सङ्घर्षी, (घ) प्रकम्पित, (ङ) पार्श्विक, (च) नासिक्यस्पर्शी र (छ) अन्तःस्थ।

**क) स्पर्श प्रयत्नः** घाँटी अर्थात् कण्ठमूलदेखि ओठसम्मको क्षेत्रभरिमा उच्चारण अवयवले कुनै न कुनै उच्चारण स्थानलाई छोडिदिँदा मात्र उच्चरित हुने वर्णहरू स्पर्श व्यञ्जनवर्ण हुन्। अथवा ओठ, जिब्रो, दात, जिह्वापश्च र कोमल तालु आदि अवयवहरूमा कुनै ठाउँ एकअर्कामाझ स्पर्श भएर मात्रर उच्चरित हुने वर्णलाई स्पर्श व्यञ्जन वर्ण भनिन्छ। जस्तै-

घ् ग् ख् क् – कण्ठ्य-स्पर्श

ढ् ड् ठ् ट् - तालु-दन्तमूलीय स्पर्श

ध् द् थ् त् – दन्त्यस्पर्श

भ् ब् फ् प् –ओष्ठ्य स्पर्श

**ख) स्पर्श-सङ्घर्षी प्रयत्नः** वर्णहरू उच्चारण गर्दा जिब्रोको टुप्पाले वर्त्स वा माथिल्लो दाँतका पछिल्तिर भुक्क उठेको ठाउँमा स्पर्श गर्छ। फलस्वरूप त्यहाँ सास प्रवाहमा बाधा उत्पन्न हुन्छ र सासले सङ्घर्ष गर्दै निस्कने प्रयत्नसमेत गर्दछ। त्यसैले पहिले स्पर्श गर्ने र पछि सङ्घर्ष गर्दै उच्चरित

हुने वर्णलाई स्पर्श-सङ्घर्षी व्यञ्जन भनिन्छ। नेपाली भाषाका /च्//छ्//ज्//झ्/ स्पर्श-सङ्घर्षी व्यञ्जन हुन्।

**ग) सङ्घर्षी प्रयत्नः** वर्णको उच्चारण हुँदा फोक्सोबाट आएको सासलाई मुखभित्र कुनै अवयवले पूर्ण रूपले रोक्दैन र जिब्राले वर्त्समा छुँदा सास यी दुवै अवयवको साँघुरो चेपबाट सङ्घर्ष गर्दै र घर्षण भएर सुसाउँदै बाहिर निस्कन्छ। यस्तो प्रयत्नलाई संघर्षी प्रयत्न भनिन्छ। नेपालीमा /स्//ह्/ सङ्षर्षी व्यञ्जन हुन्।

**घ) प्रकम्पित प्रयत्नः** प्रकम्पित भनेको सासको जोडले गर्दा जिब्राको टुप्पो थर्र काम्दै वर्त्सस्थानलाई छोएर सास बाहिर निस्कने प्रत्यन हो। यसरी उच्चरित हुने व्यञ्जनलाई प्रकम्पित व्यञ्जन वर्ण भनिन्छ। नेपालीमा /र्/ प्रकम्पित व्यञ्जन वर्ण हुन्।

**ङ) पार्श्विक प्रयत्नः** कुनै कुनै वर्णको उच्चारण गर्दा जिब्रोको अघिल्लो भाग देखिन्छ अनि जिब्राको टुप्पाले वर्त्समा छुन्छ र जिब्रो दोब्रिएको बेला त्यसका दुवै छेउ झोलिन्छनन्। त्यस्तो अवस्थामा सास जिब्राको झोलिएको किनार वा छेउपट्टि पछिल्तिरबाट भएर बाहिर निस्कन्छ। यस्ता प्रयत्नले उच्चरित वर्णलाई पार्श्विक भनिन्छ। नेपालीमा /ल्/ व्यञ्जन पार्श्विक हो।

**च) नासिक्य-स्पर्शी प्रयत्नः** कुनै वर्ण उच्चारण गर्दा मुखभित्र करणले स्थानलाई ट्याप्प छोइदिएर सास बाहिर आउने बाटो थुनिएको हुँदा नाकको बाटो भएर सास बाहिर निस्कन्छ  नि त्यससँगै ध्वनि उच्चरित हुन्छ। यसरी नाकबाट सास बाहिर निस्कने क्रममा उच्चरित हुने वर्णलाई नासिक्य व्यञ्जन अनि यस्तो प्रयत्नलाई नासिक्य प्रयत्न भनिन्छ। जस्तै- /ङ्//न्//म्/ नासिक्य-स्पर्शी व्यञ्जन हुन्।

**छ) अन्तःस्थः** उच्चारणका दृष्टिले व्यञ्जन र स्वरका माझको स्थितिमा रहेका देखिने वर्णलाई अन्तःस्थ भनिन्छ। यस्ता वर्णलाई 'अर्धस्वर' पनि भनिन्छ। अर्धस्वर भनेको उच्चारण प्रक्रिया स्वर जस्तै हुने तर कार्यचाँहि व्यञ्जन समान गर्ने वर्ण हो। यस्ता वर्णको उच्चारणमा सासमा कुनै बाधा पर्दैन र सास सुसाउँदैन पनि। नेपालीमा /य्//व्/ व्यञ्जन अन्तःस्थ वा अर्धस्वर हुन्।

**२. स्थानका आधारमा व्यञ्जनवर्णको वर्गीकरणः** वर्णको उच्चारण प्रक्रियामा भित्रबाट आएको सासले मुखभित्रका कतिपय  स्थानहरूमा करण वा स्थानमाझको सम्पर्कले गर्दा बाधा बेहोर्नुपर्दछ। यस्तो बाधा पर्ने वा करणले स्पर्श गर्ने ठाउँलाई उच्चारण स्थान भनिन्छ। यी उच्चारण स्थानहरू हुन्- दाँत, तालु, मूर्धा, वर्त्स, कण्ठ, घाँटी आदि। यिनीहरूका आधारमा नै व्यञ्जनका निम्नलिखित भेदहरू गरिन्छन्- (क) कण्ठ्य, (ख) फलकीय वर्त्स्य, (ग) अग्र वर्त्स्य, (घ) दन्त्य, (ङ) द्वयोष्ठ्य, (च) तालव्य र (छ) स्वरयन्त्रमुखी।

**(क) कण्ठ वा घाँटीः** जिब्राको पछिल्लो भागले कोमल तालुलाई छुँदा कण्ठ वा घाँटीमा सास प्रवाह थुनिएर व्यञ्जन वर्णको उच्चारण हुन्छ। यस्ता व्यञ्जन वर्णलाई कण्ठ्य वर्ण भनिन्छ। नेपालीमा /क्//ख्//ग्//घ्//ङ्/ कण्ठ्य वर्ण हुन्।

**(ख) फलकीय वर्त्स्यः** जिब्राको फलकले दन्तमूललाई छोएर जुन वर्णहरू उच्चरित हुन्छन्, तिनलाई फलकीय वर्त्स्य भनिन्छ। /च्//छ्//ज्//झ्//स्/ फलकीय वर्त्स्य हुन्।

Notes

**(ग) अग्र वर्त्स्यः** जिब्राको अघिल्लो भाग वा टुप्पाले सोही वर्त्स स्थानमा स्पर्श गर्दा उच्चरित हुने वर्णलाई अग्र वर्त्स्य भनिन्छ। जस्तै- /ट्//ठ्//ड्//ढ्//र्//ल्//न्/ अग्र वर्त्स्य वर्ण हुन्।

**(घ) दन्त्यः** जुन वर्ण उच्चारण हुँदा जिब्राको टुप्पपाले अघिपट्टका माथिल्ला दाँतलाई छुन्छ, त्यस्ता वर्णलाई दन्त्य भनिन्छ। नेपालीमा /त्//थ्//द्//ध्/ दन्त्य वर्ण हुन्।

**(ङ) द्वयोष्ठ्यः** दुवै ओठ ट्याप्प जोडेर सासको बाटो थुनेपछि फेरि दुवै छुट्टिएर सास बाहिर निस्कँदा उच्चरित हुने वर्णलाई द्वयोष्ठ्य भनिन्छ। जस्तै- /प्//फ्//ब्//भ्//म्/ ।

**(च) तालव्यः** जिब्राको बीच भाग उठेर कठोर तालुलाई स्पर्श गर्दा उच्चरित हुने वर्णलाई तालव्य भनिन्छ। जस्तै- /य्/ ।

**(छ) स्वरयन्त्रमुखीः** यस वर्णको उच्चारण स्थान स्वरचिम्टी हो। मानिसको घाँटीभित्र रहने स्वरयन्त्रमा कम्पन भएर उच्चरित हुने वर्ण हो /ह्/। यस /ह्/ लाई स्वरयन्त्रमुखी व्यञ्जन भनिन्छ।

**३. प्राणत्वका आधारमा व्यञ्जन वर्णका भेदः** प्राणको अर्थ'हावा' वा 'सास' हो। व्यञ्जन वर्णको उच्चारणमा मुखबाट कहिलेकाँही अधिक र कहिलेकाँही थोरै सास निस्कन्छ। यस्तो सासलाई प्राण भनिन्छ। यही प्राण वा सासका आधारमा व्यञ्जन दुई प्रकारका छन्- (क) अल्पप्राण र (ख) महाप्राण।

**(क) अल्पप्राणः** अल्पप्राण भनेको थोरै वायु वा सास हो। जुन वर्ण उच्चारण गर्दा मुखबाट थोरै वायु वा सास निस्कन्छ त्यसलाई अल्पप्राण भनिन्छ। नेपाली वर्णमालाका प्रत्येक वर्गका पहिलो र तेस्रो स्पर्श व्यञ्जन अर्थात /क्//च्//ट्//त्//प्/, /ग्//ज्//ड्//द्//ब्/ अल्पप्राण वर्ण हुन्। नेपाली

भाषाका अल्पप्राण ध्वनिहरू हुन्- /कचटतप//गजडदब//ङनम//यरलव/ अनि जम्मै स्वर वर्णहरू।

**(ख) महाप्राणः** बढी मात्रामा सासको प्रवाह भई उच्चरित हुने वर्णलाई महाप्राण भनिन्छ। नेपालीमा /ख्//छ्//ठ्//थ्//फ्//घ्//झ्//ढ्//ध्//भ्//स्//ह्/ महाप्राण वर्ण हुन्।

| अल्पप्राण व्यञ्जन | महाप्राण व्यञ्जन |
|---|---|
| क् ग् ङ् | खघ् |
| च् ज् | छझ् |
| ट् ड् | ठ्ढ् |
| त् द् न् | थ्ध् |
| प् ब् म् | फभ् |
| य् र् ल् व् | स् ह् |

**४. घोषत्वका आधारमा व्यञ्जन वर्णका भेदः** व्यञ्जन वर्णको उच्चारणमा स्वरचिम्टी प्रकम्पित हुनुलाई घोषत्व भनिन्छ। यस आधारमा व्यञ्जनहरू दुई प्रकारका हुन्छन्- (क) घोष, (ख) अघोष।(क) घोषः स्वरचिम्टी नजिकिई कम्पन उत्पन्न भएर उच्चरित व्यञ्जन वर्णलाई घोष व्यञ्जन भनिन्छ, जस्तै-

| | | | | |
|---|---|---|---|---|
| ग | ज | ड | द | ब |
| घ | झ | ढ | ध | भ |
| ङ | | | न | म |
| य | र | ल | व | ह । |

**(ख) अघोषः** स्वरचिम्टी टाढिनाले कम्पन उत्पन्न नभई उच्चरित हुने व्यञ्जन वर्णलाई अघोष व्यञ्जन भनिन्छ, जस्तै-

क च ट त प

ख छ ठ थ फ स।

**२. खण्डेतर वर्ण**

जब कुनै भाषामा मात्रा, अनुनासिकता, लय र आघात आदि विशेषता व्यतिरेकी भएर आउँछन्, त्यस्ता विशेषतालाई खण्डेतर वर्ण भनिन्छ। यस्ता वर्णलाई गौण वर्ण पनि भनिन्छ। मात्रा, लय आदिका भेदका आधारमा कुनै भाषामा काल-मात्रा, कुनै भाषामा बालाघात, कुनै भाषामा तान र कुनै भाषामा अनुतान व्यतिरेकी भएर आउन सक्छन्।

**(क) मात्रा**

कुनै वर्णको उच्चारणमा लाग्ने समयावधिलाई मात्रा भनिन्छ। मात्रा ह्रस्व र दीर्घ गरी दुई प्रकारका हुन्छन्। कम समयावधिमा उच्चरित हुनेलाई ह्रस्व र बढी समयावधिमा उच्चरित हुनेलाई दीर्घ भनिन्छ। कुनै भाषामा स्वरका ह्रस्व र दीर्घ अर्थभेदकका रूपमा आउँछन् अर्थात त्यस्ता भाषामा ह्रस्व र दीर्घ स्वरमा व्यतिरेक पाइन्छ। नेपालीको कुनै स्वर कसैले दस पटक उच्चारण गर्‍यो भने कुनै छोटो र कुनै लामो हुन सक्छ। तर त्यस्ता भेदलाई ह्रस्व र दीर्घ स्वरमा छुट्ट्याइँदैन किनभने त्यसो गर्दा अर्थमा परिवर्तन हुँदैन। ह्रस्व र दीर्घमा व्यतिरेक नेवारी, गुरुङ, तामाङ, सुनुवारजस्ता नेपालमा बोलिने भाषाहरूमा र संसारका अन्य भाषाहरूमा पनि पाइन्छन्। ह्रस्व र दीर्घ मात्रा

परस्पर अर्थभेदक हुँदा मात्र तिनलाई खण्डेतक वर्णमा दरिन्छ, जस्तै-

नेपालीमा सिता भातको टुक्रा र दीर्घ सीता रामकी पत्नी हुन्छ। नेवार भाषामा ह्रस्व *ति*'झोल' र दीर्घ *ती*'शरीरको कोठी' हुन्छ। ह्रस्व *ता*'ठोक्' हुन्छ भने दीर्घ *ता*'ताल्चा' हुन्छ। गुरुङ भाषामा ह्रस्व थेवा 'ठूलो' हुन्छ भने दीर्घ 'थेवा' 'सुन्नु' हुन्छ ह्रस्व 'मे''आगो' हुन्छ भने दीर्घ 'मे''पुच्छर' हुन्छ।

**(ख) अनुनासिकता**

यदि स्वरमा अनुनासिकता व्यतिरेकी भएर बसेको छ भने त्यसलाई अनुनासिक स्वर भनिन्छ। यस प्रकारको मौखिक र अनुनासिक स्वरको व्यतिरेक नेपाली, नेवारी, गुरुङ, खमजस्ता नेपालका भाषाहरूमा मात्र होइन, विश्वका अरू भाषाहरूमा पनि पाइन्छ। यस्तै नेपालीमा मौखिक बास र अनुनासिक बाँस, त, तँ आदिमा व्यतिरेक छन्।

**(ग)बलाघात**

कुनै वर्णको उच्चारणमा र्थभेदक भई आउने बल अथवा जोडलाई बलाघात भनिन्छ। बलाघात स्वर, व्यञ्जन, अक्षर, शब्द र वाक्यमा पनि हुन्छ। यो प्राथमिक र द्वितीयक गरी दुई प्रकारको हुन्छ। बलाघातका कारण कोशिय अर्थ वा व्याकरणात्मक अर्थमा परिवर्तन हुन्छ। बलाघात शब्दको आदि, मध्य वा अन्त्यमा लाग्न सक्छ। बलाघात व्यतिरेकी भएर अर्थभेदक भयो भने त्यस्तो बलाघात वार्णिक बलाघात हुन्छ। विशेषतः अङ्ग्रेजी भाषाका शब्दमा यस्तो बलाघात पाइन्छ। बलाघात बेग्लाबेग्लै अक्षरमा हुँदा अर्थभिन्नता हुन्छ। जस्तै- 'कनभिक्ट

‘दोषी (संज्ञा)’, कन’भिक्ट ‘दोषी ठहर्‍याउनु (क्रिया)’, ‘प्रटेस्ट ‘विरोध (संज्ञा)’ प्र’टेस्ट ‘विरोध गर्नु (क्रिया)’। नेपालीमा अक्षर वा शब्दका तहमा बलाघात नभए तापनि वाक्यका तहमा बलाघात पाइन्छ र यस तहको बलाघातले कोशिय वा व्याकरणात्मक अर्थमा परिवर्तन नल्याई केवल अर्थको उत्कर्ष गर्छ।

**(घ)अनुतान**

अक्षर अथवा शब्दका स्तरमा भएका तान वा लयले पनि विभिन्न भाषामा व्यतिरेकी भएर काम गर्न थाल्छन्। यस्ता लय वा तान भाषाहरूमा विभिन्न किसिमका विभिन्न सङ्ख्यामा हुन सक्छन्। जब कुनै भाषामा तान उच्च, निम्न वा मध्य कुनै स्थितिमा एकैनासले बस्छ, त्यस्तो तानलाई रजिस्टर तान भनिन्छ र त्यसको अतिरिक्त जब लयको आरोह-अवरोह हुन्छ त्यस्तो लयलाई कन्टुर तान भनिन्छ। गुरुङ भाषाका उच्च र निम्न दुई तान व्यतिरेकी छन्। तामाङ भाषामा शुद्ध स्वर उच्च स्वसित स्वर निम्न तानमा उच्चरित हुन्छन्। गुरुङ भाषाको उच्च तानमा *लिं*चेहरा’, निम्न तानमा *लिं*भर्‍याङ’ हुन्छ।

तानकै ठूलो एकाइलाई अनुतान भनिन्छ। यो वाक्य तहमा देखा पर्छ। नेपालीमा वाक्य तहमा अनुतान अर्थभेदक भई देखा पर्छ र यसले सामान्य तथा प्रश्नात्मक वा विस्मय वाक्यमा भिन्नता देखा पर्छ। अनुतान मुख्यतः आरोही र अवरोही हुन्छ र यिनका बीचमा अन्य विभिन्न तह हुन सक्छन्, जस्तै-

| वाक्यको प्रकार | वाक्य | अनुतान |
|---|---|---|
| सामान्य | कुकुर मर्‍यो। | अवरोही |

प्रश्न कुकुर मऱ्यो? आरोही

विस्मय कुकुर मऱ्यो। अवरोही-आरोही

**(ङ) विराम**

दुई ध्वनिका बीचमा आउने मौन वा विश्रामलाई विराम भनिन्छ। यो मौन स्वरैमा कुनै ध्वनि होइन र यो कुनै ध्वनिको आश्रित भएर आउने पनि होइन। दुई ध्वनिका बीचमा मौन आउँदा र नआउँदा अर्थमा भिन्नता देखिने हुँदा यसलाई खण्डेतर वर्ण मानिएको हो। विरामलाई # चिन्हद्वारा जनाइन्छ। नेपालीमा विराम अर्थभेदक छ, जस्तै-

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| खाजा | खानेकुरा | खा # जा | खाएर जा |
| जोखायो | जोख्ने काम गऱ्यो | जो # खायो | जुन चिज खायो |
| बस्छ | बस्ने काम | बस् # छ | वाहन छ |

माथिका उदाहरणमा अविराम र विरामले अर्थमा फरक पारेको हुँदा विराम नेपालीको खण्डेतर वर्ण हो।

## 9.5.2 अक्षरको अध्ययन

अक्षर लेखनको नभएर उच्चारणको एकाइ हो। यसलाई ध्वनिभन्दा ठूलो उच्चारणगत एकाइ मानिन्छ। शब्दको संयोजन अक्षर वा अक्षरहरू मिलेर

हुन्छ। सासको एक झड्कामा उच्चरित हुने ध्वनि खण्डलाई अक्षर भनिन्छ। यस परिभाषाका आधारमा अक्षरका अभिलक्षणहरू निम्नलिखित छन्-

(१) यो ध्वन्यात्मक एकाइ वा खण्ड हो। यसलाई वर्णभन्दा ठूलो वा माथिल्लो एकाइ मानिन्छ, जस्तै-

[रात] शब्दमा /र्-आ-त्/ तीन वर्णहरूबाट एउटा अक्षर /रात्/ बनेको छ।

(२) यो उच्चार्य एकाइ हो। [उसको] शब्द लेखिमिक (लेख्य) दृष्टिबाट <उसको> भए पनि वार्णिक (कथ्य) दृष्टिबाट/उस्को/ हो। यसमा /उस्को/ दुई अक्षर छन्।

(३) यो सासको आघात वा झड्कामा उच्चरित हुन्छ। हृत्स्पन्द हुँदा मुटुको प्रत्येक ढुक्ढुक्मा एकएक अक्षरको उच्चारण हुन्छ।

(४) यसमा एउटा स्वर अवश्य हुन्छ, जस्तै- [रातो] शब्दको /र्आ/ अक्षरमा /आ/ तथा /त्ओ/ अक्षरमा /ओ/ स्वर छ।

(५) यसमा स्वर (स्व) एक्लै पनि रहन सक्छ र त्यसका अगि वा पछि वा अगिपछि दुवैतिर व्यञ्जन (व्य) पनि आउन सक्छ।

प्रस्तुत सन्दर्भमा अक्षर शब्दका अक्ष को अर्थ शीर्ष धुरी हो भने र को अर्थ भएको हो। यस अर्थले पनि शब्दमा एउटा शीर्ष भएको खण्ड वा अंश एउटा अक्षर हो भन्ने स्पष्ट पार्छ।

### 9.5.2.1 अक्षरको प्रकार

अक्षरको रचना मुख्यतः स्वरबाट हुन्छ। यसमा व्यञ्जन ऐच्छिक तत्त्व हुने हुँदा त्यो रहन पनि सक्छ र नरहन पनि सक्छ। अक्षर बन्नका लागि स्वर अनिवार्य हुने हुँदा यसलाई केन्द्रीय तत्त्व र व्यञ्जन ऐच्छिक हुने हुँदा यसलाई परिधिय तत्त्व मानिन्छ।

**(क) संरचनाका आधारमा अक्षरका प्रकारः** संरचनाका आधारमा नेपाली शब्दमा पाइने अक्षरहरू निम्नलिखित प्रकारका हुन्छन्-

| प्रकार | उदाहरण |
|---|---|
| १. स्वर | ए, अँ, उ, इ |
| २. व्यञ्जन-स्वर | हो, जो, वा, छि |
| ३. व्यञ्जन-व्यञ्जन-स्वर | क्या, स्वाँ, म्याँ, श्री |
| ४. व्यञ्जन-व्यञ्जन-व्यञ्जन-स्वर | स्त्री |
| ५. स्वर-व्यञ्जन | उस्, इस्, उड्, अड् |
| ६. व्यञ्जन-स्वर-व्यञ्जन | भात्, काम्, बस्, चाल् |
| ७. व्यञ्जन-व्यञ्जन-स्वर-व्यञ्जन | त्रास्, क्रोध, प्रेम, स्वाङ् |
| ८. व्यञ्जन-व्यञ्जन-व्यञ्जन-स्वर- व्यञ्जन | प्ल्यात्, ब्ल्याङ् |

**(ख) अन्त्यका आधारमा अक्षरका प्रकारः** अन्त्यका आधारमा अक्षरहरू निम्नलिखित दुई प्रकारका हुन्छन्-

**(१) बद्धअक्षर(Closed syllable)-**व्यञ्जनमा टुङ्गिने अक्षरलाई बद्धअक्षर भनिन्छ, जस्तै-

| शब्द | अक्षर | संरचना | अक्षरसङ्ख्या |
|---|---|---|---|
| आठ | आठ् | स्व – व्य | १ |

| | | | |
|---|---|---|---|
| घुस | घ्उस् | व्य – स्व – व्य | १ |
| झ्याल | झ्य्आल् | व्य – व्य- स्व – व्य | १ |

माथिका सबै उदाहरणमा स्वरपछि व्यञ्जन आएर टुङ्गिएको हुँदा ती सबै बद्धअक्षर हुन्।

**(२) मुक्तअक्षर (Open syllable)-** स्वरमा टुङ्गिने अक्षरलाई मुक्तअक्षर भनिन्छ, जस्तै-

| शब्द | अक्षर | संरचना | अक्षरसङ्ख्या |
|---|---|---|---|
| आ | आ | स्व | १ |
| को | क्ओ | व्य – स्व | १ |
| च्याँ | च्य्आँ | व्य – व्य – स्व | १ |
| स्त्री | स्त्र्इ | व्य – व्य – व्य – स्व | १ |

माथिका शब्दमा स्वर मात्र आएर अथवा व्यञ्जनपछि स्वर आएर अक्षर टुङ्गिएको हुँदा ती सबै मुक्तअक्षर हुन्।

## 9.5.2.2 अक्षर संरचना

अक्षरको संरचना केही अवयवहरूबाट हुन्छ। अक्षरको रचना गर्ने अवयवको प्रकार सुस्पष्टता (Prominence) र मुखरता (Sonorent) का आधारमा छुट्याइन्छ। ती केन्द्रीय अनिवार्य र परिधीय ऐच्छिक गरी दुई प्रकारका हुन्छन्।

**(क) केन्द्रीय अवयव**

अक्षरको अनिवार्य अवयवलाई केन्द्रीय अवयव भनिन्छ। यसका अक्षरको रचना हुँदैन। बोल्दा फोक्साबाट सासको बढी प्रवाहका कारण अक्षरको कुनै अवयव बढी श्रवणीय र बढी मुखर

हुन्छ। यस्तो सबैभन्दा मुखर वा सुस्पष्ट अवयवलाई अक्षरको शीर्ष भनिन्छ र यो नै अक्षरको केन्द्रीय अवयव हुन्छ। अक्षरको शीर्ष नै अक्षरको केन्द्रक हुन्छ। केही भाषामा व्यञ्जन पनि शीर्ष हुन्छ, तर नेपाली भाषामा स्वरहरू मात्र शीर्ष वा केन्द्रक हुन्छन्।

**(ख) परिधीय अवयव**


अक्षरको ऐच्छिक अवयवलाई परिधीय अवयव भनिन्छ। यो अवयव हुँदा वा नहुँदा पनि अक्षरको रचना हुन्छ। बोल्दा फोक्साबाट आउने सासको कम प्रवाहका कारण अक्षरको कुनै अवयव कम श्रवणीय र कम मुखर हुन्छ। यस प्रकारको कम मुखर अवयवलाई गह्वर भनिन्छ र यो नै अक्षरको परिधीय अवयव हुन्छ। नेपालीमा व्यञ्जन तथा अर्धस्वरहरू परिधीय अवयव वा गह्वर हुन्छन्। परिधीय अवयव ऐच्छिक भएकाले शीर्षले गह्वरयुक्त वा गह्वरमुक्त भएर अक्षरको रचना गर्छ। परिधीय अवयव निम्नलिखित दुई प्रकारका हुन्छन्-


(१) प्रारम्भक- शीर्षभन्दा पहिला आउने अवयवलाई प्रारम्भक भनिन्छ। नेपालीमा व्यञ्जनहरू प्रारम्भक हुन्छन्।

(२) समापक- शीर्षभन्दा पछि आउने अवयवलाई समापक भन्छन्। नेपालीमा समापक प व्यञ्जन नै हुन्छ।

सबै भाषाका अक्षरको अध्ययनका लागि अक्षरको संरचना यसरी देखाउन सकिन्छः

अक्षर (Syllable)






अक्षरमा एउटै स्वर मात्र रहेमा त्यो केन्द्रकको रूपमा रहन्छ। नेपालीका अ, आ, इ, उ, ए, ओ मात्र उच्चारण गर्दा यी अक्षर केन्द्रक संरचना मात्र भएका हुन्छन् भने खा, जा, ले, देजस्ता अक्षरमा आरम्भक र केन्द्रक हुन्छन् र यी मुक्ताक्षरको रूपमा चिनिन्छन्। काम्, घाम्, सुन्, हेर् जस्ता शब्दका आरम्भक, केन्द्रक र समापक सबै छन्।

शब्द एउटै अक्षरको भए एकाक्षरी, दुई अक्षरको भए द्वयक्षरी, तीन अक्षरको भए त्रयक्षरी र चार अक्षरको चतुरक्षरी हुन्छन्। यस्तै व्यञ्जनान्त अक्षरलई बद्धाक्षर र स्वरान्त अक्षरलाई मुक्ताक्षर भनिन्छ। उदाहरणका लागि नेपालीका खा, जा, बस्, सुन् एकाक्षरी शब्द हुन्। गो-ठा-लो, जु-हा-री, मा-व-ली जस्ता शब्द त्रयक्षरी र ति-ल-ह-री, अ-नि-का-ले शब्द चतुरक्षरी हुन्।

### 9.5.2.3 नेपालीको अक्षर संरचना

अक्षरको विश्लेषण गर्दा कुनै भाषाका अक्षरका वर्णहरू कसरी वितरित हुन्छन् भन्ने कुरा हेरिन्छ। यस सन्दर्भमा अक्षरको स्वर वर्णलाई V र व्यञ्जन वर्णलाई C का रूपमा देखाउन सकिन्छ। नेपालीमा एकाक्षरी शब्दलाई यसरी देखाउन सकिन्छ- ई-V, खा-CV, उस-VC, काम-CVC, घ्यू-CG, स्याल-CGC। यहाँ V ले स्वर, C ले व्यञ्जन र G ले द्विस्वरलाई सङ्केत गर्दछन्।

सामान्यतः विभिन्न भाषाका अक्षरप्रणालीमा केही समानता देखिए तापनि प्रत्येक भाषामा आदि व्यञ्जन र अक्षरान्त व्यञ्जनमा फरक पर्न सक्छ। यस्तै आदि, मध्य र अन्त्य स्थितिमा आउने स्वरमा पनि फरक पर्न सक्छ। अक्षरको दोस्रो व्यञ्जनका रूपमा नेपालीका विभिन्न भाषामा य, र, ल, वमध्ये केही वा सबै आएको देखिन्छन्। नेपाली य, व लाई व्यञ्जनका रूपमा लिएको खण्डमा CCV र CCVC पनि नेपाली भाषामा देखिन्छ। अङ्ग्रेजीको अक्षर प्रणालीमा हामी प्रशस्त व्यञ्जन-संयोग पाउँछौँ। तर यस प्रकारको व्यञ्जन-संयोग नेपाली भाषामा छैन। अङ्ग्रेजी शब्दहरूको उच्चारण नेपाली भाषाभाषीहरूका लागि अप्ठ्यारो हुनुको एउटा कारण यो पनि हो।

### 9.5.2.4 अक्षर संरचना देखाउने पद्धति

अक्षरको संरचना देखाउने पद्धति मुख्य गरेर तीन किसिमका हुन्छन् : कोष्ठ पद्धति, वृक्षारेख पद्धति र तरङ्ग पद्धति।

**(क) कोष्ठ पद्धति**

यस अन्तर्गत कुनै शब्दका वर्णलाई // भित्र राखिन्छ, त्यसपछि स्वर-व्यञ्जन छुट्याउँदै अन्तमा अक्षरसङ्ख्या बताइन्छ। यस क्रममा व्यञ्जनलाई व्य र स्वर तथा द्विस्वरलाई स्व (अनुनासिकतासमेत) दिइन्छ, जस्तैः

आ [आ]- स्व= एक अक्षर

एक [एक्]- स्वव्य= एक अक्षर

छस् [छ्अस्]- स्वव्यव्य= एक अक्षर

माइत [म्आइ-त्अ]- व्यस्व-व्यस्व= दुई अक्षर


असारे [अ-स्आ-र्ए]- स्व-व्यस्व-व्यस्व= तीन अक्षर

**(ख) वृक्षारेख पद्धति**

यस पद्धतिअन्तर्गत जति अक्षर छन् त्यतिवटा वृक्षारेख बनाउनु पर्छ। यसर्थ एउटा वृक्षारेखमा एउटा अक्षर मात्र देखाइन्छ, जस्तैः

के शब्दको अक्षर संरचना

आरेखः अक्षररचनाको वृक्षारेख पद्धति




**(ग) तरङ्ग पद्धति**

उच्चरित स्वरमध्ये कुनै तरङ्ग शीर्ष हुन्छ, कुनै गह्वर। यसै किसिमले अक्षर संरचना देखाउने पद्धतिलाई तरङ्ग पद्धति भन्न सकिन्छ।

## 9.5.2.5 नेपाली अक्षरका वितरणात्मक विशेषता

वितरणका दृष्टिले नेपाली अक्षर रचना प्रणालीका मुख्य मुख्य विशेषता निम्ननलिखित छन्:

- व्यञ्जन र अनुनासिकता एक्लाएक्लै अक्षर बन्दैनन्।
- अनुनासिकता शीर्षको अनुवर्ती हुन्छ।
- अनुनासिकता आरम्भक हुन सक्दैन।

- स्वर र द्विस्वर सँगै आउन सक्दैन।
- द्विस्वरपछि व्यन्जन आउन सक्दैन। आइस्, चैत, साइत, पाऊन्, ऐन मा क्रमशः [आ-इस्, च्अ-इत्, स्आ-इत्, प्आ-उन्, अ-इन्] किसिमले खण्ड वा शीर्षरचना हुन्छ।
- व्यव्य आरम्भक हुँदा व्य य्, व्, ल्, र् मध्ये एउटा हुनै पर्छ।
- अन्त्यगह्वर भएर ह्, य्, व् आउन सक्दैनन्।
- सबै व्यन्जन प्रवेशी हुनन सक्छन् तर ण दोस्रा अक्षरमा मात्र आउँछ।

## 9.5.3 लिपिको अध्ययन

कुनै पनि भाषाको लेख्ने ढंग नै त्यो भाषाको लेख्ने प्रणाली वा लिपि हो। ध्वनिको प्रतिनिधित्व गरि लेखनको लागि जुन चित्र कोरिन्छ त्यो नै लिपि हो। वास्तवमा लिपि र भाषा दुवै अलग अलग चिज हुन्। बोलिने भाषालाई हामी के देख्छौँ भने वक्ता र स्रोता एकै ठाउँमा हुनु आवश्यक छ। आवाजका तीक्ष्णता भएका वक्ता र स्रोता केही गज पर बसे तापनि विचारको आदनप्रदान गर्न सक्छन्। तर लिखित सामग्रीलाई यस संसारको एक ठाउँबाट अर्को ठाउँमा जहाँ पनि पुर्‍याउन सकिन्छ। यस्तै लिखित सामग्रीलाई जति समयसम्म पनि राख्न सकिन्छ। आज पनि हामी ५-६ हजार वर्ष अघिका लिखित सामग्री पाउँछौँ र आजका सामग्रीलाई हजारौँ वर्षसम्मका लागि सुरक्षित राख्न सक्छौँ। लिपि नभएको भए आज हामी संसारको एउटा कुनामा बसेर एउटाले लेखेको कुरा अर्को कुनामा बसेर पढ्न सक्ने थिएनौँ।

संसार भरिमा प्रयोग भइरहेका भाषाहरूको संख्या अहिले पनि हजारौंभए तापनिती भाषाहरूलाई लेख्नका लागि केवल लगभग दुई दर्जन लिपिहरूको

Notes

मात्र प्रयोग भइरहेको छ।अझ गहराईमा जाँदा संसारमा केवल तीन प्रकार को मूल लिपिहरू (वा लिपि परिवार) पाइन्छः

- **चित्रलिपि** (ideographic scripts) –

चीन, जापान एवं कोरिया मा प्रयुक्त लिपिहरू,

- **ब्राह्मी बाट व्युत्पन्न लिपिहरू** – देवनागरी तथा दक्षिण एशिया

एवं दक्षिण-पूर्व एशियामा प्रयुक्त लिपिहरू ; तथा

- **फोनेशियन (Phonecian) बाट व्युत्पन्न लिपिहरू** –

सम्प्रति यूरोप, मध्य एशिया एवं उत्तरी अफ्रीका मा प्रयुक्त लिपिहरू।

### 9.5.3.1 लिपिको महत्त्व

भाषालाई नेत्रगाह्य बनाई देशकालको सीमाभन्दा बाहिर लैजाने काम गरेर लिपिले मानव सभ्यताको विकासमा ठूलो सहयोग पुर्‍याएको छ। आज हामी धेरैजसो जातिहरूका भाषामा अघिदेखि लिखित रूपमा आएका सामग्री पाउँछौँ। यस्ता सामग्री विभिन्न देशमा कागत, ढुङ्गा, काठ, धातु, माटाजस्ता विभिन्न वस्तुमा लेखिएका पाइएका छन् र विभिन्न लिपिमा भएका सामग्रीको अध्ययन गरेर हामी भाषाको पुरानो रूपसँग मात्र परिचित हुँदैनौँ, मानव इतिहासका विभिन्न युगबारे पनि परिचित हुन्छौँ। आज हाम्रा आवश्यक वस्तुलाई धेरै किसिमले सुरक्षित गर्न सकिन्छ तर प्राचिनकालमा आजका जस्ता यान्त्रिक साधन थिएनन्। अतः धेरै कुरा लिखित रूपमा नै सुरक्षित रहेका छन्।

आज व्यक्तिगत, सामाजिक, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जीवनमा हामी लिपिको व्यापक रूपमा प्रयोग गर्छौँ। लिपिको अभावमा हाम्रो अहिलेको जीवन व्यवस्थित रूपमा चलाउन गाह्रो पर्छ। हाम्रो सामाजिक

जीवनमा 'बकितम' मा भन्दा 'लिखितम' मा बढी विश्वास हुन्छ र त्यो कानुनी रूपमा बढी प्रामाणिक पनि मानिन्छ। लिपि हाम्रो सामाजिक जीवनको महत्त्वपूर्ण वस्तु भएकोले नै हामीले यस विषयमा जानकारी राख्नु आवश्यक देखिन्छ।

व्यवहारिक दृष्टिले हेर्दा लिपिभन्दा उपयोगी साधनको अविष्कार पनि नभएको होइन। रेडियो, आकाशवाणी, टेलिफोन, सेलफोन, ध्वनिरेकर्डरजस्ता यन्त्रहरूको सहायताले भाषालाई एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउन सकिन्छ। लिपिमा भाषालाई माटोमाटी रूपमा मात्र लिपिबद्ध गरिन्छ, त्यसमा कसैले बोलेको आवाजको तीक्ष्णता, मात्रा, लय आदिलाई देखाउन सम्भव छैन। त्यसकारण भाषालाई स्थानको सीमाभन्दा बाहिर लैजाने अरू झन् उत्तम साधन छन् भन्ने कुरा कसैले गर्छ भने त्यसलाई स्वीकार गर्न करै लाग्छ, तर आज पनि पत्रपत्रिका र चिठीमा भर पर्ने लिखित माध्यमबाट ज्ञान प्राप्त गर्ने मान्छे बढी छन्।

### 9.5.3.2 लिपिका सीमा

लिपिको पनि आफ्नो सीमा छ। त्यो आँखाद्वारा ग्रहण गरिने कुरा भएकाले प्रकाशका अभावमा यसको उपयोगिता छैन। कुनै कुरा लेख्न वा पढ्नका निम्ति उज्यालो चाहिन्छ र कुनै ठाउँमा स्थिर भएर नै लेख्न र पढ्न सकिन्छ। यसका अतिरिक्त लिपि कुनै वस्तुमा कलमद्वारा लेखिएको हुनुपर्छ र कलम र कागत अनि पुस्तक आजको जीवनमा अत्यावश्यक र व्यापक वस्तु भइसकेका छन्।

लिपिको अर्को सीमा के हो भने यसमा भाषाको सम्पूर्ण विशेषताहरूको आलेखन हुँदैन। मान्छेका भाषामा मिसिएका सङ्केत, हावभाव, मुखमद्रा तथा बलाघात, लय, मात्रा आदिलाई धेरैजसो लिपिमा लिपिबद्ध गरिँदैन भने कतिपय लिपिहरूमा भाषाका व्यतिरेकी वर्णहरूलाई छुट्ट्याउने चिन्हहरू पनि बेग्लाबेग्लै हुँदैनन्। यसरी विभिन्न लिपिका आफ्ना बेग्लाबेग्लै किसिममका विशेषता, कमजोरी र सीमा हुन सक्छन।

लिपि आँखाद्वारा ग्रहण गरिने वस्तु भएकाले दृष्टिहिनहरूका लागि हाम्रोजस्तो नेत्रगाह्य लिपि उपयोगी हुँदैन। उनीहरूका लागि 'ब्रेल' नामको स्पर्शग्राह्य लिपिको अविष्कार लुइस ब्रेल (१८०९-५२) द्वारा गरिएको छ। यस  प्रकारको लिपि भएका पुस्तकहरूमा कागतमा बनाइएका स्पर्शग्राह्य बिन्दुहरू हुन्छन् र अन्धाहरूका लागि पठन सामग्रीका रूपमा प्रयुक्त हुन्छन्।

### 9.5.3.3 लिपिको प्रारम्भ र विकास

लिपिको प्रारम्भ कहाँ र कहिले भयो भन्ने प्रश्नको उत्तर दिनु सजिलो छैन। तापनि लिपिको प्रारम्भिक अवस्थाका विषयमा हामी बिल्कुलै अनविज्ञ पनि छैनौ। आजभन्दा ५-६ हजार वर्षअघिका केही लिपि विभिन्न ठाउँमा छन् र ती लिपि र त्यसपछिका विभिन्न समयमा लिपिका आधारमा यसको प्रारम्भ र विकासका विषयमा केही कुरा थाहा भएको छ। यसै लिपिको प्रारम्भ त्यस बेला भयो जब मानिसले भाषाका ठाउँमा चिन्हहरूको उपयोग गर्न थाल्यो। सामान्यतः चिन्ह भन्नाले विभिन्न वस्तुमा बनाएका सङ्केत, रेखा र रङ अघि आउँछन्। तर ती सबैलाई लिपि भन्नु उपयुक्त देखिँदैन। लिपि भन्नाले विशेष

रूपमा कलम, कीलो वा यस्तै कुनै चीजले कागत, ढुङ्गा, काठ धातु आदि वस्तुमा कोरिएका कुनै समाजमा परम्परागत रूपमा प्रचलित भाषाका चिन्हहरूलाई लिइएको छ। लिपिको इतिहासमा यस्ता चिन्हहरूको प्रारम्भ चित्रहरूबाट भएको देखिन्छ। प्राचिनकालमा सुमेरूवासी, बेबिलोनियाली, असिरेली, कस्सितेली, हिट्टेली र मितानेलीहरूले प्रयोग गरेका लिपि वाणाकार देखिए तापनि ती लिपि चित्रहरूकै विकसित रूप हुन्, भन्ने लिपिशास्त्रीहरूको भनाइ छ। यस्ता वाणाकार लिपिको प्रयोग इ.पू ४००० तिर भएको मानिन्छ र चित्र लिपिबाट नै यस्ता वाणाकार लिपिको विकास भएको हुनाले वाणाकार अथवा क्युनिफर्म लिपिको समय अझै प्राचिनकालसम्म पुग्छ। यस्ता लिपिलाई वाणाकार भन्नुको तात्पर्य के हो भने सर्वप्रथम गिलो इँट र माटामा कीलाले कोरेर चिन्हहरू बनाइन्थ्यो र यस्ता चिन्ह वाणाकारमा हुन्थे। यस्ता प्रत्येक रेखा बनाउँदा गिलो इँटका एकातिर मोटा र अर्कोतिर पातला रेखाहरू रूपमा बस्न आउँथे। अर्को प्राचिन लिपि चिनियाँ लिपि हो। विद्वानहरूको विचारमा यसको प्रयोग इ.पू ३००० तिर भएको थियो। अरूमा झैं यसमा पनि विभिन्न वस्तु, भाव र कार्यका लागि बेग्लाबेग्लै चिन्ह हुन्थे। यसरी विभिन्न किसिमका चित्रलिपिहरूको प्रयोग प्राचिनकालमा भएको देखिन्छ। यी चित्रलिपिहरूमा चित्रद्वारा नै अर्थ स्पष्ट गरिने हुनाले यस्ता लिपि सबैले बुझ्न सक्ने खालका हुन्थे। किनभने टोपीका लागि टोपीको चित्र नै बनाइन्थ्यो। तर यस्ता चित्र भाषाद्वारा अभिव्यक्त सबै कुराका लागि बनाउँन सम्भव थिएन। चित्रलिपिका इतिहासमा यस्ता अभिव्यक्तिका लागि पनि चित्र बनाउने गरेको हामी पाउँछौं।

चित्रलिपिमा वस्तु र भावका लागि अनेक किसिमका चित्र बनाइन्थ्यो। यस्ता चित्रमा पहिले पहिले निकै विविधता हुँदो हो तर पछि विभिन्न चित्र रूढ हुँदै गए। यी चित्रहरूको व्यापक रूपमा प्रयोग गर्दै अनि छिटोछिटो लेख्दा यस्ता चित्रहरू क्रमशः साना र सरल हुँदै गए। मानिसले कम परिश्रम गरेर काम चलाउने हुँदा राम्रा-राम्रा चित्र बनाएर आफ्नो भाव अभिव्यक्त गर्न उसलाई फुर्सद भएन। चिनियाँ चित्रलिपि विकसित हुँदा सूर्यका लागि गोलाकार, मान्छेका लागि माथि सोझो रेखा र तल त्यसबाट निस्केका दुई रेखा देखाउन थालियो। यस्तै किसिमले वाणाकार लिपि र मिस्रेली लिपि चित्राक्षर पनि भावात्मक भए। इ.पू २००० तिर चिनियाँ र मिस्रेली लिपिमा सङ्केतात्मकता देखिन थाल्यो।


मिस्रेली भावात्मक लिपिका अनेक शाखा छन् र यसैबाट सामेली अनि फेनेसियन हुँदै एका लिपिहरूमा प्राचिन हिब्रु, ग्रीक र आरामाइक हुन्। युरोप र एसियाका विभिन्न लिपिहरूलाई पनि मिस्रेली लिपिका विभिन्न शाखासँग जोडिन्छ। भारतमा प्रचलित खरोष्ठी लिपि अरामाइकबाट विकसित मानिन्छ र ब्राह्मी लिपिलाई पनि कतिपय विद्वानहरूले अरामाइक, सामेली तथा फेनेसियनबाट विकसित मानेका छन्। मिस्रेली भावात्मक लिपि अक्षरात्मक लिपिका रूपमा विकसित भयो। उत्तरी सामेली जातिहरूले यसै आक्षरित लिपिलाई स्वीकार गरेर विकास गरे। आक्षरिक लिपिको विकास लिपिको इतिहासमा महत्त्वपूर्ण घटना भयो किनभने यस्ता लिपिको सहायताले भाषालाई केही चिन्हहरूद्वारा स्पष्ट गर्न सजिलो भयो। चेरोकी भाषाका लागि १८२१ मा पनि आक्षरिक लिपिको अविष्कार भएको थियो। लिपिको इतिहासमा

अन्तिम चरण वार्णिक लिपिको विकास हो। फेनेसियन लिपिबाट नै वार्णिक लिपि 'ग्रीक लिपि' आयो।

### 9.5.3.4 ब्राह्मी लिपि र देवनागरी लिपि

संसारका विभिन्न लिपि छन् र ती विभिन्न लिपिहरूको विकासका विषयमा भने विद्वानहरूको मतभेद छ। लिपिको विकासक्रमका प्रसंगमा माथि चर्चा गरिएका लिपि नै प्राचिन संसारका तीन प्रमुख लिपि हुन् र धेरैजसो आधुनिक लिपि पनि तिनैसँग सम्बन्धित बताइन्छन्।

नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ र यो ब्राह्मी लिपिबाट विकसित भएको हो।ब्राह्मीलाई पनि विभिन्न विद्वानहरूमध्ये कुनैले ग्रीक, कुनैले आरामाइक, कुनैले सामेली र कुनैले फेनेशियनबाट विकसित मानेका छन्। यदि उपयुक्त मतमा कुनैलाई स्वीकार गर्ने हो भने ब्राह्मी पनि मिस्रेली चित्राक्षरकै विकास क्रममा आएको लिपि मान्नुपर्ने हुन्छ। तर केही विद्वान ब्राह्मीलाई देवनागरीको पूर्वरूप ठानी भारतीय आर्यहरूको मौलिक लिपि मान्दछन्। ब्राह्मीका प्राचिनतम नमूना पाँचौ शताब्दी इ.पूसम्मका पाइएका छन्।



ब्राह्मी लिपिको नमुना

ब्राह्मी लिपिको पछि गएर दुई शाखा हुन्छन्- उत्तरी र दक्षिणी। उत्तरी शाखाबाट गुप्त 'कुटिल' पूर्वलिच्छवि र तिब्बती लिपि आउँछन्। प्राचिन देवनागरीबाट आधुनिक देवनागरीबाट आधुनिक देवनागरीको विकास हुन्छ। देवनागरीको प्रयोग अहिले नेपाली, नेवारी, हिन्दी, मराठी भाषाका अतिरिक्त भारतका अरू केही भाषा र संस्कृत, प्राकृत, पालीका लागि पनि हुन्छन्। ब्राह्मीको दक्षिणी शाखाबाट दक्षिण भारतमा प्रचलित लिपिहरूको साथै सिंहली, इन्डोनेशियाली, बर्मेली र जाबाली लिपिहरू आएका हुन्।

**ब्राह्मी लिपि** विश्वको प्राचीनतम् लिपिमध्ये एउटा हो। यो लिपिको उत्पत्ति भारतमा भएको भन्ने विषयमा दुईमत छैन। यद्यपि ब्राह्मी लिपिको उत्पत्ति यसैबेला भएको भन्नलाई आज पनि कुनै निश्चित आधार छैन। ब्राह्मण समुदायबाट यो लिपिको उत्पत्ति भएको भन्ने जनविश्वास छ। त्यसैले यो लिपिको नाउँ पनि ब्राह्मणबाट ब्राह्मी भएको भनाइ छ। भारतमा ब्राह्मणले धार्मिक ग्रन्थ 'वेद'को संरक्षणका लागि नै यस लिपिको सिर्जना गरेको भन्ने आमविश्वास छ।

## देवनागरी लिपि

देवनागरी  लिपि विशेष गरेर दक्षिण एसियामा प्रयोग हुन्छ । यो लिपि देब्रेदेखि दायाँतर्फ लेखिन्छ । यसको विकास ब्राह्मी लिपिबाट भएको हो ।देवनागरी लिपिमा अनेक भारतीय भाषाहरू लेखिन्छन् । संस्कृत, पालि, हिन्दी, मराठी, कंकणी, सिन्धी, कश्मीरी,नेपाली, गढवाली, बोडो, अंगिका, मगही, भोजपुरी, मैथिली, संथाली आदि भाषाहरू देवनागरीमा लेखिन्छ। यसका अतिरिक्त केही स्थितिहरूमा गुजराती, पञ्जाबी, बिष्णुपुरिया मणिपुरी,

रोमानी र उर्दू भाषाहरू पनि देवनागरीमा लेखिन्छन्।यो एक ध्वन्यात्मक लिपि हो जो प्रचलित लिपिहरू (रोमन, अरबी, चीनी आदि)मा सबभन्दा अधिक वैज्ञानिक छ।

भारतीय भाषाहरूका कुनै पनि शब्द वा ध्वनिलाई देवनागरी लिपिमा जस्ताको तस्तै लेख्न सकिन्छ र फेरि लेखिएको पाठलाई लगभग 'जस्ताको तस्तै' उच्चारण गर्न सकिन्छ, जो रोमन लिपि र अन्य धेरै लिपिहरूमा सम्भव छैन।जब सम्म त्यसको केही खास मानकीकरण गरिँदैन, जस्तै- आइट्रान्सया आइएएसटी । देवनागरी लिपिमा अक्षरहरूको क्रम व्यवस्था (विन्यास) पनि धेरै नै वैज्ञानिक छ । स्वर-व्यञ्जन, कोमल-कठोर, अल्पप्राण-महाप्राण, अनुनासिक्य-अन्तस्थ-उष्म इत्यादि वर्गीकरण पनि वैज्ञानिक छन् । एउटा मतअनुसार देवनगर (काशी)मा प्रचलनको कारण यसको नाम देवनागरी भएको हो ।

## 9.5.3.5 लिपि र वर्णविन्यास

कुनै लिपिको प्रयोग विभिन्न भाषाका लागि हुन सक्छ तर कुनै भाषाको वर्णविन्यास अर्को भाषाको वर्णविन्याससँग मिल्दैन। वर्णविन्यास परम्परागत हुन्छ र यसमा त्यस लिपिको प्रयोग गर्दा कसरी गर्नुपर्छ भन्ने कुरा हेरिन्छ। भाषामा परिवर्तन भइ नै रहन्छ तर त्यति छिटो परिवर्तन हुँदैन, फलस्वरूप जस्तो लेखिन्छ त्यस्तो उच्चारण गरिँदैन अथवा जस्तो उच्चारण गरिन्छ त्यस्तो लेखिँदैन। अङ्ग्रेजीको वर्णविन्यास हेर्दा पनि यो कुरा स्पष्ट हुन्छ। अङ्ग्रेजीका शब्दहरूको वर्णविन्यास अर्कै किसिमको हुन्छ र उच्चारण अर्कै किसिमको। नेपाली भाषामा लेख्नेहरू व, ब, श, ष, स तथा ह्रस्व र दीर्घ इ, ई, एवं उ, ऊ मा भेद गर्दछन्। तर यी सबै नेपाली भाषामा व्यतिरेकी वर्ण होइनन्। नेपाली भाषाको लिखित रूरपमा संस्कृतका शब्द

आउने हुनाले र तिनलाई संस्कृत वर्णविन्यासकै नियमअनुसार लेख्दा नेपालीहरूले भूल गर्छन्। यस कारण भाषाका मानक शब्दहरूको वर्णविन्यास थाहा पाउन त्यस भाषाका शब्दकोश नै सहयोगी बन्दछन्।

वर्णविन्यासले बोलचालको भाषालाई पनि प्रभावित पार्छ। भाषामा कुनै वर्ण व्यतिरेकी वर्णका रूपमा नभए पनि भाषाको लेखनपद्धति वा वर्णविन्यासमा कतिपय थप चिन्ह हुन्छन्, जसले वक्तालाई भ्रममा राख्छन्। कोश 'खजाना' र कोस 'दुई माइल' यी दुई शब्दमा देखिएका 'श' र 'स' नेपाली भाषाका व्यतिरेकी वर्ण होइनन्, अघिल्लो शब्दचाँहि संस्कृतबाट लिइएको हो र यसको प्रयोग नेपाली लेखनमा हुन्छ तापनि उच्चारणमा सामान्यतः कुनै फरक हुँदैन। तर जब कसैले 'कोश' को उच्चारण गर्दा 'श' लाई सप्रयत्न तालव्य बनाउँछ भने त्यो वर्णवन्यासीय उच्चारण हुन्छ। यस्तै कुननै शब्दका दुई वा बढी अर्थ छन् भने वर्णविन्यासमा स्पष्ट गर्न त्यसलाई दुई शब्दका रूपमा लेख्ने चलन पनि पाइन्छ। नेपालीका फुल 'कुखुरा, हाँस आदिको डिम्मा' र फूल 'पुष्प' वास्तवमा दुई शब्द होइनन्, एउटै शब्दका दुई वर्णविन्यासीय रूप हुन्।

## 9.6 उपसंहार

वर्णसिद्धान्त व्यतिरेकी विश्लेषणमा आधारित छ। संसारका कुनै दुई वस्तुमा भिन्नता हामी कसरी स्थापित गर्दछौं? व्यतिरेकद्वारा। कुनै दुई वा बढी वस्तुंमा भिन्नता स्थापित गरेर त्यसलाई चिन्ने काम हाम्रो जिन्दगीभरि चलिरहन्छ। भाषा सिक्ने काममा पनि व्यतिरेकले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। कुनै भाषाका व्यतिरेकी वर्णहरूको निर्धारण गर्दा त्यस भाषाका व्यतिरेकी शब्द लिनुपर्छ। उच्चारण र अर्थमा भिन्नता भएका बेग्लाबेग्लै तर जोडा शब्द नै व्यतिरेकी हुन्। तर उच्चारणमा एउटा वर्णको

मात्र भिन्नता भएर अर्थमा भिन्नता ल्याउने शब्दहरूले त्यस भाषाका वर्णव्यवस्थाको निर्धारण गर्न सहयोग गर्दछन्। शब्दको प्रारम्भमा, मध्यमा, अन्तमा वा अक्षरको प्रारम्भमा र अन्त्यमा आउने विभिन्न ध्वनिहरूको सींमा हुन्छ। जस्तै-/डाड़ु/ को पहिलो 'ड' शब्दको प्रारम्भमा भएकोले बेग्लै किसिमको सुनिन्छ र बीचमा बेग्लै किसिमको सुनिन्छ। यी दुवै /ड्/ वास्तवमा वार्णिक दृष्टिले भिन्न हुनका निम्ति शब्दका सुरुमा नै दुवै किसिमका 'ड' को स्थिति आवश्यक छ तर शब्दका आदिस्थानमा मूर्धन्य [ड्] आउँछ भने स्वरमध्यगत अवस्थामा ताडित [ड़्] आउँछ। यस प्रकारको वितरणलाई परिपूरक वितरण भनिन्छ। नेपाली भाषाका [ड्] र [ड़्] परिपूरक वितरणमा आएका छन्। कुनै वर्ण कुनै खास परिवेशमा एक किसिमले उच्चरित हुन्छ भने त्यही वर्ण अर्को परिवेशमां अलि भिन्न किसिमले उच्चरित हुन सक्छ। यसरी एउटै वर्णका संवर्णहरू परिपूरक वितरणमा हुँदा पनि केही मात्रां परिवर्तित हुन्छ। 'डाड़ु' मा अघिल्लो [ड्] मूर्धन्य हो र यसको परिवेश पदादि हो। पछिल्लो [ड़्] ताडित हो र यसको परिवेश स्वरमध्यगत अवस्था हो।

सासको एक झड्कामा उच्चरित हुने ध्वनि खण्डलाई अक्षर भनिन्छ। अक्षर ध्वन्यात्मक एकाइ वा खण्ड हो। यसलाई वर्णभन्दा ठूलो वा माथिल्लो एकाइ मानिन्छ। यो सासको आघात वा झड्कामा उच्चरित हुन्छ। हृत्स्पन्द हुँदा मुटुको प्रत्येक ढुक्ढुक्मा एकएक अक्षरको उच्चारण हुन्छ। लिपिको कुरा गर्दा भाषा यादृच्छिक वाक् प्रतीकहरूको व्यवस्था हो भने लिपि त्यस्ता प्रतीकको पनि प्रतीक हो। कुनै पनि भाषाको लेख्ने ढंग नै त्यो भाषाको लेख्ने प्रणाली वा लिपि हो। ध्वनिको प्रतिनिधित्व गरि लेखनको लागि जुन चित्र कोरिन्छ त्यो नै लिपि हो। वास्तवमा लिपि र भाषा दुवै अलग अलग चिज हुन्।

## 9.7 सार

यस एकाइमा वर्ण, अक्षर र लिपिसम्बन्धि जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ वर्ण भन्नाले भाषाका कुनै एउटा प्रयत्न र स्थान विशेषबाट उच्चारित भएर शब्दमा अर्थको निर्धारण गर्नसक्ने ध्वनिविशेष भन्ने बुझिन्छ। अर्थात् अर्थमा भिन्नता ल्याउने सबैभन्दा सानो भाषिक एकाइ वर्ण हो।
- ❖ मोटामोटी रूपमा भाषाका वर्णहरूलाई दुई किसिमले छुट्ट्याइन्छ- खण्डीय वर्ण र खण्डेतर वर्ण। खण्डीय वर्ण ती हुन् जसलाई छुट्टै उच्चारण गर्न सकिन्छ। छुट्ट्याएर खण्ड गर्न सकिने र स्वतन्त्र रूपमा उच्चरित हुने वर्णलाई खण्डीय वर्ण भनिन्छ। य़स्ता खण्डीय वर्णमा भाषाका स्वर र व्यञ्जन वर्णहरू पर्दछन्। छुट्ट्याएर खण्ड गर्न नसकिने र स्वतन्त्र रूपमा उच्चरित नहुने वर्णलाई खण्डेतर वर्ण भनिन्छ।
- ❖ स्वतन्त्र वा अर्को ध्वनिका सहायताबिना उच्चारित हुने वा श्वासप्रवाहमा बाधा उत्पन्न नभई उच्चारित हने वर्णलाई स्वर वर्ण भनिन्छ। स्वतन्त्र वा अर्को ध्वनिका सहायताले मात्र उच्चारित हुने वा श्वासप्रवाहमा बाधा उत्पन्न भएर उच्चारित हुने वर्णलाई व्यञ्जन वर्ण भनिन्छ।
- ❖ शब्दको संयोजन अक्षर वा अक्षरहरू मिलेर हुन्छ। सासको एक झड्कामा उच्चरित हुने ध्वनि खण्डलाई अक्षर भनिन्छ। **अक्षर**तत्सम शब्द हो। यसको प्रयोग लिखित ध्वनिसंकेत वा वर्ण ( स्वरयुक्त वा रहित), ब्रम्हा र शीर्ष अनेक अर्थमा भएको छ।

❖ अक्षरको रचना मुख्यतः स्वरबाट हुन्छ। यसमा व्यञ्जन ऐच्छिक तत्त्व हुने हुँदा त्यो रहन पनि सक्छ र नरहन पनि सक्छ। अक्षर बन्नका लागि स्वर अनिवार्य हुने हुँदा यसलाई केन्द्रीय तत्त्व र व्यञ्जन ऐच्छिक हुने हुँदा यसलाई परिधिय तत्त्व मानिन्छ।

❖ अक्षरको संरचना केही अवयवहरूबाट हुन्छ। अक्षरको रचना गर्ने अवयवको प्रकार सुस्पष्टता (Prominence) र मुखरता (Sonorent) का आधारमा छुट्याइन्छ। ती केन्द्रीय अनिवार्य र परिधीय ऐच्छिक गरी दुई प्रकारका हुन्छन्।

❖ कुनै पनि भाषाको लेख्ने ढंग नै त्यो भाषाको लेख्ने प्रणाली वा लिपि हो। ध्वनिको प्रतिनिधित्व गरि लेखनको लागि जुन चित्र कोरिन्छ त्यो नै लिपि हो। वास्तवमा लिपि र भाषा दुवै अलग अलग चिज हुन्। लिपिको अध्ययन प्रतीक व्यवस्थाको अध्ययन हो।

❖ संसार भरिमा प्रयोग भइरहेका भाषाहरूको संख्या अहिले पनि हजारौंभए तापनिती भाषाहरूलाई लेख्नका लागि केवल लगभग दुई दर्जन लिपिहरूको मात्र प्रयोग भइरहेको छ।अझ गहराईमा जाँदा संसारमा केवल तीन प्रकार को मूल लिपिहरू (वा लिपि परिवार) पाइन्छ-चित्रलिपि, ब्राह्मीबाट व्युत्पन्न लिपिहरू, फोनेशियन (Phonecian) बाट व्युत्पन्न लिपिहरू।

❖ आजभन्दा ५-६ हजार वर्षअघिका केही लिपि विभिन्न ठाउँमा छन् र ती लिपि र त्यसपछिका विभिन्न समयमा लिपिका आधारमा यसको प्रारम्भ र विकासका विषयमा केही

कुरा थाहा भएको छ। यसै लिपिको प्रारम्भ त्यस बेला भयो जब मानिसले भाषाका ठाउँमा चिन्हहरूको उपयोग गर्न थाल्यो।

❖ नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ र यो ब्राह्मी लिपिबाट विकसित भएको हो।ब्राह्मीलाई पनि विभिन्न विद्वानहरूमध्ये कुनैले ग्रीक, कुनैले आरामाइक, कुनैले सामेली र कुनैले फेनेशियनबाट विकसित मानेका छन्। यदि उपयुक्त मतमा कुनैलाई स्वीकार गर्ने हो भने ब्राह्मी पनि मिस्रेली चित्राक्षरकै विकास क्रममा आएको लिपि मान्नुपर्ने हुन्छ।

## 9.8 □ □ □ □ □ □ □

(१) वर्णको अर्थ र परिभाषा दिँदै वर्णका प्रकारहरूबारे चर्चा गर्नुहोस्।

(२) खण्डीय र खण्डेतर वर्ण कस्ता वर्णलाई भनिन्छ? उदाहरणसहित बताउनुहोस्।

(३) स्वर वर्ण चिनाउँदै जिब्रोको सक्रियता, जिब्राको उचाइ रओठको स्थितिको आधारमा स्वर वर्णको वर्गीकरण गर्नुहोस्।

(४) व्यञ्जन वर्ण भनेको के हो?प्रयत्नको आधारमा व्यञ्जन वर्णको वर्गीकरण गर्नुहोस्।

(५) उच्चारण स्थान चिनाउँदै घोष र प्राणत्व व्यञ्जनबारे चर्चा गर्नुहोस्।

(६) अक्षरको परिभाषा दिँदै यसका प्रकारका विषयमा बताउनुहोस्।

(७) अक्षर संरचनाबारे जानकारी दिनुहोस् र अक्षर संरचना देखाउने पद्धति सविस्तार लेख्नुहोस्।

(८) लिपि के हो? यसको महत्त्व र सीमा के हो।

(९) लिपिको प्रारम्भ र विकासबारे सविस्तार बताउनुहोस्।

(१०) संसारका लिपिहरूको विषयमा जानकारी दिँदै ब्राह्मी र देवनागरी लिपिबारे जनाउनुहोस्।

## 9.9 □ □ □ □ □ □ □□□□ □ □ □ □

१. बन्धु, चूडामणि- भाषाविज्ञान

२. न्यौपाने, टङ्कप्रसाद- भाषाविज्ञानको रूपरेखा

३. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र- आधुनिक भाषाविज्ञान

## 9.10 □ □ □ □ □ □ □ □ □ □ □□□□□□ □ □ □ □ □ □ □ □

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. घोष र अघोष वर्णमा भेद।

...............................................................................................

...............................................................................................

...............................................................................................

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.६.१खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. महाप्राण र अल्पप्राण वर्णमाझ भिन्नता ।

...............................................................................................

...............................................................................................

...............................................................................................

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.६.१खण्डमै उत्तर खोज्न सक्नेछन् )**

३. बद्धाक्षर र मुक्ताक्षर।

Notes

………………………………………………………………………………

………………………………………………………………………………

………………………………………………………………………………

**मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.६.२ खण्डमा उत्तर खोज्न सक्नेछन्)**

४. नेपालीको अक्षर संरचना।

………………………………………………………………………………

………………………………………………………………………………

………………………………………………………………………………

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.६.२खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

५. लिपि र वर्णविन्यास।

………………………………………………………………………………

………………………………………………………………………………

………………………………………………………………………………

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.६.३खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# UNIT-10 नेपाली भाषाका व्याकरणिक वर्ग र कोटिहरू

□ □ □ □ □ □

10.0 उद्देश्य

10.1 परिचय

10.2 व्याकरणिक वर्ग र कोटीको अर्थ र परिभाषा

10.2.1 **व्याकरणिक वर्ग**

10.2.2 **व्याकरणिक कोटी**

10.3 नेपाली भाषाका व्याकरणिक वर्ग

10.3.1 नाम

10.3.2 सर्वनामको परिचय र प्रकार

10.3.3 **विशेषण**

10.3.4 **क्रियापद**

10.3.5 **अविकारी शब्दवर्ग-**

10.4 नेपाली भाषाका व्याकरणिक कोटी

10.5 उपसंहार

10.6 सार

10.7 अनुशीलनी

10.8 अतिरिक्त अध्ययन

10.9 **मूल्यवृद्धिका निम्ति उत्तर**

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन अन्तर्गं निन्मलिखित विषयमा चर्चा गरिनेछ-

- नेपाली भाषाका व्याकरणिक वर्ग

Notes

- नेपाली भाषाका व्याकरणिक कोटी
- नेपाली भाषाका व्याकरणिक वर्गका परिचय र प्रकार
- नेपाली भाषाका व्याकरणिक कोटीका परिचय प्रकार

## 10.1 परिचय

भाषालाई परिमार्जित र परिष्कृत पारेर अनुशासित राख्ने आधार नै व्याकरण हो । व्याकरणको शाब्दिक अर्थ भाषाका वर्ण,रूप,शब्द,वाक्य आदिमा अन्तरनिहित व्यवस्था हो । विचार भावना र रूचिको परिमार्जन साहित्यले गर्दछ भने त्यो साहित्य लिखिने भा,को परिमार्जन चाँहि व्याकरणले गर्दछ । शब्दको मूल अर्थ ध्वनि हो । शब्दको व्युत्पतिगत**शप्** वा **शब्द** धातुबाट भएको मानिन्छ । शब्द धातुमा **घञ** प्रत्यय अर्थात्**अ** जोडेर शब्दको रचना हुन्छ जसको अर्थ आवाज निकाल्नु,ध्वनी गर्नु वा बोल्नु हो । संस्कृत ग्रन्थ **श्रृंगारप्रकाश**मा भनिएको छ **येनोच्चारितेन अरेथ प्रतीतयतेसः शब्द** अर्थात जसका उचाचारणबाट अर्थको प्रतीति हुन्छ त्यो ध्वनि नै शब्द हो ।

शब्द भनेको वर्ण वा अक्षरभन्दा माथिल्लो तहको भाषिक एकाई हो । यसलाई स्वतन्त्र अर्थयुक्त लघुतम एकाइ भनिन्छ । संस्कृतमा शब्दको मूल रूपलाई प्रकृति वा प्रातिपादिक भनिन्छ । शब्दमा अर्थतत्त्व रहे तापनि यसले आफ्नो अर्थक्षमता तब मात्र दर्साउन सक्छ जब प्रत्यय गाँसिएर यो वाक्यमा प्रयोग हुन्छ । यसरी प्रत्यययुक्त धातु वा प्रातिपादिकलाई नै पद भनिन्छ । अर्थात वाक्यमा प्रयुक्त शब्द नै पद हो । यसरी रूपिमभन्दा माथि र पदभन्दा तल शब्दको आफ्नै स्वतन्त्र स्थान सुरक्षित छ । शब्द भाषाको महत्त्वपूर्ण एकाइ हो ।

वाक्यमा प्रयुक्त हुँदा शब्दको मूल रूपमा परिवर्तनलाई नै रूपान्तर भनिन्छ । रूपान्तरित भएपछि मात्र शब्द वाक्यमा प्रयागयोग्य बन्दछ । वाक्यमा प्रयुक्त सबै शब्द पद वा रूप हुन् ।जस्तै म घर जान किताब पढ्छु यि वाक्यमा प्रयाग भएका शब्द मात्र हुन् । यी शब्दलाई रूपान्तर गरी वाक्.मा रूप वा पद बनाएर मात्र प्रयागमा ल्याउन सकिन्छ । जस्तै- म घर गएर किताब पढ्छु । तर सबै शब्दको रूपान्तर हुँगैन । एकभन्दा अधिक रूप पन्ने स्थितिमा रहिरहने अविकारी शभ्द वा अव्यय शब्द क्रियायोगी , नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातको रूपान्तर हुँदैन । शब्दको रूपान्तर हुँदा व्याकरणिक कोटिमा परिवर्तन हुन्छ ।

## 10.2 व्याकरणिक वर्गरकोटीको अर्थ र परिभाषा

### 10.2.1 व्याकरणिक वर्ग

भाषामा अनेक थरीका शब्द हुन्छन् । सन्दर्भअनुसार प्रत्येक शब्दका आ-आफ्ना प्रकार्य वा कार्यात्मक भूमिका हुन्छन् । त्यसो हुँदा व्याकरणिक प्रकार्यका दृष्टिले भाषाका जम्मै शब्दलाई केही सीमित वर्ग अर्थात् समूहमा छुट्ट्याएर राख्न सकिन्छ । त्यसरी व्याकरणिक प्रकार्यका आधारमा छुट्टयाइएका शब्दहरूका समूह वा वर्गलाई नै शब्दवर्ग भनिन्छ । शब्दवर्गलाई व्याकरणिक वर्ग पनि भनिएको छ । यसैलाई प्रचलित व्याकरण ग्रन्थहरूमा सार्थक शब्दका भेद पनि भनिएको छ । तर प्रत्येक शब्दले गर्ने व्याकरणिक कार्यका आधारमा शब्दहरूको वर्गीकरण गरिने हुँदा यस्ता वर्गलाई शब्दवर्ग भन्नु नै उपयुक्त देखिन्छ । नेपाली भाषाका शब्दलाई व्याकरणिक प्रकृति र प्रकार्यका दृष्टिले मुख्यत दुई वर्गमा छुट्टयाउन सकिन्छ – विकारी र अविकारी

क) **विकारी–** आवश्यकताअनुसार विभिन्न किसिमका प्रत्यय लागेर जुन शब्दका रूप बद्लिन सक्छन् त्यस्ता शब्दलाई विकारी शब्द भनिन्छ । उदाहरणार्थ घर एउटा पद हो । यसमा एलु र ऐया जस्ता प्रत्यय लागेर घरेलु, घरैया जस्ता शब्द बन्दछन् । त्यसै गरी जा धातुमा छ ,ला , दैछ, नु , यो , एर प्रत्यय लागेर जान्छ, जाला, जाँदैछ, जानु ,गयो,गएछ , गएर आदि पदहरू बन्दछन् । विकारी शब्द अन्तरगत नामपद(नाम,सर्वनाम), क्रियापद, विशेषण पर्दछ।

**ख)अविकारी –** जुन पदमा कुनै प्रत्यय वा परसर्ग लागेर स्वरूपमा कुनै परिवर्तन आउन सक्तैन त्यस्ता पदलाई अविकारी भनिन्छ । अविकारी समूहभित्र पर्ने पदहरू हुन् क्रियायोगी , नामयागो ,संयोजक, विस्मयादिबोधक र निपात ।

## 10.2.2 व्याकरणिक कोटी

कुनै अर्थ तत्त्वलाई कायमै राखी त्यसका अन्य पदसँगका सम्बन्ध जनाउन, वाक्यगत प्रयोगमा ल्याउन ,पदका रूपमा परिणत गर्न रूपिमहरूद्वारा अभिव्यक्त सम्बन्धलाई नै रूपायन भनिन्छ र त्यसबाट बुझिने व्याकरणिक अभिव्यक्तिलाई व्याकरणिक कोटी भनिन्छ । कोटी भनेको कार्य हो । वाक्यरचनामा पदबाट व्यक्त हुने अलग अलग कार्यका आधारमा वायाकरणमा कोटी निर्धारण गरिन्छ । व्याकरणीक कोटीमा शब्द रूपान्तरित नभइन्जेल शब्दहरूका माझ के कस्तो सम्बन्ध छ त्यो थाहा हुँदैन । नामिक पद( नाम , सर्वनाम, र विशेषण) को रूपान्तर लिङ्ग,वचन,पुरुष र कारकमा हुन्छ भने क्रियापदको रूपान्तर कारकबाहेक अरू सबै व्याकरणिक कोटीमा हुन्छ । शब्दहरूको रूपान्तर हुँदा त्यसका

कोशीय अर्थ र शब्दवर्गमा कुनै परिवर्तन हुँदैन, व्याकरणिक अर्थमा मात्र परिवर्तन हुन्छ ।शब्दको रूप फेर्ने तत्त्वलाई रूपीन्तरक तत्त्व भनिन्छ । रूप फेर्नु भनेको पुलिङ्ग स्त्रीलिङ्ग, एकवचन बहुवचन, पहिलो दोस्रो तेस्रो पुरुष , सरल तिर्यक कारक,भूत अभूत काल आदि व्याकरणिक कोटीमा लैजानु हो । रूपान्तर व्याकरणिक

शब्दवर्ग(नाम,सर्वनाम,विशेषण,क्रिया,क्रियाविशेषण,नामयोगी,संयोजक,विस्मयादिवोधक,)सँग मिलेर शब्दलाई वाक्यमा अर्थ योग्य बनाउने कोटी नै **व्याकरणिक कोटी**हुन् । जस्तै यस मुखिनीले दुःख दिई । यस मुखियाले दुःख दियो ।यस वाक्यमा मुखिनी र मुखिया शब्द नाम शब्दवर्ग अन्तरगत पर्दछ तर यसको क्रियापदमा दियोदिईले स्त्रीलिङ्गी,पुलिङ्गी

भूतकालिन,तृतियपुरूष,एकवचन  भन्ने बुझाउदछ ।यसरी शब्दवर्गसँग आएर वाक्यमा त्यस शब्दवर्गले बनाएको अर्थ स्पष्ट पार्ने सहायक जस्तो देखिने तर नभई नहुने कोटी हो व्याकरणिक कोटा । सामान्यतय नेपाली भाषाका सन्दर्भमा निम्नलिखित व्याकरणिक कोटीहरू देखिन्छन् लिङ्ग , वचन, पुरुष , कारक , विभक्ति , अकरण, काल, वाच्य, अर्थ(वृत्ति) ।

## 10.3 नेपाली भाषाका व्याकरणिक वर्ग

नेपाली भाषाका व्याकरणिक वर्ग समूहमा पर्ने विकारी र अविकारी शब्दवर्ग छन् । विकारी अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया पर्दछ । अविकारी समूहमा क्रियायोगी , नामयागो ,संयोजक, विस्मयादिबोधक र निपात पर्दछ । अब यस शब्दवर्गको विस्तृत चर्चा गरौं-

### 10.3.1 नाम

**परिचय** – कुनै व्यक्ति , ठाउँ ,गुण, वस्तु,भाव,स्थति आदिको नाम बुझाउने शब्दलाई नामशब्द वा नामपद भनिन्छ । व्याकरणिक प्रकार्यअनुसार

Notes

नामको परिचय दिने हो भने- **नाम भनेको लिङ्ग,वचन र कारकअनुसार रूप चल्ने रवाक्यमा कर्ता,कर्म वा पूरक बनी आउन सक्ने पद हो** ।जस्तै गीता ,भारत ,गाई ,माया,घिउ,पढाइ आदि नाम शब्द हुन् र श्यामले, मलाई दयालाई आदि नामपद हुन् । यीमध्ये गीता कुनै व्यक्तिको नाम हो भने भारत एउटा देशको नाम हो । गाई एक किसिमको पशु बुझाउने नाम हो । त्यसै गरि माया एक किसिमको भाव हो भने घिउ एक किसिमको पग्लने र गन्न नमकिनो पदार्थको नाम हो । पढइ पढ़ने कामलाई बुझाउने नाम हो । तसर्थ कुनै व्यक्ति ठाउँ, जाति, समूह, द्रव्य पदार्थ गुण काम अवस्था आदिको नाम बुझाउने सब्द नामशब्द हुन् । कर्ता,कर्म आदि कारकका विभक्ति चिह्न ले,लाई आदि हुन् । नामलाई **विशेष्य** वा **संज्ञा** पनि भनिन्छ । नाम विकारी वर्गको शब्द हो । यसका लिङ्ग ,वचन र कारकअनुसार रूप चल्दछ ।

**नामका प्रकार–**नामपद कति प्रकारका हुन्छन् भन्ने विषयमा नेपाली व्याकरणका पुसातक लेखकेहरूमाझ मतभेद देखिएको छ । अघिदेखी चलिआएको र धेरजसोले अनुसरण गरेको वर्गीकरणअनुसार नामलाई व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक गरी पाँच वर्गमा विभाजन गरिन्छ, अर्थात नामका प्रकारलाई यसरी हेर्न सकिन्छ

**१.व्यक्तिवाचक**

**२.जातिवाचक**

**३.समूहवाचक**

**४.द्रव्यवाचक**

**५.भाववाचक**

कतिपय व्याकरणका किताबमा नामका तीन प्रकार पनि यसरी देखाइएको छ

**१.व्यक्तिवाचक**

**२.जातिवाचक**

**३.भाववाचक**

अझ अर्को एउटा वर्गीकरणअनुसार नाम दुई प्रकारका छन्

१.विशेष २. सामान्य

अझ अर्को दृष्टिले नामलाई दुई वर्गमा बाँड्न सकिन्छ-

**१.जीवबोधक-** क)मानवीय ख)मानवेतर

**२.निर्जीवबोधक**

नेपाली भाषाका कतिपय व्याकरण ग्रन्थहरूमा नामको वर्गीकरण निम्नलिखित किसिमले पनि गरेको पाइन्छ, जसमा व्याकरणिक कार्य स्पष्ट रहेको देखिन्छ ।

(क) मानवीय र मानवेतर –मानवीय नामलले पुलिङ्ग र स्त्रीलिङ्गको भिन्नाभिन्नै अन्विति लिएको हुन्छ भने मानवेतर नामले पुलिङ्गको अन्विति मात्र लिन्छ ।जस्तै

नाम- पुलिङ्ग स्त्रीलिङ्ग

| | | |
|---|---|---|
| मानवीय | भाइ गयो | बहिनी गई |
| मानवेतर | गोरू मर्यो | |
| | गाई मर्यो | |

Notes

(ख) गणनीय र अगणनीय – अगणनीय नाम एकवचनमा आउँछ भने गणनीय नाम एकवचन र बहुवचन दुवैमा आउँछ । जस्तै

| नाम | एकवचन | बहुवचन |
|---|---|---|
| गणनीय | मानिस आए । | मानिसहरू आए । |
| अगणनीय | धुलो झर्यो । | |

(ग) सजीव र निर्जीव - सजीव नामले पुलिङ्ग र स्त्रीलिङ्गको भिन्नतालाई जनाउने व्युत्पादन लिन्छ भने निर्जीव नामले सानो र ठूलो जनाउने व्युत्पादन लिन्छ । जस्तै-

नाम सजीव पुलिङ्ग-छोरो ,लेखक,कवि,बाँदर,कुकुर आदि

स्त्रीलिङ्ग- छोरी,लेखिका,कवियित्री,बाँदरनी,कुकुरनी आदि

निर्जीव ठूलो – डालो,थाल,ठेको,पुस्तक आदि

सानो- डाली,थाली,ठेकी,पुस्तिका आदि ।

उसै गरि लिङ्ग र वचनअनुसार रूपायित हुने वा नहुने भन्ने कुराका आधारमा पनि नामको वर्गीकरण गर्न्न सकिन्छ ,किनभने व्यक्तिवाचक वा विशिष्ट नाम र समुहवाचक, द्रव्यवाचक र भाववाचक नामहरू लिङ्ग र वचनअनुसार नबदलिई सदैव एउटै रूपमा रहन्छन् भने

जातिवाचक नाम मात्र लिङ्ग र वचनअनुसार परिवर्तित हुने हुन्छन् ।

यसरी नामको वर्गीकरण अनेक प्रकारले गर्न सकिने भए तापनि नाम पाँच थरीका हुन्छन् भन्ने मत नै धेर प्रचलित रहिआएको हुनाले यस किताबमा पनि नामका पाँच भेद नै हुने मानेर त्यसैअनुसार यस विषयबारे अरू चर्चा गरिन्छ ।

**१.व्यक्तिवाचक संज्ञा** - कुनै एउटा विशेष व्यक्ति,वस्तु,ठाँउ, नदी आदिको नाम बुझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तै सीता, महानन्द, सिङ्ताम,टिस्टा,रमेश आदि ।

२.**जातिवाचक नाम**- कुनै विशेष होइन तर एउटै वा उही जातका वस्तु,स्थान आदिको नाम बुझाउने शब्दलाई जातिवाचक नाम भनिन्छ । जस्तै – धजा, गुम्बा , मानिस, नदि , गाई,गाउँ, देश, सिपाही आदि।

**३.समूहवाचक नाम**- कुनै प्राणी,वस्तु आदिको धैरै सङ्ख्या,हुल, जमात, समूह वा बथान बुझाउने शब्दलाई समूहवाचक नाम भनिन्छ । जस्तै – रास,थिप्रो ,भिड़,वर्ग ,हाच, उरुङ, जन्ती, झुन्ड, डङ्गुर, परिवार, ताँती,झुप्पो, ,टोली,दल,मलामी आदि।

**४.द्रव्यवाचक नाम**- कुनै गन्न नसकिने, माप तौल गरिने तथाप्राकृतिक पदार्थ आदि बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ । जस्तै सुन ,चाँदी, फलाम, पानी, चामल, दाल, घिउ, हावा, पृथ्वी,आकाश , ढुङ्गा , माटो, तारा आदि ।

**५.भाववाचक नाम**- कुनै प्राणी वा वस्तुको स्थिति, अवस्था, भाव, गुण,काम बुझाउने शब्दलाई भाववाचक नाम भनिन्छ । जस्तै- सुख, दुःख,दया,हस्यौली,गरिबी, बालकपन,कथा,कविता,जीवन,यौवन आदि ।

## 10.3.2 सर्वनामको परिचय र प्रकार

**परिचय-** वाक्यमा नामको साटो प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । जस्तै –म,तँ,ऊ,यो ,तिनीहरू,आफू आदि । सरिवनामको प्रयोग भनाइको सुन्दरता,सरलता, तथा संझिप्तताको निम्ति गरिन्छ । सर्वनामको अभावमा वाक्यमा एकोहोरो संज्ञाको प्रयोग हुँदा भाषा दिक्कलाग्दो हुन्छ । जस्तै- रमेश स्कुल जान्छ । रमेश राम्ररी पढछ । रमेश समयमा घर आउँछ । रमेश राम्रो केटो हो ।

माथि दिइएको वाक्यहरूमा घरिघरि रमेश प्रयोग गर्नाको साटो सर्वनाम प्रयोग गरी यसरी लेख्न सकिन्छ- रमेश स्कुल जान्छ । उ राम्ररी पढ्छ । ऊ समयमा घर आउँछ । ऊ राम्रो केटो हो ।

यसबाहेक सर्वनाम शब्दका अन्य उदाहरणहरू यसरी दिन सकिन्छ-

(क) केटीहरू कहाँ गए **तिनीहरू** त्याहाँ के गर्दै छन्

(ख)यो रङ्गित खोलो हो । मलाई **यो** खोलो साह्रै मनपर्छ ।

(ग) यो बिरालो मेरो हो । **यसको** रङ कालो छ । आदि

माथिका वाक्यमा मुनिपट्टि गाढा कालो रङमा लेखिएको सर्वनाम शब्दहरू केटी,रङ्गित र बिरालो नामपदहरूको साटो प्रयोगमा आएका हुन् ।

सर्वनामका प्रकार –नेपाली भाषाका कतिपय व्याकरण ग्रन्थहरूमा सर्वमान ६ थरीका देखाइएका छन् – (१)पुरूषवाचक, (२) निश्चयवाचक, (३) अनिश्चयवाचक, (४) सम्बन्धवाचक (५) प्रश्नवाचक (६)निजवाचक । तर व्याकरणिक कार्यको भिन्नताका आधारमा गरिएको वर्गीकरणलाई अचेल व्याकरणविद्हरूले मान्यता दिई प्रचलनमा ल्याएको पाइन्छ । त्यसै वर्गीकरणलाई यस किताबमा आधार मानिएको छ । यस वर्गीकरणअनुसार नेपाली सर्वनाम चार प्रकारका छन् –(१) पुरुषवाचक (२) दर्शक (३) सम्बन्धवाचक (४)प्रश्नवाचक

(१) **पुरूषवाचक सर्वनाम**–पुरुष वा व्यक्तिबोधक संज्ञाको साटो प्रयोग हुने सर्वनाम पुरूषवाचक सर्वनाम हो । यस सर्वनामले वक्ता ,स्रोता र सन्दर्भलाई जनाउँछ । यो तीन प्रकारको हुन्छ – (क) प्रथम पुरूषवाचक सर्वनाम (ख) द्वितीय पुरूषवाचक सर्वनाम (ग) तृतीय पुरूषवाचक सर्वनाम ।

क)**प्रथम पुरूषवाचक सर्वनाम–** बोल्ने-लेख्ने वा क्रिया सम्पन्न गर्ने व्यक्ति वा आफैबारे बोध गराउने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै –म (एकवचन)

हामी(बहुवचन)। यस सर्वनामलाई उत्तम पुरुषवाचक सर्वनाम पनि भनिन्छ ।

**ख)द्वितीय पुरुषवाचक सर्वनाम**–जुन सर्वनाम पदले प्रथम पुरुष म हामी- ले बोलेको कुरा सुन्ने द्वितीय पुरुषलाई बुझाउँछ त्यस्ता सर्वनामलाई द्वितिय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै- तँ(एकवचन),तिमी तिमीहरू(बहुवचन) । यो सर्वनाम सामान्य, मध्यम आदार र उच्च आदार बुझाउने गरी तिन प्रकारको छ-तँ (सामान्य), तिमी(मध्यम), तपाई , यहाँ (उच्च आदरार्थी) । द्वितिय पुरूषवाचक सर्वनामलाई मध्यम पुरूषवाचक सर्वनाम पनि भनिन्छ।

**(ग)तृतीय पुरूषवाचक सर्वनाम**– बोल्ने वा सुन्नेबाहेक अरू व्यक्ति वा पुरूषलाई तृतीय पुरूषवाचक सर्वनाम भनिन्छ । जस्तै – यो त्यो उ(एकवचन) , यिनी, यिनीहरू,तिनी तिनीहरू,उनी उनीहरू (बहुवचन)यस्ता सर्वनामलाई अन्य पुरूषवाचक सर्वनाम पनि भनिन्छ । तृतीय पुरूषवाचक सर्वनामका निम्न उपभेदहरू हुन्छन्-

आदरार्थी(यी, यिनीहरू, ती, तिनी, त्यहाँ, ऊ, उनी, उहाँ, आदि)

आत्मवाचक(आफू, आफूआफू)

पारस्परिक (एकाअर्का, आपस आदि)

निजवाचक (निज, अरू, सबै आदि)

२.**दर्शक सर्वनाम**- दर्शक लर्वनाम भनेको नजिक वा टाढाका कुनै व्यक्ति वा वस्तुलाईतोकेर देखाई तिनको साटो आउने शब्द हो । यिनीहरूको भिन्नै रूप हुँदैन, तृतिय पुरूषवाचक सर्वनामले नै दर्शक सर्वनामको कार्य गर्दछन् । अर्थात यो,त्यो,ई जस्ता सर्वनामले कुनै व्यक्ति वा वस्तुली तोकेर

देखाएमा ती दर्शक सर्वमान हुन्छन् भने अघिल्लो वाक्यमा आएका व्यक्ति वा वस्तुलाई जनाएमा ती तृतिय पुरूषवाचक हुन्छन्। जस्तै –**दर्शक सर्वनाम**-यो त्यो,ऊ, मेरो भाइ हो ।

**तृतिय पुरूषवाचक सर्वनाम**- हरि पढ्दैन र ऊ,त्यो पास हुँदैन ।

दर्शक सर्वनामलाई दुई प्रकारमा विभाजित गरेर हेर्न सकिन्छ-**(क) समीपवाचक**- सामान्य(यो), विशेष आदारार्थी (यी,यिनी), **(ख) दूरीवाचक**- सामान्य (त्यो,ऊ), विशेष आदरार्थी (ती,तिनी,उनी,उहाँ,त्यहाँ)

**३.सम्बन्धवाचक सर्वनाम**- वाक्यमा जुन सर्वनामले व्यक्ति,वस्तु वा घटना आदिको कुनै अन्य व्यक्ति,वस्तु वा घटनासँग सम्बन्ध देखाउँछन् त्यस्ता सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । जस्तै जो,जुन,जे आदि सम्बन्धवाचक सर्वनाम हुन्। यसका दुई भेद छन्-(क) निश्चयवाचक र (ख) अनिश्चयवाचक

(क) निश्चयवाचक सर्वनाम- कुनै पनि व्यक्ति वा वस्तुलाई तोकेर बुझाउने सर्वनाम निश्चयवाचक सर्वनाम हुन्।यसको दुई भेद छन्-मानवीय र मानवेतर । जस्तो- जो –ले मानवीय सन्दर्भ बिझाउछ भने जे-ले मानवेतर सन्दर्भ बुझाउच र जुन-ले दिवै सन्दर्भ बुझाउछ ।

**जो**– जो होचो उसको मुखमा घोचो

**जे** – जे हुन्छ राम्रै हुन्छ ।

**जुन**- जुन गुरु छन् असल नै छन्। (मानवीय)

जुन पायो त्यही काम गर्न राजी छु।(मानवेतर)

उक्त सम्बन्धवाचक सर्वनाम सामान्यतय निश्चयवाचक हुन्छन् । अर्थात यिनीहरूले कुनै व्यक्ति वा वस्तुलाई तोकेर बुझाउँछन् तर यिनीहरूमा 'सुकै''पनि' जस्ता पद/पदांश जोडिएमा यिनीहरूले अनिश्चयवाचक अरेथ प्रदान गर्दछन्। जस्तै- **जोसुकै**-जोसुकै आओस मलाई खाँचो छैन ।

**जे पनि**- खानामा त्यस्तो बारन छैन जे पनि खान्छु ।

**जुनसुकै**- जुनसुकै रङ पनि राम्रै देखिन्छ ।(मानवेतर)

जुनसुकै मान्छे पठाएर कहाँ हुन्छ र! (मानवीय)

**४.प्रश्नवाचक सर्वनाम–** जुन सर्वनामद्वारा कुनै व्यक्ति वा वस्तुका विषयमा प्रश्न गरिन्छ त्यस्ता सर्वनामलाऊ प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तै- को के कुन्। यिनीहरूले पनि सम्बन्धवाचक सर्वनामले जस्तै मानवीय, मानवेतर, तथा उभय़ अरेथार दुवै सन्दर्भलाई जनाउँछन् । जस्तै-

**को**–हिजो आउने मान्छे को थियो ?

**के**– तिम्रो हातमा के (वस्तु) छ?

**कुन**– तिमी कुन (साथी)लाई मन पराउँछौ?(मानवीय)

तिमी कुन (जुत्ता) लगाउँछौ?(मानवेतर)

माथि दिइएका प्रश्नवाचक सर्वनामहरू को, के ,कुन सामान्यत निश्चयवाचक हुन् तर कहिलेकाही यिनीहरूबाट बनेका कतिपय रूपले भने अनिश्चयवाचक व्यक्ति वा वस्तु पनि जनाउँछन् । जस्तै –

**कोही**– घरमा कोही आएको जस्तो लाग्यो ।

**केही**– तिमी केही खान्छौ कि

**कुनै–** मैले भनेको कुनै पनि कुरा पपरा भएन ।

### 10.3.3 *विशेषण*

नाम वा सर्वनामको विशेषता गुण, दोष, सङ्ख्या, रङ, आकार-प्रकार आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले जुन नामपदको विशेषता स्पष्टयाउँछ त्यसलाई विशेष्य भनिन्छ । विशेषणले विशेष्यको अर्थलाई विस्तार गर्ने, सीमित पार्ने वा स्पष्ट पार्ने कार्य गर्दछ। जस्तै –

| विशेषण | विशेष्य |
|---|---|
| रातो | गुलाब |
| कालो | केटो |
| निलो | आकाश आदि । |

विशेषन विकारी वर्गको शब्द हो । यसको रूपायन विशेष्.का लिङ्ग,वचन , कारकअनुसार हुन्छ ।

**विशेषणका प्रकार**

वाक्यमा विशेषणको स्थिति दुई प्रकारको हुन्छ – विशेष्यभन्दा अघि र विशेष्य भन्दा पछि। यसै स्थितिका आधारमा विशेषण दुई प्रकारका छन्- (क) उद्देश्यविशेषण (ख) विधेयविशेषण

(क) उद्देश्यविशेषण – वाक्यमा विशेष्य वा नामपदको अघाडि आउने शब्दलाई उद्देश्यविशेषण भनिन्छ । यसलाई विशेष्यविशेषण पनि भनिन्छ । जस्तै सानो नानी एक्लै खिलरहेको छ । यस वाक्यमा सानो उद्देश्यविशेषण हो ।

(ख) विधेयविशेषण – वाक्यमा विशेष्य वा नामपदको पछाडि आउने शब्दलाई विधेयविशेषण भनिन्छ। जस्तै यो आइफल मिठो छ । यस वाक्यमा मिठो विधेयविशेषण हो ।

(ग) कहिलेकाहीँ हाम्रो बोलाई वा लेखाइमा विशेषणको पनि विशेषण प्रयोग हुन्छ ।

(१)यहाँ लगभग पाँचजना मानिसहरू आइसके।

(२)म पूर्ण स्वस्थ छु ।

(३)तपाई साह्रै असल मान्छे हुनुहुन्छ।

माथि दिइएका वाक्यहरूमा लगभग, पूर्ण, साह्रै शब्दले आफूसित क्रमश पाणचजना स्वस्थ र असल विशेषणका विशेषतामा अझ धेर वृद्धि ल्याएका छन् । यसरी अन्य विशेषणका विशेषता बताइने विशेषण शब्दलाई प्रविशेषण भनिन्छ ।

विशेषण शब्दले बुझाउने अर्थ र त्यसले गर्ने कार्यका आधारमा विशेषण चार प्रकारका छन्-

१.गुणवाचक २.परिमाणवाचक ३.सङ्ख्यावाचक ४. सार्वनामिक

**१.गुणवाचक विशेषण-** नामपद वा विशेष्यको गुण वा अवस्था बुझाउने शब्दलाई गुणवाचक विशेषण भनिन्छ । जस्तै कुन, कस्तो, कत्रो का उत्तरमा आउने शब्द गुणवाचक विशेषण हुन् ।

**कुन-** पुरानो, मयाँ,बुढो, अधबैँसे आदि ।

**कस्तो-** असल, खराब,नराम्रो, राम्रो, मोटो, दुब्लो आदि।

**कत्रो-**ठुलो , सानो, अग्लो, होचो आदि ।

यसबाहेक पढ्ने केटी,पढेका केटी, पढेका छोराछोरीहरू जस्ता पदावलीमा प्रयोग भएका पढ्ने, पढेको,र पढेका जस्ता पदहरू पनि गुणबोधक विशेषण नै हुन् । नेपाली भाषामा चलेका बृहत्+तर –बृहत्तर बृहत तम-बृहत्तम जस्ता तत्सम पदावलीमा प्रयोग भएका तर र तम लागेका तुलना बिझाइने शब्दलाई पनि गुणवाचक विशेषण नै मानिन्छ ।

**२.परिमाणवाचक विशेषण-** जुन विशेषण शब्दले विशेष्य वा नामपदको यति भन्ने मात्रा वा परिमाण बुझाउँछ त्यस शब्दलाई परिमाणवाचक विशेषण बविव्छ । यस्ता विशेशण प्राय भाननाचक र द्रव्यवाचक नामका साथमा प्रयोग हुन्छन् । जस्तै – धेरै, थोरै,अलिकति,प्रशस्त, यति, उति,ज्यादा, केही,सबै,जम्मै,बेसी,बढी,घटी आदि ।

**३.सङ्ख्यावाचक विशेषण–**जुन शब्दले कुनै विशेष्य नामपदको कति भन्ने सङ्ख्यासम्बन्धी विशेषता बुझाउँछ त्यसलाई सङ्ख्यावाचक विशेषण भनिन्छ । यो दुई प्रकारको हुन्छ-(क) निश्चित सङ्ख्यावाचक र (ख) अनिश्चितवाचक सङ्ख्यावाचक ।

**(क)निश्चित सङ्ख्यावाचक विशेषण-** निश्चित सङ्ख्या बोध गराउने विशेषणलाई निश्चित सङ्ख्यावाचक विशेषण भनिन्छ ।

**(अ)** त्यहाँ**दुई** जना बालक खेलिरहेको थिए ।

**(आ)** मलाई **पचास** रूपियाँको खाँचो छ ।

(इ) रामलाई **चार** दर्जन केरा देऊ।

उक्त वाक्यमा ठुला अक्षरमा छापिएका शब्दहरू निश्चित सङ्ख्यावाचक विशेषण हुन् ।

(ख) अनिश्चित सङ्ख्यावाचक विशेषण- केही विशेषणहरू यस्ता हुन्छन् जसले परिमाण र सङ्ख्या दुवै बुझाउँछन् । यदि विशेष्य गणना हुने किसिमको वस्तु हो भने त्यसको विशेषणलाई सङ्ख्यावाचक मानिन्छ नत्र भने परिमाणवाचक भनिन्छ ।

धेरै आँपहरू( सङ्ख्यावाचक विशेषण)

धेरै दुध (परुमाणवाचक विशेषण)

अनिश्चित सङ्ख्यावाचक विशेषणका उदाहरण निम्नलिखित छन्- सयौं ,हजारौ, पुगनपुग, लगभग, दुईचार, केही, धेरै, अलिकति, थोरै इत्यादी ।

अ.मेलामा **हजारौं** मानिसहरू थिए ।

आ.चियामा **अलिकति** दुध हाल ।

इ.म तिम्रोमा **पुगनपुग** आठ बजे आइपुगेको थिएँ ।

माथिका वाक्यमा ठुला अक्षरमा छापिएका विशेषण अनिश्चित सङ्ख्यावाचक हुन् ।

**४. सार्वनामिक विशेषण-** विशेष्य नामपदके अगाडि आई विशेषणको काम गर्ने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । अर्थात सार्वनीमिक विशेषण भनेको विशेषणका स्थानमा आउने सर्वनाम हो ।

जस्तै –**यो** पुस्तक मेरो हो ।

**कुन** साथी आएका थिए ।

**यस्तो** कुरा मसँग नगर ।

सार्वनामिक विशेषण तीन प्रकारका छन्-

(क)**दर्शकसार्वनामिक विशेषण, (ख) सम्बन्धवाचकसार्वनामिक विशेषण, (ग) प्रश्नवाचक सार्वनामिक विशेषण**

**(क)दर्शख सार्वनामिक विशेषण-**उदाहरण हुन् यो मान्छे, ती विद्वान्,उही कवि, यी लेखिका आदि ।

**(ख)समाब्धवाचक सार्वनामिक विशेषण-** उदाहरण हुन्- जुन कुरो,जति मान्छे,जे चिज.जस्तोसुकै पानीआदि।

**(ग)प्रश्नवाचक सार्वनामिक विशेषण-**उदाहरण हुन्-कुन चलचित्र,को मान्छे, कस्तो लुगा,कति तेल,केही कुरा आदि

## *1*0.3.4 क्रियापद

**परिचय-** व्याकरणिक प्रकार्यका दृष्टिले लिङ्ग,वचन,काल र पुरूषद्वारा रूपायितहुने पद क्रियापद हो  क्रिया कामको सङ्केत गर्ने वा व्यापार बुझाउने पद हो ।क्रियाले कसैबाट केहि काम हुनु वा गर्नुलाई बुझाउँछ । अर्थात् जुन पदद्वारा कुनै काम भएको वा हुने बुझिन्छ ।त्यसलाई क्रिया भनिन्छ । जस्तै- म घर **जान्छु** ।सीता गीत **गाउँछे**। राम फुटबल **खेलिरहेको** छ । यी उदाहरणमा जान्छु,गाउँछे, खेलिरहेको छ पदले कुनै कार्य भएको वा भईरहेको स्थिति बुझाउँछन्। ती ठुला अक्षरमा छापिएका पद क्रिया हुन्। क्रिया वाक्यको निम्ति अति खाँचो पर्ना अङ्ग हो । यसको अभावमा वाक्यको रचना अपूर्ण हुन्छ । क्रियाबिना वाक्यको रचना हुन सम्भव पनि छैन । प्रत्येक वाक्यमा क्रियाको उपस्थिति आवश्यक छ ।

**धातु-** क्रियाको मूल रूपलाई धातु भनिन्छ । क्रियापदको निर्माण धातुमा प्रत्यय (तिङ,आख्यात प्रत्यय)कोयोगबाट हुन्छ । धातुमा प्रत्ययको योग भईबन्ने सबै प्रकारका पद क्रियापद हुँदैनन् ।क्रियापद विकारी वर्गको शब्द हो । यसको रूपायन काल,पक्ष र भावका साथै लिङ्ग,वचन र पुरूषका

आधारमा हुन्छ । नेपालीमा क्रियापदले वाच्य र प्रेरणार्थकतालाई पनि प्रकट गर्दछ ।

**क्रियापदका प्रकार-**

कर्मका आधारमा क्रियापदका प्रकार- क्रियापदलाई वर्गीकरण गर्ने आधार धेरै छन् तापनि यसलाई वर्गीकरण गर्ने प्रमुख आधार भने वाक्यरचनामा यसले लिने आधारभूत पदहरूको सङ्ख्या नै हो । क्रम लिने र नलिने कपराका आधारमा क्रियापद दुई प्रकारका हुन्छन्-(१) अकर्मक (२) सकर्मक

(१)अकर्मक क्रिया- वाक्यमा जुन क्रियालाई कर्मको आवश्यकता पर्दैन त्यसलाई  त्यसलाई अकर्मक क्रिया भनिन्छ । यस्ता क्रियापदसित कर्ता मात्र आउँछ,क्म आउँदैन । अर्थात अकर्मक क्रियामा मूल विषय नै क्ता रहन्छ । जस्तै-(१) राम हाँस्यो ।

दाजु आए ।

माथिका वाक्यहरूमा हाँस्यो आए,झर्यो क्रियामा कर्मको आवश्यकता छैन । को हाँस्यो मात्र उत्तर हुन्छ ।यो सोझै आफ्नो कर्तासित मात्र सम्बन्धित छ । हाँस्नु- को आधार नै राम हो । अकर्मक क्रियापदबाट बनेका वाक्यमा साधारण भूतकालमा कर्तासित ले आउँदैन । उदाहरणार्थ- रमेश घर गयो । सीता आई ।

तर शारीरिक  विकार बुझाउने अकर्मक क्रियापदसित भने सामान्य भूतकालको कर्तामा पनि **ले** लाग्दछ । जस्तै- (१) दाजुले खोक्यो । (२) मैले खोके ।

नेपालीका केही अकर्मक क्रियाका धातु यसप्रकार छन् -उड्, खोक, ल चल्, जा, झर, ल थुक्, दौड्, फाट्, बढ्, बग्, बन्, मर, लड्, सुत्, लुक्, रू, हाँस, बस् आदि ।

**(२)सर्कमक क्रिया–** वाक्यमा जुन क्रियाको प्रयोगमा कर्ताका साथै कर्मको पनि खाँचो पर्दछ त्यसलाई सकर्मक क्रिया भनिन्छ । यस्ता क्रियापदबाट बनेका वाक्यमा का,के कसलाई, भनी प्रश्न गर्दा दुईवटा प्रश्नको उत्तर आउणछ ,जस्तै

वाक्य को के कसले

को, के, कसलाई

भाइले मिठाई ल्यायो भाइले

मिठाई

मैले साथीलाई बोलाएँ मैले

साथीलाई

सकर्मक क्रियापदले सामान्य भूतकालमा कर्ता र कारकको चिह्न **ले** अनिवार्य रूपमा लिन्छ । उदाहरणार्थ- उसले फूल किन्यो ।आमाले मलाई माया गरिन् । भाइले स्कुल जान्न भन्यो ।

नेपालीका केही सक्रमक क्रियाका धातु यसप्ररकार छन्-

उन्,ओढ,कस्,खिच्,खा,गाउ,पढ,बुन,बोलाउ,हेर आदि । सकर्मक क्रियालाई एककर्मक क्रियापद पनि भनिन्छ । वास्तवमा सकर्मकमा एउटा मात्र कर्म छ भने एककर्मक हो भने दुईवटा कर्म लिनेलाई द्विकर्मक क्रियापद भनिन्छ ।वाक्य पूरा हुनका निम्ति कर्ताबाहेक दुईवटा कर्मपदको खाँचो पर्ने क्रियापदलाई नै द्विकर्मक क्रियापद भनिन्छ ।

वाक्य को,के,कसले

को,के ,कसलाई

मैले उसलाई पुस्तक बेचें मैले

उसलाई,पुस्तक

हरिले मायालाई कलम दियो हरिले

मायालई कलम

द्विकर्मक क्रियापदसँग आउने दुई क्रममध्ये पहिलो क्रम गौण बुन्छ भने दोस्रो कर्म मुख्य हुन्छ,साथै गौण क्रमले लाई विभक्ति लिन्छ तर मुख्य कर्मले लिँदौन । नेपालीका केही द्विक्रमक क्रियाप्रतिपादिक अर्थात् धातु यसप्रकार छन्-दि,बेच,तिर्, ठग्, बाँड्, भन्,सोध् आदि ।

कतिपय वैयाकरणहरूले क्रियाका चार भेद बताएका छन्- (क)अकर्मक (ख)सकर्मक, (ग)द्विकर्मक (घ)पूरकापेक्षी । हामीले माथि क्रियाका तीन भेदक)अकर्मक (ख)सकर्मक, (ग)द्विकर्मकबारे चर्चा गरिसकेका छौ ।यहाँ पूरकापेक्षी क्रियापद भनेका के हो त्यसबारे चरेरा गर्नेछौ-

**(घ)पूरकापेक्षी क्रिया**- अकर्मक र सकर्मक क्रियापदले वाक्य पूरा गर्न कर्ता र कर्मका अतिरिक्त अरेका पदको पनि अपेक्षा गर्दछ भने त्यसलाई पूरकापेक्षी क्रियापद भनिन्छ । यस्ता क्रियापद अर्थका दृष्टिले अपूर्ण हुन्छन् । पूरकापेक्षी क्रिया अकर्मक छ भने वाक्य पूरा गर्न कर्तृ-पूरक आउँछ र सकर्मक छ भने कर्म-पूरक आउँछ । यसरी अरिथ पूरा गर्ने क्रिया पूर्ण पूरा क्रिया हो भने अर्थ पूरा नगर्ने क्रिया अपूर्ण वा पूरकापेक्षी हो ।

कर्तृपूरक- श्याम नेता भएछ ।

कर्मपूरक- सभासदले हरिलाई सचिव चुने ।

वाक्यमा आउने पदसङ्ख्याको दृष्टिले कर्तृपूरक क्रिया एककर्मकसमान हुन्छन् भने कर्मपूरक क्रिया द्विकर्मक समान हुन्छन् । तर कर्म र पूरकको स्वभाव एकाअर्कासँग मिल्दैन ।अर्थात कर्मले छुट्टै वस्तुको बोध गराउँछ बने पूरकले कर्ता र कर्मको विशेषण मात्र जनाउँछ । माति दिइएका वाक्यमा पनि **श्याम** र **नेता** अनि **हरि** र **सचिव** दुई अलग वस्तु होइनन् । नेपालीमा केही पूरकापेक्षी क्रिया प्रतिपादिक (धातु) यसप्रकार छन्- छ, हु, चुन्, छान्, मान्, तुल्याउ, देख, आदि ।

**रचनाका दृष्टिले क्रियापदका भेद**- रचनाका दृष्टिले क्रिया दुई प्रकारका हुन्छन् –(क)सरल क्रिया (ख)संयुक्त क्रिया

(क)सरल क्रिया- धातुमा लिङ्गवचन, पुरूष आदि बुझाउने रूपायक प्रत्यय गाँसिएर बनेका क्रियालाई सरल क्रिया भनिन्छ । जस्तै म घर जान्छु । यस वाक्यमा **जान्छु** एउटै क्रियापद जा धातुमा छु प्रत्यय जोडिएर बनेको छ । त्यसैले त्यो सरल क्रिया हो , किनभने सरल क्रियामा एउटा मात्र धातु हुन्छ । सामान्यतय सामान्य भूतकाल, इच्छार्थ, र आज्ञार्थ बुझाउने क्रियापदहरू सरल क्रियापदभित्र पर्दछ ।

(ख) संयुक्त क्रिया –

यो क्रिया चाँहि मूल र सहायक मिलेर बनेको बुन्छ । अर्थात एकभन्दा बढी क्रियाहरू मिल्र एउटा क्रियाको अर्थ दिने वा एउटै मात्र क्रियाको काम गर्ने क्रियापदलाई संयुक्त वा मिलित क्रिया भनिन्छ । जस्तै- रामले यो पुस्तक हेरिसक्यो । यस वाक्यमा **हेरिसक्यो** संयुक्त क्रिया हो , किनभने यो क्रियापद दुई वा दुईभन्दा बढी धातुबाट निर्मित क्रियाहरू एउटै अर्थमा प्रयुक्त भएऱ आएका हुन्छन् । यस्ता संयुक्त वा मिलित क्रियाका सहायक बनी आउनसक्ने प्रपुख क्रियाहरू यसप्रकार छन्-हुनु, पर्नु, सक्नु, रहनु,

थाल्नु ,हाल्नु, दिनु, राख्नु,  हेर्नु, आउनु, पाउनु, खेज्नु, चाहनु, बस्नु आदि । उदाहरणार्थ-

(१) हिजो म तिमीसित **हुनुपर्थ्यो** तर कतिपय कारणवंश हुनसकिन ।

(२) तिमीले यो काम चाँडो **थाल्नुपर्छ** ।

**अर्थका आधारमा क्रियापदका भेद-** अर्थका आधारमा क्रिया दुई प्रकारका हुन्छन्– **(क)मूल र (ख)सहायक**

**मूल क्रिया-** कर्ता वा कर्मको मूल कार्य बुझाउनेक्रियालाई मूल क्रिया भनिन्छ । मूल क्रिया कार्य र अर्थका दृष्टिले मुख्य हुन्छ ।यो समापिका र असमापिका दुवै हुनसक्छ । संय्क्त क्रियामा सबै क्रियाहरू मूल क्रियाका रूपमा आउन सक्छन् । जस्तै- दाजु अफिस जान्छन् होला ।यस वाक्यमा जान्छन् क्रियापद मुख्य हो ।

**सहायक क्रिया**- सहायक क्रिया अरेथका दृष्टिले प्रधान नभई मूल क्रियालाई नै सघाउन आएको हुन्छ । प्रत्योक समयुक्त क्रियामा मूल क्रिया रूपायित नभएर सहा.क क्रिया नै रूपायित भई सक्रिय हुन्छ ।सहायक क्रियाका रूपमा आउने क्रियाहरू यसप्रकार छन् –हेर्नु आउनु, गर्नु,  दिनु, राख्नु पाउनु, हाल्नु, थाल्नु लिनु सकिनु रहनु हुनु पर्न जानु नसक्नु, रहनु हुनु आदि । संयुक्त क्रियामा सबै क्रियाहरू सहायक क्रियाका रूपमा आउन सक्दैनन् । जस्तै-

(१) उहाँ आफ्नी पत्नीलाई साह्रै माया गर्नुहुन्छ ।

वाक्य समापनका आधारमा क्रियापदका भेद- वाक्य टुङ्ग्याउनीका दृष्टिले क्रिया दुई प्रकारका छन् –(क) समापिका (ख)असमापिका

१.समापिका- जुन क्रियाद्वारा वाक्य समाप्त हुन्छ त्यसलाई समापिका क्रिया भनिन्छ । जस्तै-ऊ **लेख्छ** ।श्याम **खेलिरहेको छ** ।यी वाक्यमा प्रयुक्त क्रियापद समापिका हुन् । सरव वाक्यका सबै क्रियाहरू समापिका हुन्छन्।यस्ता क्रयापदको सम्बन्ध कर्तासँग हुन्छ । समापिका क्रिया व्याकरणिक कोटी लिङ्ग, वचन पुरूष काल पक्ष आदिका अनुसार रूपायित हुन्छ ।

२.असमापिका क्रिया – जुन क्रिया वाक्यको अन्तमा नभएर अन्य कहीं प्रयुक्त हुन्छ अर्थात् जुन क्रियाबाट वाक्य टुङ्गिदैन त्यसलाई असमापिका क्रिया भनिन्छ । जस्तै- आफूभन्दा ठुलालाई **उभिएर** नमस्कार गर ।असमापिका क्रियापछि लअर्को समापिका क्रियाको प्रयोग गरेपछि मात्र वाक्य पुरा हुने गर्धछ ।

प्रेरणार्थक क्रियापद- कर्ता स्वयंमले काम नगरेर अनिय कसैको प्रेरणाबाट काम गर्ने कुरा जनाउने क्रियालाई प्रेरणार्थक क्रिया भनिन्छ । जस्तै- शिक्षक छात्रलाई पुस्तक **पढाउछन्** ।

## 10.3.5 अविकारी शब्दवर्ग-

अविकारी समूहभित्र पर्ने पदहरू हुन्- क्रियायोगी नामयोगी,संयोजक विस्मयादिबोधक, र निपात हुन् ।

**क्रियायोगी**-क्रियायोगी भनेको क्रियाको देशकाल प्रकार आवृतिअनुकतण आदि बुझाउने शब्द हुन् ।क्रियायोगी दुईप्रकारका छन् –

क.क्रियाविशेषण ख.क्रियान्वयी

Notes

**क)क्रियाविशेषण**-क्रियाका गुण परणाम रीति आदिद्वारा क्रियाको विशेषता बुझाउने क्रियायोगीलाईक्रियाविशेषण भनिन्छल। जस्तै- मैले धेरै खाएँ ।

**ख)क्रियान्वयी**- क्रियाको स्थान, काल आदि बुझाई क्रियासँग सम्बद्ध हुने क्रियायोगीलाई क्रियान्वयी भनिन्छ । जस्तै- आमा कहिले आउँछिन्

वाक्यमा क्रियायोगी पद कर्ता, कर्म र पुरक स्थानीय पद जस्तो निश्चित सङ्ख्यामा हुँदैनन्, यी एकभन्दा बढी जति पनि आउन सक्छन् । क्तियायोगीलाई किन,कसरी, कहाँ, कति आदि प्रश्नका आधारमा चिन्न सकिन्छ । यिनै प्रश्नका आधारमा क्रियायोगीलाई निम्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ -**स्थानवाचक,समयवाचक,परिमाणवाचक, रीतिवाचक, परिणामवाचक, कारकवाचक** ।

**स्थानवाचक क्रियायोगी**-वाक्यमा प्रयोग भएको क्रियापदको स्थानगत आधार बुझाउने पद स्थानवाचक क्रियायोगी हुन्।तल,माथि आदि ।

**समयवाचक**- वाक्यमा प्रयोग भएको क्रियापदको समयगत आधार बुझाउने पद समयवाचक क्रियायोगि हुन् । हिजो, आज ।

**परिमाणवाचक**- वाक्यमा प्रयोग भएको क्रियापदको परिमाणगत आधार बुझाउने पद परिमाणवाचक क्रियायोगी हुन् । यति उति ।

**रीतिवाचक**- वाक्यमा प्रयोग भएको क्रियापदले वर्णन नगरेको कार्यव्यापार हुने ढङ्ग वा रीति बुझाउने पद रीतिवाचक क्रियायोगी हुन् । राम्ररी, विस्तारै ।

**परिणामवाचक** -वाक्यमा प्रयोग भएको क्रियापदका कार्यव्यापारका परिणाम बुझाउने पद परिणामवाचक क्रियायोगी हुन् । त्यसकारण,तसर्थ।

**कारणवाचक** -वाक्यमा प्रयोग भएको क्रियापदका कार्यव्यापारको कारण बुझाउवे पद कारणवाचक क्रियायोगी हुन् । खान,खानाले ।

**नामयोगी** –

नाम,सर्वनाम र विशेषणकै दाहिनेतिर विभक्ति प्रत्ययझैं जोडिई अर्थलाई प्रभावित पार्ने अविकारी शब्द नामयोगी हुन्।

नामयोगीका प्रकार-प्रयोगका आधारमा नामयोगीलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ  १.बद्ध २. मुक्त ३.बद्धमुक्त

**१.बद्ध नामयोगी**-यसको स्वतन्त्र अर्थ र प्रयोग सम्भव हुँदैन । यो शब्दसित जोडिएर मात्र प्रयोग हुन्छ । जस्तै घरतिर, वनतर्फ, आमासित आदि।

**२.मुक्त नामयोगी-** यस्ता नामयोगी स्वतन्त्र रूपमा प्रयुक्त भई क्रियाविशेषण बन्न पनि सक्तछन् । जस्तै- भित्र बाहिर, वारिपारी ।

**३.बद्धमुक्त नामयोगी-** निर्विभक्ति पद र समस्त पदमा जोडेर लेखिने ,अरू शब्दसँग छुट्टायएर लेखिने वा सविभक्तिक र समास नभएका शब्दसँग जोडेर लेखिने नामयोगीलाई बद्धमुक्त नामयोगी भनिन्छ । जस्ता झैँ,माथि ।

**संयोजक** –

दुई वा दुईभन्दा पढि पद,पदावली वाक्याशं वा वाक्यहरूका बिच व्याकरणिक सम्बन्ध स्तिपित गरी तिनलाई एउटै एकाईका रूपमासंयोजन गर्ने अविकारी शब्ध संयोजक हुन् । यसलाई समुच्चयबोधक अव्यय पनि भनिन्छ । संयोजक सापेक्ष र निरपेक्ष संयोजक गरी दुई किसिमका छन्-

**१.सापेक्ष संयोजक**-मिस्र वाक्यका मुख्य वाक्य खण्ड र अधीन उपवाक्यलाई जोड्ने अव्यय सापेक्ष संयोजक हुन् । किनभने, यदि, भने।

**२.निरपेक्ष संयोजक-** संयुक्त वाक्यमा स्वतन्त्र वाक्यहरूलाई दोड्ने अव्यय निरपेक्ष संयोजक हुन् । अनि, पनि ।

**विस्मयादिबोधक–**

प्रत्येक भाषामा यस्ता शब्द हुन्छन् जसको कुनै वस्तुपरक अर्थ हुँदैन । यिनीहरूद्वारा केवल विभिन्न मनोभावहरू अभिव्यकितु हुने गर्छन् । जस्तै- हर्ष शोक आदि। वक्ताका मनका यी विभिन्न भावहरू बुझाउने शब्दलाई विस्मयादिबोधक भनिन्छ । हुन त निपातहरूले पनि मनोभाव नै व्यक्त गर्दछन् तर निपातको स्वतन्त्र प्रयोग सम्भव हुँदैन । विस्मयादिबोधक भने स्वतन्त्र रूपमा प्रयोग हुन्छन् र वाक्यसमान कार्य गर्दछन् । अतः निपात स्वरूपका दृष्टिले मात्र शब्दवर्गमा पर्दछन् । यिनीहरू सङ्ख्यामा सीमित हुन्छन् र रूपरचना नहुने हुँदा या अविकारी वर्गमा पर्दछन् । कतिपय व्याकरणाकरले निपातलाई पनि विस्मयादिबोधक पद नै मानेकै छन् । तर यहा निपातबारे छुट्टै चर्ता गरिने छ ।

विस्मयादिवोधकका प्रकार- विस्मयादिवोधकलाई अर्थगत आधारमा निम्नविखित वर्गमा विभक्त गर्न सकिन्छ –

१. हर्षबोधक-आहा वाह वाह धन्य जय क्या बैत, स्याबास
२. आश्चर्यबोधक- ओहो अरे है ए आम्मै
३. शोकबोधक-हाय, कठै, विचरा, हा, उफ, आत्थु, ऐया, हरे
४. तिरस्कारबोधक- छि धत् धिक्कार, छ्या थुक्क, थु
५. सम्बोधनबोधक- ए, हे, अरे, औ ,ओइ, हो
६. समर्थनबोधक-ठिक, अँ, हजुर, इत्यादी
७. अभिवादनबोधक- नमस्कार, प्रणाम बधाई
८. कृतज्ञबोधक- सावधान, होसियार, खबरदार आदि

**निपातको परिचय र प्रकार-**

वाक्यमा प्रयोग भई नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभावित पार्ने अविकारी शब्दलाई निपात भनिन्छ । यो सहायक शब्द भएतापनि यसलाई वाक्यको अङ्गचाहिँ मानिन्दैन ।

निपातका प्रकार- मुख्यत निपात दुई प्रकारको मान्न सकिन्छ –

**शब्दास्रित** र **वाक्यास्रित**

**शब्दास्रित निपात**-यस्ता निपात वाक्यमा प्रयोग हुदाँकुनै शब्दमा मात्र आस्रित भएर त्यसकै अर्थलाई विशेष रूपमा बुझाउँछन् । यस्ता निपातका उदाहरण हिन्-न ,नि,नै,पो,त,ता पनि , चाँहि आदि ।

**वाक्यास्रित निपात**-यस्ता निपात पूरै वाक्यमा आस्रित भएर सिङ्गो वाक्यको आर्थलाई विशेष रूपमा बुझाउँछन् । उदाहरण-अँ, अरे, र ,कि,के,क्यारे खै, ब्यारे, ल, लौ रे, ए , सके, हगु, है, न आदि ।

नेपालीमा निपातहरू एकाक्षरी, द्वयक्षरी पनि हुने गर्दछ । केही निपातहरू द्वित्व भएर पनि प्रयोग हुन्छन् । जस्तै- **ल ल** हुन्छ । **खै खै** मलाई कलन देऊ ।

केही निपातहरू हल बाँधेर सँगसँगै पनि आउँछन् । जस्तै- खान्छन् **त नि** । **हो र** उ आउँछ ।

निपातलाई वाक्यत्मक अभिप्राय जनाउँदा क्रियापदको खाँचो पर्दैन । उदाहरणार्थ- लौ न त । ल त है । ल त नि आदि ।

## 10.4 व्याकरणिक कोटी–

व्याकरणिक कोटी अन्तरगत लिङ्ग, पुरूष , वचन, कारक, विभक्ति, अकरण काल, वाच्य, अर्थ (वृत्ति) आदिको चर्चा गरिन्छ ।

लिङ्ग-लिङ्ग भनेका पुरूष वा स्त्रीको भिन्नतालाई जनाउने व्याकरणिक कोटी हो । विभिन्न भाषामा लिङ्ग निर्धारण विभिन्न् कुराका आधारमा गरिन्छ । नेपालीमा लिङ्गको भेद शब्दको प्राकृतिक गुणअनुसार गरिएको नै पाइन्छ । यस्तो अन्तर नाम, विशेषण र क्रियापदकलो मात्र मानवीय सन्दर्भमा प्रकट गर्दछ । जस्तै- मानवीय

मानवेतर

**ठुलो** केटा आयो कालो गाई आयो ।

**ठुली** केटी आई कालो गाई आयो

।

कालो माटो

खस्यो।

विशेषण- गोरो(पुलिङ्ग) गोरी(स्त्रीविङ्ग)

गोरा(बहुवचन)

**वचन-**

पदबाट बुझिने सङ्ख्या नै वचन हो । नेपालीमा वचन दुई प्रकारका छन् –एकवचन र बहुवचन । एकवचनले एउटा वस्तुलाई मात्र बुझाउँछ भने बहुवचनले एकभन्दा बढी वस्तुलाई बुझाउँछ । नेपालीमा नाम, सर्वनाम, विशेषण र क्रियापदले वचनको वचनको अन्तर स्पष्ट पार्दछन् । नामले वचनको भिन्नता प्रकट गर्ने तरिका दुईवटा छन्- रूपान्तर र परसर्ग एकवचनबाट बहुवचन रूपान्तर गर्दा ओकारान्त नाम छ भने आकारान्त हुन्छ । अन्य नाममा हरू परसर्ग पर्छ जस्तै-

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| केटो | केटा | गाई | गाईहरू |
| छोरो | छोरा | छेत्री | छेत्रीहरू |

नामको आदरार्थीमा पनि बहुवचनकै रूपको प्रयोग गरिन्छ । जस्तै-

मेरा गुरुबा धेरै विद्वान **छन्** ।

सर्वनामले वचनको भिन्न्तालाई अलग अलग प्रातिपदिकहरूबाट प्रकट गर्दछ । जस्तै-

प्रथम पुरुष – म (एकवचन) हामी(बहुवचन)

द्वितिय पुरुष- तँ तिमीहरू

तृतिय पुरुष- यो ,त्यो, ऊ यिनी(हरू), तिनी(हरू), उनी(हरू)

**कारक-**

वाक्यमा नाम वा सर्वनामको क्रियापदसँग जुन सम्बन्ध छ त्यसलाई कारक भनिन्छ । कारक जनाउने चिह्नलाई विभक्ति भनिन्छ । नेपालीमा सर्वनाम ले, लाई आदि विभक्ति डोर्डिँदा तिर्यक

रूप बनिन्छ । नेपालीमा कारक तथा अन्य सम्बन्ध प्रकट गर्नका निम्ति नामिक पदका दुई रूप मात्र बन्दछ – सरल र तिर्यक ।

सरल कारक- शब्दको मूल रूपमा विभक्तिले झैं काम गर्ने कुनै प्रत्यय नलागेकोमा सरल कारक हुन्। जस्तै- भाइ पुस्तक पढ्छ ।

तिर्यक कारक- शब्दको मूल रीपमा विभक्ति आदि गाँसिदा रीपान्तर भएका नाम तिर्यक कारक हुन् । जस्तै-

| सरल रूप | कारक | तिर्यक रूप |
|---|---|---|
| केटो | कर्ता(प्रथम) | केटाले |
| | कर्म(द्वितिय) | केटालाई |
| | करण(तृतिय) | केटाद्वारा |
| | सम्प्रदान(चतुर्थ) | केटालाई केटाद्वारा |
| | अपादान (पञ्चमी) | केटाबाट केटादेखी |
| | सम्बन्ध (षष्ठी ) | केटाको, केटाकी, केटाका |
| | अदिकरण (सप्तमी) | केटामा |
| | सम्बोधन | ए केटा |

कारकले गर्दा सबै ओकारान्त नाम आकारान्तमा रूपान्तरित हुन्छन् तर छानु, मानु दस्ता उकातान्त मानबाहेक अन्य नामहरूको भने उस्तै रूप रहन्छ ।

नेपाली भाषामा कारक ६ प्रकारका छन् ती हिन्- १.कर्ता कारक २, कर्म कारक, ३. करण कारक. ४.सम्प्रदान कारक ५.अपादान कारक र ६. अधिकरण कारक

कर्ता कारक- क्रिया सम्पन्न गर्ने नामिक पद कर्ता हो । कर्तापद र क्रियापदको सम्बन्ध भनेको कर्ता कारकको सम्बन्ध हो ।

कर्म कारक- क्रियाबाट हुने असर, परिणाम वा फल जसमा पर्दछ, त्यो कर्म कारक हुन्छ । अर्थात् वाक्यमा आउने त्यस्तो नामपद वा सर्वनामपदलाई कर्म कारक भनिन्छ ।

करण कारक- क्रिया सम्पन्न गर्नका निम्ति साधन वा कारण भई आउने पद करण कारक हो ।

सम्प्रदान कारक- सम्प्रदान कारक भनेको लक्ष्य वा प्रयोजन हो ।

अपादान कारक- कुनै चिज वा वस्तु केहीबाट वा अर्को कुनैबाट विच्छिन्न भएको अलग भएको वा छुट्ट्एको बुझाउने क्रियासँग सम्बन्धित नाम वा सर्वनाम पद अपादान कारक भनिन्छ ।

अधिकरण कारक- क्रियाको आधार र आश्रय जसमा हुन्छ त्यस नामिक पदलाई अधिकरण भनिन्छ ।

**विभक्ति–** विभाजन गर्ने वा छुट्ट्याउने तत्त्व नै विभक्ति हुन् । विभक्ति भनेको कारकजन्य सम्बन्धलाई स्पष्टता दिन नाम वा सर्वनामका साथ आउने चिह्न हुन् । नेपाली भाषाका विभक्ति जम्मा सात प्रकातका छन्। ती हुन्-प्रथम ले

द्वितिय लाई

तृतिय द्वारा

चतुर्थलाई द्वारा

पञ्चमी बाट,देखी

षष्ठी को, की, का

सप्तमीमा

**कारक र विभक्ति बीच सम्बन्ध र फरक-**

कारक शब्दको सोझो अर्थ काम गर्ने भन्ने हो भने विभक्ति शब्दको अरेथ विभाजन गर्ने हो । कारक विभक्तिको सहायताले प्रकट हुँदछ

।विभक्तिले कारकलाई तिनाउने काम गर्दछ । कारकलाई चिनाउने विभकित्का विभिन्न चिह्नहरू ले, लाई, देखि, बाट, को आदि हुन्छन् ।यी चिह्नहरू वाक्यमा आउने कारकमा कहिले देखिने कहिले नदेखिने गरी आएका हुन्छन् । विभक्तिले देखिएर वा दबेर भए पनि कारकलाई अलग अलग पारी चिनाउने काम गर्दछ । कारक र विभक्ति एउटै कुरा होइनन् । कारक आन्तरिक तत्त्व हो भने विभक्ति बाह्य तत्त्व हो । कारक अर्थसँग सम्बन्धित छ भने विभक्ति रचना पक्षसँग सम्बन्धित छ । कारक सम्बन्धगत व्यापार हो भने विभक्ति त्यस सम्बन्धको द्योतक वा चिह्न हो । त्यस सम्बन्धलाई अभिव्यक्ति गर्ने तत्त्व हो । तसर्थ एउटै कारकामा विभिन्न विभक्ति पनि ताक्न सक्छन्  भने एउटै विभक्तिले विभिन्न कारक जनाउन पवि सक्छ ।

**पुरूष-**

नेपालीमा पुरुष  र आदरको भिन्नता सर्वनाम र क्रियापदले जनाउँछन् । सर्वनाममा पुरुष र आदारको भिन्नता अलगअलग प्रतिपादिकबाट प्रकट हुन्छ भने क्रियापदमा मात्र रूपान्तरबाट पुरुष र आदरको भिन्नता प्रकट हुन्छ।

**वाच्य-**

वाक्यमा प्रयोग भएका कर्ता , कर्म र क्रियापदमध्ये एउटा मुख्य हुने प्रक्रियालाई वाच्य भनिन्छ । अर्थात वाक्यमा कर्ता,कत्र र भावमध्यो जुनचाँही मुख्य हुन्छ त्यस वाक्यमा त्यही वाच्य हुन्छ । वाच्यको सामान्य अर्थ भनिने वा भनिन योग्य हो ।

वाच्यका प्रकार-    नेपालीमा वाच्य तीन प्रकारका छन्- १. कर्तृवाच्य २.कर्मवाच्य ३.भाववाच्य

१. कर्तृवाच्य- क्रियाले कर्तासँग पदसङ्गति कायम गर्ने वाच्य कर्तृवाच्य हो । कर्तृवाच्य कर्ता जुन लिङ्ग वचन र पुरूषमा हुन्छ । कर्तृवाच्य अकर्मक एवम् सकर्मक दुवै क्रियाको हुन्छ । कर्तृवाच्यको क्रियामा इ रूपायक प्रत्यय लाग्दैन। जस्तै-

| सकर्मक | अकर्मक |
|---|---|
| दिदीले भाइलाई कुटिन् | म घर जान्छु । |

२.कर्मवाच्य- जुन वाक्यमा कर्मपदमुख्य रहेर क्रियाले त्यससँग सम्बन्ध रेखेको हुन्छ त्यो वाच्य कर्मवाच्य हो । जस्तै- (भाइद्वारा) कुटाइ खाइन्छ ।

३.भाववाच्य- वाक्यमा क्रियाको अर्थ वा भाव नै मुख्य रहने वाच् भाननाच् हो । भाववाच्यका वाक्यमा सँधै पुलिङ्गसअकवचन,रृरिय पुरुष र सामान्य आदर जनाउने क्रियापदको प्रयाग हुने गर्दछ।

**अकरण-**

अकरण भनेको वाक्यमा निषेधात्मक अर्थ जनाउने प्रकिया हो । यो प्रकिया दुई तहमा रहन्छ १.शब्दका तहमा,२.पदका तहमा । पदका तहमा अकरण बनाउँदा क्रियापदलाई अकरणमा रूपायण गर्नुपर्छ . यसका निम्ति क्रियापदमा निषेधार्थक न को प्रयाग गर्नुपर्छ ।

**काल-**

काल भनेको समय हो । केल क्रियासणग सम्बन्धित व्याकरणिक कोटी हो । भाषाका व्याकतणना क्ल भन्नाले क्रियापदले वर्णन गरेको कार्यव्यापारको वा अवस्थाको समय भन्ने बुझिन्छ । यसले समयलाई मात्र नजनाएर त्यस समयकमा भएको नभएखो कार्यो

Notes

बोधसमेत बुझिन्छ । परम्परागत नेपाली व्याकरणना समयलाई आधार मानेर कार तीन प्राकारका मानिएका छन् भूत, वर्तमान र भविष्य। तर रूप रचनाका आधारमा क्रिय.का काल तिन थरी नभएर् दुई थरि मात्र छन्- भूत र अभूत

भूत- बितिसकेको वा भइसकेको समयलाई भूतकाल भनिन्छ । यसलाई जनाउन ये,यौं आदि प्रत्यय गाँसेर क्रयिपदको रचना गरिन्छ . यस्ता क्रियापदका लिङ्ग,वचन,पुरूषका आधारमा रूप चल्दछ ।

अभूतकाल- क्रियाको कार्यव्यापार अहिले सम्पन्न हुँदै छ र पछि बाँकी छ भन्ने बुझ्दा अभूतकाल हुन्छ । अभूतकालले वर्तनाम र भविष्यत लाई जनाउँछ ।

**वृत्ति-**

वृत्ति वा अर्थ भनेको क्रियाबाट काल र पक्षभन्दा भिन्न रूपमा बुझिने एक व्याकरणिक कोटी हो । यसअनुसार वास्तविकता निश्चय, अनिश्चय, इच्छा, आज्ञा, आवश्यकता आदि वक्ताको मनसाय वा विशेष भाव बुझाउन क्रियाका हुने रूपायन विशेषलाई भाव वा वृत्ति भनिन्छ ।

**पक्ष-**

पक्ष भनेको वाक्यद्वारा अभिव्यक्त कालको विशेष अवस्था र अवधि बुझाउने एक व्याकरणिक कोटी हो । यसैले यसलाई विशेष काल पनि भनिन्छ । पक्षले कालभन्दा विशेष कुरा बुझाएर यससँग

भिन्न्ता राख्दछ । यसका लागि क्रियापदमा रूपायन हुन्छ ।खास पक्ष चाँहि भूत र भविष्यतमा रूपायन हुन्छ ।

## 10.5 उपसंहार

व्याकरण कुनैपनि भाषालाई परिष्कृत परिमार्जित बनाउने नियम हो । प्रत्येक भाषाका आफ्ना आफ्ना व्याकरण हुन्छ । नेपाली भाषाका पनि आफ्नै नियमावली भएका व्याकणका नियमहरू छन् । भाषा लेख्ने र बोल्ने दुई प्रकारले प्रकट गरिन्छ । लेख्य भाषालाई मानक बनाउनाक निम्ति व्याकरणको आवश्यकता पर्दछ । भाषामा प्रयोग हुने प्रत्येक शब्दलाई त्यसको कार्यको आधारमा छुट्टायएर राकिएको शब्दवर्ग र त्यससँग व्याकरणिक कोटीको रूपमा आइ जोडिएर वाक्यलाई पूर्ण बनाउने यस्ता अध्ययनले भाषाको शिक्षण कार्यमा सहयोग गर्दछ । नेपाली भाषा का शब्दवर्ग नाम,सर्वनाम,विशेषण र क्रिया हुन् । अविकारी शब्दवर्गमा अव्यय पर्दछ । त्यसरीनै व्याकरणिक कोटीमा लिङ्ग,पुरूष, वाच्य, पक्ष, काल,अकरण, वृत्ति पर्दछ । यी व्याकरणित कोटाले शब्दवर्गमापर्ने शब्दलाई रूपायित गरेर वाक्यलाई अर्थपूर्ण बनाउँदछ ।

## 10.6 सार

यस प्रखण्डमा नेपाली शब्दवर्ग र व्याकरणिक कोटीका परिचय र विस्तृत जानकारी राखिएको छ उक्त जानकारीलाई निम्न बुँदामा यसरी समेट्न सकिन्छ ।

- विचार भावना र रूचिको परिमार्जन साहित्यले गर्दछ भने त्यो साहित्य लेखिने भाषाको परिमार्जन चाँहि वायाकरण ज्ञानले गर्दछ

Notes

- भाषालाई परिमार्जित र परिष्कृत पारेर  अनुशासित राख्ने आधार नै व्याकरण हो । व्याकरणको शाब्दिक अर्थ भाषाका वर्ण,रूप,शब्द,वाक्य आदिमा अन्तरनिहित व्यवस्था हो ।

- भाषामा अनेक थरीका शब्द हुन्छन् । सन्दर्भअनुसार प्रत्येक शब्दका आ- आफ्ना प्रकार्य वा कार्यात्मक भूमिका हुन्छन् । त्यसो हुँदा व्याकरणिक प्रकार्यका दृष्टिले भाषाका जम्मै शब्दलाई केही सीमित वर्ग अर्थात् समूहमा छुट्ट्याएर राख्न सकिन्छ । त्यसरी व्याकरणिक प्रकार्यका आधारमा  छुट्टयाइएका शब्दहरूका समूह वा वर्गलाई नै शब्दवर्ग भनिन्छ।

- कुनै अर्थ तत्वलाई कायमै राखी त्यसका अन्य पदसँगका सम्बन्ध जनाउन, वाक्यगत प्रयोगमा ल्याउन ,पदका रूपमा परिणत गर्ने रूपिमहरूद्वारा अभिव्यक्त सम्बन्धलाई नै रूपायन भनिन्छ र त्यसबाट बुझिने व्याकरणिक अभिव्यक्तिलाई व्याकरणिक कोटी भनिन्छ।

- नेपाली भाषाका व्याकरणिक वर्ग समूहमा पर्ने विकारी र अविकारी शब्दवर्ग छन् । विकारी अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया पर्दछ । अविकारी समूहमा क्रियायोगी , नामयागो ,संयोजक, विस्मयादिबोधक र निपात पर्दछ ।

- सामान्यतय नेपाली भाषाका सन्दर्भमा निम्नलिखित व्याकरणिक कोटीहरू देखिन्छन् लिङ्ग , वचन, पुरुष , कारक , विभक्ति , अकरण, काल, वाच्य, अर्थ(वृत्ति) ।

- कुनै व्यक्ति , ठाउँ ,गुण, वस्तु,भाव,स्थति आदिको नाम बुझाउने शब्दलाई नामशब्द वा नामपद भनिन्छ । व्याकरणिक प्रकार्यअनुसार नामको परिचय दिने हो भने- **नाम भनेको लिङ्ग,वचन र**

**कारकअनुसार रूप चल्ने रवाक्यमा कर्ता,कर्म वा पूरक बनी आउन सक्ने पद हो।**

- नेपाली सर्वनाम चार प्रकारका छन् –(१) पुरुषवाचक (२) दर्शक (३) सम्बन्धवाचक (४)प्रश्नवाचक
- व्याकरणिक प्रकार्यका दृष्टिले लिङ्ग,वचन,काल र पुरूषद्वारा रूपायितहुने पद क्रियापद हो  क्रिया कामको सङ्केत गर्ने वा व्यापार बुझाउने पद हो ।क्रियाले कसैबाट केहि काम हुनु वा गर्नुलाई बुझाउँछ ।

पक्ष- पक्ष भनेको वाक्यद्वारा अभिव्यक्त कालको विशेष अवस्था र अवधि बुझाउने एक व्याकरणिक कोटी हो वाक्यमा क्रियायोगी पद कर्ता, कर्म र पुरक स्थानीय पद जस्तो निश्चित सङ्ख्यामा हुँदैनन्, यी एकभन्दा बढी जति पनि आउन सक्छन् । क्रियायोगीलाई किन,कसरी, कहाँ, कति आदि प्रश्नका आधारमा चिन्न सकिन्छ ।

- निपातको परिचय र प्रकार- वाक्यमा प्रयोग भई नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभावित पार्ने अविकारी शब्दलाई निपात भनिन्छ । यो सहायक शब्द भएतापनि यसलाई वाक्यको अङ्गचाहिँ मानिन्दैन ।
- निपातका प्रकार- मुख्यत निपात दुई प्रकारको मान्न सकिन्छ – शब्दास्रित र वाक्यास्रित
- वृत्ति वा अर्थ भनेको क्रियाबाट काल र पक्षभन्दा भिन्न रूपमा बुझिने एक व्याकरणिक कोटी हो । यसअनुसार वास्तविकता निश्चय, अनिश्चय, इच्छा, आज्ञा, आवश्यकता आदि वक्ताको मनसाय वा विशेष भाव बुझाउन क्रियाका हुने रूपायन विशेषलाई भाव वा वृत्ति भनिन्छ ।

## 10.7 अनुशीलनी

१.नेपाली व्याकरणिक शब्दवर्ग भन्नाले के बुझिन्छ स्पष्ट पार्नुहोस्

२. नेपाली शब्दवर्ग अन्तरगत पर्ने शब्दहरूको परिचय सहित परिभाषा दिनुहोस्

३.व्याकरणिक कोटी भन्नाले के बुझिन्छ ।

४. विकारी र अविकारी शब्द कस्ता शब्द हुन्

५.शब्द भनेको के हो

६.विशेषणको परिभाषा लेखेर किही उदाहरण पनि दिनुहोस्

७.कस्ता पदलाई विशेष्य पद भनिन्छ

८.सकर्मक तथा पूरकापेक्षी क्रियामा के अन्तर छ

९.प्रेरणार्रथक क्रिया कसलाई भनिन्छ

१०.कारक भनेको के हो

११.विभक्ति भनोक के हो

१२.निपात भन्नाले के बुझिन्छ लिपात कति प्रकारका हुन्छन् नाम लेख्नुहोस्

## 10.8 अतिरिक्त अध्ययन-


१. डा. न्यौपाने टङ्कप्रसाद – भाषाविज्ञानको रूपरेखा

२. बन्धु चूडामणि – भाषाविज्ञान

३. प्रा. शर्मा मोहनराज , डा. लुइटेल खगेन्द्रप्रसाद – आधुनिक भाषाविज्ञान

४. डा,तिवारी भोलानाथ – भाषाविज्ञान

५.नेपाल घनश्याम, लामा कविता- उच्च माध्यमिक नेपाली व्याकरण र रचना

६. भट्टराई रोहिनीप्रसाद- बृहत नेपाली व्याकरण

७. उप्रेती भीष्मनारायण- भाषाविज्ञान

## 10.9 मूल्यवृद्धिका निम्ति उत्तर

तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्

१ व्याकरणिक कोटी र व्याकरणिक वर्गमा भेद

...................................................................................................

...................................................................................................

...................................................................................................

२.व्यक्तिवाचक ,जातिवाचक तथा भाववाचक कस्ता नामपदलाई भनिन्छ प्रत्येकका दस-दसवटा उदाहरण दिनुहोस्

...........................................................................................

..............................................................................................

...........................................................................................

३.सर्वनाम अनि सार्वनामिक विशेषणको अन्तर उदाहरण दिदैँ स्पष्ट पार्नुहोस्

....................................................................................

..................................................................................

.................................................................................

४.समापिका र असमापिका क्रियाको परिभाषा प्रस्तुत गर्दै उदाहरण पनि दिनुहोस्

......................................................................................

.........................................................................................

.....................................................................................

५.कारक र विभक्तिका बिच के सम्बन्ध छ

………………………………………………………………

…………………………………………………………………

…………………………………………………………………

६.विस्मयादिबोधक भन्नाले के बुझिन्छ उदाहरणसहित् प्रकार पनि बताउनुहोस्

………………………………………………………………

…………………………………………………………………

…………………………………………………………………

# UNIT-11 वाक्यका सङ्घटक एकाइहरू

□ □ □ □ □ □

11.0 **उद्देश्य**

11.1 **परिचय**

11.2 **वाक्यको अर्थ र परिभाषा**

11.3 **वाक्यका सङ्घटक एकाइहरूका अध्ययन**

11.3.1 पद

11.3.2 पदावली

**11.3.2.1 पदावलीका प्रकार**

11.3.3 उपवाक्य

**11.3.3.1 उपवाक्यका प्रकार**

11.3.4 वाक्य

**11.3.4.1 वाक्यका प्रकार**

**11.3.4.2 वाक्यका अङ्ग**

11.4 **उपसंहार**

11.5 **सार**

11.6 **अनुशीलनी**

11.7 **अतिरिक्त अध्ययन**

11.8 **मूल्यबृद्धिको निम्ति उत्तर**

## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- वाक्यको सामान्य परिचय

- वाक्यको अर्थ र परिभाषा
- वाक्यका सङ्घटक एकाइ
- पदावली र उपवाक्यको परिचय
- पदावली र उपवाक्यको प्रकार
- वाक्यको प्रकार
- वाक्यको अङ्ग

## 11.1 परिचय

अर्थको दृष्टिले परस्पर बाँधिएका शब्दहरूको आफैमा पूर्ण एउटा शृङ्खला विशेष वाक्य हो। वाक्य हुनका लागि थोरेमा एउटा नामपद र एउटा क्रियापद हुनै पर्दछ। कुनै कुरा भनिसकेपछि वा लेखिसकेपछि त्यसबारे जान्नको आकाङ्क्षा पूरा हुनु वाक्यको लक्षण हो। एक-अर्कासँग अर्थको साइनो गाँसिएको एउटा नामपद र एउटा क्रियापद हुँदा मात्र वाक्य हुन्छ र त्यसैले कुनै एउटा निश्चित अर्थ वा भाव दिने काम सम्पन्न गर्दछ। तलका वाक्यहरू पढौँ-

*बहिनी आई।*

*म जान्छु।*

*तिमी बस।*

*वहाँ गाउनुहुन्छ।*

माथिका चारैवटा शब्द-शृङ्खलामा रहेको बहिनी, म, तिमी, वहाँ नामपदहरू हुन् अनि आई, जान्छु, बस, गाउनुहुन्छ क्रियापद हुन्। यसरी यी चारैवटा शब्द-शृङ्खला आफैमा पूर्ण अर्थ प्रधान गरेका छन्। यी सबैमा एउटा नामपद र एउटा क्रियापद रहेका छन्। यसैले परस्परमा सङ्गति रहेका

थोरैमा एउटा नामपद र एउटा क्रियापद भएको अनि एउटा पूरा अर्थ प्रधान गर्न सक्षम यस्ता शब्द शृङ्खलालाई वाक्य भनिन्छ। वाक्य भाषाको सबैभन्दा ठूलो व्याकरणिक एकाई हो।

कुनै पनि वाक्यका दुईवटा मुख्य भागहरू हुन्छन्- उद्देश्य भाग र विधेय भाग। उद्देश्य वाक्यको कर्ता भाग हो अनि विधेय क्रिया भाग हो। तलका वाक्यहरू हेरौँ-

*फूल फुल्यो।*

*भमरा डुल्यो।*

*म हाँसे।*

*कमला रमाई।*

माथिका वाक्यमा *फूल, भमरा, म* र *कमला* उद्देश्य हुन् अनि *फुल्यो, डुल्यो, हाँसे* र *रमाई* विधेय हुन्। वाक्यमा रहेको मूल क्रियापदसँग कर्ताको सम्बन्ध बनाउने वाक्यको एउटा भागलाई उद्देश्य भनिन्छ। वाक्यमा रहेको मुख्य नामपद र त्यससित जोडिएर आउने विशेषण सबै उद्देश्य भागमा पर्दछन्। तलका वाक्यहरू हेरौँ-

१. *सीता आउँदैछे।*

२. *हिउँ पग्लियो।*

३. *रामका पिता घर आए।*

४. *पल्ला घरका दाजु भजन गाउँछन्।*

५. *कालो कोट लगाएको मानिस डिलमा उभिए।*

माथिको वाक्यहरू १ र २ मा रहेका *सीता* र *हिउँ* उद्देश्य हुन्। ३, ४ र ५ मा रहेका *रामका पिता, पल्ला घरका दाजु* अनि *कालो कोट लगाएको*

*मानिस* पनि उद्देश्य हुन्। यसरी मुख्य नामका विशेषता जाहेर गर्न आएका पदावली पनि उद्देश्य खण्डमा नै पर्दछ। वाक्यमा जुन खण्डले उद्देश्यका बारेमा केही भन्छ त्यसलाई विधेय भनिन्छ। उद्देश्य खण्डलाई चिनिसकेपछि वाक्यमा जे जति रहन्छ त्यो विधेय खण्ड हो। माथिका वाक्यहरूमा *आउँदैछे, पग्ल्यो, घर आए, भजन गाउँछन्, डिलमा उभिए* विधेय हुन्। वाक्यमा उद्देश्यका बारेमा केही कुरा गर्ने पद वा पदसमूहलाई विधेय भनिन्छ। विधेयको मुख्य तत्व क्रियापद हो।

## 11.2 वाक्यको अर्थ र परिभाषा

वाक्य शब्दको व्युत्पत्ति 'वाक्' धातुबाट भएको मानिन्छ। 'वाक्'- को अर्थ बोल्नु हो। वाक्यको अर्थ 'जे बोलिन्छ' त्यही हो। प्राचीन भारतीय वैयाकरण पतञ्जलिले पूर्ण अर्थको प्रतीति गराउन सक्ने समूह-लाई वाक्य भनेका छन्।

रूपतत्त्व र अर्थ दुवैका दृष्टिले परस्पर सङ्गति मिलेका पद वा शब्दहरूको शृङ्खलालाई नै वाक्य भनिन्छ। रूपतत्त्व भन्नाले धातु, प्रातिपदिक, प्रत्यय, उपसर्ग र पद तथा तिनको परस्पर योग-वियोग आदिद्वारा रूपपरिवर्तनको प्रक्रिया बुझिन्छ। अर्थतत्त्व भन्नाले यहाँ वाक्यमा प्रयोग गरिएका विभिन्न शब्दले बुझाउने अर्थ र त्यस्ता अर्थमाझको पारस्परिक सम्बन्ध भन्ने बुझ्नुपर्दछ।

वाक्य भाषाको बहुतम व्याकरणिक एकाइ हो। अर्थ र व्याकरणका दृष्टिले रूपिम भाषाको सबभन्दा सानो एका हो भने वाक्य ठुलो एकाइ हो। वाक्य छोटाभन्दा छोटा अर्थात् एउटा संज्ञा र एउटा क्रियापद मात्रले बनेका हुन सक्छन्, अथवा अनेकौं शब्दको योगले बनेका लामाभन्दा लामा वाक्य पनि हुन सक्छन्। नेपाली भाषामा लेखिएका पुराना गद्य कृतिहरूमा धेरैजसो

लामा लामा वाक्य रहेका पाइन्छन्। नेपाली भाषाको वाक्य लेख्ताखेरि पन्नाको देब्रे किनारबाट दाहिने किनारतर्फ रेखीय ढाँचामा शब्दहरूको लहर बनाइन्छ।

दुई वा दुईभन्दा बढी सार्थक शब्द मिली बेनका उद्देश्य र विधेय भएको अनि पूरा कुरा जनाउने उपवाक्यभन्दा ठूलो स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ। वाक्य भाषाको सबैभन्दा महत्त्वपूर्ण एकाइ हो। मानिस आफ्ना जीवनकालमा अनेक प्रकारका वाक्यको प्रयोग गर्छ। वाक्यकै आधारमा अनेक भाषिक चिन्तन र विश्लेषण हुँदै आएका पनि छन् तर वाक्यलाई परिभाषित गर्ने सन्दर्भमा अनेकरूपतामात्र होइन जटिलता र अस्पष्टताहरू उत्तिकै आएका छन्। वाक्य के हो भन्ने सबैलाई थाहा भए तापनि यसलाई निश्चित परिभाषामा बाध्न सामान्य मानिसको त के कुरा ठूलठूला वैयाकरण र भाषाशास्त्रीहरूले पनि अझै निर्विवाद रूपमा सकेका छैनन्।

सामान्यतः वाक्यलाई शब्द वा पदहरूको समूह भन्ने गरिन्छ। यस किसिमको परिभाषा संस्कृत, हिन्दी, अङ्ग्रेजी, नेपाली सबैतिर प्रचलित छ। अन्नं भट्टले तर्कसंग्रह-मा वाक्यं पद समूह भनेका पनि छन् तर वाक्य सिद्धान्ततः अखण्ड हुन्छ। यसैले पदहरूको समूह मात्र वाक्य होइन। संस्कितका ग्रन्थहरूमा वाक्यका अनेत परिभाषा उपलब्ध छन्। तीमध्ये केही निम्नलिखित छन्-

- पदहरूको समूह नै वाक्य हो- अन्नं भट्ट
- अर्थ समाप्त गर्ने पदसमूह वाक्य हो- वात्स्यायन
- अभीप्सित अर्थ दिने  पदहरूको संगठन भएको सन्दर्भ वाक्य हो- राजशेखर

- आकाङ्क्षा, योग्यता र आसत्तियुक्त पदसमूह वाक्य हो- विश्वनाथ
- साकांक्ष अनेक पदहरूको समूह वाक्य हो- मुकुल भट्ट

माथिका उक्त विविध परिभाषाले भिन्न-भिन्न दृष्टिकोणलाई प्रतिनिधित्व गर्दछ। अमेरिकी भाषाशास्त्री ब्लुमफिल्डका विचारमा वाक्य भनेको एउटा स्वतन्त्र भाषिक एकाइ हो जसलाई अरू कुनै लामा (ठूला) भाषिक एकाइका रूपमा व्याकरणिक रचनामा परिणत गर्न सकिँदैन। यस्तै हकेटले भनेका छन्- वाक्य एउटा यस्तो व्याकरणिक रूप हो जुन अरू व्याकरणिक रचनाका लागि आउँदैन, वाक्यको अवयव अरूमा अवयव हुन सक्दैन।

वाक्यांशहरू मिलेर वाक्य बन्दछ। परम्परागत मान्यताअनुसार वाक्य भाषाको बृहतम अवयव हो। तर वाक्य पनि भाषिक उच्चारणबाट लिइएको अंश हो र आधुनिक भाषाशात्रका केही पक्षले वाक्यभन्दा माथिल्ला तकहका अवयवहरूलाई पनि उत्तिकै महत्त्व दिएका छन्, ती हुन्- अनुच्छेद र सङ्कथन। यसरी भाषाका अरू पनि अवयव भएकाले यिनलाई बृहत्तम भन्न मिल्दैन र वाक्य भाषाको वाक्यांशभन्दा माथिल्लो र अनुच्छेदभन्दा तलको भाषिक संरचना भन्ने कुरा स्पष्ट हुन्छ।

“वाक्य भनेको कुनै पनि भाषाका छानिएका वाक्यात्मक घटकहरूको क्रम हो जो खास किसिमले व्यवस्थित, परिवर्तित र अनुतानयुक्त गरिएको हुन्छ।” यस परिभाषाअनुसार वाक्य हुनका निम्ति छनोट, व्यवस्थापन, परिवर्तन र अनुतान- यी चार कुरा हुनुपर्छ। सर्वप्रथम शब्दहरूको छनोट गरिन्छ, अनि ती शब्दहरूलाई क्रममा राखिनन्छ, आवश्यक मात्रामा काटछाँट गरिन्छ र अनुतानयुक्त पारिन्छ।

विभिन्न भाषामा वाक्यस्तरका लयले काम गर्छन् र त्यस्तो स्थितिमा वाक्यलाई लयका आधारमा छुट्टयाउन सकिन्छ। कतिपय भाषाहरूमा वाक्यलाई छुट्टयाउने केही अरू तत्त्व पनि हुन्छन्। तर कतिपय भाषाहरूमा भने दुई वा दुईभन्दा बढी वाक्यांशहरूको समूहलाई वाक्य भनिन्छ र यदि एउटै मात्र वाक्यांश भएको सरल वाक्य छ भने त्यो पनि वाक्य नै हुन सक्छ। 'त्यो घर गयो' सरल वाक्य हो र वाक्यांश पनि हो। 'बिरामी भएको हुनाले त्यो घर गयो' लाई मिश्रित वाक्य अनि 'त्यसले काम सिद्धयायो अनि घर गयो' लाई संयुक्त वाक्य भन्न सकिन्छ।

## 11.3 वाक्यका सङ्घटक एकाइहरूका अध्ययन

वाक्यको संरचना एक वा एकभन्दा बढी उपवाक्यबाट हुन्छ। यसको संरचानामा एक वा एकभन्दा बढी उद्देश्य र एक वा एकभन्दा बढी विधेय हन्छ। वाक्यको निर्माण उपवाक्यबाट हुने हुँदा उपवाक्य नै वाक्यको मुख्य सङ्घट एकाइ हो। तर, उपवाक्य पनि पदावलीबाट र पदावली पदबाट निर्माण हुने हुँदा वाक्यको सङ्घटक एकाइहरूको चर्चा गर्दा वाक्य, उपवाक्यसँगै पदावली र पदको पनि धेरथोर चर्चा गरिन्छ।

### 11.3.1 पद

शब्द काँचो पदार्थ हो। व्यवहारमा माटोजस्तो यो गाग्रो, कप, कन्तुर आदिमा परिणत भएपछि पद कहलाउँछ। कुनै पनि शब्द अर्थतत्त्वमात्रै हो। जब त्यसमा सम्बन्धतत्त्व पनि आउँछ तब त्यो पद हुन्छ। पद रूपमा परिणत नभएसम्म शब्दको खास कार्य हुँदैन। त्यसको कार्यकारी शक्ति पदतत्त्वमा नै हुन्छ। जस्तै 'तल' यो शब्द मात्र हो, यसले कुनै निश्चित स्थान मात्र बताउँछ। तर 'तलदेखि आएछ', 'तल जाऊ' यी दुई वाक्यमा

पदरूपमा तलका छुट्टाछुट्टै कार्य छन्। यस्तै ‘भोलि’ शब्द हो। यसले आगामी, पहिलो दिन मात्र बुझाउँछ, अरू काम गर्दैन ‘तर धिक्कार्ला रे अरूपछि परे भोलिले हामीलाई’ मा यो कर्ता नाम छ, ‘भोलिलाई तरकारी छैन’ मा यो सम्प्रदान नाम छ, ‘तिमी भोलि जाऊ’ मा क्रियाको समय बुझाउने अधिकरण छ। यसरी शब्दले आफ्नो खास कार्य गर्न पदरूपमा निष्पन्न हुनैपर्छ। यसअनुसार वाक्यमा प्रयुक्त नहुँदासम्म मात्र शब्द हुन्छ। वाक्यमा प्रयुक्त भएपछि पद बन्छ। ‘राम’ शब्द हो तर ‘राम घर गयो’ मा ‘राम’ पद हो यसैले शब्दको गति नै पद बनाउने मुख्य आधार हो। जब शब्द गतिशिल हुन्छ तब पद बन्छ। यसैले पदति गच्छतीतिपदः भन्ने व्युत्पति संस्कृतमा गरिएको हो। यसरी वाक्यमा पुगेर परस्पर भूमिका ग्रहण गर्दै सम्बन्ध प्रकट गर्ने रूपमा व्यक्त भएका शब्द नै पद हुन्।

प्रत्येक भाषामा केही शब्दहरू केही सामान्य अर्थमा रूढ भएका हुन्छन्, जसलाई कोशिय शब्द पनि भन्न सकिन्छ। तर ती नै कोशिय शब्द वाक्यमा पुगेर अरू शब्दसँग आफ्नो सम्बन्ध प्रकट गर्दछन्, यस्ता एकाइ नै पद हुन्। पाणिनीले यही सम्बन्धकता सूचित गर्न भने- सुप्तिङन्तं पदम् अर्थात् सुबन्त र तिङन्त नै पद हुन्। वाक्यमा कस्तो पनि देखिन्छ भने कोशिय रूप वा शब्द र पदमा केही परिवर्तन भएको छैन; जस्तैः ‘माथि’ शब्द। ‘तिमी माथि जाऊ’; मा उँसै रूपमा छ, केही विकारमा भिन्न रूप रचना भएको छैन। यस्तै ‘तँ जङ्गल पस्’ यी तीन एकाइ वाक्यमा ‘तँ जङ्गल पस्’ नै छन्। यस अवस्थामा पनि के स्वीकारिन्छ भने यहाँ शब्द स्थानको सम्बन्ध जनाएको छ, पदरूपमा निष्पन्न गराउने अन्य विभक्ति-प्रत्यय आदि यहाँ लुप्त भएका छन् अर्थात् शुन्य संरूप यहाँ छ। यसैले पदत्वसिद्ध गर्न पाणिनीले पनि अव्ययहरूमा सुप् विभक्तिको विधानगरी लोपको व्यवस्था गरेको हुन्।

## 11.3.2 पदावली

पद भनेको वाक्यमा प्रयुक्त हुने शब्द हो र आवली त्यस्ता पदहरूको समूह हो। पदावलीलाई पदसमूह र वाक्यांश भनिएको पनि पाइन्छ। भाषावैज्ञानिक दृष्टिले पदावलीलाई यसरी परिभाषित गरिन्छः

वाक्यभित्र निश्चित क्रममा मिलेर रहेका पदहरूको समूहलाई पदावली भनिन्छ। शब्दभन्दा माथिल्लो र उपवाक्यभन्दा तल्लो भाषिक एकाइ नै पदावली हो।

पदावलीको संरचना एउटा पदबाट मात्र अथवा एकभन्दा बढी पदहरूबाट पनि हुन्छ। पदावलीको संरचना एकभन्दा बढी पदहरूबाट भएको छ भने ती पदहरू जुनसुकै र जथाभावी नभई निश्चित क्रममा मिलेर रहेका हुनुपर्छ। पद वा पदहरूबाट संरचित हुने हुँदा पदलाई नै पदावलीको संरचक घटक भनिन्छ।

| क | ख |
|---|---|
| *(१) मान्छे घुरेर सुत्यो।* | **(१) घुरेर मान्छे सुत्यो।* |
| *(२) यो मान्छे बेसरी घुरेर सुत्यो।* | **(२) मान्छे यो घुरेर बेसरी सुत्यो।* |
| *(३) यो बुढो मान्छे बेसरी घुरेर सुत्यो।* | **(३) बुढो यो मान्छे घुरेर बेसरी सुत्यो।* |

उदाहरण (क) तर्फको (१) मा एक पदबाट बनेको एउटा पदावली *मान्छे* र दुई पदहरूबाट बनेको दोस्रो पदावली *घुरेर सुत्यो* छ। त्यस्तै वाक्य (२) मा दुई पदबाट बनेको एउटा पदावली *मान्छे* र तीन

पदबाट बनेको अर्को पदावली *बेसरी घुरेर सुत्यो* हो। वाक्य (३) मा पनि तीन पदबाट निर्मित एउटा पदावली *यो बुढो मान्छे* र अर्को पदावली *बेसरी घुरेर सुत्यो* हो। वाक्यभित्र यसरी पदहरू मिलेर आउने संरचनाका रूपमा पदावलीको पहिचान गरिन्छ।

पदहरू निश्चित क्रममा मिलेर नआउँदै पदावलीको संरचना हुँदैन। पदहरू निश्चित क्रममा मिलेर नआएका हुँदा उदाहरण (ख) तर्फको *(१) मा *घुरेर मान्छे*, *(२) मा *मान्छे यो, घुरेर बेसरी* तथा *(३) मा *बुढो यो मान्छे* आदि पदावली होइनन्। यस्तो *चिन्हले अव्याकरणात्मक एकाइ भन्ने कुरा जनाउँछ।

पदावलीको संरचना निश्चित संरचक वा घटकबाट हुन्छ। यसको संरचना गर्ने घटकहरू निमन्लिखित तीन किसिमका छन्

**(१) शीर्ष (Head)**

पदावलीभित्रको मुखय वा अनिवार्य घटकलाई शीर्ष भनिन्छ। पदावलीको संरचना एउटा पदबाट भएको छ भने त्यो नै शीर्ष हुन्छ र एकभन्दा बढी पदहरूबाट भएको छ भने सबैभन्दा मुख्य पद शीर्ष हुन्छ। सामान्यतः नाम पदावलीमा नाम, विशेषण पदावलीमा विशेषण, क्रियाविशेषण पदावलीमा क्रियाविशेषण र क्रिया पदावलीमा क्रिया शीर्ष हुन्छ।

*(१) केटो रोयो।*

*(२) सानी केटी खुब रोई।*

माथिको वाक्यमा निम्नलिखित पदावली शीर्ष छन्:

वाक्य (१): पदावली – *केटो*

शीर्ष – *केटो*

पदावली- *रोयो*

शीर्ष – *रोयो*

वाक्य (२): पदावली – *सानी केटी*

शीर्ष – *केटी*

पदावली – *खुब रोई*

शीर्ष – *रोई*

**(२) विशेषक**

शीर्षको विशेषता जनाउन सहायकका रूपमा आउने घटकलाई विशेषक भनिन्छ। नाम पदावलीहरूमा निर्धारकहरू (यो, त्यो...) विशेषण पदावली र क्रियाविशेषक पदावलीमा मात्राबोधको तीव्रकहरू (सारै, ज्यादै ...) तथा क्रिया पदावलीमा कालबोधक क्रियाविशेषणहरू (हिजो, आज...) विशेषकका रूपमा आउँछन्।

*(१)* *यो चरो*

*(२)* *ज्यादै रङ्गीबिरङ्गी*

*(३)* *धेरै माथि*

*(४)* *भर्खर उड्यो*

माथिका उदाहरणमा निम्नलिखित विशेषक छन्

(१) पदावली – *यो चरो*

विशेषक – *यो*

शीर्ष - *चरो* (नाम)

(२) पदावली - *ज्यादै रङ्गीबिरङ्गी*

विशेषक – *ज्यादै*

शीर्ष – *रङ्गीबिरङ्गी* (विशेषण)

*(३)* पदावली - *धेरै माथि*

विशेषक – *धेरै*

शीर्ष - *माथि* ( क्रियाविशेषण)

(४) पदावली - *भर्खर उड्यो*

विशेषक - *भर्खर*

शीर्ष - *उड्यो* (क्रिया)

समग्रमा माथिका उदाहरणमा *यो, ज्यादै, धेरै, भर्खर* विशेषक हुन्। यी विशेषकहरूले *चरो, रङ्गीबिरङ्गी, माथि, उड्यो* शीर्षका संरचनामा सहायक भएर आई विशेषकको काम गरेका छन्।

**(३) पूरक**

शीर्षका साथमा संरचना पूरा गर्न सहायक रूपमा आउने घटकलाई पूरक भनिन्छ। नाम पदावलीमा विशेषण तथा क्रिया पदावलीमा नाम पदावली र क्रियाविशेषण पदावली पूरकका रूपमा आउन सक्छन्। विशेषण पदावली र क्रियाविशेषण पदावलीमा पूरक हुँदैन।

*(१) कालो केटो*

*(२) कालो केटोले दर्शकलाई हँसायो।*

*(३) कालो केटाले सबै दर्शकलाई बेसरी हँसायो।*

*(४) कालो केटाले बेंसरी हँसायो।*

माथिका उदाहरणमा निम्नलिखित पूरक छन्:

उदाहरण (१): पदावली - *कालो केटो*

पूरक - *कालो* (विशेषण)

उदाहरण (२): पदावली - *कालो केटाले*

पूरक - *कालो* (विशेषण)

पदावली - *दर्शकलाई हँसायो*

पूरक - *दर्शकलाई* (नाम)

उदाहरण (३): पदावली - *कालो केटाले*

पूरक - *कालो* (विशेषण)

पदावली - *सबै दर्शकलाई*

पूरक - *सबै*

पदावली - *बेसरी हँसायो*

पूरक - *बेसरी* (क्रियाविशेषण)

उदाहरण (४): पदावली - *कालो केटाले*

पूरक - *कालो* (विशेषण)

पदावली - *बेसरी हँसायो*

पूरक - *बेसरी* (क्रियाविशेषण)

विशेषक र पूरकमा विभेद गर्ने सन्दर्भमा कुनै पदावलीभित्र रहेको पूरक स्वयं पनि पदावली हुन्छ, तर विशेषकचाँहि पदावली हुँदैन भन्ने दृष्टिकोण पनि पाइन्छ।

### 11.3.2.1 पदावलीका प्रकार

पदावली निम्नलिखित चार प्रकारका हुन्छन्:

**(१) नाम पदावली**

नाम पद शीर्ष हुने पदावलीलाई नाम पदावली भनिन्छ। यसको संरचना एक वा एकभन्दा बढी पदबाट हुनसक्छ। यसको संरचनामा एकभन्दा बढी नाम पद हुँदा यसमा विशेषकका रूपमा निर्धारक पद र पूरकका रूपमा विशेषण पद आउन सक्छ, जस्तै-

(१) *कुकुर (भुक्यो)* शीर्ष

(२) *यो कुकुर* विशेषक + शीर्ष

(३) *भुस्याहा कुकुर* पूरक + शीर्ष

(४) *यो भुस्याहा कुकुर* विशेषक + पूरक + शीर्ष

माथिका नाम पदावलीको विश्लेषण यसप्रकार गरिन्छः

उदाहरण (१): नाम पदावली - *कुकुर*

शीर्ष - *कुकुर* (नाम)

उदाहरण(२): नाम पदावली - *कुकुर*

विशेषक - *यो* (निर्धारक)

शीर्ष - *कुकुर* (नाम)

उदाहरण(३): नाम पदावली - *भुस्याहा कुकुर*

पूरक - *भुस्याहा* (विशेषण)

शीर्ष - *कुकुर* (नाम)

उदाहरण(४): नाम पदावली - *यो भुस्याहा कुकुर*

विशेषक - *यो* (निर्धारक)

पूरक - *भुस्याहा* (विशेषण)

शीर्ष - *कुकुर* (नाम)

**(२) विशेषण पदावली**

विशेषण पद शीर्ष हुने पदावलीमा विशेषण पदावली भनिन्छ। यसको संरचना केवल एउटा विशेषणबाट पनि हुनसक्छ र एकभन्दा बढी पद हुँदा वा परिमाणबोधक क्रियाविशेषण ( धेरै, थोरै, निकै, सारै, अत्यन्तै, ज्यादै, औधि, एकदम, अलि, बिल्कुल, झन्, पुरै, यति, उति आदि) विशेषक भएर आउँछ। यस प्रकारको पदावलीमा पूरक हुँदैन।

(१) *चलाख...* शीर्ष

(२) *धेरै चलाख* विशेषक + शीर्ष

(३) *थोरै अग्लो* विशेषक + शीर्ष

(४) *अत्यन्त चञ्चल* विशेषक + शीर्ष

माथिका विशेषण पदावलीको विश्लेषण यसप्रकार गरिन्छः

उदाहरण (१): विशेषण पदावली - *चलाख*

शीर्ष - *चलाख* (विश्लेषण)

उदाहरण (२): विशेषण पदावली - *धेरै चलाख*

Notes

विशेषक - *धेरै* (अधिक मात्राबोधक क्रियाविशेषण)

शीर्ष - *चलाख* (विशेषण)

उदाहरण (३): विशेषण पदावली - *थोरै अग्लो*

विशेषक - *थोरै* (न्यून मात्राबोधक क्रियाविशेषण)

शीर्ष - *अग्लो* (विशेषण)

उदाहरण (४): विशेषण पदावली - *अत्यन्त वाचाल*

विशेषक - *अत्यन्त* (अधिक मात्राबोधक क्रियाविशेषण)

शीर्ष - *वाचाल* (विशेषण)

**(३) क्रियाविशेषण पदावली**

क्रियाविशेषण पद शीर्ष हुने पदावलीलाई क्रिया विशेषण पदावली भनिन्छ। यसको संरचना केवल एउटा क्रियाविशेषणबाट पनि हुनसक्छ र एकभन्दा बढी पद हुँदा मात्रा वा परिणामबोधक क्रियाविशेषण विशेषक भएर आउँछ। यसप्रकारको पदावलीमा पनि पूरक आउँदैन।

(१) *सुस्तरी* शीर्ष

(२) *झन् सुस्तरी* विशेषक + शीर्ष

(३) *अलि समरी* विशेषक + शीर्ष

(४) *सारै बेसरी* विशेषक + शीर्ष

माथिका क्रियाविशेषण पदावलीको विश्लेषण यसप्रकार गरिन्छः

उदाहरण (१): क्रियाविशेषण पदावली - *सुस्तरी*

शीर्ष - *सुस्तरी* (क्रियाविशेषण)

उदाहरण (२): क्रियाविशेषण पदावली - *झन् सुस्तरी*

विशेषक - *झन्* (अधिक मात्राबोधक क्रियाविशेषण)

शीर्ष - *सुस्तरी* (क्रियाविशेषण)

उदाहरण (३): क्रियाविशेषण पदावली - *अलि राम्ररी*

विशेषक - *अलि* (न्यून मात्राबोधक क्रियाविशेषण)

शीर्ष - *राम्ररी* (क्रियाविशेषण)

उदाहरण (४): क्रियाविशेषण पदावली - *सारै बेसरी*

विशेषक - *सारै* (अधिक मात्राबोधक क्रियाविशेषण)

शीर्ष - *बेसरी* (क्रियाविशेषण)

**(४) क्रिया पदावली**

क्रिया पद शीर्ष हुने पदावलीलाई क्रिया पदावली भनिन्छ। यसको संरचना एक वा एकभन्दा बढी पदबाट हुनसक्छ। यसको संरचनामा कभन्दा बढी पद हुँदा विशेषकका रूपमा कालबोधक वा समयवाचक क्रियाविशेषण (*आज, भोलि, पर्सि, हिजो, अस्ति, अचल, सँधै, पोहोर,*

*भर्खर, तुरन्त, पछि, अहिले, उहिले, भरे, अब, जब* आदि) र पूरकका रूपमा नाम पदावली तथा क्रियाविशेषण पदावली आउँछ।

(१) *मार्‍यो* शीर्ष

(२) *बिहान मार्‍यो* विशेषक + शीर्ष

(३) *बिहान कुकुरलाई मार्‍यो* विशेषक + पूरक + शीर्ष

माथिका क्रिया पदावलीको विश्लेषण यसप्रकार गरिन्छः

उदाहरण (१): क्रिया पदावली - *मार्‍यो*

शीर्ष - *मार्‍यो* (क्रिया)

उदाहरण (२): क्रिया पदावली - *बिहान मार्‍यो*

विशेषक - *बिहान* (कालबोधक क्रियाविशेषण)

शीर्ष - *मार्‍यो* (क्रिया)

उदाहरण (३): क्रिया पदावली - *बिहान कुकुरलाई मार्‍यो*

विशेषक - *बिहान* (कालबोधक क्रियाविशेषण)

पूरक - *कुकुरलाई* (नाम)

शीर्ष - *मार्‍यो* (क्रिया)

पदावलीले वाक्य र उपवाक्यको निर्माण गर्छन्।

## 11.3.3 उपवाक्य

विशेषगरी मिश्र तथा जटिल वाक्यका अङ्गका रूपमा आउने अधीन वाक्यलाई उपवाक्य भनिन्छ। वाक्यका अङ्गका रूपमा आउने यस्ता उपवाक्यमध्ये कुनैमा उद्देश्य भाग साझा हुन्छ भने कुनैमा विधय भाग साझा रहेको हुन्छ अनि कतै चाँहि वाक्यभित्र आउने प्रत्येक उपवाक्यका आ-आफ्ना उद्देश्य र विधेय पनि हुन सक्छन्। जस्तै-

*भाइ बजार गएर सौदा गरीवरी घर आइपुग्यो।*

*भाइ र उसका साथीहरू बजार गएका छन्।*

*भाइ बजार गएपछि दाजु घर आइपुग्नुभयो।*

माथिको पहिलो वाक्यमा एउटै भाइ शब्द तीनवटा उपवाक्यको साझा उद्देश्य पदका रूपमा रहेको छ भने दोस्रो वाक्यमा भाइ  र साथीहरू दुईवटा उद्देश्य पदहरूका निम्ति बजार गएका छन् एउटै साझा विधेय रहेको छ। तेस्रो वाक्यमा चाँहि दुवै उपवाक्यका आ-आफ्ना उद्देश्य र विधेय रहेका छन्।

स्वतन्त्र एकाइका रूपमा हेर्दा उपवाक्य एउटा सरल वाक्य स्तरको संरचना रहेको देखिन्छ। यो पदबन्धभन्दा ठूलो अनि वाक्यभन्दा सानो भाषिक एकाइ हो। वाक्य तुलनात्मक दृष्टिले एउटा पूर्ण भनाइ वा कथन हो भने त्यसभित्रका उद्देश्य पदबन्ध र विधेय पदबन्धबाट संरचित उपवाक्य त्यही वाक्यको एउटा पूरक एकाइ हो।

*केटाकेटीहरू खेल्न चाहन्छन्।*

माथिको उदाहरणमा केटाकेटीहरू उद्देश्य पदबन्ध हो भने खेल्न चाहन्छन् विधेय पदबन्ध हो। यसरी उद्देश्य र विधेय दुवैले युक्त यो संरचना

एउटा सरल वाक्य हो अनि अर्को वाक्यको अङ्ग बनेर आउँदा यही नै एउटा उपवाक्य पनि बन्दछ।

*देवकोटा भावनाका धनी थिए भने सम बौद्धिक थिए।*

यो एउटा सिङ्गो एकाइ हो। यहाँ सम उद्देश्य पदबन्ध हो भने बौद्धिक थिए विधेय पदबन्ध हो। त्यस्तै देवकोटा उद्देश्य पदबन्ध हो भने भावनाका धनी थिए विधेय पदबन्ध हो। यसरी यहाँ दुईवटा उद्देश्य पदबन्ध र दुईवटा विधेय पदबन्ध आएका हुनाले ती दुई उपवाक्य हुन्। यस प्रकार कुनै वाक्यमा एउटा मात्र उपवाक्य हुन्छ भने कुनैमा एउटाभन्दा बढी पनि हुनसक्छ। जहाँ एउटा मात्र उपवाक्य हुन्छ त्यहाँ वाक्य र उपवाक्य स्तरमा भिन्नता हुँदैन तर एउटाभन्दा बढी उपवाक्य हुनेबित्तिकै वाक्य र उपवाक्यमा भिन्नता हुन्छ। उपवाक्यमा क्रिया अंश अनिवार्य हुन्छ। वस्तुतः क्रिया नै उपवाक्यको संरचक हुन्छ। त्यसैले वाक्यभित्र जति क्रिया हुन्छन् त्यति नै उपवाक्य मानिन्छ।

### 11.3.3.1 उपवाक्यका प्रकार

उपवाक्यको वर्गीकरण संरचना वा क्रियाका आधारमा र पारस्परिक सम्बन्धका आधारमा गरिन्छ।

**(१) क्रियाका आधारमा उपवाक्यका भेद**

क्रियाका आधारमा उपवाक्य तीन प्रकारका हुन्छन्। तिनको चर्चा तल गरिन्छः

**(क) समापक उपवाक्यः** वाक्य समापन गर्ने वा पूरा गर्ने उपवाक्य समापक उपवाक्य हुन्। कार्यको पूर्णता बुझाउने क्रियालाई समापिका क्रिया भनिन्छ। एउटा उपवाक्यमा एउटा असमपिका वा

एउटा समापिका क्रिया रहन्छन्। एउटा समापिका क्रिया मात्र रहेको अवस्थामा पनि वाक्य पूरा हुन सक्तछ। यसरी एउटा समापिका क्रियापद भएको उपवाक्यलाई समापक उपवाक्य भनिन्छ। यस्ता उपवाक्य एक्लैले पनि वाक्य बनाउन सक्छन्। जस्तै-

*राम आयो।* - यो एउटा उपवाक्य हो जसले एउटा सिङ्गो वाक्यको काम गरिरहेको छ।

*राम आउँछ तर श्याम आउँदैन।* - यस उदाहरणमा *राम आउँछ* एउटा समापक उपवाक्य हो भने *श्याम आउँदैन* पनि समापक उपवाक्य नै हो।

केही समापक उपवाक्यका उदाहरण तल दिइन्छः

*परीक्षा आयो।*

*परीक्षामा पहिलो भयो।*

*पुरस्कार पायो।*

*सबैजना मान्दछन्।*

*अन्तै जानुपर्‍यो।*

*आइन सकिनँ।*

**(ख) असमापक उपवाक्यः** कार्य समापन नगर्ने वा वाक्य पुरा नगर्ने उपवाक्यहरू असमापक उपवाक्य हुन्, अर्थात् जटिल वाक्यमा आउने त्यस्तो उपवाक्यलाई असमापक उपवाक्य भनिन्छ, जुन असमापिका क्रियाले युक्त हुन्छ। यसले वाक्य टुङ्याउने काम गर्दैन। यस्ता उपवाक्यमा क्रियासँग काल अनि सङ्गति बुझाउने सहायक क्रिया आदि अरू रूपहरू हुँदैनन्। जस्तै-

*बिरालो देखेर बालक डराउँदा*

*आमालाई भेट्न नानी हतारिएर*

*बेलामा पुग्न नसकिए*

*परीक्षा बिग्रदै*

*सुताहा सुतिरहेको*

*नानी रुँदो*

**(ग) क्रियारहित उपवाक्यः** केही उपवाक्यहरू क्रियारहित हुन्छन्, यस्ता उपवाक्यहरूलाई क्रियारहित उपवाक्य भनिन्छ। जस्तै-

*अर्काको आश, नित्य उपवास*

*यो जिन्दगी खै, के जिन्दगी*

*यस ठाउँमा धुम्रपान निषेध*

साधारणतः क्रियारहित उपवाक्यहरू नाम-पदबन्धमा आश्रित हुन्छन्।

**(२) पारस्परिक सम्बन्धका आधारमा उपवाक्यका भेद**

पारस्परिक सम्बन्धका आधारमा स्वतन्त्र र आश्रित गरी उपवाक्यका दुईवटा भेद छन्।

**(क) स्वतन्त्र उपवाक्यः** स्वतन्त्र उपवाक्य भन्नाले अर्को उपवाक्यमाथि आश्रित नभएको वा वाक्यात्मक संरचनामा आफू कुनै अर्को पदबन्धको घटक नभएको तथा समापिक क्रियासहितको उपवाक्य भन्ने बुझिन्छ। यसले आफ्नो अर्थको पूर्णताका निम्ति अरू कुनै उपवाक्यमा भर परिरहनु पर्दैन। संयुक्त अनि मिश्र वाक्यको बनोटमा प्रधान भएर आउने उपवाक्य नै मुख्य वा स्वतन्त्र उपवाक्य हो।

स्वतन्त्र उपवाक्य-

- *कुनै अर्को उपवाक्यमाथि आश्रित हुँदैन।*
- *अर्को पदबन्ध वा उपवाक्यको अङ्गस्वरूप हुँदैन ।*
- *समापिका क्रियाले युक्त हुन्छ।*

यस्तो उपवाक्यको संरचनामा एउटा समापिका क्रिया अनिवार्य रूपमा रहेको हुन्छ। जस्तै-

*१. मोहन पुस्तक पढ्छ।*

*२. मोहन (जब घर आउँछ तब) पुस्तक पढ्छ।*

*३. मोहन (घर आउँछ र ) पुस्तक पढ्छ।*

माथिका उदाहरणमा १. एउटा उपवाक्यबाट बनिएको वाक्य हो। यो स्वतन्त्र उपवाक्य हो। २. मा कोष्ठकबाहिरको उपवाक्य स्वतन्त्र उपवाक्य हो। यसलाई मुथ्य उपवाक्य पनि भनिन्छ। ३. मा रले जोडिएका दुवै उपवाक्य स्वतन्त्र उपवाक्य हुन्। यी दुईमध्ये अर्थको प्राथमिकताका आधारमा पहिलोलाई मुख्य उपवाक्य भनिन्छ भने दोस्रोलाई संयोजित उपवाक्य भनिन्छ। केही स्वतन्त्र उपवाक्यका उदाहरण तल दिइन्छ-

*जसले मह काढ्छ उसले हात चाट्छ।* - **आश्रित उ.वा. + स्वतन्त्र उ.वा.**

*जसलाई म विश्वास गर्थे उसले विश्वासघात गऱ्यो।* - **आश्रित उ.वा + स्वतन्त्र उ.वा.**

*जब रात पर्दछ तब ताराहरू देखिन्छन्।* - **आश्रित उ.वा (तब) स्वतन्त्र उ.वा.**

*उसले पैसा दियो भने तिमीलाई लुगा किनिदिऊँला।* - **स्वतन्त्र उ.वा. (भने) स्वतन्त्र उ.वा.**

**(२) आश्रित उपवाक्य**

आश्रित उपवाक्य त्यस्तो उपवाक्यलाई भनिन्छ जसले आफ्नो अर्थको पूर्णताका निम्ति मुख्य उपवाक्यमा भर पर्नुपर्दछ। यसलाई अधीन वा पराधीन उपवाक्य पनि भनिन्छ। आश्रित उपवाक्य तीन किसिमका हुन्छन्-

**(क) नाम उपवाक्य**

जुन आश्रित उपवाक्यको प्रयोग मुख्य वाक्यको कुनै नाम, कर्ता अथवा पूरकका ठाउँमा हुन्छ त्यसलाई संज्ञा उपवाक्य वा नाम उपवाक्य भनिन्छ। अथवा, मुख्य उपवाक्यको नामजस्तै भई काम गर्ने आश्रित उपवाक्यलाई नाम उपवाक्य भनिन्छ। नाम उपवाक्यलाई मुख्य उपवाक्यसँग प्रायः भनी, भनेर, भने, भन्ने, कि आदि संयोजकले जोडेका हुन्छन्। जस्तै-

*शरद् परोपकारी छ भनी सबै मान्छन्।*

*तिमी यहाँ आउँछौ भन्ने मलाई थाहा थियो।*

*साथीहरू उसलाई धेरै ज्ञानी छ भन्ने ठान्छन्।*

**(ख) विशेषण उपवाक्य**

मिश्र वाक्यमा आउने त्यस्तो आश्रित उपवाक्यलाई विशेषण उपवाक्य भनिन्छ जुन उपवाक्य विशेषणको स्थानमा आउँछ। अथवा, उपवाक्यको कर्ता, कर्म वा पूरक −(नाम) को विशेषता जनाउने आश्रित उपवाक्य विशेषण उपवाक्य हुन्छन्। जत्रो, जुन, जस्तो, जति. जे आदि संयोजकले यस्ता उपवाक्यलाई जोडेका हुन्छन्। जस्तै-

*जुन छात्र परिश्रमी हुन्छ ऊ उत्तीर्ण हुन्छ नै हुन्छ।*

*मैले एउटा हात्ती देखें जन अत्यन्त विराट् थियो।*

*जनताले देशको सर्वाङ्गीण विकास चाहेका छन् जुन् अहिलेसम्म देखिँदैन।*

**(ग) क्रियायोगी उपवाक्य**

जुन आश्रित उपवाक्यले मुख्य उपवाक्यको क्रियाका विशेषता जनाउँछ वा वाक्यमा क्रियाविशेषणले गर्ने काम गर्छ त्यस्तो उपवाक्यलाई क्रियायोगी उपवाक्य भनिन्छ। अर्थात्, मुख्य उपवाक्यको विशेषण सरह भई काम गर्ने आश्रित उपवाक्यलाई क्रियायोगी उपवाक्य भनिन्छ। यसका पाँच भेद छन्-

**(अ) कालवाचकः** कालवाचक उपवाक्यले समय वा अवधि जनाउँछ। यस्ता उपवाक्य जहिले-तहिले, जब-तब आदि संयोजकद्वारा जोडिएका हुन्छन्-

*जहिले मन लाग्छ तहिले जाऊ।*

यहाँ आश्रित उपवाक्य 'जहिले मन लाग्छ' ले प्रधान उपवाक्यको क्रिया 'जाऊ' को कालबोधक क्रियाविशेषणजस्तो भई काम गरेको छ।

**(आ) कार्य-करणबोधक उपवाक्यः** यस्ता उपवाक्यबाट हेतु, सङ्केत, वैषम्य, निमित्त कार्य आदि अर्थ बुझिन्छ। यिनीहरू किनकि, किनभने, यदि, भने, हुन त, तैपनि आदि संयोजकहरूद्वारा जोडिएका हुन्छन्। जस्तै-

*म तिम्रो कुरा मान्दिनँ किनभने मलाई दुःख पाउनु छैन।*

यसमा आश्रित उपवाक्यको क्रिया 'पाउनु छैन' को कार्यकरणबोधक क्रियाविशेषण सरह भई काम गरेको छ।

*उसले मोहनलाई मन पराउँदैन तैपनि मोहन नराम्रो मान्दैन।*

*आज हामी पुग्नैपर्छ किनभने भोलि बिहे छ।*

*सांसद भएकाले उनले अङ्गरक्षक पाए।*

**(इ) स्थानवाचक उपवाक्यः** स्थानवाचक उपवाक्यले स्थान वा गतिको प्रारम्भ र समाप्ति बुझाउँछ। यस्ता उपवाक्य जहाँ, त्यहाँ आदि संयोजकद्वारा जोडिएका हुन्छन्।

*जहाँ भानुभक्तको ठूलो मूर्ति छ त्यसैको छेउमा पुस्तक दोकान भेटिनेछ।*

यसमा आश्रित उपवाक्यले प्रधान उपवाक्यको क्रिया 'भटेनेछ' को स्थानबोधक क्रियाविशेषण सरह काम गरेको छ।

*जुन बेला पर्छ त्यही बेला टर्छ।*

*जहिले मोहन आउँछ तहिले म पनि आउँछु।*

*जहाँ बाँसको ठूलो झ्याङ छ सर्प त्यही भेटिएको थियो।*

**(ई) परिणामवाचक उपवाक्यः** परिमाण भनेको मात्रा हो। परिणामवाचक उपवाक्यले अधिकता, न्यूनता, समता आदि मात्रा वा परिमाण बुझाउँछ। यिनीहरू जति, त्यति आदि संयोजकद्वारा जोडिएका हुन्छन् र कति भन्ने प्रश्नबाट चिनिन्छन्। जस्तै-

*जति मन लाग्छ त्यति ल्याऊ।*

यसमा आश्रित उपवाक्यले प्रधान उपवाक्यको क्रिया 'त्यति ल्याऊ' को परिमाणवाचक क्रिया-विशेषण भई काम गरेको छ।

*जति खान मनलाग्छ त्यति खाऊ।*

*जति दिन सक्नुहुन्छ त्यति दिनुहोस्।*

*जति जति आय बढ्दै जान्छ त्यति त्यति खर्च पनि बढ्दै जान्छ।*

**(उ) रीतिवाचक उपवाक्यः** रीति भनेको काम गर्ने युक्ति वा ढङ्ग अथवा काइदा हो। रीतिवाचक उपवाक्यले समता, विषमता आदि भाव बुझाउँछ। यसलाई पनि जसरी आदि संयोजकहरूले जोडेका हुन्छन्। यस्ता उपवाक्यलाई कसरी भन्ने प्रश्नबाट चिन्न सकिन्छ। जस्तै-

*जसरी आएको थिइस् त्यसरी नै जा।*

यसमा आश्रित उपवाक्यले प्रधान उपवाक्यको क्रिया ‘जा’ को रीतिबोधक क्रिया- विशेषण सरह काम गरेको छ। अरू वाक्य हेरौँ-

*राम त्यसरी कुद्यो जसरी चितुवा कुद्छ।*

*जनता कति पनि नडराई विरोध गर्न लागे।*

*उसले रूपियाँ त्यसरी नै फ्याँकिदियो जसरी लिएको थियो।*

## 11.3.4 वाक्य

वाक्य भाषाको प्रमुख एकाइ मानिन्छ किनभने भाषाको अभिव्यक्ति अथवा अर्थप्रेषणको वास्तविक तथा पूरा लक्ष्य यसैबाट सम्भव हुनेगर्दछ। वाक्य सम्बन्ध तत्त्व र अर्थतत्त्वले संयत यस्तो रूप अथवा पदहरूको सङ्गठित ध्वनि हो जसले कुरा अथवा विचारलाई पूणतया अभिव्यञ्जित गरेर स्रोता अथवा पाठकसम्म सम्प्रेषित गर्दछ। विचारको अभिव्यक्ति भाषाको मुख्य काम हो र यो काम वाक्यबाटै हुनै गर्दछ। वाक्यको परिचय, अर्थ र परिभाषाबारे माथि नै चर्चा भइसकेकोले यसमा वाक्यका प्रकार र अङ्गहरूबारे चर्चा गरिन्छ।

### 11.3.4.1 वाक्यका प्रकार

वाक्यको वर्गीकरणका दुई आधार छन्- (क) बनोटका आधारमा र (ख) कार्यका आधारमा।

**(क) बनोटका आधारमा वाक्यका भेदः** बनोटका आधारमा वाक्यका आठ भेद छन्- (१) सरल, (२) संयुक्त, (३) मिश्र, (४) लामो, (५) छोटो, (६) समानाधिकरणात्मक, (७) समान्तर र (८) विपर्यस्त।

**(१) सरल वाक्य-** एउटा उद्देश्य र एउटा विधेय हुने वाक्यलाई सरल वाक्य भनिन्छ। सरल वाक्यमा एउटा मात्र उपवाक्य हुन्छ। जस्तै- ऊ बजार

जान्छ। अथवा एउटा मात्र समापिका क्रिया भएको वाक्य नै सरल वाक्य हो। वाक्यमा जतिवटा असमापिका क्रिया आए तापनि समापिका क्रिया एउटा मात्र छ भने त्यो सामान्यतः सरल वाक्य हुन्छ। जस्तै-

*(क) दाजु आयो।*

*(ख) दाजु स्कुल नगएर घर आयो।*

**(२) संयुक्त वाक्यः** दुई वा दुईभन्दा बढी उपवाक्यहरू मिली बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ। अर्थका दृष्टिले संयुक्त वाक्यका वाक्यखण्डहरू स्वतन्त्र हुन्छन्। यस्ता वाक्यमा आश्रित उपवाक्यहरू हुन वा नहुन पनि सक्छन्। यस्ता उपवाक्यहरूमा परस्पर समानाधिकरणात्मक सम्बन्ध रहेको पनि हुन्छ। यस्ता संयुक्त वाक्यमा दुई स्वतन्त्र वाक्यहरूको संयोजन पाइन्छ। जस्तै-

*मेरो हातबाट कलम झर्‍यो र भाँचियो।* **संयुक्त वाक्य**

*मेरो हातबाट कलम झर्‍यो।*     *मेरो हातबाट कलम भाँचियो।*

↓     ↓

स्वतन्त्र वाक्य     स्वतन्त्र वाक्य

**(३) मिश्र वाक्यः** एउटा स्वतन्त्र उपवाक्य र अरू आश्रित उपवाक्य मिली बनेको वाक्यलाई मि8 वाक्य भनिन्छ। गम्भीर विचारहरू व्यक्त गर्नालाई मिश्र वाक्यको संरचना गरिन्छ। यस्ता वाक्य प्रधान उपवाकायअन्तर्गत आश्रित उपवाक्यहरू मिलेर बनेका रूप हुन्। जस्तै-

*राम राम्रो पढेर*    *ठुलो मान्छे भएको*    *म हेर्न चाहन्छु।*    मिश्र वाक्य

↓    ↓    ↓

आश्रित उपवाक्य    आश्रित उपवाक्य    प्रधान उपवाक्य

यसरी एउटा अधीन वा अश्रित उपवाक्य र अर्को स्वाधीन वा निराश्रित उपवाक्यको योगबाट एउटा मिश्र वाक्यको निर्माण भएको हुन्छ।

**(४) लामो वाक्यः** दुईभन्दा अधिक वाक्यहरू संयोजक पद अथवा पूर्ववकालिक क्रिया आदिका सहायताले गाँसिएर एउटै लामो वाक्य बन्न सक्तछ। यस्ता कतिपय वाक्यहरू एक अनुच्छेद वा अझ एक पृष्ठभन्दा बढी लामा पनि हुने गरेको पाइन्छ। विशेषगरी पुराना कथा, पौराणिक आख्यानहरूमा यस प्रकारका वाक्यहरूको प्रयोग अधिक पाइन्छ। यस्ता वाक्यहरू संरचनाका दृष्टिले आफैमा पूर्ण वाक्य जस्ता हुँदाहुँदै पनि पूर्णविरामको साटो 'र', 'अनि', 'तर' आदि संयोजक अव्ययहरू तथा क्रियापदका अन्तमा 'ई' 'एर' आदि प्रत्ययहरू जोडेर तन्काउँदै लगिएका हुन्छन्। यस्ता वाक्यलाई **पुनःपौन्यमूलक संरचना** वा वाक्य भनिन्छ। जस्तै-

*दशरथले वनवासको आदेश सुनाएपछि राम वनवासतिर लागे र चौध वर्ष लामो सो वनवासको थालनी मात्र के भएको थियो लङ्काका राजा रावणले छद्म भेष धारण गरी सीतालाई हरण गरेर लङ्का पुर्याएको हुँदा रामचन्द्रले हनुमान, सुग्रीव, विभीषण आदिको सहयोग लिई लङ्कामाथि आक्रमण गरेर रावणलाई मारेर लङ्का जितेर विभीषणलाई त्यहाँका राजा बनाई सीतालाई लिएर अयोध्या आई आफ्नो वनवास पनि पूरा गरे अनि राजा भए।*

**(५) छोटो वाक्यः** छेटो वाक्य भन्नाले सरल वाक्य भन्ने पनि बुझिन्छ तर सरल वाक्यमा झैं छोटा वाक्यमा क्रियापपदको प्रयोग हुनैपर्छ भन्ने छैन। छोटो वाक्य त्यस्ता वाक्यलाई भनिन्छ जुन वाक्यको प्रयोग अध्याहहारको कारणले, सामाजिक सम्प्रेषणमा प्रयुक्त हुँदा वा अभिवादन जनाउँदा,

सम्बोधन, कृतज्ञता ज्ञापन, धन्यवाद तथा कसैको ध्यानाकर्षण गर्दा, उद्गार प्रकट गर्दा प्रयोग गरिन्छ।

**(अ) अध्याहारद्वारा निर्मित छोटा वाक्य-** अध्याहारको अर्थ हुन्छ 'लोप' हुनु। अनेकौं स्थानहरूमा ववक्ताले केही शब्दको पप्रयोग गर्न चाहँदाचाँहदै ती लुप्त भएर जान्छन्। जस्तै-

*प्रश्न- दिनेश! तिमी कहाँ जाँदै छौ?*

*उत्तर- दार्जिलिङ।*

*प्रश्न- त्यहाँबाट कहिले फर्किने?*

*उत्तर- बीस तारिख।*

माथिको संवादमा *दार्जीलिङ*को अर्थ हो- *म दार्जिलिङ जाँदै छु।* बीस तारिखको अर्थ हो- *म त्यहाँबाट बीस तारिख फर्किनेछु।*

**(आ) सामाजिक सम्प्रेषणमा प्रयुक्त छोटा वाक्य-** केही वाक्यहरू यस्ता पनि हुन्छन् जो सामाजिक वव्यवहारमा आफ्नो लघु वा सानो रूपमा नै प्रचलित हुन्छन्। जस्तै- *हुन्छ, हवस, ठिकै छ, सुन्नुहोस् त, सर, तपाईंको कृपाले* आदि।

केही प्रचलित छोटा वाक्य निम्नलिखित छन्-

**(क) अभिवादन शब्द-** *नमस्कार, ढोग* आदि।

**(ख) सम्बोधन शब्द-** *सर, हजुर, ज्यू, जी, ओ* आदि।

**(ग) ध्यानाकर्षण शब्द-** *हेर्नुहोस्, सुन्नुहोस्, हेलो* आदि।

**(घ) कृतज्ञता ज्ञापन, धन्यवाद आदिका शब्द-** *धन्यवाद, कृपया, क्षमा गर्नुहोस्, कष्ट भयो ऋणी छु* आदि।

(ङ) **सहमति/ असहमतिसूचक शब्द-** *हजुर, ठिकै हो, हुन्छ, अवश्य, निश्चय, होइन, हुँदैन, जे हुकुम* आदि।

**(इ) उद्गारात्मक छोटा वाक्य-** वक्ताले आफ्नो उद्गार वा भावावेशहरू व्यक्त गर्नाका निम्ति कैँयौ स्थानहरूमा क्रियापदहरूको लोप गर्छन्। जस्तै-

'*पोखराजका पिता पुष्पजीवी। पिल्पिलाउँदो पिलन्धरे। पुवाँले पगरी, पछ्यौरा र पटुका त्यसको परापूर्वदेखिको पहिरन।*'

प्रश्नवाचक वाक्य, मुहावरा, लोकोक्ति, विज्ञापन आदिमा यस्ता क्रियापदबिनाका वाक्यको प्रयोग देखिन्छ। काव्यमा पनि यस्ता वाक्यको प्रयोग भएको पाइन्छ।

**(६) समानाधिकरणात्मक वाक्यः** एउटै उद्देश्यसित अनेक समानान्तर विधेय वा एउटै विधेयसित अनेक समानान्तर उद्देश्य सम्बद्ध भई बनेको वाक्यलाई समानाधिकरणात्मक वाक्य भनिन्छ। एउटै उद्देश्यसित एकभन्दा अधिक विधेयहरू सम्बन्धित भई बनेको समानाधिकरणात्मक वाक्यको नमुना यस प्रकार छ- *म हावामा बस्ती बसाउँछु, आकास खेती गर्दछु र संसारका न्यूनताहरू पूर्ण गर्न खोज्दछु।* - (देवकोटा)

**(७) समानान्तर वाक्यः** समान संघटनात्मक एकाइहरूको योगले बनेका दुई वा दुईभन्दा अधिक वाकयलाई समानान्तर वाक्य भनिन्छ। जस्तै- *ग्र्याजुएटका निमित्त कृष्णजी पुराना कथाका राजा हुन्छन्। भगवतमा सच्चाइ हुँदैन, व्यास ठग बन्दछन्, पशुपतिनाथ ढुङ्गा हुन्छन्, हेज्लिन चन्दन बन्दछ, गोलभेडा पथ्य बन्दछ, मनुष्य अत्याचारी हुन्छन्, पुराणहरू चलाकी तर्सावट बन्दछन्, स्वर्ग शून्य हन्छ, यमराज गफ बन्दछन् र वेदको सत्यता हराउँछ र पुरुखाहरू मूर्ख बन्दछन्।* - (देवकोटा)

**(८) विपर्य़स्त वाक्यः** नेपाली भाषाको सामान्य व्याकरणिक वाक्य कर्ता + कर्म + क्रियाको क्रमअनुसार बन्दछ। तर कहिलेकाहीँ बोल्ने तथा लेख्नेहरूले आफ्नो भनाइलाई अधिक प्रभावकारी बनाउनका निम्ति यस्तो क्रमको पालन गर्नाको साटो कर्म + कर्ता + क्रिया अथवा क्रिया + कर्म + कर्ता आदि विभिन्न क्रममा पदहरू राखेर वाक्य बनाउँछन्। यसरी सामान्य व्याकरणिक क्रमको उल्लङ्घन गरी वा त्यस क्रमलाई उल्टाएर बनाइएका वाक्यलाई विपर्यस्त वाक्य भनिन्छ। उदाहरण-

सामान्य व्याकरणिक वाक्य- *भाइ हिजो घर गएको थियो।*

विपर्यस्त वाक्य- *(१) भाइ घर गएको थियो हिजो।*

*(२) गएको थियो भाइ हिजो घर।*

*(३) हिजो घर गएको थियो भाइ आदि।*

**(ख) कार्यका आधारमा वाक्यका भेदः** कार्यका आधारमा वाक्यका तीन भेद छन्- (१) प्रश्नार्थक, (२) निश्चयवाचक र (३) विध्यर्थक।

**(१) प्रश्नार्थक वाक्यः** जुन वाक्यमा प्रश्न गरिन्छ अथवा कसैलाई कुनै कुरा सोधिन्छ त्यस्ता वात्यलाई प्रश्नार्थक वाक्य भनिन्छ। जस्तै-

*(१) तिमी कस्तो छौ?*

*(२) के तिमी सँधै पढ्छौ?*

*(३) तिम्रो नाम के हो?*

*(४) राम आज स्कुल किन गएन?*

*(५) तिमी किन उदास छौ?*

**(२) निश्चयवाचक वाक्यः** जुन वाक्यमा निश्चय गरी कुरा गरिएको हुन्छ त्यस्ता वाक्यलाई निश्चयवाचक वाक्य भनिन्छ। जस्तै-

*(१) मो भोलि काकाको घर जान्छु।*

*(२) तिमी यो दबाई खाऊ।*

*(३) सीताको विचार मलाई ठिक लाग्यो।*

*(४) तिमी भित्र आऊ।*

*(५) मलाई भोक लाग्यो।*

**(३) विध्यर्थक वाक्यः** विधि भनेको आज्ञा वा आदेश हो भने विध्यर्थक वाक्य भनेको आज्ञा वा आदेश, इच्छा वा अनुमतिको अर्थ जनाउने वाक्य हो। विध्यर्थक वाक्यका दुई भेद छन्- (१) इच्छार्थक (२) आज्ञार्थक / अनुरोधार्थक।

**(१) इच्छार्थक वाक्य-** जुन वाक्यमा वक्ताको इच्छा, आशा वा आशीर्वा व्यक्त गरिन्छ त्यस्ता वाकयलाई इच्छार्थक वाक्य भनिन्छ। यस्ता वाक्यहरूमा इच्छार्थक क्रियापदको प्रयोग हुन्छ। यस्ता वाक्यमा वक्ताको इच्छा वा चाहनाको अर्थलाई प्रकट गरिएको हुन्छ। जस्तै-

*(१) साथीहरू भित्र आओ।*

*(२) लक्ष्मण, तिमी दीर्घायु होऊ।*

*(३) तपाईंको यात्रा शुभ होस्।*

*(४) भगवानका कृपाले सबै ठिकै होओस्।*

*(५) उनी बजार जाऊन्।*

**(२) आज्ञार्थक/ अनुरोधार्थक वाक्य-** जुन वाक्यमा आज्ञा, निर्देष, प्रार्थना अथवा अनुरोध आदिको भाव प्रकट हुन्छ त्यस्ता वाक्यलाई आज्ञार्थक वा अनुरोधार्थक वाक्य भनिन्छ। जस्तै-

*(१) तपाई आफ्नो काम गर्नुहोस्।*

*(२) तँ चुप लागेर बस्।*

*(३) दया गरी तपाईंको कलम दिनुहोस्।*

*(४) राम तिमी कक्षाबाट बाहिर निस्क।*

*(५) कृपया, यस पत्रको जवाफ चाँडो पठाउनुहोला।*

### 11.3.4.2 वाक्यका अङ्ग

वाक्य बन्नका लागि नभई नहुने तत्त्व नै वाक्यका अङ्ग हुन्। एउटा वाक्य बन्नका निम्ति कम्तीमा पनि एउटा नामपद वा संज्ञा र एउटा क्रियापदको आवश्यकता पर्दछ। उदाहरण-

| *रमेश* | *सुत्यो।* |
|---|---|
| ↓ | ↓ |
| नामपद | क्रियापद |

तर जुनसुकै नामपदसँग जुनसुकै क्रियापद राख्तैमा वाक्य बन्छ त? केही उदाहरण लिएर हेरौँ-

*(क) * रमेश हेरौला।*

*(ख) * सुन्तला चिहाउँछन्।*

*(ग) * छोरो सुती*

*(घ) * पानी ब्युँझेलान्।*

यी माथिका चारैवटा उदाहरणमा एक-एकवटा संज्ञा र एक-एकवटा क्रियापद ता छन्। यति एउटा नामपद र एउटा क्रियापद राख्नैबित्तिकै वाक्य भइहाल्छ भन्ने हो भने यिनलाई वाक्य मान्नुपर्ने हुन्छ। तर यी माथिका पङ्क्तिलाई वाक्य मान्न सकिँदैन। किनभने यीमध्ये कुनै पनि पङ्क्तिबाट ठोस वा स्पष्ट अर्थ बुझिँदैन। त्यसकारण वाक्य हुनका निम्ति खालि नामपद र क्रियापद मात्र भएर मात्र पुग्दैन। त्यस्ता पदहरूमाझ रूप र अर्थका दृष्टिले परस्पर सङ्गति पनि मिल्नुपर्दछ। माथिका मध्ये (क), (ख) र (घ) मा भएका नामपद र क्रियापदमाझ अर्थका दृष्टिले सङ्गति छैन, तर रूपतत्त्वका दृष्टिले सङ्गति छ। यसैकारण यिनलाई यसरी लेखिए, अर्थपूर्ण भएर वाक्य बन्दछन्-

*(ङ)* *नाटक हेरौंला*

*(च)* *केटाहरू चिहाउँछन्।*

*(छ)* *सुतेकाहरू ब्युँझेलान्।*

उसै गरी (ग) मा रहेका नामपद र क्रियापदमाझ अथवा अर्थका दृष्टिले निकटता हुँदाहुँदै पनि रूपतत्त्वका दृष्टिले मेल छैन। त्यसैले गर्दा यो पनि वाक्य हुँदैन। यसमा 'छोरो' पुलिङ्ग, एकवचन अन्यपुरुष संज्ञा शब्द हो भने 'सुती' स्त्रीलिङ्ग, एकवचन, अन्यपुरुष अकर्मक भूतकालबोधक क्रियापद हो। पुरुष वचन आदि अरू कुराका दृष्टिले 'केटो' र 'सुती' माझ मेल हुँदाहुँदै पनि लिङ्गका दृष्टिले मेल नहुनाले यी दुईवटा शब्द मिलेर वाक्य बन्दैन। यिनका ठाउँमा तलका शब्द राखिँदा वाक्य बन्दछ-

*(ज)* *छोरो सुत्यो।*

*(झ)* *छोरी सुती।*

यी माथिका उदाहरणबाट के कुरा प्रष्ट हुन्छ भने वाक्य भनेको सार्थक शब्दहरूको समूह मात्र होइन। रूप र अर्थका दृष्टिले परस्पर मिलेका अनि भनाइको एउ पूर्णता सूचित गर्ने पदहरूको शृङ्खलालाई मात्र वाक्य भनिन्छ। जस्तै-

*(ञ) हामी नाटक हेरौँला।*

*(ट) * हामी नाटक हेरौँला भनेर*

यी दुईवटा पङ्क्तिमध्ये (ट) एउटा पूर्ण वाक्य हो किनभने यसले भनाइको पूर्णता बुझाउँछ र त्यो बुझाउने पूर्णविरामसूचक चिन्ह (।) पनि त्यसमा रहेको छ। तर (ठ) बाट भनाइ अझै बाँकी नै रहेको वा कुरा पूरा भइ नसकेको बुझिन्छ र त्यसको अन्त्यमा पूर्णविरामसूचक चिन्ह पनि छैन। त्यसैकारण यो एउटा अधूरो वाक्य मात्र हो, पूर्ण वाक्य होइन। प्रत्येक वाक्यमा नभई नहुने दुईवटा अङ्ग वा भाग हुन्छन्-

(१) उद्देश्य भाग र (२) विधेय भाग।

**(१) उद्देश्य भागः** उद्देश्य भनेको वाक्यमा रहेको मूल क्रियापदको कर्ता हो। अथवा जुन वस्तुका बारेमा केही भनिन्छ, त्यसलाई उद्देश्य भनिन्छ। अथवा वाक्यमा रहेको मुख्य नामपद अनि त्यससँग सम्बन्धित विशेषण आदि उद्देश्य भागमा पर्छन्। जस्तै-

*(१) <u>म</u> किताब पढ्छु।*
↓
उद्देश्य

*(२) <u>बालक</u> कक्षामा पढ्दै छ।*
↓
उद्देश्य

*(३) ठुलो केटो हिजो आयो।*

*(४) कालो कागले धमिलो पानी खायो।*

माथिका वाक्यमध्ये (३)- मा 'केटो' मुख्य नामपद हो अनि 'ठुलो' चाँहि त्यस नामपद ('केटो')- को विशेषता बुझाउने विशेषण पद हुनाले यी दुवै उद्देश्य भागमा पर्दछन्। उसरी नै 'हिजो आयो'- मा पनि 'आयो' क्रियापद हो भने 'हिजो' चाँहि त्यस क्रियापदको विशेषता बुझाउने क्रियाविशेषण हुनाले यी दुवै विधेय भागमा पर्दछन्।

वाक्यमा कर्ता मुख्य छ भने कर्तृपद नै मुख्य उद्देश्यपद बन्दछ अनि यदि कर्मचाँहि मुख्य छ भने वाक्यमा कर्मपदले उद्देश्यपदको ठाउँ लिएको हुन्छ। उदाहरणार्थः

*(५) मैले भात खाँए।*

*(६) (मद्वारा) भात खाइयो।*

यहाँ (५) मा *मैले* कर्तृपद हो र यही नै उद्देश्यपद पनि हो। *भात*चाँहि कर्मपद हो। कर्तृपदप्रधान वाक्यलाई कर्तृवाच्य वाक्य अनि कर्मपदप्रधान वाक्यलाई कर्मवाच्य वाक्य भनिन्छ।

(६) मा चाँहि *भात* कर्मपद नै मुख्य बनेर बसेको हुनाले त्यही नै उद्देश्यपद हो। (५) मा *भात खाएँ* विधेय छ भने (६) मा *भात* उद्देश्य अनि *खाइयो* क्रियापदचाँहि विधेय हो।

**(२) विधेय भागः** उद्देश्यका बारेमा सूचना दिने पदलाई विधेय भनिन्छ। अथवा जुन पद वा पदसमूहद्वारा उद्देश्यका विषयमा केही भनिन्छ त्यसलाई विधेय भनिन्छ। विधेयको महत्त्वपूर्ण अङ्ग क्रिया हो। जस्तै-

(१) *म* <u>*जान्छु*</u>
↓
विधेय

*(२) ऊ* <u>*आउँछ*</u>*।*
↓
विधेय

यसरी प्रत्येक वाक्यमा दुई भाग उद्देश्य र विधेय हुन्छन्। यिनैलाई वाक्यका आधारभूत अङ्ग भनिन्छ।

## 11.4 उपसंहार

वाक्य भाषाको बहुतम व्याकरणिक एकाइ हो। अर्थ र व्याकरणका दृष्टिले रूपिम भाषाको सबभन्दा सानो एका हो भने वाक्य ठुलो एकाइ हो। वाक्य छोटाभन्दा छोटा अर्थात् एउटा संज्ञा र एउटा क्रियापद मात्रले बनेका हुन सक्छन्, अथवा अनेकौं शब्दको योगले बनेका लामाभन्दा लामा वाक्य पनि हुन सक्छन्। दुई वा दुईभन्दा बढी सार्थक शब्द मिली बेनका उद्देश्य र विधेय भएको अनि पूरा कुरा जनाउने उपवाक्यभन्दा ठूलो स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ। वाक्य भाषाको सबैभन्दा महत्त्वपूर्ण एकाइ हो।

वाक्य उपवाक्यबाट निर्मित यसभन्दा माथिल्लो तहको भाषिक एकाइ हो। वाक्यभित्र एक मात्र वा एकभन्दा बढी उपवाक्यहरू रहन सक्छन्। यस आधारमा वाक्य सरल, संयुक्त, मिश्र, लामो, छोटो, समानाधिकरणात्मक, समान्तर र विपर्यस्त गरी आठ प्रकारका छन्। वाक्यको वर्गीकरण गर्ने यो आधार वाक्य संरचनाको आधार हो। वाक्यको अर्को किसिमको वर्गीकरण अर्थ वा भावका आधारमा हुन सक्छ। यसलाई कार्यको आधार मान्न पनि सकिन्छ। भाव वा अर्थ विभिन्न हुने र तिनको अभिव्यक्ति भाषामा विभिन्न किसिमले हुन सक्ने हुन्छ।

वाक्यभित्र निश्चित क्रममा मिलेर रहेका पदहरूको समूहलाई पदावली भनिन्छ। शब्दभन्दा माथिल्लो र उपवाक्यभन्दा तल्लो भाषिक एकाइ नै पदावली हो। पदावलीको संरचना एउटा पदबाट मात्र अथवा एकभन्दा बढी पदहरूबाट पनि हुन्छ। पदावलीको संरचना एकभन्दा बढी पदहरूबाट भएको

छ भने ती पदहरू जुनसुकै र जथाभावी नभई निश्चित क्रममा मिलेर रहेका हुनुपर्छ। पद वा पदहरूबाट संरचित हुने हुँदा पदलाई नै पदावलीको संरचक घटक भनिन्छ।

उपवाक्य पदावलीभन्दा माथिल्लो र वाक्यभन्दा तल्लो तहको भाषिक एकाइ हो। एउटा उपवाक्यभित्र उद्देश्य र विधेय रहेको हुन्छ। यसैले उपवाक्यलाई उद्देश्य र विधेय भएको व्याकरणिक एकाइ भनेर चिन्न सकिन्छ। विधेय क्रिया भएको र क्रिया नभएको गरी दुई खालको हुन सक्छ। क्रिया भएको विधेय पनि समापक क्रिया भएको र समापक क्रिया नभएको गरी दुई खालको हुनसक्छ। यसैले उपवाक्यको वर्गीकरणमा क्रिया एउटा महत्त्वपूर्ण आधार हो।

भाषा विभिन्न तहका भाषिक एकाइहरूबाट बनेको हुन्छ। भाषामा साना एकाइहरूले क्रमशः ठुला एकाइहरूको ननिर्माण गर्दछन्। ध्वनिबाट वर्ण, वर्णबाट रूप, रूपबाट पद, पदबाट पदावली, पदावलीबाट उपवाक्य र उपवाक्यबाट वाक्य बनिन्छ। वाक्य भाषाको माथिल्लो एकाइ हो, जसले पूर्ण भाव वा विचार व्यक्त गर्छ। वाक्य एक वा एकभन्दा बढी उपवाक्य मिलेर बन्ने हुँदा वाक्य हुन न्यूनतम  दुई पदको आवश्यकता पर्दछ, तर पदहरूको सङ्ग्रह मात्र वाक्य होइन, वाक्यको न्यूनतम संरचनामा एउटा उद्देश्य अनि एउटा विधेय हुनु आवश्यक छ।

## 11.5 सार

यस खण्डबाट हामीले वाक्य र यसका सङ्घटक एकाइहरूबारे धेरथोर कुराहरू जान्न सक्यौं। विशेषतः यी जानकारीहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ-

❖ वाक्य शब्दको व्युत्पत्ति 'वाक्' धातुबाट भएको मानिन्छ। 'वाक्'- को अर्थ बोल्नु हो। वाक्यको अर्थ 'जे बोलिन्छ' त्यही हो। प्राचीन भारतीय वैयाकरण पतञ्जलिले पूर्ण अर्थको प्रतीति गराउन सक्ने समूह-लाई वाक्य भनेका छन्।

❖ अर्थको दृष्टिले परस्पर बाँधिएका शब्दहरूको आफैमा पूर्ण एउटा शृङ्खला विशेष वाक्य हो। वाक्य हुनका लागि थोरेमा एउटा नामपद र एउटा क्रियापद हुनै पर्दछ। कुनै कुरा भनिसकेपछि वा लेखिसकेपछि त्यसबारे जान्नको आकाङ्क्षा पूरा हुनु वाक्यको लक्षण हो। एक-अर्कासँग अर्थको साइनो गाँसिएको एउटा नामपद र एउटा क्रियापद हुँदा मात्र वाक्य हुन्छ र त्यसैले कुनै एउटा निश्चित अर्थ वा भाव दिने काम सम्पन्न गर्दछ।

❖ कुनै पनि वाक्यका दुईवटा मुख्य भागहरू हुन्छन्- उद्देश्य भाग र विधेय भाग। उद्देश्य वाक्यको कर्ता भाग हो अनि विधेय क्रिया भाग हो। दुई वा दुईभन्दा बढी सार्थक शब्द मिली बेनका उद्देश्य र विधेय भएको अनि पूरा कुरा जनाउने उपवाक्यभन्दा ठूलो स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ। वाक्य भाषाको सबैभन्दा महत्त्वपूर्ण एकाइ हो।

❖ वाक्यको निर्माण उपवाक्यबाट हुने हुँदा उपवाक्य नै वाक्यको मुख्य सङ्घट एकाइ हो। तर, उपवाक्य पनि पदावलीबाट र पदावली पदबाट निर्माण हुने हुँदा वाक्यको सङ्घटक एकाइहरूको चर्चा गर्दा वाक्य, उपवाक्यसँगै पदावली र पदको पनि चर्चा हुने गर्दछ।

❖ पद भनेको वाक्यमा प्रयुक्त हुने शब्द हो र आवली त्यस्ता पदहरूको समूह हो। वाक्यभित्र निश्चित क्रममा मिलेर रहेका

Notes

पदहरूको समूहलाई पदावली भनिन्छ। शब्दभन्दा माथिल्लो र उपवाक्यभन्दा तल्लो भाषिक एकाइ नै पदावली हो।

❖ पदावली चार प्रकारका हुन्छन्- नाम पदावली, (२) विशेषण पदावली, क्रियाविशेषण पदावली, क्रिया पदावली।

❖ विशेषगरी मिश्र तथा जटिल वाक्यका अङ्गका रूपमा आउने अधीन वाक्यलाई उपवाक्य भनिन्छ। उपवाक्यको वर्गीकरण संरचना वा क्रियाका आधारमा र पारस्परिक सम्बन्धका आधारमा गरिन्छ।

❖ वाक्यको वर्गीकरणका दुई आधार छन्- (क) बनोटका आधारमा र (ख) कार्यका आधारमा। बनोटका आधारमा वाक्यका भेदः बनोटका आधारमा वाक्यका आठ भेद छन्- (१) सरल, (२) संयुक्त, (३) मिश्र, (४) लामो, (५) छोटो, (६) समानाधिकरणात्मक, (७) समान्तर र (८) विपर्यस्त।

❖ कार्यका आधारमा वाक्यका तीन भेद छन्- (१) प्रश्नार्थक, (२) निश्चयवाचक र (३) विध्यर्थक।

❖ प्रत्येक वाक्यमा नभई नहुने दुईवटा अङ्ग वा भाग हुन्छन्- उद्देश्य भाग र विधेय भाग। उद्देश्य भनेको वाक्यमा रहेको मूल क्रियापदको कर्ता हो। अथवा जुन वस्तुका बारेमा केही भनिन्छ, त्यसलाई उद्देश्य भनिन्छ। उद्देश्यका बारेमा सूचना दिने पदलाई विधेय भनिन्छ। अथवा जुन पद वा पदसमूहद्वारा उद्देश्यका विषयमा केही भनिन्छ त्यसलाई विधेय भनिन्छ।

## 11.6 अनुशीलनी

(१) वाक्य केलाई भनिन्छ? उदाहरणसहित प्रष्ट पार्नुहोस्।

(२) वाक्यको अर्थ र परिभाषा दिँदै यसका अनिवार्य अङ्गहरूबारे चर्चा गर्नुहोस्।

(३) वाक्य कति प्रकारका हुन्छन्? यसका वर्गीकरणका के-के आधार छन्?

(४) वाक्यको सङ्घटक एकाइ के-के हुन्? परिचय दिनुहोस्।

(५) पदावली भनेको के हो? यसको संरचनाबारे चर्चा गर्नुहोस्।

(६) पदावलीलाई केके-का आधारमा वर्गीकरण गर्न सकिन्छ? उदाहरण दिएर बताउनुहोस्।

(७) उपवाक्य केलाई भनिन्छ? स्पष्ट पार्नुहोस्।

(८) उपवाक्य कति प्रकारका हुन्छन्? वाक्य र उपवाक्यमा के भिन्नता छ।

(९) सरल, संयुक्त र मिश्र वाक्य केलाई भनिन्छ? प्रत्येकका उदाहरण दिएर चिनाउनुहोस्।

(१०) नाम उपवाक्य, विशेषण उपवाक्य र क्रियाविशेषण उपवाक्य कुन उपवाक्यका वर्गभित्र आउँछन्? प्रत्येकका परिभाषासहित उदाहरण दिनुहोस्।

## 11.7 अतिरिक्त अध्ययन


१. बन्धु, चूडामणि- भाषाविज्ञान

२. न्यौपाने, टङ्कप्रसाद- भाषाविज्ञानको रूपरेखा

३. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र- आधुनिक भाषाविज्ञान

४. नेपाल, घनश्याम, लामा कविता- उच्च माध्यमिक नेपाली व्याकरण र रचना

५. नेपाल, घनश्याम, पराजुली, पुष्कर- माध्यमिक नेपाली व्याकरण र रचना

६. बन्धु, चुडामणि- वाक्य व्याकरणका वर्तमान प्रवृत्ति र नेपाली व्याकरण

७. न्यापाने, टङ्कप्रसाद-नेपाली भाषामा वाक्य परिवर्तन

## 11.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. क्रिया पदावली र क्रियाविशेषण पदावली ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ११.४.२ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. समापक उपवाक्य र असमापक उपवाक्यमाझको भिन्नता स्पष्ट पार्नुहोस्।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ११.४.३ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. पदावलीको शीर्ष, विशेषक र पूरक भन्नाले के बुझिन्छ ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ११.४.२ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. समानाधिकरणात्मक र समानान्तर वाक्य।

...............................................................................

...............................................................................

...............................................................................

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ११.४.४ खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

१०. प्रश्नार्थक र विध्यर्थक वाक्यमा के अन्तर छ लेख्नुहोस्।

...............................................................................

...............................................................................

...............................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ११.४.४ खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# UNIT-12 नेपाली क्रियापद र क्रियाइतर शब्दको रूपतात्त्विक अध्ययन

□ □ □ □ □ □

12.0 **उद्देश्य**

12.1 **परिचय**

12.2 **क्रियापदको अर्थ र परिभाषा**

12.3 **नेपाली क्रियापदको रूपतात्त्विक अध्ययन**

12.3.1 क्रियापदका प्रकार

12.3.2 क्रियाको रूपतात्त्विक अध्ययन

**12.3.2.1 रूपायन**

12.4 **रूपको अर्थ र परिभाषा**

12.4.1 **रूप र संरूप**

12.5 **रूपविज्ञानको इतिहास**

12.5.1 रूपहरूको निर्धारण

12.5.2 रूपका प्रकार

12.5.3 रूपमा वर्ण र अर्थको सम्बन्धःव्यक्त रूप,रिक्त रूप,सम्पृक्त रूप र शून्य रूप

12.6 **नेपाली क्रियाइतर शब्दको रूपतात्त्विक अध्ययन**

12.7 **उपसंहार**

12.8 **सार**

12.9 **अनुशीलनी**

12.10 **अतिरिक्त अध्ययन**

12.11 **मूल्यबृद्धिको निम्ति उत्तर**

## 12.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- क्रियापद सामान्य परिचय
- क्रियापदको अर्थ र परिभाषा
- क्रियापदको प्रकार
- कालको परिचय र प्रकार
- पक्षको परिचय र प्रकार
- भावको परिचय र प्रकार
- क्रियापदको रूपतात्त्विक अध्ययन
- व्याकरणिक कोटीका आधारमा क्रियापदको रूपायन
- रूपको सामान्य परिचय
- रूपको अर्थ र परिभाषा
- रूपको प्रकार
- रूपविज्ञानको परिचय
- रूपविज्ञानको इतिहास
- रूपहरूको निर्धारण
- क्रियाइतर शब्को रूपतात्त्विक अध्ययन

## 12.1 परिचय

व्याकरणिक प्रकार्यको दृष्टिले लिङ्ग, वचन, काल र पुरुषद्वरा रूपायित हुने पद **क्रियापद** हुन्। क्रिया सङ्केत गर्ने वा व्यापार बुझाउने पद हो। क्रियाले कसैबाट केही काम हुनु वा गर्नुलाई बुझाउँछ। अर्थात् जुन पदद्वारा कुनै काम भएको वा हुने बुझिन्छ। त्यसलाई क्रियापद भनिन्छ। जस्तै-

(क) म घर **जान्छु**।

Notes

(ख) सीता गीत **गाउँछे।**

(ग) राम फुटबल **खेलिरहेको छ**।

माथिका उदाहरणमा **जान्छ, गाउँछे, खेलिरहेको छ** पदले कुनै कार्य भएको वा भइरहेको बुझाउँछन्। ती ठूला अक्षरमा छापिएका पद क्रियापद हुन्। किनभने **जान्छ** पदले **घर जाने**, **गाउँछे** पदले **गाउने काम** तथा **खेलिरहेको छ** पदले **खेल्ने स्थिति** बुझाउँछ।

क्रिया वाक्यका निम्ति अति खाँचो पर्ने अङ्ग हो। यसको अभावमा वाक्यको रचना अपूर्ण हुन्छ। क्रियाबिना वाक्यको रचना हुन सम्भव पनि छैन। प्रत्येक वाक्यमा क्रियाको उपस्थिति अति आवश्यक छ।

घटना, कार्यव्यापार, स्थिति वा आस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ। वाक्यमा क्रियाले विभिन्न महत्त्वपूर्ण कार्य गर्छ। नेपाली भाषामा यसले निमम्नलिखित कार्यहरूको गरेको पाइन्छः

(१) वाक्यमा यसले घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउने कार्य गर्छ, जस्तै-

*ऊ भीरबाट लडेछ।* (लडेछ – घटना)

*मैले सर्प मारें।* (मारें – कार्यव्यापार)

*हरि खाटमा निदाएछ।* (निदाएछ – स्थिति)

*त्यो केटो दुब्लायो।* (दुब्लायो – अवस्था)

(२) यसले कर्ता, कर्म आदिबारे केही भन्ने (विधान गर्ने) कार्य गर्छ, जस्तै-

| **वाक्य** | **क्रिया** | **विधान** | **बारेमा** |
|---|---|---|---|
| *राम जान्छ* | *जान्छ* | *जानु* | *राम (कर्ता)* |
| *मैले भात खाएँ* | *खाएँ* | *खानु* | *मैले (कर्ता), भात (कर्म)* |
| *लट्ठीले कुट* | *कुट* | *कुट्नु* | *लट्ठीले (करण)* |

*माग्नेलाई देऊ* *देऊ* *दिनु* *माग्नेलाई (सम्प्रदान)*

*खल्तीबाट खसेछ* *खसेछ* *खस्नु* *खल्तीबाट (अपादान)*

*हरिको घर छ* *छ* *हुनु* *हरिको (सम्बन्ध), घर (कर्ता)*

*बाकसमा राख* *राख* *राख्नु* *बाकसमा (अधिकरण)*

(३) यसले विधेय वा त्यसको एउटा भागका रूपमा कार्य गर्छ, जस्तै-

| **वाक्य** | **विधेय** |
|---|---|
| *हरिको कान्छो भाइ आयो* | *आयो* |
| *घोडा बेसरी दौड्यो* | *बेसरी दौड्यो* |
| *श्याम साना कीरा सजिलै समाउँछ* | *साना कीरा सजिलै समाउँछ* |

(४) यसले लिङ्ग, वचन आदि अधिकांश व्याकरणात्मक कोटिहरूमा रूपायित भई कार्य गर्छ, जस्तै-

*जान्छ, जान्छे, जान्छन्, गयो, जानेछ, गइन्छ, जा, जाऊ, गएस्, जान्थ्यो, जाँदैछ, गएको छ, जाँदैन* आदि।

(५) यसले वाक्य टुङ्ग्याउने कार्य गर्छ, जस्तै-

माथिका सबै वाक्यमा आएका समापिका क्रियाले यो कार्य गरेका छन्। क्रियाको मूल वा आधार तत्त्व धातु हो। धातुमा रूपायक प्रत्यय लागेर क्रिया बन्दछ।

अङ्ग्रेजीमा प्रयोग गरिने Morphology शब्द Morph 'रूप' र Logy 'अध्ययन' बाट बनेको हो। यो जीवविज्ञानबाट भाषाविज्ञानमा आयातीत शब्द हो। जीवविज्ञानमा यस शब्दको प्रयोग बोटबिरूवा र जनावरका संरचनाका एकाइहरूको अध्ययनका निम्ति हुन्थ्यो। यसैअनुसैर भाषाविज्ञाननमा पनि शब्दका टुक्राहरूका अध्ययनका लागि यस शब्दको

प्रयोग गरिएको हो। यस शब्दका पर्यायका रूपमा नेपालीमा रूपव्यवस्था वा रूपविज्ञान शब्दको प्रयोग गरिन्छ।

भाषाको पहिलो र न्यूनतम एकाइ स्वनिम हो तर स्वनिम आफै एक्लैले कुनै अर्थ प्रकट गर्दैन। नेपालीमा /र्, आ, म्/ तीन स्वनिम छन्; यिनीहरूको स्वतन्त्र रूपमा कुनै अर्थ छैन, /र्/ ले केही बुझाउँदैन। यस्तै /आ, म्, र्/ ध्वनिहरू पनि /आम्र्/ क्रमशः आउँदा पनि केही बुँझिदैन। जब यी तीन स्वनिमहरू /र्, आ, म्/ क्रममा आउँछन् तब ती सबैका यस निश्चित क्रमबाट एउटा अभिव्यक्ति हुन्छ। यसैले भाषामा कुनै उच्चारणमा स्वनिमहरू निश्चित क्रममा आएपछि तिनीहरूबाट अर्थ प्रकाशन र बोध हुनन्छ। यस्ता अर्थबोधक स्वनिमिक आकार नै सामान्यतया रूपिम हुन्।

कुनै उच्चारमा स्वनिममिक आकार र त्यसको अर्थ हुन्छ र त्यो अर्थ अनिश्चित र अस्थिर हुन्छ। 'राम हरि कुट्' उच्चारणमा तीन एकाइ छन्- राम्, हरि, कुट्।

यी तीनै एकाइको सामान्य अर्थचाँहि छ तर यिनीहरू वाक्यमा नआई आफ्नो निश्चित अर्थ बुझाउन सक्दैनन्, "राम" र "हरि" दुवै अर्थवान् भएपनि र "कुट्" ले प्रहार सम्बन्धी एउटा अर्थ बुझाए पनि त्यहाँ कुनै काम कसले गर्ने , काम भइसकेको हो वा होइन – निश्चय भएन। यस अवस्थामा जब "ले, लाई, य्, ओ" आफ्ना आफ्ना स्थानमा देखा पर्छन् तब "रामले हरिलाई कुट्यो" यस्तो वाक्य तयार हुन्छ। यस्ता "रामले हरिलाई कुट्यो" यी तीन एकाइ हुन् जसभित्र अर्थ र सम्बन्धतत्त्व दुवै छन्। यस अवस्थासम्म आइनपुगेका "राम, हरि" शब्द हुन् किनभने यिनीहरू अपेक्षाकृत रूपमा अर्थबोधक दोस्रा चरणमा छन्। यिनीहरूका अनिश्चित अर्थ र स्वनिमिक आकार पनि छन्, त्यसैले यी रूपम (Morpheme) हुन्। अर्को उदाहरण हेरौः

*मलाई दुधालु गाईले धेरै दुध दियो।*

यस वाक्यमा "मलाई" एउटा पद हो, यसममा अर्थतत्त्व - "म" र सम्बन्धतत्त्व "लाई" छ। यीमध्ये "म" चाँहि शब्द हो जुन कोशिय हुन्छ, शब्दकोशमा प्रविष्ट हुन्छ। यो सार्थक एकाइ पनि हो किनभने यसमा सामान्यतया प्रथमपुरुषवाचक सर्वनामिकता अर्थ छ र /म्अ/ स्वनिमिक आकार पनि छ। यस्तै "दुधालु" मा दुध दिने भन्ने अर्थ छ र यहाँ यसले गाईको विशेषता बुझाएको छ, यो यसै रूपमा शब्दकोशमा रहन्छ र दुध पनि शब्दकोशमा आउँछ। यसरी दुध र दुधालु दुई एकाइ भए तर "आलु" चाँहि एउटा। यो अर्थको स्वतन्त्र एकाइ भएन तर विशेषण बुझाउने एकाइ चाँहि भयो भने "गाईले" मा "गाई" शब्दकोशीय छ, "ले" चाँहि कर्ता कारक बुझाउन अर्थात् सम्बन्धबोधक भएर आएको छ। यस प्रकार कोशिय "गाई" र सम्बन्धबोधक "ले" मिलेर एउटा अर्को एकाइ भएको छ। यसप्रकार के स्पष्ट हुन्छ भने वाक्य एक कथन हो, यसमा अर्थबोधक र सम्बन्धबोधक तत्त्वहरू वा दुवैका मिस्रित रूप एक एक एकाइ हुनछन्। यस्ता एकाइहरू के हुन्? कस्ता ? तिनीहरूले के काम गर्छन्? इत्यादि कुराहरूको अध्ययन गर्ने विज्ञानलाई सामान्यतया रूपव्यवस्था (Morphology) वा रूपविज्ञान भनिन्छ। यसरी रूपवव्यवस्था वा रूपविज्ञानमा रूप रचनना सम्बन्धी अध्ययन हुन्छ।

वाक्यलाई आधार मानेर त्यसलाई पद, शब्द, रूपमा विभाजित गर्ने प्रयास सुरु भयो र यो प्रयास सर्वप्रथम संस्कृत बाषाचिन्तनकै परिणाम हो। संस्कृतमा अर्थबोधक अर्थात् भावका प्रतिरूप र विषयानुभूतिका तत्त्वलाई अर्थतत्त्व रूपमा र अरू अर्थबोधक रूपलाई उपसर्ग, प्रत्ययका रूपमा स्थापित गरियो। यसअनुसार अर्थतत्त्वअन्तर्गत धातु र प्रातिपदिक तथा सम्बन्धतत्त्वअन्तर्गत अरू एकाइ लिइएका थिए। पश्चिमी भाषाविज्ञानका

इतिहासमा लगभग २० औं शताब्दीसम्म पनि रूप वस्तुतः के हो? थाहा थिएन। जब संस्कृत भाषाशास्त्रको ज्ञान पश्चिमी विद्वानहरूलाई भयो तबमात्र त्यहाण Morph लाई एउटा छुट्टै एकाइका रूपमा समाविष्ट पारियो। यसरी आधुनिक भाषाविज्ञानमा Morph, Morpheme वा रूप, रूपिम पाणिनिको योगदान मानिन्छ। यसलाई रबिन्सले यसरी स्पष्ट पारेका छन्-

*Recognition of the status of the morpheme in linguistic analysis was one of the achievement of the Indian linguists of whom Panini is the most famous and this is the one of the debts western linguistic scholarship owes to Indian work which became known in Europe during the course of nineteenth century.*

यसरी रूपिमका स्थापनापछि अब वाक्यको एकाइ शब्द हो वा शब्दहरूको समूह वाक्य हो भन्ने धारणामा परिवर्तन भयो। अब वाक्यको न्यूतम एकाइ शब्द भएन। यदि शब्दलाई नै वाक्यको न्यूनतम एकाइ मान्ने हो भने उपसर्ग – प्रत्ययहरूलाई कुन एकाइ मान्ने ? अर्को समस्या उपस्थित हुन्थ्यो। प्रत्यय र उपसर्गहरू स्वतः अर्थवान् देखिँदैनन् तर अर्को एकाइसँग गाँसिएपछि तिनीहरूको अर्थ खुल्छ। शब्द आफै पनि टुक्रिन सक्छ। यसैले रूप वाक्यको एक न्यूनतम सार्थक एकाइका रूपमा स्वीकृत भयो। यस्ता रूपहरूको अध्ययन वितरणात्मक, ऐतिहासिक र तुलनात्मक आधारमा रूपविज्ञान गर्दछ।

## 12.2 क्रियापदको अर्थ र परिभाषा

कुनै काम हुने वा भएको अर्थ दिने विकारी शब्द क्रिया हो। साधारणतः नेपाली भाषामा वाक्यको अन्तमा आउने र वाक्य टुङ्ग्याउने शब्द क्रियापद हो। क्रियापदद्वारा कुनै घटनाको विवरण, कार्यव्यापार, कार्यको अवस्था तथा कार्यको स्थितिको बोध हुँदछ। धातुमा 'नु' प्रत्यय लागेर क्रियाको नामिक पद बन्दछ। तर यस्ता नामिक रूपको प्रयोगले मात्र वाक्यको समापन

हुँदैन। यसकारण धातुमा प्रयोजनअनुसार प्रत्यय लगाएर क्रियापदका प्रायोगिक रूप बनाइन्छ। उदाहरणः

धातु + प्रत्यय = क्रियापद

खानु, हिड्नु, बस्नु, जानु, उठ्नु, पढ्नु, सुत्नु, सिक्नु इत्यादि क्रियाको नामिक रूपहरू हुन्। यस्ता रूपलाई क्रियार्थक नाम वा नामिक क्रिया भनिन्छ। तर यिनै रूप बनिने धातुबाट वाक्यमा काम समापन भएको अर्थबोध हुने गरी प्रयोग हुने खान्छ, खायो, हिड्छ, हिड्यो, बस्छ, बस्यो, जान्छ, गयो, उठ्छ, उठ्यो, पढ्छु, पढ्यो, सुत्छ, सुत्यो, सिक्छ, सिक्यो इत्यादि रूपहरू भने क्रियापद हुन्।

१. *तिमी स्कूल जान्छौ।*

२. *हिउँ पग्लियो।*

३. *टेबलमा किताब छन्।*

४. *हरिले भाइलाई पिट्यो।*

माथिका वाक्यहरूमध्ये १ मा स्कूल जानु भन्ने कार्यव्यापार बुझिन्छ, २ मा हिउँ पग्लिनु भन्ने कार्यको अवस्था बुझिन्छ, ३ मा टेबलमा किताब हुनु भन्ने कार्यको स्थिति बुझिन्छ अनि वाक्य ४ मा हरिले भाइलाई पिट्नु भन्ने घटनाको विवरण बुझिन्छ। यसैले जान्छु, पग्लियो, छ, पिट्दैछ जस्ता क्रियापदले क्रमशः कार्यव्यापार, कार्यावस्था, कार्यस्थिति तथा घटनावृत्ति बोध गराउँछन्। क्रियापदहरू लिङ्ग, वचन, कारक, पुरुष, वाक्य, क्रियाका काल र पक्ष जस्ता व्याकरणिक कोटिहरूद्वारा रूपायित हुँदछन्। अर्थात् एउटा रूपबाट अर्को रूप पाउँदछन्। यसैले व्याकरणिक कोटीका आधारमा रूपायित भई घटना विवरण, कार्यव्यापार, कार्यस्थिति अनि कार्यावस्था बोध गराउने विकारी शब्दलाई क्रियापद भनिन्छ। अथवा वाक्यमा कुनै काम हुने वा भएको बुझाउने शब्दलाई

क्रियापद भनिन्छ। धातुमा प्रत्यय लागेको त्यस्तो शब्द जसले वाक्यको विधेय खण्डको मुख्य घटक तत्त्वको रूपमा आफ्नो कार्य सम्पन्न गर्छ, त्यो क्रियापद हो।

**धातु र कृदन्ती शब्द**

धातु भनेको क्रियाको मूल रूप हो। व्याकरणिक कोटीद्वारा रूपायित हुने जुनसुकै क्रियापदको मूलमा धातु रहेको हुन्छ। क्रियापद बानिँदा धातुमा जुन प्रत्यय लाग्छ त्यसलाई तिङ वा आख्यात प्रत्यय भनिन्छ। क्रियापद विकारी शब्द हो। धातुमा प्रत्यय लागेको सबै पदहरू क्रियापद नहुन पनि सक्छन्। ती क्रियार्थक नाम हुन सक्छन्। नभए अन्य कृदन्ती शब्द हुन्छन्। घातुमा प्रत्यय लागेर बनेको केही क्रियार्थक नाम अनि क्रियापदहरू तल दिइन्छन्-

| **धातु** | **प्रत्यय** | **क्रियार्थक नाम** |
|---|---|---|
| *पढ्* | *नु* | *पढ्नु* |
| *हेर्* | *नु* | *हेर्नु* |
| *खा* | *नु* | *खानु* |
| *जा* | *नु* | *जानु* |
| *गर्* | *नु* | *गर्नु* |
| *थाल्* | *नु* | *थाल्नु* |
| *माग्* | *नु* | *माग्नु* |
| *उठ्* | *नु* | *उठ्नु* इत्यादि। |

| **धातु** | **प्रत्यय** | **क्रियापद** |
|---|---|---|
| *मर्* | *छ* | *मर्छ* |
| *छान्* | *यो* | *छान्यो* |
| *हान्* | *ए* | *हाने* |

| | | |
|---|---|---|
| *नाच्* | *इन्* | *नाचिन्* |
| *खा* | *ई* | *खाई* |
| *गर* | *ई* | *गरी* |
| *हार* | *एँ* | *हारें* |
| *किन्* | *छौ* | *किन्छौ* इत्यादि। |

धातुमा नु प्रत्यय लाग्दा सामान्य क्रिया वा क्रियार्थक नाम बन्दछन्। क्रियापदका रूपमा रूपायित हुनका लागि धातुमा छ, यो, छिन्, छन्, ए, एँ, ई, इन्, यौ, छौ जस्ता। प्रत्यय लगाउने चलन नेपाली भाषामा छ। नु वा न प्रत्यय लागेको क्रियार्थक नामलाई वाक्यमा प्रयोग गरी हेरौँ-

१. *हिड्नु स्वास्थ्यको लागि राम्रो हो।*

२. *दुख्न केही कम भयो कि।*

३. *हाँस्नु पनि चिकित्साको एउटा उपाय हो।*

४. *झुठो बोल्न विद्यार्थीलाई सुहाउँदैन।*

क्रियार्थक नामले वाक्य टुङ्ग्याउने काम गर्दैन भने क्रियापदले वाक्य टुङ्ग्याउने काम गर्दछ। लिङ्ग, वचन, कारक, पुरुष, क्रियाका काल र पक्ष, वाच्य जस्ता व्याकरणिक कोटीका आधारमा रूपायित हुने विकारी शब्द क्रियापद हो। तर क्रियार्थक नाम यस्ता कोटीका आधारमा रूपायित हुँदैनन्।

## 12.3 क्रियापदको रूपतात्त्विक अध्ययन

क्रियाको रूपतात्त्विक अध्ययनबारे चर्चा गर्नुभन्दा अघि क्रियाका प्रकारबारे चर्चा गरिन्छः

## 12.3.1 क्रियापदका प्रकार

विभिन्न आधारमा क्रियापदका विभिन्न भेद हुन्छन्। नेपाली व्याकरणमा मुख्यतः कर्मका आधारमा, सम्बन्धको प्रधानताका आधारमा, वाक्यार्थ समापनका आधारमा अनि रचनागत आधारमा क्रियापदका भेद निर्धारण गरिएको छ।

१. **कर्मका आधारमा क्रियापदका प्रकार-** क्रियापदलाई वर्गीकरण गर्ने आधार धेरै छन् तापनि यसलाई वर्गीकरण गर्ने प्रमुख आधार भने वाक्यरचनामा लिने आधारभूत पदहरूको सङ्ख्या नै हो। यो वर्गीकरण क्रियामा कर्मको अपेक्षा रहनु वा नरहनुका आधारमा गरिने किसिमको भेद हो। कर्म लिने र नलिने कुराका आधारमा क्रियापद दुई प्रकारका हुन्छन्- (१) **अकर्मक** र (२) **सकर्मक**।

१. **अकर्मक क्रिया-** वाक्यमा जुन क्रियालाई कर्मको आनश्यकता पर्दैन त्यसलाई अकर्मक क्रिया भनिन्छ। यस्ता क्रियापदसित कर्ता मात्र आउँछ, कर्म आउँदैन। अर्थात् अकर्मक क्रियामा मूल विषय नै कर्ता रहन्छ। जस्तै-

*(१) राम हाँस्यो।*

*(२) दाजु आए।*

*(३) माटो झऱ्यो।*

माथिका वाक्यहरूमा हाँस्यो आए झऱ्यो क्रियामा कर्मको आवश्यकता छैन। को हाँस्यो भनी प्रश्न गर्दा राम हाँस्यो मात्र उत्तर हुन्छ। यो सोझै आफ्नो कर्तासित मात्र सम्बन्धित छ। हाँस्नुको आधार नै राम हो। अकर्मक क्रियाबाट बनेको वाक्यमा साघारण भूतकालमा कर्तासित ले आउँदैन। उदाहरणार्थ-

*(१) रमेश घर गयो।*

*(२) सीता आई।*

तर शारीरिक विकार बुझाउने अकर्मक क्रियापदसित सामान्य भूतकालको कर्तामा पनि ले लाग्दछ। जस्तै-

*(१) दाजुले खोक्यो।*

*(२) मैले थुकेँ।*

नेपालीका केही अकर्मक क्रियाका धातुहरू यस प्रकार छन्-

*उड्, खोक्, चल्, जा, झर्, थुक्, दौड्, फाट्, बढ्, बग्, बन्, मर्, लड्, सुत्, लुक्, रु, हाँस्, बस्* आदि।

**२. सकर्मक क्रिया-** वाक्यमा जुन क्रियाको प्रयोगमा कर्ताका साथै कर्मको पनि खाँचो पर्दछ त्यसलाई सकर्मक क्रिया भनिन्छ। यस्ता क्रियापदबाट बनेका वाक्यमा को? के कसले कसलाई भनी प्रश्न गर्दा दुईवटा प्रश्नको उत्तर आउँछ। जस्तै-

| वाक्य | को के कसले | को के कसलाई |
|---|---|---|
| *भाइले मिठाई ल्यायो।* | *भाइले* | *मिठाई* |
| *मैले साथीलाई बोलाएँ।* | *मैले* | *साथीलाई* |
| *तिम्रो पुस्तक छ* | *तिम्रो* | *पुस्तक।* |

सकर्मक क्रियापदले सामान्य भूतकालमा कर्ता कारकको चिह्न ले अनिवार्य रूपमा लिन्छ। उदाहरणार्थ-

*उसले फूल किन्यो।*

*आमाले मलाई माया गरिन्।*

*भाइले स्कूल जान्न भन्यो।*

नेपालीको केही सकर्मक क्रियाका धातु यसप्रकार छन्- उन्, ओढ्, कस्, खिच्, खा, गाउ, पढ्, बुन्, बोलाउ, हेर आदि। सकर्मक क्रियापदलाई एककर्मक क्रियापद पनि भनिन्छ। वास्तवमा सकर्मकमा एउटा मात्र कर्म लिने एककर्मक हो भने दुईवटा कर्म लिनेलाई द्विकर्मक क्रियापद भनिन्छ। वाक्यमा कबिलेकाहीँ द्विकर्मक क्रियापद पनि आउँछन्। वाक्य पूरा हुनका निम्ति कर्ताबाहेक दुईवटा कर्मपदको खाँचो पर्ने क्रियापदलाई नै द्विकर्मक क्रियापद भनिन्छ। जस्तै-

**वाक्य** **को के कसले** **को के**

**कसलाई**

*मैले उसलाई पुस्तक बेचेँ।* *मैले* *उसलाई*

*पुस्तक*

*हरिले मायालाई कलम दियो।* *हरिले*

*मायालाई कलम*

द्विकर्मक क्रियापदपछि आउने दुई कर्ममध्ये पहिलो कर्म गौण हुन्छ भने दोस्रो कर्म मुख्य हुन्छ, साथै गौण कर्मले ली विभक्ति लिन्छ तर मुख्य कर्मले लिँदैन। नेपालीका केही द्विकर्मक क्रियाप्रातिपदिक अर्थात् धातु यसप्रकार छन्- दि, हेच्, तिर्, ठग्, बाँड्, भन्, सोध् आदि।

कतिपय वैयाकरणहरूले क्रियाका चार भेद बताएका छन्- (क) अकर्मक, (ख) सकर्मक, (ग) द्विकर्मक, (घ) पूरकापेक्षी।

हामीले माथि क्रियाका तीन भेद (क) अकर्मक,(ख) सकर्मक र (ग) द्विकर्मकबारे चर्चा गरिसकेका छौँ। यहाँ पूरकापेक्षी क्रियापद भनेको के हो त्यसबारे चर्चा गर्नेछौँ।

**(घ) पूरकापेक्षी क्रिया**- अकर्मक र सकर्मक क्रियापदले वाक्य पूरा गर्न कर्ता र कर्मका अतिरिक्त अर्को पदको पनि अपेक्षा गर्दछ भने त्यसलाई

**पूरकापेक्षी क्रियापद** भनिन्छ। यस्ता क्रियापद अर्थका दृष्टिले अपूर्ण हुन्छन्। पूरकापेक्षी क्रियापद अकर्मक छ भने वाक्य पूरा गर्न कर्तृ-पूरक आउँछ र सकर्मक छ भने कर्म-पूरक आउँछ। यसरी अर्थ पूरा गर्ने क्रिया पूर्ण क्रिया हो भने अर्थ पूरा नगर्ने क्रिया अपूर्ण वा पूरकापेक्षी क्रिया हो।

**कर्तृपूरक-** *श्याम नेता भएछ।*

**कर्मपूरक-** *सभासदले हरिलाई सचिव चुने।*

वाक्यमा आउने पदसङ्ख्याका दृष्टिले कर्तृपूरक क्रिया एककर्मकसमान हुन्छन् भने कर्मपूरक क्रिया द्विकर्मक समान हुन्छन्। तर कर्म र पूरकको स्वभाव एकाअर्कामा मिल्दैन। अर्थात् कर्मले छुट्टै वस्तुको बोध गराउँछ भने पूरकले कर्ता वा कर्मको विशेषता मात्र जनाउँछ। माथि दिइएका वाक्यमा पनि श्याम र नेता अनि हरि र सचिव दुई अलग वस्तु होइनन्। नेपालीका केही पूरकापेक्षी क्रिया-प्रातिपदिक (धातु) यसप्रकार छन्- छ, हु, चुन्, छान्, मान्, तुल्याउ, देख् आदि।

**रचनाका दृष्टिले क्रियापदका भेद-** रचनाका दृष्टिले क्रिया दुई किसिमका हुन्छन्- (१) **सरल क्रिया** र (२) **संयुक्त क्रिया**।

**१. सरल क्रिया-** धातुमा लिङ्ग, वचन, पुरुष आदि बुझाउने रूपायक प्रत्यय गाँसिएर बनेका क्रियालाई **सरल क्रिया** भनिन्छ। जस्तै- म घर **जान्छु**।

यस वाक्यमा **जान्छु** एउटै क्रियापद **जा** धातुमा छु प्रत्यय जोडिएर बनेको छ। त्यसैले त्यो सरल क्रिया हो, किनभने सरल क्रियामा एउटा मात्र धातु हुन्छ। सामान्यतया सामान्य भूतकाल, इच्छार्थ र आज्ञार्थ बुझाउने क्रियापदहरू सरल क्रियापदभित्र पर्दछन्।

**२. संयुक्त क्रिया-** यो क्रियाचाहिँ मूल र सहायक क्रिया मिलेर बनेको हुन्छ। अर्थात् एकभन्दा बढी क्रियाहरू मिलेर एउटा मात्र क्रियाको अर्थ दिने वा

एउटै क्रियाको काम गर्ने क्रियापदलाई **संयुक्त** वा **मिलित क्रिया** भनिन्छ। जस्तै- रामले यो पुस्तक **हेरिसक्यो**।

यस वाक्यमा हेरिसक्यो संयुक्त क्रिया हो, किनभने यो क्रियापद हेर्नु र सक्नु गरी दुई क्रियाको योगबाट बनेको छ। संयुक्त क्रियामा दुई वा दुईभन्दा बढी धातुबाट निर्मित क्रियाहरू एउटै अर्थमा प्रयुक्त भएर आएका हुन्छन्। यस्ता संयुक्त वा मिलित सहायक बनी आउन सक्ने प्रमुख क्रियाहरू यसप्रकार छन्- हुनु, पर्नि, सक्नु, रहनु, थाल्नु, हाल्नु, दिनु, राख्नु, हेर्नु, गर्नु, आउनु, पाउनु, खोज्नु, चाहनु, बस्नु आदि। उदाहरणार्थ-

*(१) हिजो म तिमीसित हुनुपर्थ्यो तर कतिपय कारणवश हुनसकिनँ।*

*(२) तिमीले यो काम चाँडो थाल्नुपर्छ।*

*(३) उसले यस वर्ष पनि परिक्षा दिनुपर्छ।*

*(४) तपाईं यहाँ बस्नुहोस्।*

*(५) रामलाई नक्सा हेर्नदेऊ, आदि।*

**अर्थका आधारमा क्रियीपदका भेद-** वाक्यमा कर्तासँग सम्बन्ध र अर्थको प्रधानताका आधारमा क्रियापदको वर्गीकरण गर्ने गरिन्छ। अर्थका आधारमा क्रिया दुई प्रकारका हुन्छन्- (१) **मूल** (२) **सहायक**।

**१. मूल क्रिया-** कर्ता वा कर्मका मूल कार्य बुझाउने क्रियालाई **मूल क्रिया** भनिन्छ। मूल क्रिया कार्य र आर्थका दृष्टिले मुख्य हुन्छ। यो समापिका र आसमापिका दुवै हुन सक्छ। संयुक्त क्रियामा सबै क्रियाहरू मूल क्रियाका रूपमा आउन सक्छन्। जस्तै- दाजु अफिस **जान्छन्** होला। यस वाक्यमा **जान्छन्** क्रियापद मुख्य हो।

**२. सहायक क्रिया-** सहायक क्रिया अर्थका दृष्टिले प्रधान नभई मूल क्रियालाई नै सघाउन आएको हुन्छ। प्रत्येक संयुक्त क्रियामा मूल क्रिया रूपायित नभएर सहायक क्रिया नै रूपायित भई सक्रिय हुन्छ। सहायक

क्रियाको रूपमा आउने क्रियाहरू यसप्रकार छन्- हेर्नु, आउनु, गर्नु, दिनु, राख्नु, पाउनु, हाल्नु, थाल्नु, लिनु, लक्नु, रहनु, हुनु, पर्नु, जानु, नसक्नु, मिल्नु, छाड्नु, लाग्नु, चाहनु आदि। संयुक्त क्रियामा सबै क्रियाहरू सहायक क्रियाका रूपमा आफन सक्दैनन्। जस्तै-

*(१) उहाँ आफ्नी पत्नीलाई साह्रै माया **गर्नुहुन्छ**।*

*(२) माया गर्ने मान्छेले त्याग गर्न पनि **सक्नुपर्छ**।*

*(३) तिमीबाट मैले रहल पैसा **पाउनुपर्छ**।*

*(४) महारजले त्यस गरिब मान्छेमाथि दया **गर्नुभयो**।*

*(५) नारीले पुरुषसमान अधिकार **पाउनुपर्छ**।*

**वाक्य समापनका आधारमा क्रियापदका भेद-** वाक्य टुङ्ग्याउनीका दृष्टिले क्रिया दुई प्रकारको छन्- (१) **समापिका** र (२) **असमापिका**।

**(१) समापिका क्रिया-** जुन क्रियाद्वारा क्रिया समाप्त हुन्छ त्यसलाई **समापिका** क्रिया भनिन्छ। जस्तै-

*ऊ **लेख्छ**।*

*श्याम **खेलिरहेको छ**।*

यी वाक्यमा प्रयुक्त क्रियापद समाप्का हुन्। सरल वाक्यका सबै क्रियाहरू समापिका हुन्छन्। यस्ता क्रियाहरूको सम्बन्ध कर्तासँग हुन्छ। समापिका क्रिया व्याकरणिक कोटि लिङ्ग, वचन, पुरुष, क्ल, पक्ष आदिका अनुसार धातुमा रूपायित हुन्छ। **खा** धातु विभिन्न व्याकरणिक कोटिमा स्थापित भएर समापिको क्रिया बन्दछ जो यस प्रकार छन्-

| व्याकरणिक कोटी | समापिका क्रिया |
|---|---|
| लिङ्ग | खायो (पुरुष) खाई (स्त्री) |
| वचन | खान्छ (एकवचन) खान्छन् (बहुवचन) |

| | |
|---|---|
| पुरुष | खान्छु, खान्छौँ (प्रथमपुरुष), खान्छन्, खान्छौ (द्वितीय पुरुष), खान्छ, खान्छन् (तृतीय पुरुष) |
| काल | खायो (भूत), खान्छ, खानेछ (अभूत), खान्छ (सामान्य), |
| पक्ष | खाँदै छ (अपूर्ण), खाएको छ (पूर्ण) |
| भाव | खान्छ (विधि), खाँदैछ (इच्छा), खाला (सम्भावना) |
| वाच्य | खान्छ (कर्तृ), खाइन्छ (कर्म) |
| अकरण | खाँदैन(अकरण), खान्छ (करण) |

२. **असमापिका क्रिया-** क्रियाहरू वाक्यका आसमापक भएर पनि प्रयोगमा आउँछन्। जुन क्रिया वाक्यको अन्तमा नभएर अन्य कही प्रयुक्त हुन्छ अर्थात् जुन क्रियाबाट वाक्य टुङ्गिदैन त्यसलाई असमापिका क्रिया भनिन्छ। जस्तै-

आफूभन्दा ठुलालाई उभिएर नमस्कार गर। यस वाक्यमा रेखाङ्कित क्रिया असमापिका क्रिया हो।

असमापिका क्रियाले कर्तासँग सम्बन्ध राख्दैन। यो व्याकरणिक कोटिअनुसार रूपायित नभई कृत् प्रत्यय जोडिएर बन्दछ। यस्ता क्रियालाई कृदन्त पनि भनिन्छ। धातुमा नु, ने, तो/दो, तै/दै, ई/एर, एको/एका आदि कृत् प्रत्यय गाँसिएर असमापिका क्रियाको निर्माण हुन्छ। जस्तै-

| धातु | | कृत् प्रत्यय | व्युत्पादित शब्द | शब्दवर्ग |
|---|---|---|---|---|
| खा | + | नु | खानु | (नाम) |
| | + | ए/को | खाएको | |

(विशेषण)

| | | | |
|---|---|---|---|
| | + | तै/दै | खाँदै |

(क्रियायोगी)

| | | | |
|---|---|---|---|
| | + | एर | खाएर |

(क्रियायोगी) आदि।

असमापिका क्रियापछि अर्को समापिका क्रियाको प्रयोग गरेपछि मात्र वाक्य पूरा हुने हुँदा यस्ता क्रियाहरू नाम, विशेषण र क्रियायोगीका रूपमा मात्र रहन्छन्।

**प्रेरणार्थक क्रियापद-** कर्ता स्वयमले अर्को काम नगरेर अन्य कसैको प्रेरणाबाट काम गर्ने कुरा जनाउने क्रियालाई प्रेरणार्थक भनिन्छ। जस्तै- शिक्षक छात्रलाई पुस्तक **पढाउँछन्**।

यस वाक्यमा पढाउँछन् प्रेरणार्थक धातुबाट बनिएको क्रियपद हो। सामान्य धातु + आउ प्रत्ययको योग भएर प्रेरणार्थक क्रियापद बन्छ। वाक्यमा प्रेरणार्थक क्रियापदको प्रयोग हुनसाथै त्यसले एउटा कर्मपद अनिवार्य रूपमा लिएर आउँछ।

प्रेरणार्थक क्रियाको कर्ता मानवीय मात्र हुन्छ, मानवेतर हुँदैन, किनभने प्रेरणा दिने काम वा काम लगाउने काम मानवीय कर्ताले मात्र गर्न सक्छन्। जस्तै-

*गाई घाँस खान्छ*- सामान्यार्थक

*गोठालो गाईलाई घाँस खुवाउँछ*- प्रेरणार्थक

प्रेरणार्थक क्रियापदका अन्य उदाहरणहरू यस प्रकार छन्-

Notes

*(क)* *पढाउँछ, डुलायो, हिँडाउला, पढाउलान्. खुवाउनेछ, सुताउलान्।*

(ख) *मार्छ, उकाल्छ, पियाउँछ, बाल्यो, तार्छ, ओराल्छ, फुकाल्छ, बिगार्छ, सपारे* आदि।

**नामधातु-** धातुभिन्न अन्य शब्दमा प्रत्यय गाँसी व्युत्पन्न हुने धातु ना नामधातु हुन्। नाम, विशेषण र अव्यय शब्दमा इ, आउँ, याउ जस्ता परसर्ग गाँसिएर धातुजस्ता बनेका शब्दलाई नामधातु भनिन्छ। नामधातुको निर्माणमा इ प्रत्यय जोड्दा अकर्मक, आउ प्रत्यय लाग्दा सकर्मक-अकर्मक दुवै अनि याउ प्रत्यय लाग्दा सकर्मक धातु बन्दछन्। जस्तै-

**(क) नामनिर्मित धातुहरू**

| **नाम** | **प्रत्यय** | धातु | क्रियामूल | सकर्मक/अकर्मक |
|---|---|---|---|---|
| डर | आउ | डराउ | डराउनु | अकर्मक |
| राँको | इ | राँकि | राकिनु | अकर्मक |
| डोरो | याउ | डोऱ्याउ | डोऱ्याउनु | सकर्मक |
| भोक | आउ | भोकाउ | भोकाउनु | अकर्मक |
| मुन्टो | याउ | मुन्ट्याउ | मुन्ट्याउनु | सकर्मक आदि। |

**(ख) विशेषणनिर्मित नामधातुहरू**

| **नाम** | **प्रत्यय** | **धातु** | **क्रियामूल** | **सकर्मक/अकर्मक** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| होचो | इ | होचि | होचिनु | अकर्मक |
| चर्को | आउ | चर्काउ | चर्काउनु | सकर्मक |
| मोटो | आ | मोटाउ | मोटाउनु | अकर्मक |
| रातो | इ | राति | रातिनु | अकर्मक |
| बाङ्गो | याउ | बङ्ग्याउ | बङ्ग्याउनु | सकर्मक |
| मिठो | आउ | मिठ्याउ | मिठ्याउनु | सकर्मक आदि। |

**(ग) अव्ययनिर्मित नामधातुहरू**

| नाम | प्रत्यय | धातु | क्रियामूल | सकर्मक/अकर्मक |
|---|---|---|---|---|
| बाहिर | इ | बाहिरी | बाहिरिनु | अकर्मक |
| बाहिर | र्‌याउ | बाहिर्‌याउ | बाहिर्‌याउनु | सकर्मक |
| नजिक | इ | नजिकि | नजिकिनु | अकर्मक |
| टाढा | इ | टाढि | टाढिनु | अकर्मक |
| छक्क | याउ | छक्याउ | छक्याउनु | सकर्मक |
| ङिच्च | इ | ङिच्चि | ङिच्चिनु | अकर्मक आदि। |

यसको साथै काल, पक्ष र भाव पनि क्रियासँग सम्बन्धित भएको हुनाले यिनीहरूको चर्चा गर्नु आवश्यक हुँदछ।

**(क) काल**

काल भनेको समय हो। काल क्रियासँग सम्बन्धित व्याकरणिक कोटि हो। भाषाका व्याकरणमा काल भन्नाले क्रियापदले वर्णन गरेको कार्यव्यापारको वा अवस्थाको समय भन्ने बुझिन्छ। यसले समयलाई मात्र नबुझाएर त्यस समयमा भएको, नभएको कार्यको बोधसमेत गराउँछ।

नेपालीमा कालको भिन्नतालाई प्रकट गर्ने सहायक क्रिया दुईवटा मात्र छन्। ती हुन्- 'थियो' र 'छ'। यिनीहरूले भूत र अभूतको भेद जनाउँछन्। परम्परागत नेपाली व्याकरणमा समयलाई आधार मानेर काल तीन प्रकारका मानिएका छन्- भूत, वर्तमान र भविष्यत्। तर रूप रचनाका आधारमा क्रियाका काल तीनथरी नभएर दुई थरी मात्र छन्- भूत र अभूत।

भूतकाल जनाउने क्रियाका रूपायक तत्त्वहरू (य्, यौं) भिन्न छन् तर वर्तमान र भविष्यत् जनाउने क्रियाका रूपायक तत्त्वहरू भिन्दाभिन्दै नभएर एकै किसिमका छन्। जस्तै-

*उसले पुस्तक* ***पढ्यो*** (पढ् + यो) भूतकाल

*ऊ पुस्तक* ***पढ्छ*** ( पढ् + छ) वर्तमानकाल

*उसले पुस्तक* ***पढ्ला***/ ऊ पुस्तक **पढ्नेछ।** (पढ् + ने + छ) भविष्यत्काल।

यसरी रूपरचनाका दृष्टिले वर्तमान र भविष्यत्लाई एउटै अभूतकाल मान्नुपर्ने देखिन्छ भने कार्यव्यापारका आधारमा पनि माथिको 'पढ्यो' क्रियाले काम सम्पन्न भइसकेको अनि 'पढ्छ' र 'पढ्नेछ' दुवैले काम गर्न बाँकी नै रहेको बुझाउँछन्। यसरी बोल्दाबोल्दै वा काम गर्दागर्दैको समयलाई वर्तमान मान्ने हो भने काम गरेजति भूत र गर्न बाँकी रहेको जति अभूत हुन्छ र त्यहाँ वर्तमान भन्ने समय बाँकी नै रहँदैन। यस आधारमा पनि काल दुई किसिमका छन्- भूत र अभूत। अतः अभूत कालकै प्रकारका रूपमा वर्तमान र भविष्यत्को यहाँ चर्चा गरिन्छः

**क. क्रियाको भूतकालः** बितिसकेको वा भइसकेको समयलाई भूतकाल भनिन्छ। यसलाई जनाउन धातुमा यो/यौ/ए आदि प्रत्यय गाँसेर क्रियापदको रचना गरिन्छ। यस्ता क्रियापदमा लिङ्ग, वचन, पुरुषका

आधारमा रूप चल्दछन्। जस्तै- हिजो पानी **पर्‍यो।** यस **पर्‍यो** क्रियाले पानी पर्ने काम भइसकेको जनाउँछ।

**ख. क्रियाको अभूतकालः** क्रियाको कार्यव्यापार अहिले सम्पन्न हुँदै छ र पछि हुन बाँकी छ भन्ने बुझिँदा अभूतकाल हुन्छ। अभूतकालले वर्तमान र भविष्यत्‌लाई जनाउँछ।

**१. वर्तमानकाल-** वर्तमानकाल भनेको अहिलेको समय हो। क्रियाबाट कार्यव्यापार आरम्भ हुनै लागेको वा आरम्भ भइसकेको तर समाप्तिचाँहि नभएको त्यस्तो समयलाई बुझाउने काल नै वर्तमानकाल हो। धातुमा सहायक क्रिया 'छ' प्रत्ययस्वरूप गाँसिएर यसको रचना हुन्छ। जस्तै- ऊ भात **खान्छ।**

यस वाक्यमा प्रयुक्त **खान्छ** क्रियापदले अहिले नै वा वर्तमान समयमा ऊद्वारा खाने काम हुनै लागेको स्थिति बुझाएको छ।

**२. भविष्यत्‌काल-** भविष्यत्‌काल भनेको पछिको समय हो। क्रियापदबाट कुनै काम पछि सम्पन्न हुनेछ भन्ने बुझिँदा भविष्यत्‌काल हुन्छ। प्रचलित व्याककरणहरूअनुसार नेपालीमा सामान्य धातुमा 'नेछ' प्रत्यय गाँसिएपछि बन्ने क्रियापदलाई भविष्यत्‌काल भनिन्छ। जस्तै-

राम दार्जिलिङ **जानेछ।** यस वाक्यमा प्रयुक्त **जानेछ** क्रियाले पछि वा आउने समयमा राम दार्जिलिङ जाने कुरा जनाएको छ।

**(ख) पक्ष**

*१. म पढ्छु।*

*मैले पढेको छु।*

*म पढ्दैछु।*

*२. म पढ्नेछु।*

*मैले पढेको हुनेछु।*

*म पढ्दै हुनेछु – म पढूँला।*

*३.  मैले पढे।*

*मैले पढ्दै थिएँ।*

*म पढ्दै थिएँ।*

*म पढ्थें*

*मैले पढेंछु।*

उपर्युक्त १, २, ३ समूहका वाक्यहरू बेग्ला बेग्लै काल बुझाउने छन्। प्रत्येक समूहका वाक्यले एउटा विशेष प्रकारको मात्र काल बुझाएका छन्। एउटै कालभित्र पनि विशिष्टतासाथ क्रियाको प्रयोग भिन्नाभिन्नै रूपमा हुन्छ। कालको विशेष अवस्था वा अवधिविशेष बुझाउने हुनाले पक्ष भनेको क्रियाका कालको पनि काल हो।

**पक्षका भेद**

पक्षका प्रकारलाई निम्नअनुसार बाँड्न सकिन्छ-

**कालका पक्ष**

**वर्तमान काल** **भविष्यत्काल**

**भूतकाल**

सामान्य सामान्य

सामान्य

अपूर्ण अपूर्ण

अपूर्ण

पूर्ण पूर्ण

पूर्ण

अज्ञात

अभ्यस्त

**१. वर्तमानका पक्षहरू**

**सामान्य वर्तमान**

अहिले वा हुन लागिरहेको कुनै कार्य, घटना, व्यवहार आदि बुझाउने क्रियाको वर्तमानकालको सामान्य अवस्था विशेषलाई साममान्य वर्तमानकाल भनिन्छ। जस्तै-

*म घर जान्छु।*

*कमला खाजा खान्छिन्।*

*हामी फुटबल खेल्छौं।*

**अपूर्ण वर्तमान**

वर्तमानमा कुनै कार्यव्यापार सम्पन्न भइरहेको तर नसकिएको जनाउने पक्ष अपूर्ण वर्तमानकाल हो। जस्तै-

*म घर जाँदैछु।*

*कमला खाजा खाँदैछिन्।*

*हामी फुटबल खेल्दैछौं।*

**पूर्ण वर्तमान**

वर्तमानकालमा कुनै कार्य, घटना, व्यापार आदि सम्पन्न भइसकेको बुझाउने पक्ष पूर्ण वर्तमानकाल हो। जस्तै-

*म घर आएको छु।*

*कमलाले खाजा खाएकी छ।*

*हामीले फुटबल खेलेका छौं।*

**२. भविष्यत्कालका पक्षहरू**

**सामान्य भविष्यत्**

आउँदो समयमा हुने कुनै कार्यव्यापारबोधक क्रियापदको सामान्य अवस्था नै सामान्य भविष्यत्काल हो। जस्तै-

*म भरे घर जान्छु। जानेछु।*

*रमला भोलि आउँछिन्। आउनेछिन्।*

*आउँदो आइतबार हामी फुटबल खेल्छौं। खेल्नेछौं।*

**अपूर्ण भविष्यत्**

आउँदो समयमा कुनै कार्यव्यापार भइरहने तर पूर्ण चाँहि हुन बाँकी नतै रहने भनी बुझाउने क्रियाको पक्ष अपूर्ण भविष्यत्काल हो। जस्तै-

*म भरे घर जाँदै हुन्छु। हुनेछु।*

*रमला भोलि आउँदै हुन्छिन्। हुनेछिन्।*

*आइतबार हामी फुटबल खेल्दै हुन्छौं। हुनेछौं।*

**पूर्ण भविष्यत्**

आउँदो समयमा कुनै कार्यव्यापार भई पूरा हुने भनेर जुन पक्षले बुझाउँछ त्यो पूर्ण भविष्यत्काल हो। जस्तै-

*म भरे घर पुगेको हुन्छु। हुनेछु।*

*रमला भोलि आएकी हुन्छिन्। हुनेछिन्।*

*आइतबार हामी फुटबल खेलेका हुन्छौं। हुनेछौं।*

**भूतकालका पक्षहरू**

**सामान्य भूत**

बितेको समयमा कुनै कार्यव्यापार भएको बुझाई सामान्य अवस्थातर्फ सङ्केत गर्ने पक्ष सामान्य भूतकाल हो। जस्तै-

*म घर गएँ।*

*कमलाले खाजा खाइन्।*

*हामीले फुटबल खेल्यौं।*

**अपूर्ण भूत**

बितेको समयमा कुनै कार्यव्यापार भिरहेको अनि भइनसकेको बुझाउने पक्ष अपूर्ण भूतकाल हो। जस्तै-

*म घर जाँदैथिए।*

*कमलाले खाजा खाँदै थिइन्।*

*हामीले फुटबल खेल्दै थियौं।*

**पूर्ण भूत**

बितेको समयमा कुनै कार्यव्यापार सुरु भएर पूर्ण भएको अवस्था बुझाउने पक्ष पूर्ण भूतकाल भनिन्छ। जस्तै-

*म घर गएको थिएँ।*

*कमलाले खाजा खाएकी थिइन्।*

*हामीले फुटबल खेलेका थियौं।*

**अज्ञात भूत**

बितेको समयमा कुननै कार्यव्यापार भएको कुरा वर्तमानकालमा थाहा पाएको अवस्था बोध गराउने पक्ष अज्ञात भूतकाल हो। जस्तै-

*म ढिलो गरी घर पुगेछु।*

*कमलाले खाजा खाइछन्।*

*फुटबल खेल्दा मैले कलम हराएँछु।*

**अभ्यस्त भूत**

बितेको समयमा हुने गरेको कुनै कार्यव्यापार बुझाउने पक्ष अभ्यस्त भूतकालहो। जस्तै-

*हामी फुटबल खेल्थ्यौं। खेल्ने गर्थ्यौं।*

*गोपाल नाच्थ्यो। नाच्ने गर्थ्यो।*

*आमा कथा सुनाउनुहुन्थ्यो। सुनाउने गर्नुहुन्थ्यो।*

**(ग) भाव**

वक्ताको मनोभाव वा मनोवृत्ति व्यक्ति गर्ने तत्त्व भाव हो। क्रियाका कार्यव्यापारमा रहेको अर्थ नै भाव हो। क्रियापदको त्यस्तो प्रयोगजन्य अर्थ जसले वक्ताका आकांक्षा, मनसाय, भावना, इच्छा, उद्देश्य, अभिप्राय इत्यादि कुरा धारण गरेको हुन्छ त्यसलाई भाव भनिन्छ। तलका वाक्यहरू पढौं-

*म चिट्ठी लेख्छु।*

*तिमी चिट्ठी लेख।*

*उसले चिट्ठी लेखोस्।*

*सन्त चिट्ठी लेख्लान्।*

*तिमीले लेखेमा म चिट्ठी लेख्छु।*

माथिका पाँचवटा वाक्यले एउटा भाव व्यक्त गरेका छन्। वाक्य १ ले चिट्ठी लेख्छु भनी इच्छा जनाउँछ। वाक्य २ ले चिट्ठी लेख भनेर आज्ञा वा आदेश जनाएको छ। वाक्य ३ ले चिट्ठी लेखोस् भनी मनोकामना वा इच्छा प्रकट गर्दछ। ४ ले चिट्ठी लेख्ला भनी सम्भावना देखाउँछ। उसैगरी वाक्य ५ ले अर्काले लेखे म लेख्छु भनी अनिश्चयतापूर्ण सङ्केत बोध गराउँछ।

**भावका भेद**

माथिका पाँच प्रकारका वाक्यका आधारमा विचार गर्दा नेपाली क्रियापदका भाव मुख्यतः तीन प्रकारका छन्- **सामान्यार्थक, विध्यर्थक र अनिश्चयार्थक।** विध्यर्थक भावलाई तीनवटा प्रकारमा विभाजन गरिने गरिन्छ- **आदेशार्थक वा आज्ञार्थक भाव, सम्भावनार्थक भाव र सङ्केतार्थक भाव।**

**१. सामान्यार्थक भाव**

कार्यव्यापारको निश्चयता बुझाउने क्रियापदको अर्थलाई सामान्यार्थक भाव भनिन्छ। करण, अकरण, प्रश्नबोधक सबैमा यस्तो भाव व्यक्त हुनसक्छ अनि सबै काल तथा पुरुषमा पनि यो भाव प्रकट हुन्छ। जस्तै-

*म भात खान्छु।*

*म रोटी खान्नँ।*

*(के) म भात खान्छु?*

*तिमी स्कुल गयौ।*

*तिमी बजार गएनौ।*

**२. आज्ञार्थक भाव**

आदेश, हुकुम, अनुमति, आज्ञा इत्यादि बुझाउने भावलाई आज्ञार्थक भाव वा विधिसूचक भाव भनिन्छ। द्वितिय र तृतीय पुरुषमा मात्र यो भाव प्रकट हुन्छ। जस्तै-

*तिमी व्याकरण पढ।*

*भोलि लुगा धुनू।*

*बदमास नगर।*

*मेरा घरमा पाल्नुहोस्।*

*फूलमा पानी हाल।*

पुरुष परिवर्तन हुनेबित्तिकै भाव वा क्रियापदको भावसूचक रूपमा पनि परिवर्तन आउँछ।

**३. इच्छार्थक भाव**

वक्ताको कामना, इच्छा, बिन्ती, आकाङ्क्षा, अभिलाषा, निम्तो, प्रार्थना, अनुरोध, निवेदन इत्यादि भाव क्रियाबाट प्रकट भएमा त्यसलाई

इच्छार्थक भाव भनिन्छ। यो भाव विशेषतः प्रथम पुरुष र तृतीय पुरुष कर्ता भएमा वाक्यमा अनि अभूतकालको क्रियामा व्यक्त हुन्छ। जस्तै-

*म गीत गाऊँ।*

*रमेशले यो कुरा सुनाइदेओस्।*

*(के) ज म काम नगरूँ?*

*हामी सबै मिलेर काम गरौं।*

*पछि दुःख पाउने काम नगरौं।*

**४. सम्भावनार्थक भाव**

क्रियाबाट सम्बावना व्यक्त भएमा सम्भावनार्थक भाव हुन्छ। सबै पुरुषमा यो भाव प्रकट हुनसक्छ। जस्तै-

*म आउँदो हप्तातिर आऊँला।*

*तिमी बजारबाट कतिबेला फिरौला?*

*धनबहादुर पास होला।*

*विनेशले वनभोजमा बोलाउला।*

*तैंले कुटाइ खालास्।*

**५. सङ्केतार्थक भाव**

एउटाभन्दा बेसी उपवाक्यहरू राखेर, त्यो भए उसो हुन्छ भन्ने र्थ व्यक्त भएमा सङ्केतार्थक भाव हुन्छ। एउटा उपवाक्यले कारण देखाइ अर्को उपवाक्यले त्यसको परिणाम देखाउने काम सङ्केतार्थक भावका वाक्यले गर्दछ। जस्तै –

*तिमीले राम्रो काम गरे म पनि  राम्रै गर्छु।*

*मदन आयो भने यो पुस्तक दिनू है।*

*दुई दिन छुट्टी भएकाले घर आएँ।*

*पढिसक्यौ भने मेरो किताप फर्काइदेऊ।*

*तपाईंले बोलाउनु भए हामी त्यता आउनेछौं।*

## 12.3.2 क्रियाको रूपतात्त्विक अध्ययन

क्रियाको रूपतात्त्विक अध्ययन भन्नाले क्रियापदको रूपायनको अध्ययन भन्ने बुझिन्छ। विशेषगरेर व्याकरणिक कोटीहरूद्वारा नाम, सर्वनाम, विशेषण तथा क्रियाको रूपायन हुने गर्दछ। क्रियापदको रूपायन विभिन्न आधारमा गरिन्छ। क्रियाको मूल धातुमा व्याकरणिक कोटिअनुसारका रूपायक प्रत्यय लागेपछि क्रियापदको रूपायन हुन्छ। व्याकरणिक कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, वाच्य, भाव, आदरका आधारमा साथै करण-अकरणका दृष्टिले पनि क्रियापदको रूपायन हुँदछ। क्रियाको रूपायन बुझ्नु भन्दा अघि रूपायन के हो भन्ने बुझ्न आवश्यक ठहर्दछ।

### 12.3.2.1 रूपायन

रूपायन प्रक्रिया कुनै शब्दलाई वाक्यमा प्रयोगयोग्य बनाउने प्रक्रिया होय़ यस प्रक्रियाको धातुको आधारभूत धारणासँग खासै सान्दर्भिकता देखिँदैन। रूपायनमा मूलतः सर्गपद्धतिको सहभागिता देखिन्छ। यद्यपि अन्य पद्धतिको पनि उपयोग नहुने भने होइन। खासगरी रूपायन प्रक्रियाले क्रिया कहाँ, कहिले, कसले, कसरी सम्पन्न गऱ्यो वा भयो भन्नेबारेका जानकारीहरू प्रदान गर्दछ। रूपायन प्रक्रियालाई निम्नलिखित आधारमा चिनाउन सकिन्छः

१. यो नामका लिङ्ग, वचन, पुरुष आदर आदिसँग सम्बन्धित हुन्छ।

२. यो क्रियाका काल, पक्ष, भाव आदिसँग सम्बन्धित हुन्छ।

३. यो व्याकरणिक रूपले निश्चित वाक्यात्मक परिवेशमा हुन्छ।

४. यो नियमित र त्पादनशीलतातिर उन्मुख हुन्छ।

Notes

५. यो सुस्पष्ट रूपावलीतिर उन्मुख हुन्छ।

यी तथ्यहरूलाई निम्नलिखित उदाहरणबाट स्पष्ट गर्न सकिन्छ-

केट्-ओ

केट्-ई

केट्-आ

यो उदाहरणमा आएका परसर्गहरू क्रमशः –ओ, -ई र –आ तृतीय पुरुषका पुलिङ्ग, स्त्रीलिङ्ग एकवचन र पुलिङ्ग बहुवचनका लागि आएका हुन्। तसर्थ यी रूपायनका उदाहरण हुन्।

क. खा-छ-अ (खान्छ) खा-य्-ओ

ख. खा-छ-अ (खान्छ) खा-दै-छ-अ (खाँदैछ)

ग. खा-छ-अ (खान्छ) खा-ल्-आ

उपर्युक्त उदाहरणमा –छ र –य परसर्ग क्रियाको कालसँग, -दै क्रियाको पक्षसँग र –ल् क्रियाको भावसँग सम्बन्धित सर्गहरू हुन्।

विकारी शब्दमा वाक्यात्मक सम्बन्ध र व्याकरणात्मक अर्थको अभिव्यक्तिका लागि शब्दमा गरिने परिवर्तनलाई रूपायन भनिन्छ। यस प्रक्रियाबाट कोशिय शब्द होइन वाक्यमा प्रयोग हुने व्याकरणिक शब्दको निर्माण गरिन्छ। शब्दमा उद्देश्य, विधेय, कर्म, पूरक आदि वाक्यात्मक सम्बन्धको परिवर्तनद्वारा अथवा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव दि व्याकरणात्मक अर्थको परिवर्तनद्वारा रूपायन गरिन्छ। रूपायन गर्दा एउटै शब्दका रूपावली तयार हुन्छन्। यस प्रक्रियामा आधारतत्त्व (शब्द, धातु) मा व्याकरणात्मक अर्थ दिने प्रत्यय गाँसेर रूपको निर्माण गरिन्छ।

रूपायन विकारी वर्गका शब्दहरूको गरिन्छ, तर अविकारी वर्गको गरिँदैन। विकारी शब्दको पनि सबै आधारमा रूपायन नगरी शब्दवर्गअनुसार निम्नलिखित आधारमा रूपायन गर्ने गरिन्छः

| शब्दवर्ग | रूपायनका आधार |
|---|---|
| नाम | लिङ्‌ग, वचन, कारक |
| सर्वनाम | वचन, पुरुष, कारक |
| विशेषण | लिङ्‌ग, वचन, कारक |
| क्रिया | लिङ्‌ग, वचन, पुरुष, काल, पक्ष, वाच्य, आदर, करण-अकरण, भाव |

माथि चर्चा गरिए जस्तै क्रियापदलाई लिङ्‌ग, वचन, पुरुष, काल, पक्ष, वाच्य, आदर, करण-अकरण, भाव आदिको आधारमा क्रियापदको रूपायन गर्ने गरिन्छ।

**१. लिङ्‌गको आधारमा क्रियापदको रूपायन**

उच्च आदरमा स्त्रीलिङ्‌ग र स्त्री-इतर लिङ्‌गको भेद क्रियापदमा हुँदैन तर साममान्य आदर मध्यम आदरमा भने लिङ्‌गअनुसार क्रियापदका भिन्नभिन्न रूप चल्दछन् । जस्तै-

| **स्त्रीइतर लिङ्‌ग** | **स्त्रीलिङ्‌ग** |
|---|---|
| राम जान्छन्। | सीता जान्छिन्। |
| कालो केटो आयो। | काली केटी आई। |
| दाजु पढिरहेका छन्। | दिदी पढिरहेकी छिन्। |
| *चन्द्रमान गीत गाउँछ।* | *चन्द्रमाया गीत गाउँछे।* |

समापिका क्रियाका अगाडिका शब्दमा लिङ्‌गभेदको स्थिति देखिए समापिका क्रियाको रूपायन दुवै लिङ्‌गमा एउटै हुन्छ। हेरौँ –

| **स्त्रीइतर लिङ्‌ग** | **स्त्रीलिङ्‌ग** |
|---|---|

Notes

कमल हाँसिरहेको छ। कमला हाँसिरहेकी छ।

रामले तिम्रो घर देखेको छ। रमाले तिम्रो घर देखेको छ।

पवन बाठा छन्। पवित्रा बाठी छिन्।

तिमी केटा हौ। तिमी केटी हौ।

**(२) वचनका आधारमा क्रियापदको रूपायन**

| **एकवचन** | **बहुबचन** |
|---|---|
| केटो हाँस्यो। | केटाहरू हाँसे। |
| भाइ खेल्छ। | भाइहरू खेल्छन्। |
| दिदी गइन्। | दिदीहरू गए। |
| सानो भाइ आयो। | साना भाइहरू आए। |

आदरार्थी बहुवचन र अनेकार्थी बहुवचनमा क्रियापदको रूपायन एउटै किसिमले हुन्छ। हेरौं-

| **आदरार्थी एकवचन** | **अनेकार्थी बहुबचन** |
|---|---|
| दाजु आए। | दाजुहरू आए। |
| काका पढिरहेका छन्। | काकाहरू पढिरहेका छन्। |
| दिनेश सुन्तला टिप्छन्। | दिनेशहरू सुन्तला टिप्छन्। |

**(३) पुरुषका आधारमा क्रियापदको रूपायन**

**प्रथम पुरुष**

म हाँस्छु। हामी हाँस्छौं।

म हाँसे। हामी हास्यौं

**द्वितिय पुरुष**

तँ हास्छस्। तिमी हाँस्छौ। तिमीहरू हाँस्छौ।

तपाई हाँस्नुहुन्छ।

तपाईंहरू हाँस्नुहुन्छ।

तँ हाँसिस्। तिमी हाँस्यौ। तिमीहरू हाँस्यौ।

तपाईं हास्नुभयो।

तपाईंहरू हाँस्नुभयो।

**तृतीय पुरुष**

ऊ हाँस्छ/हाँस्छे। यो हाँस्छ/हाँस्छे। त्यो हाँस्छ/हाँस्छे। उनी

हाँस्छन्/हाँस्छिन्। यिनी हाँस्छन्/हाँस्छिन्। तिनी हाँस्छन्/हाँस्छिन्।

उहाँ हाँस्नुहुन्छ। यहाँ हाँस्नुहुन्छ। उनीहरू हाँस्छन्। यिनीहरू हाँस्छन्।

तिनीहरू हाँस्छन्। उहाँहरू हाँस्नुहुन्छ।

ऊ/यो/त्यो हाँस्यो/हासी।

उनीहरू/यिनीहरू/तिनीहरू हाँसे।

यहाँहरू/उहाँहरू हाँस्नुहुन्छ।

**(४) करण-अकरणका आधारमा क्रियापदको रूपायन**

| **करण** | **अकरण** |
|---|---|
| *सुरेश जान्छ।* | *सुरेश जाँदैन।* |
| *तिमीले खायौ।* | *तिमीले खाएनौ।* |

| | |
|---|---|
| *दिदी आउँछिन्।* | *दिदी आउँदिनन्।* |
| *बहिनीले बोलाएकी छ।* | *बहिनीले बोलाएकी छैन।* |
| *यो भुइँकटहर हो।* | *यो भुइँकटहर होइन।* |
| *मदन घरमा थियो।* | *मदन घरमा थिएन।* |
| *यता आऊ।* | *यता नआऊ।* |
| *खाजा खान बस* | *खाजा खान नबस।* |
| *उनी खाजा खान्छन्।* | *ऊनी खाजा खाँदैनन्।* |

**(५) वाच्यका आधारमा क्रियापदको रूपायन**

यसमा कर्मवाच्य र भाववाच्यमा क्रियापदको रूपायन एउटै किसिमले हुन्छ। उदाहरण हेरौँ-

**कर्तृवाच्य**

*म लेख्छु। तिमी पढ्छौ। कमल पढ्छ।*

**कर्मवाच्य**

*नाटक हेरिन्छ। खाजा खाइन्छ। गीत गाइयो।*

**भाववाच्य**

*आज भने हाँसिन्छ। उठिनन्छ कि बसिन्छ। आपद् परे रोइन्छ।*

**(६) आदरका आधारमा क्रियाको रूपायन**

**सामान्य आदर –** *तँ बस्छस्। ऊ/यो/त्यो बस्छ।*

*तँ बसिस्। ऊ/यो/त्यो बस्यो।*

**मध्यम आदर –** *तिमी बस्छौ। उनी/यिनी/तिनी बस्छन्।*

*तिमी बस्यौ। उनी/यिनी/तिनी बसे।*

**उच्च आदर –** *तपाईं बस्नुहुन्छ। उहाँ/यहाँ बस्नुहुन्छ।*

*तपाईं बस्नुभयो। उहाँ/यहाँ बस्नुभयो।*

**(७) कालका आधारमा क्रियापदको रूपायन**

| अभूतकाल | भूतकाल |
|---|---|
| *म किताब पढ्छु।* | *मैले किताब पढें।* |
| *तिमी गीत सुन्छौ।* | *तिमीले गीत सुन्यौ।* |
| *ऊ चेस खेल्छ।* | *उसले चेस खेल्यो।* |

**(८) भावका आधारमा क्रियापदको रूपायन**

**सामान्यार्थक भाव -** *म घर जान्छु।*

*तिमी किताब पढ्छौं।*

*ऊ भोलि आउँछ*

**आज्ञार्थक भाव -** *तँ चक्चक् नगर्।*

*उनी मेरा घरमा आउन्।*

*तिमी घरै बस।*

**इच्छार्थक भाव -** *म तिमीकहाँ आऊँ।*

*उसको चाहना पुगोस्।*

*पानी पर्नु नि!*

**सम्भावनार्थक भाव -** *म भोलि जाऊँला।*

*तिमी पर्सि पुगौला।*

*उसले काम गर्ला।*

**सङ्केतार्थक भाव -** *धेरे पढे ज्ञानी हुन्छ।*

*हुन्छ भने हुन्छ भन हुन्न नभन।*

*ऊ आउँथ्यो भने पहिले किन भनेन?*

**(९)पक्षको आधारमा क्रियापदको रूपायन**

**वर्तमानकालका पक्षहरूमा रूपायन**

**सामान्य पक्ष –** *म भात खान्छु।*

**अपूर्ण पक्ष** - *म भात खाँदैछु।*

**पूर्ण पक्ष** – *मैले भात खाएको छु।*

**भविष्यत्कालका पक्षहरूमा रूपायन**

**सामान्य पक्ष** – *ऊ भात खान्छ। खानेछ।*

**अपूर्ण पक्ष** – *ऊ भात खाँदै हुनेछ।*

**पूर्ण पक्ष** - *उसले भात खाएको हुनेछ।*

**भूतकालका पक्षहरूमा रूपायन**

**सामान्य पक्ष** – *तिमीले भात खायौ।*

**अपूर्ण पक्ष** – *तिमी भात खादै थियौ।*

**पूर्ण पक्ष** – *तिमीले भात खाएका थियौ।*

**अज्ञात पक्ष** – *तिमीले भात खाएछौ।*

**अभ्यस्त पक्ष** - *तिमी भात खान्थ्यौ।*

*तिमी भात खाने गर्थ्यौ।*

## 12.4 रूपको अर्थ र परिभाषा

भाषाविज्ञानमा रूपलाई भाषाका लघुतम अर्थयुक्त एकाइ ( smallest meaningful unit) भनिएको छ। भाषाका रूपहरूको अध्ययन गर्ने विषयलाई रूपविज्ञान भनिएको छ। रूपविज्ञानमा रूप र विज्ञानको समास छ। यो अङ्ग्रेजीको मोर्फोलोजी (Morphology) का निम्ति प्रयोग गरेको शब्द हो। अङ्ग्रेजी शब्द पनि ग्रीक भाषाको मोर्फ (Morph) र लोगोस (logos) बाट बनेको हो। ग्रीक भाषाको 'मोर्फ' को अर्थ पनि 'रूप' हुन्छ। रूपविज्ञान त्यो विषय हो जसले भाषाका रूप र ती रूपले व्यक्त गर्ने अर्थको अध्ययन गर्छ। भाषाविज्ञानअन्तर्गत रूपविज्ञान केन्द्रीय विषयमा पर्दछ।

भाषा विभिन्न तहका संरचक घटकहरूबाट बनेको हुन्छ। यो वाक्य हेरौं-

*पढाइमा तँभन्दा हरि अगाडि रहेछ।*

यस वाक्यभित्र झट्ट हेर्दा *पढाइमा, तँभन्दा, हरि, अगाडि* र *रहेछ* गरी पाँचवटा संरचक घटकहरू देखिन्छन्। उच्चारणमा **विराम** र लेखाइमा यीबीचका खाली ठाउँ नै यिनलाई छुट्याउने आधार हुन्। वाक्यका यी संरचकहरूलाई अझै साना एकाइहरूमा टुक्र्याउन सकिन्छ – *पढ्, आइ, मा तँ, भन्दा हरि अगाडि, रह्, ए, छ र अ* । यी हरेक टुक्राको आफ्नो अर्थ छ र यीमध्ये केहा स्वतन्त्र रूपमा वा एक्लै र केही अरू एकाइहरूसँग मलेर आफूभन्दा माथिल्लो एकाइको ननिर्माण गर्दछन्। जस्तै – *पढ्नु, पढाइ* र *पढें* तीन भिन्दाभिन्दै भाषिक एकाइमा रहेका संरचकहरूमध्ये सबैमा रहेको साझा संरचक *पढ्* को आफ्नै अर्थ छ (खास क्रिया) र यो जहाँसुकै प्रयुक्त भए पनि यसको क्त अर्थ उही रहन्छ। *पढ्* लाई अझ अघि बढेर साना एकाइहरूमा विभाजन गर्न सकिन्छ- *प्, अ, ढ्*। तर यी एकाइहरूको आफ्नै स्वतनन्त्र अर्थ भने हुँदैन। *पढ्, पात* र *पथ* मा आएको *प्* को आफ्नै स्वतन्त्र अर्थ छैन भन्ने कुरो ती भाषिक एकाइहरूले दिने अर्थबीच अलिकति पनि समानता नभएबाट बुझिन्छ। भाषाका यी साना एकाइहरूले दिने अर्थबिच अलिकति पनि समानता नभएबाट बुझिन्छ। भाषाका यी साना एकिहरूको आफ्नो छुट्टै अर्थ नभए पनि अर्थमा भिन्नता ल्याउने क्षमता भने छ भन्ने कुरो *पढ्* र *बढ्*का अर्थमा देखिएको भिन्नता *प्* र *ब्* को मात्र फरकले आएबाट स्पष्ट हुन्छ।

यसरी उपर्युक्त वाक्यलाई साना एकाइहरूमा क्रमशः विभाजित गर्दा पहिलो विभाजनमा देखिएका स्वतन्त्र अर्थ भएका र स्वतन्त्र प्रयोगमा समेत आउन सक्ने भाषिक  एकाइ पदका रूपमा चिनिन्छन्। तेस्रो विबाजनमा देखिएका स्वतन्त्र र्थ पनि नभेका र स्वतन्त्र प्रयोगमा आउन पनि नसक्ने तर अर्थमा भिन्नता ल्याउन सक्ने क्षमता चाँहि भएका

भाषिक एकाइहरू वर्णहरू हुन्। दोस्रो विभाजनमा देखिएका स्वतन्त्र प्रयोगमा आउन वा नआउन सक्ने, स्वतन्त्र अर्थ भएका पदभन्दा साना र वर्णभन्दा ठूला भाषिक एकाइ रूप हुन्।

केही विद्वानहरूले दिएका रूपका परिभाषालाई हेरौं –

“अर्को कुनै रूपसँग आंशिक ध्वनितात्त्विक-अर्थतात्त्विक समानतासममेत नभएको भाषिक रूप नै रूप हो।”

(“A linguistic form which bears no partial phonetic-semantic resemblance to any other form……is a morpheme.” Bloomfield

“सबैभन्दा सानो अर्थयुक्त एकाइ जसबाट भाषा बनेको हुन्छ तिनलाई रूप भनिन्छ”

( “..... the minimal meaningful units of which the language is composed.....are called morphemes.” Nida)

“ ‘रूप’ शब्द अर्थतात्त्विक वस्तु वा व्याकरणिक कार्यका सबैभन्दा साना, अविभाज्य एकाइहरू जसबाट पद बन्दछन् तिनलाई जनाउन प्रयोग गरिन्छ।”

(“The term morpheme is used to refer to the smallest, indivisible units of semantic content or grammatical function which words are made up of.” Katamba)

उपर्युक्त परिभाषाका आधारमा रूपलाई यसरी चिनाउन सकिन्छः

- रूप भाषाको सबैभन्दा सानो अर्थयुक्त एकाइ हो। यसभन्दा सानो एकाइमा अर्थ हुँदैन।
- रूप व्याकरणिक कार्य र अर्थको अविभाज्य एकाइ हो। व्याकरणिक कार्य र अर्थलाई रूपभन्दा साना एकाइमा विभाजित गर्न सकिँदैन।
- रूप पदको संरचक घटक हो।
- एउटा रूपको अर्को रूपसँग अलिकति पनि ध्वनितात्त्विक-अर्थतात्त्विक समानता हुँदैन।

## 12.4.1 रूप र संरूप

रूप र संरूपको सम्बन्ध वर्ण र संवर्णको जस्तै हुन्छ। रूप भाषाको सबैभन्दा सानो अर्थयुक्त एकाइ हो। त्यसै अविभाज्य अर्थयुक्त एकाइका विविध संरचनागत भेदहरू संरूप हुन्। यसैले कुनै दुई न्यूनतम अर्थयुक्त भाषिक एकाइहरू त्यसै अर्थमा वा एउटा अर्थमा प्रयोगमा रहन्छन् भने ती भिन्नाभिन्नै रूप नभई एकै रूपका संरूपहरू हुन्। संरूप वर्णका परिवेशबाट निर्धारित हुने र वर्णका परिवेशबाट निर्धारित नहुने तर रूपका परिवेशबाट निर्धारित हुने गरी दुई खालका हुन्छन्। मगर भाषाको रेग्मी-बाट लिइएको निम्नलिखित उदाहरण हेरौं-

| | |
|---|---|
| छिम्- 'भिज्नु' | छिम्-इक्- 'भिजाउनु' |
| एन्- 'झगडा गर्नु' | एन्-एक- 'झगडा गराउनु' |
| काल्- 'चढ्नु' | काल्-आक्- 'चढाउनु' |
| झोर्- 'ढोग्नु' | झोर-ओक्- 'ढोगाउनु' |
| ढुम- 'टिप्नु' | ढुम्-उक्- 'टिपाउनु' |

माथिको उदाहरणमा सामान्य धातुबाट प्रेरणार्थक प्रातिपदिकको व्युत्पादनमा प्रयोग हुने परसर्ग –इक्, -एक्, -आक्, -ओक्, -उक् गरी पाँचवटा देखिन्छन्। यिनको अर्थ एउटै हो तर संरचना भने फरकफरक छ। तसर्थ यी पाँच परसर्गहरू एउटै रूपका संरूप हुन्। यहाँ पहिलो रूपमा रहेको स्वरले पछिल्लो रूपमा रहेको स्वरलाई आफूजस्तै तुल्याएको छ। यस्तो प्रक्रिया स्वरसंगति हो। यसरी यी संरूपहरू वर्णको परिवेशबाट निर्धारित भई परिपूरक वितरणमा आएका छन्।

अङ्ग्रेजी भाषाबाट अर्को उदाहरण-

*Box* *'बाकस'* *box-es* *'बाकसहरू'*

*Ox* *'गोरु'* *ox-en*

*'गोरुहरू'*

यस उदाहरणमा नाम शब्दलाई बहुवचनमा रूपायित गर्न दुई परसर्ग *–es र -en* प्रयुक्त भएका छन्। यी दुवैको अर्थ एउटै र संरचना भिन्न भएकाले यी पनि एकै रूपका संरूप हुन्। तर अघिल्लो उदाहरणमा झैं यी संरूपहरू वर्णका परिवेशबाट निर्धारित भएका होइनन्। यी संरूपहरू र्को रूपबाट निर्धारित भएका छन्।

नेपाली भाषामा *दाँत, दतिउन, दनासो* र *दँतारु* शब्दमा आएका *दाँत, दत* र *दँत्* एउटै रूपमा संरूपहरू हुन्।

## 12.5 रूपविज्ञानको इतिहास

रूपविज्ञान पनि भाषाविज्ञानका महत्वपूर्ण शाखाहरूमध्ये एउटा शाखा हो। यसमा भाषाको लघुतम सार्थक एकाइ रूपको अध्ययन गरिन्छ। यसको परिभाषा यसप्रकार दिइएको छः

**रूपको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई रूपविज्ञान (Morphology) भनिन्छ।**

परम्परागत व्याकरणमा रूपको अध्ययन भाषाको केन्द्रीय एकिका रूपमा गरिएको पाइन्छ। व्युत्पादन र रूपायनसम्बन्धी सम्पूर्ण चर्चाहरू रूपकै अध्ययन र विश्लेषण हुन्। उन्नाईसौं शताब्दीमा तुलनात्मक भाषाविज्ञानको प्रार्दुर्भावसँगै रूपतात्त्विक अध्ययन झन् बढेको देखिन्छ। यसअन्तर्गत मुख्यतः रूपको कालक्रमिक र प्रकारगत अध्ययन भएको पाइन्छ। पछि संरचनावादी भाषाविज्ञानको विकास भएपछि रूपको अध्ययनमा झन् गहनता आएको छ। यसअन्तर्गत एकाइ र विन्यास, एकाइ र प्रक्रिया तथा शब्द र रूपावली प्रक्रियाबाट अध्ययन गरिएको

पाइन्छ। चम्स्कीको रूपान्तरण सिद्धान्तले पनि कोशिय रूपविज्ञान विकसित गरी रूपको अध्ययनतर्फ जोड दिएको छ।

भाषिक अध्ययनको लामो परम्पराभित्र भाषिक रूपको अध्ययनको पनि लामो परम्पपरा रहेको छ। भाषाको वैज्ञानिक अध्ययनभित्र नपर्ने परम्परागत व्याकरणमा पनि भाषिक रूपको मात्रै अध्ययन गर्ने कुनै छुट्टै शाखा वा तह नभए पनि त्यसको विश्लेषण भएको पाइन्छ। परम्परागत व्याकरणमा सबैभन्दा बढी अध्ययन पदको भएको छ र भाषाको केन्द्रीय एकाइका रूपमा पदले महत्त्व पाएको छ। पदको अध्ययनका क्रममा पदकै संरचकका रूपमा रूपको अध्ययन भने भएको छ। परम्परागत व्याकरणमा धातु, सर्ग र प्रातिपदिकको सविस्तार चर्चा भएको छ र रूपायन र व्युत्पादनबारे अध्ययन भएको छ।

भाषामा शब्द-संरचनाको अध्ययन धेरै अघिदेखि भएको थियो तापनि रूपविज्ञान शब्दको प्रयोग पछि भएको हो। पाणिनिले आफ्नो अष्टाध्यायीमा संस्कृत भाषाका शब्दको संरचनाको अध्ययन गरी आफ्ना नियमहरू दिएका थिए। ग्रिस-रोमन परम्पराले पनि शब्दका संरचनाको अध्ययन गरेको थियो। उन्नाइसौं शताब्दीको ऐतिहासिक तुलनात्मक पद्धतिलाई त्यस समयका विद्वानहरू वैज्ञानिक पद्धति भन्थे। प्राणीविज्ञानका क्षेत्रमा भएका विकासले त्यस समयको भाषाविज्ञानलाई प्रभावित गरेको थियो। रूपविज्ञान शब्दको प्रयोग सर्वप्रथम प्राणीविज्ञानमा भएको हो। शब्दको संरचनाको अध्ययन गर्ने विषयका रूपमा यो शब्द भाषाविज्ञानमा अग्सत स्लाइघरले ल्याएका हुन्।

उन्नाइसौ शताब्दीमा तुलनात्मक भाषाविज्ञानको उदय र विकाससँगै रूपको पनि कालक्रमिक अध्ययन गरियो। खासगरी म्याक्समुलरले डार्विनको विकासवादी सिद्धान्तअनुसार जीववैज्ञानिक रूपविज्ञानमा जैविक

रूपको अध्ययनबाट समग्र जीवविकासको अध्ययन गर्न सकिएजस्तै गरी भाषिक रूपको अध्ययनबाट समग्र भाषाको ऐतिहासिक विकासको अध्ययन गर्न सकिनन्छ भन्ने मान्यताअनुसार रूपको अध्ययन थाले। यसै अवधिमा रूपको प्रकारगत अध्ययन समेत सुरु भयो।

बीसौं शताब्दीमा वर्णनात्मक भाषाविज्ञानको विकासका साथै बोप र ग्रिकका भाषावैज्ञानिक निष्कर्षहरू शब्दनिर्माणमा आधारित थिए। शब्दका संरचनाको समकालिक अध्ययन गर्ने प्रवृत्तिको विकास भयो। अमेरिकाली संरचनावादीहरूले यसमा योगदान गरे। वर्णविज्ञानको विकास भएजस्तै रूपविज्ञानको पनि विकास भयो। नयाँ नयाँ भाषाको विश्लेषण गर्नेहरूले यसमा योगदान गरे। संरचनावादी भाषाविज्ञानले भाषाका छुट्टाछुट्टै तहको अध्ययन छुट्टाछुट्टै गर्नुपर्ने मान्यता राख्दछ। यसअन्तर्गत भाषिक एकाइहरूलाई तहगत सोपानक्रममा राखी सबैभन्दा पहिलो तल्लो तहको अध्ययन गर्ने र क्रमशः माथिल्लो तहको अध्ययन गरिने हुनाले सबैभन्दा बढी वर्णको त्यसपछि क्रमशः रूप र वाक्यको अध्ययन भएको छ। यसो गर्दा रूपविज्ञानले सन् १९४० देखि १९६० का बीचमा विशेष महत्त्व पायो। नाइडाको रूपविज्ञानको पुस्तक रूपविज्ञानको महत्त्वपूर्ण योगदानको रूपमा रह्यो। यसमा ब्लुमफिल्ड, हकेट, ह्यारिस तथा नाइडाको अध्ययन महत्त्वपूर्ण छ। रूपको विश्लेषणका लागि यस अवधिमा विभिन्न सिद्धान्तहरूको निर्माण गरी उपयोगमा ल्याइए। संरचनावादीभित्र पहिले रूपविश्लेषणका लागि एकाइ र समायोजन पद्धतिको उपयोग गरियो। यसबाट सबै समस्याको समाधान हुन नसकेपछि एकाइ र प्रक्रिया पद्धतिको विकास गरियो। यसपछि पद र रूपावली पद्धतिको उपयोग गरियो। यो पद्धति परम्परागत व्याकरणमा उपयोग गरिँदै आएको पद्धति हो।

रूपान्तरण व्याकरणले सुरुमा वाक्यमाथि मात्रै ध्यानकेन्द्रित गरेको थियो। रूपान्तरणवादीहरू सुरुमा वर्णविज्ञान र वाक्यविज्ञानले रूपविज्ञानको आधा-आधा क्षएत्र समेट्ने हुनाले रूपविज्ञानको आवश्यकता ठान्दैनथे। यसो गर्दा रूपध्वनि वा सन्धि वर्णविज्ञानमा, र रूपयान र व्युत्पादन वाक्यविज्ञानमा समेटिन्छन् भन्ने उनीहरू मान्दथे। पछि खासगरी सन् १९८० को दशकपछि शब्दभण्डारको अध्ययनका क्रममा रूपको अध्ययनले विशेष महत्त्व पायो। रूपान्तरण व्याकरणअन्तर्गत पनि परम्परागत व्याकरणमा झैं शब्दलाई केन्द्रमा राखी त्यसैअन्तर्गत रूपको अध्ययन गरिन्छ तर दुवैका मान्यता र अद्ययन पद्धतिमा भने भिन्नता छ। यसअन्तर्गत रूपको अध्ययन गर्न शाब्दिक रूपविज्ञानको विकास भएको छ। यसबाट संरचनावादी रूपविज्ञानका सामु रहेका थुप्रै समस्याहरूको समाधानसमेत हुन सक्ने देखिएको छ।

## 12.5.1 रूपहरूको निर्धारण

कुनै पनि भाषाका रूपहरूको निर्धारण गर्दा विभिन्न कुरामा विचार गर्नुपर्ने हुन्छ। रूपनिर्धारणका आधार पनि व्यतिरेक, रूपभेद र वितरण नै हुन्। बाह्य रूपका आधारमा अर्थमा भिन्नता भएमा कुनै दुई रूप भिन्न हुन सक्छन्। 'काल्' र 'खाल्' अथवा 'काम्' र 'खाम्' बेग्लाबेग्लै रूप हुन् किनभने नेपाली भाषामा यी लघुतम युग्महरूको बेग्लाबेग्लै अर्थ छ। त्यस्तै *तर* 'दुधको तर', *तर* 'तर्ने काम गर्' यी दुई शब्दलाई लिएको खण्डमा हामी यी दुवैको अर्थमा भिन्नता पाउँछौँ। त्यसकारण रूपमा समानता भए पनि अर्थमा भिन्नता भएकाले यी दुवै बेग्लाबेग्लै रूप हुन्। नेपालीमा (बाटुलो) र (गोलो) यी दुई शब्द अर्थका दृष्टिले एउटै भए पनि यी रूपका

दृष्टिले भिन्न हुन्। रूपका दृष्टिले एउटै तर अर्थका दृष्टिलो बेग्लाबेग्लै रूपलाई पनि बेग्लै मान्नुपर्छ।

जब कुनै खास रूपले विभिन्न वातावरणमा हुँदा विभिन्न रूप लिन्छ, त्यसलाई संरूप भनिन्छ। संरूप भन्नाले ती भिनन्न किसिमको रूपतिर संकेत गरिएको हो जो भिन्न वातावरणमा आउँछन्। 'लेख' धातुबाट 'लेख्दा' र 'लेख्ता' दुवै थरी शब्द बन्छन् भने 'बग्' घातुबाट 'बग्दा' मात्र बन्छ। वास्तवमा 'दा' रूपकै संरूप बनेर /दा/ र /ता/ दुवै आउँछन्।

भाषाका रूप वितरणमा आउँदा परिवेशअनुसार परिवर्तित हुन्छन्। भिन्न परिवेशमा आउँदा भिन्न आकार लिएका एउटै रूपका भेदलाई संरूप भनिन्छ। संरूपहरू परिपूरक वितरणमा आउँछन्। सघोष वर्णपछि सघोष /दा/ र अघोष वर्णपछि /ता/ आउनु नै परिपूरक वितरणमा आउनतु हो। तर अगो। वर्णपछि /ता/ र /दा/ दुवै देखिन्छन्। यसरी एउटै परिवेशमा एकभन्दा बढी संरूप देखिए भने त्यस्तालाई मुक्तपरिवर्तनमा आएको भनिन्छ।

कुनै संरूप ध्वनितात्त्विक रूपले बद्ध हुन्छन्। अर्थात् कुनै संरूप खास वातावरणमा खास ध्वनितात्त्विक रूपमा उपस्थित हुन्छन् भने कुनै संरूप खास अर्को ध्वनितात्त्विक रूपमा उपस्थित हुन्छन्। माथि भनेअनुसार 'सक्ता' र 'बग्दा' यी दुवैमा थपिएका रूप एउटै हुन् तर 'क' अघोष व्यञ्जन भएकाले यसपछि आउने ध्वनि अघोष भयो भने 'ग' घोष व्यञ्जन भएकाले यसपछि आउने व्यञ्जन घोष भयो। अतः /ता/ र /दा/ लाई 'दा' कै ध्वनितात्त्विकदृष्टिले बद्ध संरूप भन्न सकिन्छ। अङ्ग्रेजीमा बहुबचन बनाउने रूप सघोष वर्णपछि /ज्/ र अघोषपछि /स्/ का रूपमा ध्वनितात्त्विक दृष्टिले बद्ध संरूपका रूपमा पाइन्छ। जस्तै- 'क्याट्स' र

'डग्ज'। तर अक्स, चाइल्डजस्ता शब्दको बहुवचन बनाउँदा /एन्/ र /रेन्/ थपेर 'अक्सेन' र 'चिल्ड्रेन' बनाउनुपर्छ।

रूपको धारणा भारोपेली परिवारका भाषाहरूको प्रसङ्गमा उपयोगी हुन्छ। तर कतिपय भाषाहरूमा त्यस्ता रूपको मिश्रण गर्ने अनि उपसर्ग र प्रत्यय झुण्ड्याउने चल हुँदैन। त्यस्ता भाषाको अध्ययन गर्दा रूपको प्रसङ्ग नै आउँदैन, शब्द नै एकैपटक आउँछ।

## 12.5.2 रूपका प्रकार

रूपहरूलाई विभन्न आधारमा वर्गीकरण गरिन्छ। प्रत्येक आधारमा प्राप्त हुने रूपहरूको परिचय तल दिइएको छः

**१. वितरणका आधारमा**

कुनै रूप पूर्ण रूपमा स्वतन्त्र भएर उच्चारमा आउन सक्छ, कुनै चाँहि स्वतन्त्र उच्चारमा आउन सक्दैन। यस किसिमका उच्चारगत प्रयोगका आधारमा रूपहरू दुई प्रकारका मानिन्छन्- मुक्त र बद्ध।

(क) **मुक्त रूप**

एक्लै वा स्वतन्त्र रूपमा प्रयुक्त हुने रूपलाई मुक्त रूप भनिन्छ। वाक्य वा पदसमूहमा अरू कुनै रूपको सहयोगबिना यिनको एक्लै प्रयोग हुन्छ, जस्तै- *रामले किताब किन्यो* वाक्यमा *राम, किताब, किन्* मुक्त रूप हुन्।

**(ख) बद्ध रूप**

स्वतन्त्र रूपमा प्रयुक्त नहुने रूपलाई बद्ध रूप भनिन्छ। वाक्य वा पदसमूहमा यिनको एक्लै प्रयोग नभई कुनै रूपमा आबद्ध भएर प्रयोग हुन्छ, *रामले किताब किन्यो* वाक्यमा *ले, य, ओ* बद्ध रूप हुन्। बद्ध रूपका

पनि प्रत्यय, उपसर्ग, सामासिक, आन्तरिक परिवर्तन र आधार गरी पाँचवटा भेद पाइन्छ।

**२. रचनाका आधारमा**

कुनै रूपहरू आधार हुन्छन्, कुनै चाँहि आधेय। यस आधारमा रूपलाई निम्नलिखित दुई भागमा बाडिन्छः अङ्ग र अङ्गी।

**(क) अङ्ग रूप**

जुन रूप अर्को रूपका लागि आधार हुन्छ अथवा जसमा अरू रूपहरू गाँसिन आइपुग्छन् तिनीहरूलाई अङ्ग रूप भनिन्छ। जस्तै- *योगी* मा *युज्, डोरी* मा *डोर्।* यस्ता रूपहरू मूल हुन्छन्। संस्कृतमा यस्ता रूपलाई धातु र प्रातिपदिकभित्र राखिएको छ। यसरी प्रकृकि वा आधारका रूपमा स्थित रूप नै अङ्ग रूप हुन्। यिनीहरूलाई आधार पनि भनिन्छ।

**(ख) अङ्गी रूप**

जुन रूप प्रकृतिमा टाँसिन पुग्छ र जसको सार्थकता अर्को रूपमा गाँसिएर मात्र स्पष्ट हुन्छ त्यस्तालाई अङ्गी रूप भनिन्छ। *योगी* मा *ई, डोरी* मा *ई।*

**३. अर्थ र कार्यका आधारमा**

कुनै पनि एक उच्चारमा कम्तीमा एउटा भाव, वस्तु, धारणाको प्रतिनिधित्व गर्ने एकाइ हुन्छ। अरू काइले त्यसका कार्य वा सम्बन्धको अभिव्यक्ति गर्छन्। यस आधारमा रूप दुई प्रकारका मानिन्छन्- अर्थतात्त्विक र सम्बन्धतात्त्विक।

**(क) अर्थतात्त्विक**

कुनै विचार वा धारणा बताउने, जस्तै- *गाई, लामो* शब्दहरूमा *गाई* र *लाम्।*

**(ख) सम्बन्धतात्त्विक**

अर्थतात्त्विक रूपका अर्थलाई स्पष्ट पार्दै व्याकरणिक रूप बनाउने, कार्य जनाउने रूप, जस्तै- *केटो*मा *केट्* अर्थसूचक रूप हो, यसमा *ओ* ले *केट्*- का अर्थलाई स्पष्ट पारेको छ, उच्चार योग्य बनाउन पुलिङ्ग, एकवचन, सरल कारक जनाएको छ। यस्तै *नुनिलो* मा *नुन्* अर्थतात्त्विक रूप हो, यसमा *इल्* ले विशेषण बनाएको छ र *ओ* ले एकवचन, सरल कारक, अस्त्रीलिङ्ग जनाएको छ। यहाँका यी *इल्* र *ओ* सम्बन्धतात्त्विक रूप हुन्।

### 12.5.3 रूपमा वर्ण र अर्थको सम्बन्धःव्यक्त रूप,रिक्त रूप,सम्पृक्त रूप र शून्य रूप

रूप ध्वन्यात्मक वा वार्णिक संरचना र अर्थबाट निर्मित हुन्छ। यो सामान्यतः रूपको पहिचान हो। तर रूपमा सँधै वर्ण र अर्थ दुवैको उपस्थिति नहुन पनि सक्छ। रूपमा वर्ण र अर्थमध्ये एक मात्र वा दुवैको उपस्थिति वा एक रूपमा एकभन्दा बढी अर्थतात्त्विक एकाइहरूको उपस्थितिका आधारमा रूपहरूलाई व्यक्त रूप, रिक्त रूप, सम्पृक्त रूप र शून्य रूपमा विभाजन गर्न सकिन्छ।

**१. व्यक्त रूप**

वार्णिक संरचना भएको जुनसुकै रूप व्यक्त रूप हो। नेपाली भाषामा *राम, लेख-, -य्* र *–ओ* अथवा अङ्ग्रेजी भाषाका *cat, -s, dog, -z* व्यक्त रूपका उदाहरण हुन्। यी रूप खास वर्णहरूबाट संरचित छन्। रिक्त र सम्पृक्त दुवै रूप व्यक्त रूप हुन्।

**२. रिक्त रूप**

वार्णिक संरचना भएको तर अर्थ नभएको रूप रिक्त रूप हो। वार्णिक संरचना भएर पनि अर्थगत रिक्तता भएका कारण यसलाई रिक्त रूप भनिएको हो। अङ्ग्रेजीको निम्नलिखित उदाहरण हेरौं-

*Child* *'बच्चो (वा बच्ची)'* *children 'बच्चाहरू'*

*Ox* *'गोरु'* *oxen 'गोरुहरू'*

उपर्युक्त उदाहरणमा *Ox* को बहुवचन *oxen* भएबाट बहुवचनबोधक रूप *en* हो भन्ने स्पष्ट हुन्छ। त्यसो हुँदा *Child* को बहुबचन **children* हुनुपर्ने हो तर त्यो नभई *children* हुन्छ। यहाँ *child* को खास अर्थ छ र *–en* को पनि खास अर्थ छ तर *-r* को कुनै अर्थ छैन केवल वार्णिक आकार मात्रै छ। तसर्थ, यो अङ्ग्रेजी भाषाको रिक्त रूप हो।

**३. सम्पृक्त रूप**

एउटै अविभाज्य वार्णिक संरचनामा एकभन्दा बढी अर्थतात्त्विक एकाइको उपस्थिति हुँदा त्यस्तो रूपलाई सम्पृक्त रूप भनिन्छ। निम्नलिखित उदाहरण हेरौं-

*केट्-ओ* *केट्-आ*

*केट्-ई*

उपर्युक्त उदाहरणमा *केट्* 'निश्चित उमेर समूहको मानव सन्तान' अर्थ भएको रूप हो। यहाँ *–ई* ले स्त्रीलिङ्ग बुझाउँछ भने *–ओ* ले एकैसाथ पुलिङ्ग र एकवचन तथा *–आ* ले एकैसाथ पुलिङ्ग र बहुवचन बुझाउछन्। *-ओ* र *–आ* एक-एक रूप हुन् यिनलाई यसभन्दा अघि बढेर अझ साना एकाइमा टुक्र्याउन सकिँदैन। तसर्थ, यी एउटा अविभाज्य वार्णिक संरचना हुन्। तर यिनमा एकैसाथ अर्थका दुई एकाइको उपस्थिति छ। यसैले यी सम्पृक्त रूपका उदाहरण हुन्।

**४. शून्य रूप**

शून्य रूप वार्णिक संरचना नभएको तर अर्थ भने भएको रूप हो। अर्थात् शून्य रूप वर्णका रूपमा देख्न नसकिने रूप हो। तलको उदाहरण हेरौं-

*Cat* *'बिरालो'* *cats* *'बिरालाहरू'*

*Ox* *'गोरु'* *Oxen* *'गोरुहरू'*

*Sheep* *'भेडो'* *Sheep* *'भेडा'*

उपर्युक्त उदाहरणमा *Cat* को बहुवचन *– s* रूपको प्रयोग गरिएको छ भने *Ox* को बहुवचन बनाउन *–en* रूपको प्रयोग गरिएको छ। तर *Sheep* शब्दको बहुवचनमा भने त्यस्तो कुनै रूप देखिँदैन। यहाँ कुनै वार्णिक संरचना भएको रूप नदेखिए पनि अर्थ भने स्पष्ट छ। यस्तो रूपलाई नै शून्य रूप भनिन्छ।

## 12.6 **नेपाली क्रियाइतर शब्दको रूपतात्त्विक अध्ययन**

नेपाली शब्दवर्गको विकारीवर्ग अन्तर्गत नाम, सर्वनाम, विशेषण र क्रियापद पर्दछ । विकारी शब्दअन्तर्गत पर्ने यी चार शब्दवर्गमा नाम, सर्वनाम र विशेषणको रूपतात्त्विक अध्ययन गरिनेछ।

**१. नाम-** कुनै व्यक्ति , ठाउँ ,गुण, वस्तु,भाव,स्थति आदिको नाम बुझाउने शब्दलाई नामशब्द वा नामपद भनिन्छ । व्याकरणिक प्रकार्यअनुसार नामको परिचय दिने हो भने- **नाम भनेको लिङ्ग,वचन र कारकअनुसार रूप चल्ने र वाक्यमा कर्ता,कर्म वा पूरक बनी आउन सक्ने पद हो**। नामको रूपायन लिङ्ग वचन र कारकका आधारमा हुन्छ ।

**लिङ्गको आधारमा नामको रूपायन-**

लिङ्ग- लिङ्ग भनेका पुरूष वा स्त्रीको भिन्नतालाई जनाउने व्याकरणिक कोटी हो । विभिन्न भाषामा लिङ्ग निर्धारण विभिन्न् कुराका आधारमा

गरिन्छ । नेपालीमा लिङ्गको भेद शब्दको प्राकृतिक गुणअनुसार गरिएको नै पाइन्छ ।

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| केटो(ओ) | केटी (ई) |

नामको उपर्युक्त रूपायन रूपगत हो । नेपाली नामको लिङ्गत रूपायन शब्दगत पनि हुन्छ । जस्तै-

**मानवीय**

| **पुलिङ्ग** | **स्त्रीलिङ्ग** |
|---|---|
| भाइ | बुहारी |
| दाजु | भाउजु |

**मानवेतर**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गोरू | गाई |
| खसी | बाख्रो |

**वचनको आधारमा नामको रूपायन**

परिचय पदबाट बुझिने सङ्ख्या  नै वचन हो । नेपालीमा वचन दुई प्रकारका छन् –एकवचन र बहुवचन । एकवचनले एउटा वस्तुलाई मात्र बुझाउँछ भने बहुवचनले एकभन्दा बढी वस्तुलाई बुझाउँछ । नेपालीमा नाम, सर्वनाम, विशेषण र क्रियापदले वचनको अन्तर स्पष्ट पार्दछन् । जस्तै

| **एकवचन** | **अनेकार्थी बहुवचन** | **आदरार्थी बहुवचन** |
|---|---|---|

| | | |
|---|---|---|
| ठिटो | ठिटाहरू | ठिटा |
| हरि | हरिहरू | हरि |
| कुकुर | कुकुरहरू | |
| केटी | केटीहरू | केटी |

**कारकका आधारमा नामको रूपायन**

वाक्यमा नाम वा सर्वनामको क्रियापदसँग जुन सम्बन्ध छ त्यसलाई कारक भनिन्छ । कारक जनाउने चिह्नलाई विभक्ति भनिन्छ । नेपालीमा सर्वनाम ले, लाई आदि विभक्ति जोडिँदा तिर्यक रूप बनिन्छ । नेपालीमा कारक तथा अन्य सम्बन्ध प्रकट गर्नका निम्ति नामिक पदका दुई रूप मात्र बन्दछ – सरल र तिर्यक।

| **सरल** | **तिर्यक** |
|---|---|
| छोरो छोरालाई | छोराले पैसा ल्यायो । |
| सीता सीतालाई | सीतालाई पुस्तक देऊ । |

**आदारका आधारमा नामको रूपायन**

व्यक्तिलाई जनाउने सम्मानका कारण क्रियापदको रीपायन गर्ने तत्वलाई आदार भनिन्छ । व्यक्तिलाई जनाउने सम्मानका कारण क्रियापदका रूपमा परिवर्तन आउने हुनाले आदारलाई पनि एउटा रूपायक तत्वका रूपमा हेरिन्छ ।

आदारका आधारमा नामको रूपायन हुँदा बहुवचनकै रूप बन्दछ । जस्तै-

| सामान्य | आदार |
|---|---|
| गुरू | हाम्रा गुरू विद्वान मानिस हुन् । |

आमा                आमा घरमा नै छन् ।

त्यसैकारण यसलाई आदरार्थी बहुवचन भनिन्छ ।

**२. सर्वनामको रूपयन**

परिचय- वाक्यमा नामको साटो प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । जस्तै –म,तँ,ऊ,यो ,तिनीहरू,आफू आदि । सर्वनामको प्रयोग भनाइको सुन्दरता,सरलता, तथा संझिप्तताको निम्ति गरिन्छ ।

सर्वनामको रूपायन वचन, पुरूष, आदार र कारकका आधारमा हुन्छ ।

वचनका आधारमा सर्वनामको रूपायन वचनको परिचय नामके रूपायन प्रक्रियामा नै गरिएको हुनाले यहाँ रारव्न आवश्यक छैन।

प्रश्नवाचक, सम्बन्धवाचक र अनिश्चयवाचक सर्वनाम बाहेक अरू सबै सर्वनामका एकवचन रूप हुन्छन् । जस्तै

| एकवचन | अनेकार्थी बहुवचन | आदारार्थी बहुवचन |
|---|---|---|
| म | हामीहरू | हामी |
| तँ | तिमीहरू | तिमी |
| त्यो | तिनीहरू | ती तिनी |
| ऊ | उनीहरू | उनी |

**पुरूषका आधारमा सर्वनामको रूपायन**

नेपालीमा पुरुष र आदरको भिन्नता सर्वनाम र क्रियापदले जनाउँछन् । सर्वनाममा पुरुष र आदारको भिन्नता अलगअलग प्रतिपादिकबाट प्रकट हुन्छ भने क्रियापदमा मात्र रूपान्तरबाट पुरुष र आदरको भिन्नता प्रकट हुन्छ।

नेपाली सर्वनामका प्रथम, द्वितिय र तृतिय गरी तीन पुरूष छन् ।

सर्वनामको पुरूषमा रूपायन रूपगत नभएर शब्दगत देखिन्छ । जस्तै

**प्रथम पुरूष**          **द्वितिय पुरूष**          **तृतिय पुरूष**

म, हामीहरू तँ, तिमी, तपाई, हजुर यो,यी,यिनी,ऊ,उनी,त्यो,ती,

**आफू** शब्द द्वितिय र तृतिय दुवै पुरूषका सन्दर्भमा व्यवहार गरिन्छ ।

आदारका आधारमा सर्वनामको रूपायन

व्यक्तिलाई जनाउने सम्मानका कारण क्रियापदको रूपायन गर्ने तत्वलाई आदार भनिन्छ । व्यक्तिलाई जनाउने सम्मानका कारण क्रियापदका रूपमा परिवर्तन आउने हुनाले आदारलाई पनि एउटा रूपायक तत्वका रूपमा हेरिन्छ ।

आदारका आधारमा सर्वनामको रूपायन द्वितिय र तृतिय पुरूषमा मात्र हुन्छ, प्रथम पुरूषमा हुदैन । जस्तै

| **सामान्य आदार** | **मध्यम आदार** | **उच्च आदार** |
|---|---|---|
| तँ | तिनी तिमीहरू | तपाईं तपाईहरू |
| ऊ | उनी उनीहरू | उहाँ उहाँहरू |

कारकका आधारमा सर्वनामको रूपायन

कारकका आधारमा सर्वनामको रूपायन गर्दा तपाई, हजुर, मौसुफ, यहाँ र उहाँबाहेक अरू सर्वनामका सरल र तिर्यक रूप बन्दछ । कारक जनाउने काम विभक्तिले गर्छन् । विभक्तिहरूले सर्वनामको सरल रूपलाई तिर्यक बनाईदिन्छन् । जस्तै-

| सरल कारक | तिर्यक कारक |
|---|---|
| म, हामी | मैले मेरो हाम्रो |
| तँ तिमी | तैंले तेरो, तिम्रो |
| ऊ, उनी | उसले उसलाई उनले उनलाई |
| यो,यी,यिनी | यसले यसलाई यिनले यिनलाई |
| को | कसले कसलाई कसको |
| जो | जसले जसलाई जसको |

| | |
|---|---|
| आफू | आफ्नो |

**३.विशेषणको रूपायन**

नाम वा सर्वनामको विशेषता गुण, दोष, सङ्ख्या, रङ, आकार-प्रकार आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले जुन नामपदको विशेषता स्पष्टयाउँछ त्यसलाई विशेष्य भनिन्छ ।

विशेषणको रूपायन वचन, लिङ्ग, र आदारका आधारमा हुन्छ ।

वचनका आधारमा विशेषणको रूपायन

नामअनुसार विशेषण पनि एकवचन वा बहुवचन रूपायित हुन्छ ।

विशेषणको एकवचनबाट बहुवचनमा रूपायन गर्दा ओकारान्त शब्दबाट आकारान्तमा परिवर्तन गरिन्छ ।जस्तै-

| **एकवचन** | **बहुवचन** |
|---|---|
| राम्रो केटो | राम्रा केटा |
| सेतो परेवा | सेता परेवाहरू |

बहुवचनले नाममा झैं विशेषणमा पनि आदारार्थी जनाउने काम गर्दछ ।

जस्तै

| बहुवचन | आदरार्थी |
|---|---|
| यी केटीहरू | यी केटी के गर्दै छन् ? |
| ठुला मानिस | हाम्रा मामा ठुला मानिस हुन् । |

लिङ्गका आधारमा विशेषणको रूपायन

नेपालीमा मानवीय विशेषण मात्र लिङ्गद्वारा रूपायीत हुन्छ । लिङ्गमा विशेषणको रूपायन गर्दा ओकारान्त र आकारान्त शब्द छन् भने इकारान्तमा परिवर्तन हुन्छन् । जस्तै-

| पुलिङ्ग | स्त्रीलिङ्ग | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|---|
| रातो | राती | एउटा | एउटी |

रााम्रो रााम्री सुतुवा सुतुवी

मानवेतर विशेषणको लिङ्गमा रूपायन हुँदैन ।

आदारका आधारमा विशेषणको रूपायन

विशेषणमा पनि नाममा जस्तै आदर जनाउने काम बहुवचन अथवा तिर्यक रूप ओकारान्त शब्द आकारान्त भएर नै हुन्छ । जस्तै

| सामान्य | आदार |
|---|---|
| बाठो | बाठा |
| राम्रो | राम्रा |
| गोरो | गोरा |

यसरी नाम सर्वनाम र विशेषणको लिङ्ग, वचन, पुरूष, कारक, वाच्य आदि व्याकरणिक कोटीको आधारमा रूपायन भई वाक्यमा प्रयोग गर्ने उपयुक्त र अर्थयुक्त हुँदछ ।

## 12.7 उपसंहार

कुनै काम हुने वा भएको अर्थ दिने विकारी शब्द क्रिया हो। साधारणतः नेपाली भाषामा वाक्यको अन्तमा आउने र वाक्य टुङ्ग्याउने शब्द क्रियापद हो। क्रियापदद्वारा कुनै घटनाको विवरण, कार्यव्यापार, कार्यको अवस्था तथा कार्यको स्थितिको बोध हुँदछ। धातुमा प्रयोजनअनुसार प्रत्यय लगाएर क्रियापदका प्रायोगिक रूप बनाइन्छ। खानु, हिड्नु, बस्नु, जानु, उठ्नु, पढ्नु, सुत्नु, सिक्नु इत्यादि क्रियाको नामिक रूपहरू हुन्। यस्ता रूपलाई क्रियार्थक नाम वा नामिक क्रिया भनिन्छ। तर यिनै रूप बनिने धातुबाट वाक्यमा काम समापन भएको अर्थबोध हुने गरी प्रयोग हुने खान्छ, खायो, हिड्छ, हिड्यो, बस्छ, बस्यो, जान्छ, गयो, उठ्छ, उठ्यो, पढ्छु, पढ्यो, सुत्छ, सुत्यो, सिक्छ, सिक्यो इत्यादि रूपहरू भने क्रियापद हुन्।

क्रियापदहरू लिङ्ग, वचन, कारक, पुरुष, वाक्य, क्रियाका काल र पक्ष जस्ता व्याकरणिक कोटिहरूद्वारा रूपायित हुँदछन्। अर्थात् एउटा रूपबाट अर्को रूप पाउँदछन्। यसैले व्याकरणिक कोटीका आधारमा रूपायित भई घटना विवरण, कार्यव्यापार, कार्यस्थिति अनि कार्यावस्था बोध गराउने विकारी शब्दलाई क्रियापद भनिन्छ। अथवा वाक्यमा कुनै काम हुने वा भएको बुझाउने शब्दलाई क्रियापद भनिन्छ। धातुमा प्रत्यय लागेको त्यस्तो शब्द जसले वाक्यको विधेय खण्डको मुख्य घटक तत्वको रूपमा आफ्नो कार्य सम्पन्न गर्छ, त्यो क्रियापद हो।

क्रियापदलाई मुख्यतः कर्मका आधारमा, सम्बन्धको प्रधानताका आधारमा, वाक्यार्थ समापनका आधारमा अनि रचनागत आधारमा विभाजन गर्न सकिन्छ। कर्मको आधारमा क्रियापद सकर्मक र अकर्मक गरी दुई प्रकारका छन्। वाक्यमा जुन क्रियालाई कर्मको आनश्यकता पर्दैन त्यसलाई अकर्मक क्रिया भनिन्छ। वाक्यमा जुन क्रियाको प्रयोगमा कर्ताका साथै कर्मको पनि खाँचो पर्दछ त्यसलाई सकर्मक क्रिया भनिन्छ। रचनाका दृष्टिले क्रिया दुई किसिमका हुन्छन्- (१) सरल क्रिया र (२) संयुक्त क्रिया। धातुमा लिङ्ग, वचन, पुरुष आदि बुझाउने रूपायक प्रत्यय गाँसिएर बनेका क्रियालाई सरल क्रिया भनिन्छ। यो क्रियाचाहिँ मूल र सहायक क्रिया मिलेर बनेको हुन्छ। अर्थात् एकभन्दा बढी क्रियाहरू मिलेर एउटा मात्र क्रियाको अर्थ दिने वा एउटै क्रियाको काम गर्ने क्रियापदलाई संयुक्त वा मिलित क्रिया भनिन्छ।

अर्थका आधारमा क्रिया दुई प्रकारका हुन्छन्- (१) मूल (२) सहायक। कर्ता वा कर्मका मूल कार्य बुझाउने क्रियालाई मूल क्रिया भनिन्छ। सहायक क्रिया अर्थका दृष्टिले प्रधान नभई मूल क्रियालाई नै सघाउन आएको हुन्छ। वाक्य टुङ्ग्याउनीका दृष्टिले क्रिया दुई प्रकारको

छन्- (१) समापिका र (२) असमापिका। जुन क्रियाद्वारा क्रिया समाप्त हुन्छ त्यसलाई समापिका क्रिया भनिन्छ। क्रियाहरू वाक्यका आसमापक भएर पनि प्रयोगमा आउँछन्। जुन क्रिया वाक्यको अन्तमा नभएर अन्य कही प्रयुक्त हुन्छ अर्थात् जुन क्रियाबाट वाक्य टुङ्गिदैन त्यसलाई असमापिका क्रिया भनिन्छ।

काल पक्ष र भाव पनि क्रियासँग नै सम्बन्धित हुन्छ। ,काल भनेको समय हो। काल क्रियासँग सम्बन्धित व्याकरणिक कोटि हो। कालको विशेष अवस्था वा अवधिविशेष बुझाउने हुनाले पक्ष भनेको क्रियाका कालको पनि काल हो। वक्ताको मनोभाव वा मनोवृत्ति व्यक्ति गर्ने तत्त्व भाव हो। क्रियाका कार्यव्यापारमा रहेको अर्थ नै भाव हो। व्याकरणिक कोटिहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, वाच्य, भाव, आदरका आधारमा साथै करण-अकरणका दृष्टिले पनि क्रियापदको रूपायन हुँदछ।

रूपविज्ञान पनि भाषाविज्ञानका महत्त्वपूर्ण शाखाहरूमध्ये एउटा शाखा हो। यसमा भाषाको लघुतम सार्थक एकाइ रूपको अध्ययन गरिन्छ। रूपको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई रूपविज्ञान भनिन्छ। रूपको अध्ययन गर्ने रूपविज्ञानले रूपलाई निम्नलिखित ढङ्गले चिनाउँछः

*भाषाको लघुतम सार्थक एकाइलाई रूप भनिन्छ।*

रूप लघुतम एकाइ भएकाले अविभाज्य हुन्छ र साना एकाइहरूमा टुक्रिँदैन। नेपाली बाषाको शब्द 'केरा' लाई टुक्र्याउँदा क्,ए, र्, आ वर्महरू प्राप्त हुन्छन्, तर यसरी टुक्र्याउँदा प्राप्त हुने चारवटै टुक्राहरू एप भेकाले 'केरा' भन्ने रूप लघुतम एकाइ हो।

शब्दभन्दा तल्लो वा सबैभन्दा तल्लो भाषिक एकाइ नै रूप हो। रूप सार्थक वा अर्थयुक्त एकाइ हो। यसको अर्थ शब्दकोशीय र व्याकरणिक हुन्छ। भाषामा रूप अर्थको अविबाजद्य एकाइ भएर रहेको हुन्छ। नेपाली

शब्द ‘घमाइलो’ मा घाम + आइलो दुई सार्थक रूपहरू छन्। यिनले टुक्रिँदा पनि आफ्नो अर्थ बोकिरहेकै हुन्छन्। ‘घाम’ ले ‘सूर्यको किरण’ भन्ने अर्थ र ‘इलो’ ले पना वा पन भन्ने अर्थ बहन गरेको हुन्छ। अर्थबाट यो अविभाज्यता रूपको विशेष पहिचान हो।

भाषाविज्ञानमा रूपलाई भाषाका लघुतम अर्थयुक्त एकाइ ( smallest meaningful unit) भनिएको छ। भाषाका रूपहरूको अध्ययन गर्ने विषयलाई रूपविज्ञान भनिएको छ। रूपविज्ञानमा रूप र विज्ञानको समास छ। यो अङ्ग्रेजीको मोर्फोलोजी (Morphology) का निम्ति प्रयोग गरेको शब्द हो। अङ्ग्रेजी शब्द पनि ग्रीक भाषाको मोर्फ (Morph) र लोगोस (logos) बाट बनेको हो। ग्रीक भाषाको ‘मोर्फ’ को अर्थ पनि ‘रूप’ हुन्छ। रूपविज्ञान त्यो विषय हो जसले भाषाका रूप र ती रूपले व्यक्त गर्ने अर्थको अध्ययन गर्छ। भाषाविज्ञानअन्तर्गत रूपविज्ञान केन्द्रीय विषयमा पर्दछ।

रूप भाषाको सबैभन्दा सानो अर्थयुक्त एकाइ हो। यसभन्दा सानो एकाइमा अर्थ हुँदैन। रूप व्याकरणिक कार्य र अर्थको अविभाज्य एकाइ हो। व्याकरणिक कार्य र अर्थलाई रूपभन्दा साना एकाइमा विभाजित गर्न सकिँदैन।

उन्नाइसौ शताब्दीमा तुलनात्मक भाषाविज्ञानको उदय र विकाससँगै रूपको पनि कालक्रमिक अध्ययन गरियो। खासगरी म्याक्समुलरले डार्विनको विकासवादी सिद्धान्तअनुसार जीववैज्ञानिक रूपविज्ञानमा जैविक रूपको अध्ययनबाट समग्र जीवविकासको अध्ययन गर्न सकिएजस्तै गरी भाषिक रूपको अध्ययनबाट समग्र भाषाको ऐतिहासिक विकासको अध्ययन गर्न सकिनन्छ भन्ने मान्यताअनुसार रूपको अध्ययन थाले। यसै अवधिमा रूपको प्रकारगत अध्ययन समेत सुरु भयो।

रूपहरूलाई विभन्न आधारमा वर्गीकरण गरिन्छः रचनाका आधारमा, वितरणका आधारमा र अर्थ र कार्यका आधारमा। वितरणका आधारमा रूप मुक्त र बद्ध गरी दुई प्रकारका छन्। रचनाका आधारमा अङ्ग र अङ्गी गरी रूप दुई प्रकारका छन्। अर्थ र कार्यका आधारमा रूप दुई प्रकारका छन् अर्थतात्त्विक र सम्बन्धतात्त्विक। रूपमा वर्ण र अर्थको सम्बन्धको हिसाबले पनि रूप व्यक्त रूप, रिक्त रूप, सम्पृक्त रूप र शून्य रूप हुन्छन्।

## 12.8 सार

यस खण्डबाट हामीले क्रियापद, यसका प्रकार, क्रियापदको रूपतात्त्विक अध्ययन, रूप र क्रियाइतर शब्दहरूको रूपतात्त्विक अध्ययनबारे धेरथोर कुराहरू जान्न सक्यौं। विशेषतः यी जानकारीहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ-

❖ व्याकरणिक प्रकार्यको दृष्दिले लिङ्ग, वचन, काल र पुरुषद्वरा रूपायित हुने पद **क्रियापद** हुन्। क्रिया सङ्केत गर्ने वा व्यापार बुझाउने पद हो। क्रियाले कसैबाट केही काम हुनु वा गर्नुलाई बुझाउँछ। अर्थात् जुन पदद्वारा कुनै काम भएको वा हुने बुझिन्छ। त्यसलाई क्रियापद भनिन्छ।

❖ क्रिया वाक्यका निम्ति अति खाँचो पर्ने अङ्ग हो। यसको अभावमा वाक्यको रचना अपूर्ण हुन्छ। क्रियाबिना वाक्यको रचना हुन सम्भव पनि छैन। प्रत्येक वाक्यमा क्रियाको उपस्थिति अति आवश्यक छ। घटना , स्थिति वा आस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ। वाक्यमा ,कार्यव्यापार क्रियाले विभिन्न महत्त्वपूर्ण कार्य गर्छ।

❖ धातु भनेको क्रियाको मूल रूप हो। व्याकरणिक कोटीद्वारा रूपायित हुने जुनसुकै क्रियापदको मूलमा धातु रहेको हुन्छ। क्रियापद बानिँदा धातुमा जुन प्रत्यय लाग्छ त्यसलाई तिङ वा आख्यात प्रत्यय भनिन्छ। क्रियापद विकारी शब्द हो। धातुमा प्रत्यय लागेको सबै पदहरू क्रियापद नहुन पनि

सक्छन्। ती क्रियार्थक नाम हुन सक्छन्। नभए अन्य कृदन्ती शब्द हुन्छन्।

❖ विभिन्न आधारमा क्रियापदका विभिन्न भेद हुन्छन्। नेपाली व्याकरणमा मुख्यतः कर्मका आधारमा, सम्बन्धको प्रधानताका आधारमा, वाक्यार्थ समापनका आधारमा अनि रचनागत आधारमा क्रियापदका भेद निर्धारण गरिएको छ।

❖ कर्मका आधारमा क्रियापद दुई प्रकारका छन् -(१) **अकर्मक** र (२) **सकर्मक**। रचनाका दृष्टिले क्रिया दुई किसिमका हुन्छन्- (१) **सरल क्रिया** र (२) **संयुक्त क्रिया**। अर्थका आधारमा क्रिया दुई प्रकारका हुन्छन्- (१) **मूल** (२) **सहायक**। वाक्य टुङ्ग्याउनीका दृष्टिले क्रिया दुई प्रकारको छन्- (१) **समापिका** र (२) **असमापिका**।

❖ कर्ता स्वयमले अर्को काम नगरेर अन्य कसैको प्रेरणाबाट काम गर्ने कुरा जनाउने क्रियालाई प्रेरणार्थक भनिन्छ। धातुभिन्न अन्य शब्दमा प्रत्यय गाँसी व्युत्पन्न हुने धातु ना नामधातु हुन्। नाम, विशेषण र अव्यय शब्दमा इ, आउँ, याउ जस्ता परसर्ग गाँसिएर धातुजस्ता बनेका शब्दलाई नामधातु भनिन्छ।

❖ काल भनेको समय हो। काल क्रियासँग सम्बन्धित व्याकरणिक कोटि हो। भाषाका व्याकरणमा काल भन्नाले क्रियापदले वर्णन गरेको कार्यव्यापारको वा अवस्थाको समय भन्ने बुझिन्छ। काल तीन प्रकारका मानिएका छन्- भूत, वर्तमान र भविष्यत्। तर रूप रचनाका आधारमा क्रियाका काल तीनथरी नभएर दुई थरी मात्र छन्- भूत र अभूत।

❖ कालको विशेष अवस्था वा अवधिविशेष बुझाउने हुनाले पक्ष भनेको क्रियाका कालको पनि काल हो। वक्ताको मनोभाव वा मनोवृत्ति व्यक्ति गर्ने तत्त्व भाव हो। क्रियाका कार्यव्यापारमा रहेको अर्थ नै भाव हो। क्रियापदको

त्यस्तो प्रयोगजन्य अर्थ जसले वक्ताका आकांक्षा, मनसाय, भावना, इच्छा, उद्देश्य, अभिप्राय इत्यादि कुरा धारण गरेको हुन्छ त्यसलाई भाव भनिन्छ।

❖ क्रियाको रूपतात्त्विक अध्ययन भन्नाले क्रियापदको रूपायनको अध्ययन भन्ने बुझिन्छ। विशेषगरेर व्याकरणिक कोटीहरूद्वारा नाम, सर्वनाम, विशेषण तथा क्रियाको रूपायन हुने गर्दछ। क्रियापदको रूपायन विभिन्न आधारमा गरिन्छ। क्रियाको मूल धातुमा व्याकरणिक कोटिअनुसारका रूपायक प्रत्यय लागेपछि क्रियापदको रूपायन हुन्छ।

❖ क्रियापदलाई लिङ्ग, वचन, पुरुष, काल, पक्ष, वाच्य, आदर, करण-अकरण, भाव आदिको आधारमा क्रियापदको रूपायन गर्ने गरिन्छ।

❖ अङ्ग्रेजीमा प्रयोग गरिने Morphology शब्द Morph 'रूप' र Logy 'अध्ययन' बाट बनेको हो। यो जीवविज्ञानबाट भाषाविज्ञानमा आयातीत शब्द हो। जीवविज्ञानमा यस शब्दको प्रयोग बोटबिरूवा र जनावरका संरचनाका एकाइहरूको अध्ययनका निम्ति हुन्थ्यो। यसैअनुसैर भाषाविज्ञाननमा पनि शब्दका टुक्राहरूका अध्ययनका लागि यस शब्दको प्रयोग गरिएको हो। यस शब्दका पर्यायका रूपमा नेपालीमा रूपव्यवस्था वा रूपविज्ञान शब्दको प्रयोग गरिन्छ।

❖ भाषाविज्ञानमा रूपलाई भाषाका लघुतम अर्थयुक्त एकाइ ( smallest meaningful unit) भनिएको छ। भाषाका रूपहरूको अध्ययन गर्ने विषयलाई रूपविज्ञान भनिएको छ। रूपविज्ञानमा रूप र विज्ञानको समास छ। यो अङ्ग्रेजीको मोर्फोलोजी (Morphology) का निम्ति प्रयोग गरेको शब्द हो।

❖ रूप र संरूपको सम्बन्ध वर्ण र संवर्णको जस्तै हुन्छ। रूप भाषाको सबैभन्दा सानो अर्थयुक्त एकाए हो। त्यसै अविभाज्य अर्थयुक्त एकाइका विविध संरचनागत भेदहरू संरूप हुन्। यसैले कुनै दुई न्यूनतम अर्थयुक्त

भाषिक एकाइहरू त्यसै अर्थमा वा एउटा अर्थमा प्रयोगमा रहन्छन् भने ती भिन्नाभिन्नै रूप नभई एकै रूपका संरूपहरू हुन्।

❖ उन्नाईसौं शताब्दीमा तुलनात्मक भाषाविज्ञानको प्रार्दुर्भावसँगै रूपतात्विक अध्ययन झन् बढेको देखिन्छ। यसअन्तर्गत मुख्यतः रूपको कालक्रमिक र प्रकारगत अध्ययन भएको पाइन्छ। पछि संरचनावादी भाषाविज्ञानको विकास भएपछि रूपको अध्ययनमा झन् गहनता आएको छ।

❖ भाषामा शब्द-संरचनाको अध्ययन धेरै अघिदेखि भएको थियो तापनि रूपविज्ञान शब्दको प्रयोग पछि भएको हो। पाणिनिले आफ्नो अष्टाध्यायीमा संस्कृत भाषाका शब्दको संरचनाको अध्ययन गरी आफ्ना नियमहरू दिएका थिए। ग्रिस-रोमन परम्पराले पनि शब्दका संरचनाको अध्ययन गरेको थियो। उन्नाइसौं शताब्दीको ऐतिहासिक तुलनात्मक पद्धतिलाई त्यस समयका विद्वानहरू वैज्ञानिक पद्धति भन्थे।

❖ उन्नाइसौ शताब्दीमा तुलनात्मक भाषाविज्ञानको उदय र विकाससँगै रूपको पनि कालक्रमिक अध्ययन गरियो। खासगरी म्याक्समुलरले डार्विनको विकासवादी सिद्धान्तअनुसार जीववैज्ञानिक रूपविज्ञानमा जैविक रूपको अध्ययनबाट समग्र जीवविकासको अध्ययन गर्न सकिएजस्तै गरी भाषिक रूपको अध्ययनबाट समग्र भाषाको ऐतिहासिक विकासको अध्ययन गर्न सकिनन्छ भन्ने मान्यताअनुसार रूपको अध्ययन थाले।

❖ कुनै पनि भाषाका रूपहरूको निर्धारण गर्दा विभिन्न कुरामा विचार गर्नुपर्ने हुन्छ। रूपनिर्धारणका आधार पनि व्यतिरेक, रूपभेद र वितरण नै हुन्। बाह्य रूपका आधारमा अर्थमा भिन्नता भएमा कुनै दुई रूप भिन्न हुन सक्छन्।

❖ रूपहरूलाई विभन्न आधारमा वर्गीकरण गरिन्छ। कुनै रूप पूर्ण रूपमा स्वतन्त्र भएर उच्चारमा आउन सक्छ, कुनै चाँहि स्वतन्त्र उच्चारमा आउन सक्दैन। यस किसिमका उच्चारगत प्रयोगका आधारमा रूपहरू दुई प्रकारका मानिन्छन्- मुक्त र बद्ध। कुनै रूपहरू आधार हुन्छन्, कुनै चाँहि आधेय। यस आधारमा रूपलाई निम्नलिखित दुई भागमा बाडिन्छः अङ्ग र अङ्गी।

❖ कुनै व्यक्ति , ठाउँ ,गुण, वस्तु,भाव,स्थति आदिको नाम बुझाउने शब्दलाई नामशब्द वा नामपद भनिन्छ । व्याकरणिक प्रकार्यअनुसार नामको परिचय दिने हो भने- **नाम भनेको लिङ्ग,वचन र कारकअनुसार रूप चल्ने र वाक्यमा कर्ता,कर्म वा पूरक बनी आउन सक्ने पद हो**। नामको रूपायन लिङ्ग वचन र कारकका आधारमा हुन्छ ।

❖ परिचय- वाक्यमा नामको साटो प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । जस्तै –म,तँ,ऊ,यो , तिनीहरू,आफू आदि । सर्वनामको प्रयोग भनाइको सुन्दरता,सरलता, तथा संझिप्तताको निम्ति गरिन्छ । सर्वनामको रूपायन वचन, पुरूष, आदार र कारकका आधारमा हुन्छ ।

❖ नाम वा सर्वनामको विशेषता गुण, दोष, सङ्ख्या, रङ, आकार-प्रकार आदि बुझाउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले जुन नामपदको विशेषता स्पष्टयाउँछ त्यसलाई विशेष्य भनिन्छ। विशेषणको रूपायन वचन, लिङ्ग, र आदारका आधारमा हुन्छ ।

## 12.9 अनुशीलनी

१. क्रियापद भन्नाले के बुझिन्छ? उदाहरणसहित बताउनुहोस्।

२. कर्मका आधारमा क्रियापदका कति प्रकार छन्? तिनको परिचय दिएर उदाहरण पनि लेख्नुहोस्।

३. अर्थका दृष्टिले क्रियापदका भेद कति छन् ? ती के के हुन् ?

४. रचनाका दृष्टिले क्रियापदका भेद चिनाउँदै संयुक्त क्रियापदका बारेमा बताउनुहोस्।

५. क्रियापदका रूपायनका आधारहरू के के हुन्? सविस्तार चर्चा गर्नुहोस्।

६. लिङ्गका आधारमा क्रियाको रूपायन देखाउनुहोस्।

७. क्रियाको काल र पक्ष भन्नाले के बुझिन्छ? कालको आधारमा क्रियाको रूपायन देखाउनुहोस्।

८. भाव भन्नाले के बुझिन्छ? भावका आधारमा क्रियाको रूपायन गर्नुहोस्।

९. भूतकालको क्रियापदले के-कस्तो समयलाई बुझाउँछ?

१०. अकर्मक र सकर्मक क्रियापद माझको अन्तर लेख्नुहोस्।

११. रूप भन्नाले के बुझिन्छ? उदाहरणसहित लेख्नुहोस्।

१२. अध्ययनको क्षेत्रका आधारमा रूपविज्ञानलाई चिनाउनुहोस्।

१३. रूपको अध्ययनको पृष्ठभूमि र परम्पराबारे संक्षेपमा चर्चा गर्नुहोस्।

१४. रूप र संरूपबीच तुलना गर्नुहोस्।

१५. रूपका कति प्रकार छन्? सोदाहरण बताउनुहोस्।

१६. व्यक्त रूप, रिक्त रूप, सम्पृक्त रूप र शून्य रूपलाई संक्षेपमा चिनाउनुहोस्।

१७. वितरण र रचनाका आधारमा रूपलाई विभाजन गर्नुहोस्।

१८. रूपविज्ञान भन्नाले के बुझिन्छ? रूपहरूको निर्धारण कसरी गरिन्छ।

१९. क्रियाइतर शब्दको रूपतात्त्विक अध्यय प्रस्तुत गर्नुहोस्।

२०.बद्ध र मुक्त रूपबारे बताउँदै अर्थका आधारमा रूपको चर्चा गर्नुहोस्।

## 12.10 अतिरिक्त अध्ययन

१. बन्धु, चूडामणि- भाषाविज्ञान

२. न्यौपाने, टङ्कप्रसाद- भाषाविज्ञानको रूपरेखा

३. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र- आधुनिक भाषाविज्ञान

४. नेपाल, घनश्याम, लामा कविता- उच्च माध्यमिक नेपाली व्याकरण र रचना

५. नेपाल, घनश्याम, पराजुली, पुष्कर- माध्यमिक नेपाली व्याकरण र रचना

६. बन्धु, चुडामणि- वाक्य व्याकरणका वर्तमान प्रवृत्ति र नेपाली व्याकरण

## 12.11 मूल्यबृद्धिको निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

१. धातु र कृदन्ती शब्द ।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.३ खण्डमा उत्तर खोज्न सक्नेछन् )

२. पूरकापेक्षी क्रिया भन्नाले के बुझिन्छ ?

..........................................................................................

..........................................................................................

..............................................................................................

(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.४ खण्डमा उत्तर खोज्न सक्नेछन् )

३. समापिका र असमापिका क्रिया ।

..............................................................................................

..............................................................................................

..............................................................................................

(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.४ खण्डमा उत्तर खोज्न सक्नेछन् )

४. नामधातु भन्नाले के बुझिन्छ?

..............................................................................................

..............................................................................................

..............................................................................................

(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.४ खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

५. विध्यर्थक क्रिया भनेको कस्तो क्रियापद हो?

..............................................................................................

..............................................................................................

..............................................................................................

(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.४ खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )

६. रिक्त र शून्य रूप ।

..............................................................................................

..............................................................................................

.....................................................................................

(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.६ खण्डमा उत्तर खोज्न सक्नेछन् )

७.बद्ध रूप भन्नाले कस्ता रूपलाई बुझिन्छ ? उदाहरण दिएर लेख्निहोस्।

.....................................................................................

.....................................................................................

.....................................................................................

(प्रश्न ७ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.६ खण्डमा उत्तर खोज्न सक्नेछन् )

८. रूप र संरूप।

.....................................................................................

.....................................................................................

.....................................................................................

(प्रश्न ८ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.५ खण्डमा उत्तर खोज्न सक्नेछन् )

९.रूपविज्ञान केलाई भनिन्छ? लेख्नुहोस्

.....................................................................................

.....................................................................................

.....................................................................................

(प्रश्न ९ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.६ खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

१०. भाषाको रूपतत्त्व भन्नाले के बुझिन्छ?

.....................................................................................

.....................................................................................

Notes

..........................................................................................

....

(प्रश्न १० को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १२.६ खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )

# UNIT-13 नेपाली पदबन्धहरूको संरचना

□ □ □ □ □ □


13.0 **उद्देश्य**

13.1 **परिचय**

13.2 **पदबन्धको अर्थ र परिभाषा**

13.3 **नेपाली पदबन्धहरूको परिचय र प्रकार**

13.3.1 नेपाली पदबन्धहरूको प्रकार

13.4 **नेपाली पदबन्धहरूको संरचना**

13.5 **उपसंहार**

13.6 **सार**

13.7 **अनुशीलनी**

13.8 **अतिरिक्त अध्ययन**

13.9 **मूल्यबृद्धिको निम्ति उत्तर**


## 13.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पदबन्धको सामान्य परिचय
- पदबन्धकोको अर्थ र परिभाषा
- पदबन्धको प्रकार
- पदबन्धको संरचना
- पदबन्ध र शब्द
- क-बार सिद्धान्त र पदबन्धको परीक्षण

## 13.1 परिचय

पदबन्धलाई पदसमूह र वाक्यांश भनिएको पनि पाइन्छ। भाषावैज्ञानिक दृष्टिले पदबन्धलाई यसरी परिभाषित गरिन्छः

वाक्यभित्र निश्चित क्रममा मिलेर रहेका पदहरूको समूहलाई पदबन्ध भनिन्छ। शब्दभन्दा माथिल्लो र उपवाक्यभन्दा तल्लो भाषिक एकाइ नै पदबन्ध हो।

पदबन्धको संरचना एउटा पदबाट मात्र अथवा एकभन्दा बढी पदहरूबाट पनि हुन्छ। पदाबन्धको संरचना एकभन्दा बढी पदहरूबाट भएको छ भने ती पदहरू जुनसुकै र जथाभावी नभई निश्चित क्रममा मिलेर रहेका हुनुपर्छ। पद वा पदहरूबाट संरचित हुने हुँदा पदलाई नै पदाबन्धको संरचक घटक भनिन्छ।

| क | ख |
|---|---|
| (१) मान्छे घुरेर सुत्यो। | *(१) घुरेर मान्छे सुत्यो। |
| (२) यो मान्छे बेसरी घुरेर सुत्यो। | *(२) मान्छे यो घुरेर बेसरी सुत्यो। |
| (३) यो बुढो मान्छे बेसरी घुरेर सुत्यो। | *(३) बुढो यो मान्छे घुरेर बेसरी सुत्यो। |

उदाहरण (क) तर्फको (१) मा एक पदबाट बनेको एउटा पदबन्ध मान्छे र दुई पदहरूबाट बनेको दोस्रो पदबन्ध घुरेर सुत्यो छ। त्यस्तै वाक्य (२) मा दुई पदबाट बनेको एउटा पदबन्ध मान्छे र तीन पदबाट बनेको अर्को पदबन्ध बेसरी घुरेर सुत्यो हो। वाक्य (३) मा पनि तीन

पदबाट निर्मित एउटा पदबन्ध यो बुढो मान्छे र अर्को पदबन्ध बेसरी घुरेर सुत्यो हो। वाक्यभित्र यसरी पदहरू मिलेर आउने संरचनाका रूपमा पदबन्धको पहिचान गरिन्छ।

पदहरू निश्चित क्रममा मिलेर नआउँदै पदाबन्धको संरचना हुँदैन। पदहरू निश्चित क्रममा मिलेर नआएका हुँदा उदाहरण (ख) तर्फको *(१) मा घुरेर मान्छे, *(२) मा मान्छे यो, घुरेर बेसरी तथा *(३) मा बुढो यो मान्छे आदि पदबन्ध होइनन्। यस्तो *चिन्हले अव्याकरणात्मक एकाइ भन्ने कुरा जनाउँछ।

पूर्वीय एवं पश्चिमी दुवैतर्फका भाषाचिन्तकहरूले भाषिक अभिव्यक्तिका एक एकाइमा पदाबन्धलाई महत्त्व दिइएको देखिन्छ। भर्तृहरिले सुप्तिङन्तचयो वाक्यं क्रिया वा कारकान्विता अर्थात् सुबन्तचय, तिङ्न्तचय, क्रिया वा कारकयक्त क्रिया वाक्य हो भनेर पदहरूका पारस्परिक सम्बन्धगत एकाइतर्फ नै संकेत गरेका हुन्। संस्कृतमा चैत्रः गच्छति "चैत्र जान्छ", सुन्दर श्चैत्रः गच्छति "सुन्दर चैत्र जान्छ", पचति भवति "पाक हुन्छ" आदिमा सुबन्त र तिङन्त छन्। यस्तै नेपालीमा हरिले दिएको रातो झोला आज बिहान ९ बजे हरायो-मा झोला र हरायो-ले केन्द्रीय काम गरेका छन् भने हरिले दिएको रातो र आज बिहान ९ बजे-ले क्रमशः झोला र हरायो को व्याख्या गरेका छन्। यस्तै रामले आलु खाएछ-मा आलु खाएछ एकाइको काम गर्ने पदहरूका सम्बन्धहाट तयार भएको पदसमूह हो। यस्ता परस्पर सम्बन्ध राख्ने पदहरूका समूहलाई पदबन्ध भनिन्छ जसले एकाइको काम गर्छन्। नेपालीका सन्दर्भमा भन्ने हो भने पद र उपवाक्यका बीचको श्रेणीकम पदबन्ध हो जसले एउटा पदले झैं कुनै खास व्याकरणिक कार्य गर्छ। निष्कर्षत पदबन्ध दुई वा दुईभन्दा बढी अपेक्षाकृत मुक्त रूप (पद) को यस्तो संयोजित रूप हो जसले एकै अवधारणा वा

कल्पना व्यक्त गर्दछ र जसको निर्माण व्याख्याकारी पदहरूद्वारा मुख्य (शीर्ष) पदका विस्तारबाट हुन्छ। पदबन्धमा व्याख्याकारी शब्द मुख्य रूपले आर्थी र व्याकरणिक दृष्टिले निकटस्थ हुन्छन्।

## 13.2 पदबन्धको अर्थ र परिभाषा

वाक्यमा शब्दहरूको ताँती हुन्छ। कहिलेकाहीँ हामी शब्दहरूको त्यस्तो ताँतीले बनेको वाक्यलाई फूलका थुँगाहरू मिलेर बनेको मालासँग पनि दाँज्ने गरेको पाउँछौँ। तर फूलको शृङ्खलाले बनेको माला र शब्दको शृङ्खलाले बनेको वाक्यमाझ भिन्नता हुन्छन्। तिनीहरू भिन्न भिन्न समूह वा गुटका हुँदैनन्। तर समाजमा मानिसहरू जस्तै वाक्यमा शब्दहरू केही विशेष समूह वा गुटमा बाँडिएर बसेका हुन्छन्। वाक्यभित्र पाइने शब्दका त्यस्ता बेग्लाबेग्लै समूह वा गुटलाई पदबन्ध भनिन्छ। शब्दहरूलाई रूपिमहरूमा टुक्र्याउन सकिए झैं तथा रूपिमहरूलाई वर्ण-वर्णमा टुक्र्याउन सकिए झैं वाक्यहरूलाई विशेष पदसमूह अर्थात् पदबन्धहरूमा टुक्र्याउन सकिन्छ। जस्तै-

*पासाङ डोमा घर आई।*

यस वाक्यमा शब्दहरूका दुईवटा गुट छन्-

*पासाङ डोमा – गुट १*

*घर आई – गुट २*

यी दुईवटा गुट वाक्यभित्र रहेको कुरा चाल पाउनका निम्ति हामी यसरी प्रश्न र उत्तरको सहायता लिन सक्छौं –

१. *पासाङ डोल्मा।*

प्र. के त?

उ. *घर आई।*

२. *घर आई।*

प्र. को?

उ. *पासाङ डोमा।*

यसरी माथिको वाक्यमा पदहरूको यी दुईवटा समूह रहेको कुरा सजिलै चाल पाइन्छ। यी एक एकवटा पद समूह एक एकवटा पदबन्ध हुन्।

पदबन्ध एउटा मात्र पद वा शब्दको पनि हुनसक्छ, अथवा एउटभन्दा बेसी पद वा शब्दको पनि हुनसक्छ। उदाहरण-

**एक शब्दका पदबन्ध**

*राम आउँछ।*

राम = नामपदबन्ध

आउँछ = क्रियापदबन्ध

वाक्य> नामपदबन्ध + क्रियापदबन्ध

**दुईवटा शब्दका पदबन्ध**

*मोटो राम ढिलो आउँछ।*

वा.> **विशेषण + नामपद =**

नामपदबन्ध+**क्रियाविशेषण+क्रियापद>**क्रियापदबन्ध

= वा. >ना.प.ब + क्रि.प.ब.

**धेरैवटा शब्दका पदबन्ध**

पल्ला घरको गोरो हँसिलो मोटो राम स्कूलबाट आजभोलि निकै ढिलो आउँछ।

**नामपदबन्ध** **क्रियापदबन्ध**

वर्णहरू मिलेर शब्द बने झैं शब्दहरू मिलेर पदबन्ध बन्दछन्। उसै गरी पदबन्दहरू मिलेर उपवाक्य बन्दछन्। उपवाक्यहरूबाट वाक्य बन्दछन्। यसरी भाषामा क्रमैले सानोदेखि ठुलो, अझ ठुलो हुँदै एकाइहरूको एउटा चाखलाग्दो सिँढोजस्तो शृङ्खला बन्दछ।

**पदबन्ध, उपवाक्य, वाक्य**

यी तिनैवटा संरचनाहरू शब्दभन्दा ठुला भाषिक एकाइहरू हुन्। यीमध्ये उपवाक्य र वाक्यमाझ संरचनाको अधिक समानता हुन्छ। सरल वाक्यहरूमा ता उपवाक्य नै वाक्य वा वाक्य नै उपवाक्य हुन्छ। जस्तै-

*राम ढिलो आउँछ।*

यो एउटा सरल वाक्य हो। यही नै एउटा संयुक्त वा मिश्र वाक्यको अङ्ग बनेर आउँदा त्यस वाक्यको उपवाक्य बन्दछ। जस्तै-

राम ढिलो आउँछ भन्ने कुरा मलाई थाहा थिएन।

उपवाक्य (१) उपवाक्य (२)

उपवाक्य वा वाक्य र पदबन्धमाझ भिन्नता दर्शाउने एउटा मुख्य कुरा के हो भने, प्रत्येक उपवाक्य/वाक्यका उद्देश्य र विधेय गरी दुई भाग हुन्छन्। तर पदबन्धमा त्यस्तो हुँदैन। पदबन्धमा खालि एउटा पद मुख्य

हुन्छ अनि अन्य पद त्यसका विशेषता बुझाउने हुन्छन्। त्यसरी कुनै पनि पदबन्धमा रहने मुख्य पदलाई शीर्षपद वा केन्द्रीयपद भन्दछन्। जस्तै-

*मोटो राम* पदबन्धमा *राम* शीर्षपद वा केन्द्रीय पद हो। *मोटो* चाँहि रामको पूर्वविशेषक पद हो। यसरी पदको प्रधानताकै आधारमा पदबन्धको विश्लेषण गरेर छुट्टाउने गरेको पाइन्छ।

## 13.3 नेपाली पदबन्धहरूको परिचय र प्रकार

पदहरू मिलेर नै पदबन्ध बन्दछन्। पदबन्ध शब्दको प्रयोग पदहरूको समूहका निम्ति गरिएको पाइन्छ। पदबन्ध एकभन्दा बढी पद वा शब्द मिलेर आएका शब्द –समूह हुन्छन्। यसरी 'घर' शब्द हो भने 'मेरो घर', 'मेरो राम्रो घर', 'मेरा बुबाबाजेले बनाएको घर' आदि पदबन्ध हुन्। पदबन्ध भन्नुपर्ने स्थिति त्यसबेला आउँछ जब दुई वा दुईभन्दा बढी शब्द आएर काम गर्छन्। व्याकरणका रूप, शब्द, पदबन्ध, वाक्यांश, वाक्य आदि विभिन्न स्तर हुन्छन्। सबै भाषामा व्याकरणका सबै स्तर हुनुपर्छ भन्ने केही आवश्यक छैन।

पदबन्धलाई बुझ्नलाई पदबन्ध र शब्दलाई विचार गरी हेरौँ।

**पदबन्ध र शब्द**

कहीँ एकभन्दा बढी पद एकार्थीभावमा आएर एकाइ भएका हुन्छन्, जस्तै **लाम्पुच्छ्रे** "लामो पुच्छर भएको" जस्ता समस्त शब्दहरू। यस्ता पनि सामान्यतः पदबन्ध भनिन्छन् तर पदबन्ध र यस्ता समस्त पद वा शब्द (लामपुच्छ्रे झर्‍यो) एकै किसमका होइनन्। पदबन्धलाई आवश्यकताअनुसारर बढाउन सकिन्छ, एक पद र अर्को पदका बीच अर्को

पद राख्न सकिन्छ, जस्तै 'लामो रातो पुच्छर भएको'। यस अवस्थामा *लामो रातो पुच्छर भएको* पदबन्ध हो तर **लामपुच्छ्रे** मा बिचमा केही राख्न सकिँदैन। यस्तो सस्या आलोप समास भएका शब्दमा निकै देखिन्छ। जस्तै – *परालको आगो* (क्षणिक झगडा), *युधिष्ठिर* (सं. – नाम), *आलु खाएछ* (मरेछ) आदि। यदि *परालको दन्कँदो आगो, युधि चिरं स्थिर आलु मजाले खाएछ* गरिन्छ भने यस्ता पदबन्ध हुन्छन्। यसैले त अर्थमा भिन्नता हुन्छ तर यसरी थपथाप गर्न नसकिने अवस्थामा *परालको आगो, युधिष्ठिर, आलु खानु* चाँहि पदावली होइनन्, पद वा शब्दमात्र हुन्।

यसो भएपनि भाषाविज्ञानमा वाक्यमा एउटै पदलाई मात्र पनि पदबन्ध मानिन्छ. जस्तैः *राम गयो* वाक्यमा *राम* र *गयो* अलग अलग नाम र क्रिया पदबन्ध हुन्।

## 13.3.1 नेपाली पदबन्धहरूको प्रकार

पदबन्ध स्तरमा विभिन्न व्याकरण-सम्प्रदाय विभिन्न किसिमले विश्लेषण गर्छन्। नाम-पदबन्ध र क्रिया पदबन्ध अति प्रचलित प्रकार मानिन्छन्। पदबन्धलाई दुई आधारमा हेर्ने चलन छः शाब्दिक आधार र वाक्यात्मक व्याकरणिक कार्यको आधारमा।

**१. शाब्दिक आधार**

वाक्यमा कर्ता, कर्म, क्रियायोगी, क्रियापद आदि शब्दकोशीय आधारमा गरिने वर्गीकरणलाई शाब्दिक आधार भनिन्छ। यस आधारमा निम्नलिखित चार प्रकारका पदबन्ध हुन्छन्।

**(१) नाम पदबन्ध**

विभिन्न भाषामा पदबन्धका बेग्लाबेग्लै संरचनात्मक ढाँचा हुनसक्छन्। तैपनि कुनै पनि भाषाको नाम पदबन्धमा हुनैपर्ने एउटा मुख्य विशेषताचाँहि हो नामपद र्थात संज्ञाको प्रधानता। प्रत्येक नामपदबन्धमा संज्ञा नै मुख्य वा शीर्ष पद रहेको हुन्छ। नेपाली नाम पदबन्धमा एउटा नाम वा सर्वनामसँग त्यसका विशेषता बुझाउने पद अर्थात विशेषणपदको पनि प्रयोग हुनसक्छ। उदाहरण-

*चराहरू उडे*

*चराहरू* = नामपद > नामपदबन्ध

*हरिया साना चराहरू* = विशेषण + विशेषण + नाम > नामपदबन्ध

नामपदबन्धमा मुख्यपद अर्थात् नामपदभन्दा पहिला आएर त्यसका विशेषता सूचित गर्ने विशेषणलाई पूर्वविशेषक पद भनिन्छ। माथि देखाइएको पदबन्धमा *चराहरू* नामपद नै शीर्षपद हो। *हरिया साना*चाँहि त्यसका विशेषता सूचित गर्ने नामपदभन्दा पहिले आएका विशेषणहरू हुन्। यसरी नामपदभन्दा पहिल्यै आएर त्यस नामपदका विशेषता सूचित गर्ने पद वा पदसमूहलाई त्यस नाम पदका पूर्वविशेषक भन्दछन्। नामपदभन्दा पछि आउने विशेषक पदलाई चाँहि परविशेषक भनिन्छ। नेपाली भाषाको प्रवृत्तिअनुसार नेपालीमा पूर्वविशेषण नै नामका विशेषकका रूपमा रहेको हुन्छ।

**(२) क्रियापदबन्ध**

क्रियापद नै प्रधान पद रहने अनि क्रियाविशेषण आदि त्यसका विशेषकका रूपमा रहने पदबन्धलाई क्रियापदबन्ध भनिन्छ। क्रियापदबन्ध

एउटा क्रियापद मात्रको पनि हुनसक्छ अथवा एउटा क्रियापदसँग नाम, क्रियाविशेषण आदि लागेर अनेक पदको पनि हुनसक्छ। उदाहरण-

१. भाइ पढ्छ।

भाइ = नामपद > नामपदबबन्ध

पढ्छ = क्रियापद > क्रियापदबन्ध

२. भाइ किताब पढ्छ।

भाइ = नामपद > नामपदबबन्ध

किताब पढ्छ = नामपद + क्रियापद > क्रियापदबन्ध

३. भाइ किताब बिस्तारै पढ्छ।

भाइ = नामपद > नामपदबबन्ध

किताब बिस्तारै पढ्छ = नामपद + क्रियाविशेषण + क्रियापद > क्रियापदबन्ध

४. भाइ ठूलो किताब बिस्तारै पढ्छ।

भाइ = नामपद > नामपदबबन्ध

ठूलो किताब बिस्तारै पढ्छ = विशेषण +नाम + क्रियाविशेषण + क्रियापद > क्रियापदबन्ध

माथिको वाक्य १ मा नामपदबन्ध र क्रियापदबन्ध दुवै एक-एक शब्दका छन्। वाक्य २ देखि ४ सम्मचाँहि नामपदबन्ध एउटै शब्दका भए पनि क्रियापदबन्ध एउटा भन्दा बढी शब्दका छन्। एउटाभन्दा बढी शब्दका

क्रियापदबन्धमा क्रियापदसँग नाम, क्रियाविशेषण आदि लागेर आउँछन्।

माथिका वाक्यहरूमा क्रियापदबन्धको संरचना हेरौँ-

वाक्य – ३ मा

क्रियापदबन्ध > नाम + क्रियाविशेषण + क्रियापद = नामपदबन्ध + क्रियापदबन्ध

वाक्य – ४ मा

क्रियापदबन्ध >विशेषण+ नाम + क्रियाविशेषण + क्रियापद = नामपदबन्ध + क्रियापदबन्ध

यसबाट के कुरा चाल पाइन्छ भने धेरै शब्दले बनेको क्रियापदबन्धमा पनि एउटा नामपदबन्ध रहेको हुन्छ जुनचाहिँ वाक्यको उद्देश्य भागको नामपदबन्धभन्दाबेग्लै हुन्छ। उद्देश्य भागमा रहने नामपदबन्धमा विशेषण र विशेष्यको योग हुन्छ जसमा विशेष्यपद प्रधान हुन्छ। उदाहरण-

*ठूलो भाइ घर आयो।*

उद्देश्य विभाग – *ठूलो भाइ* = विशेषण + नाम = नामपदबन्ध

विधेय भाग - *घर आयो* = नाम + क्रियापद = क्रियापदबन्ध

उद्देश्य विभागका रूपमा रहेको पदबन्धमा *भाइ* नामपद मुख्य छ। *ठूलो* विशेषणले त्यसको विशेषता सूचित गरेको छ। यसलाई नामपदबन्ध भनिन्छ। विधेय विभागको रूपमा रहेको पदबन्धमा *आयो* क्रियापद नै प्रधान रहेको छ। *घर* नामपदले त्यसको विशेषता सूचित गरेको छ। यसरी एउटा नामपद र एउटा क्रियापद मिलेर क्रियापदबन्ध बनेको छ। यस्तो

क्रियापबन्धमा रहेको नाम र एउटा विशेषीकरण गर्ने (विशेषक) पद मिलेर नामपदबन्धकै गठन हुन्छ। यसलाई नामपदबन्ध भनिन्छ। यो नामपदबन्ध सँधै विधेयका रूपमा आउने क्रियापदबन्धको पूरक अङ्गका रूपमा रहन्छ। नामपदबन्ध झैं यसको केन्द्र आफूभित्र हुँदैन। क्रियापदमा यसको केन्द्र रहेको हुन्छ।

**(३) विशेषणपदबन्ध**

विशेषण नै प्रधान वा शीर्ष पदका रूपमा रहेको पद वा पदसमूहलाई विशेषण पदबन्ध भन्दछन्। उदाहरण -

*१. धेरै खाने मान्छे रोगी हुन्छ।*

वाक्य – *धेरै खाने मान्छे रोगी हुन्छ।*

(विशेषण) + (विशेषण) + (नाम) + (विशेषण) + (क्रियाविशेषण)

नामपदबन्ध + क्रियापदबन्ध

नामपदबन्ध > विशेषण + विशेषण + नाम

विशेषण पदबन्ध + नामपदबन्ध = नामपदबन्ध

२. *पहेंला निला सुन्दर फूल* = (विशेषण + विशेषण + विशेषण) + नाम

विशेषण पदबन्ध + नामपदबन्ध

३. *सानो कालोकोटे फुच्चे स्कुले केटो* =(विशेषण + विशेषण+ विशेषण +विशेषण) + नाम

विशेषण पदबन्ध + नामपदबन्ध =

नामपदबन्ध

विशेषण पदबन्धमा एउटा मात्र विशेषण वा एकाधिक विशेषणहरूको प्रयोग हुनसक्छ। उदाहरण-

सानो केटो – विशेषण+नाम = वि.प.ब. + ना.प.ब.

सानो हँसिलो केटो – विशेषण+विशेषण+नाम = वि.प.ब. + ना.प.ब.

कालो सानो हँसिलो केटो – विशेषण+विशेषण+विशेषण+नाम = वि.प.ब. + ना.प.ब.

कालो सानो हँसिलो फुर्तिलो केटो –

विशेषण+विशेषण+विशेषण+विशेषण+नाम

= वि.प.ब. + ना.प.ब.

नामपदबन्ध र क्रियापदबन्धका झैं विशेषण पदबन्धका कुनै विशेषक र पूरक हुँदैनन्। गुणवाचक विशेषण भएका ठाउँमा तिनका अवस्थासूचक पद आउन सक्छन्।

(४) क्रियाविशेषण पदबन्ध

क्रियाविशेषण नै प्रधान वा शीर्ष पदका रूपमा रहने पदसमूहलाई क्रियाविशेषण पदबन्ध भनिन्छ। उदाहरण -

१. चाँडो आऊ।

क्रियाविशेषण + क्रियापद > क्रियापदबन्ध

२. अझ चाँडो आऊ।

क्रियाविशेषण + क्रियाविशेषण + क्रियापद > क्रियापदबन्ध

३. अलमल्ल परें।

क्रियाविशेषण + क्रियापद > क्रियापदबन्ध

४. झन् झन् अलमल्ल परें।

क्रि.वि.प.ब. + क्रि.प.ब. > क्रि.वि + क्रि.वि. + क्रि.वि. + क्रि.प.

विशेषण पदबन्धको जस्तो क्रियाविशेषण पदबन्धको पनि पूरकपद वा विशेषक पद हुँदैन। खालि अवस्थाभेदसूचक पद वा तीब्रता/मन्दतासूचक पद मात्र हुनसक्छ।

**२. व्याकरणिक कार्यको आधारमा**

यस अन्तर्गत वाक्यमा आएका पदहरूले कथनका निम्ति गरेका कार्यलाई लिइन्छ। यस आधारमा पदबन्ध दुई किसिमका हुन्छन्- उद्देश्य पदबन्ध र विधेय पदबन्ध।

**(१) उद्देश्य पदबन्ध**

उद्देश्य पदबन्धअन्तर्गत सामान्य उद्देश्य र उद्देश्य विस्तारक (विशेषण, भेदक) पर्दछन्। उद्देश्य भनेको क्रियाका व्याकरणिक कोटिलाई नियन्त्रित गर्ने पद हो। कर्तृवाच्यमा कर्ता, कर्मवाच्यमा कर्म र भाववाच्यमा भाव स्वयम् उद्देश्यको रूपमा रहेको हुन्छ। जस्तैः

***मोटरसाइल*** *बिग्रियो ।*

***पोहोर किनोको मोटरसाइकल*** *बिग्रियो ।*

***साथीहरू*** *थुनिएछन् ।*

*हिजो कता* ***गइएको थियो ?***

**(२) विधेय पदबन्ध**

विधेय पदबन्धअन्तर्गत वाक्य समाप्त गर्ने विधेय (क्रियापद) र विधेय विस्तारक (प्रत्यक्ष कर्म, अप्रत्यक्ष कर्म, पूरक) पर्दछन्।

**(क) विधेयक**

समापक क्रियापद, जस्तैः खान्छ, खायो, खाएस, खाला आदि।

**(ख) पूरक**

प्रत्यक्ष कर्म, अप्रत्यक्ष कर्म, समानाधिकरण र अरू कारकहरू विशेषक भएर पूरक मानिन्छन् जस्तैः

*असल मानिसहरू विद्वान* ***मानिसलाई*** *मन पराउँछन्।*

*उसले* ***लठ्ठीले सर्प*** *मार्‍यो।*

**(ग) क्रियायोगी**

क्रियाको स्थान, समय, रीति आदि बुझाउने, जस्तैः तिमी **बिस्तारै** जाऊ। उसले मलाई **नराम्ररी** भन्यो।

यीबाहेक भाषावैज्ञानिकहरूले पदबन्धलाई अन्य विभिन्न किसिमले विश्लेषण गरेको र विभाजन गरेको पाइन्छ। विशेष गरेर नामपदबन्ध र क्रियापदबन्ध अति प्रचलित विभाजन हो। यद्यपि कतिपय विद्वानहरूल् मुक्त पदबन्ध र बद्ध पदबन्धको पनि चर्चा गरेको पाइन्छ।

**(१) मुक्त पदबन्ध**

जब हामी नाम पदबन्धमा भएका दुई वा दुईभन्दा बढी पदको विश्लेषण गर्न थाल्छौँ त्यस बेला हाम्रा अगाडी विशेषण र विशेष्य देखा पर्छन्। 'रातो कलम' मा 'रातो' विशेषण हो र 'कलम' विशेष्य हो। 'हिजो किनेको रातो कलम' मा 'कलम' विशेष्य हो र 'हिजो किनको' र 'रातो' विशेषम हुन्। यसरी विशेष्यको काम गर्ने शब्द सामान्यतः संज्ञा हुन्छ र विशेषणका रूपमा आउने पद, पदबन्ध वा वाक्यांशले त्यसै संज्ञाको विशेषता बताउँछन्। यस्ता पदबन्ध मुक्त प्रकृतिका हुन्छन्। यी छोटा वा लामा हुन सक्छन्। जस्तै-

*मान्छे,*

*राम्रो मान्छे,*

*साह्रै राम्रो मान्छे,*

*मैले हिजो बजारमा भेटेको मान्छे।*

**(२) बद्ध पदबन्ध**


बद्ध पदबन्ध सँधै एउटै संरचनामा रहन्छन्, तिनलाई घटाउन वा बढाउन मिल्दैन। यिनमा परिवर्तन गर्न सकिन्न। अङ्गेजीमा kick the bucket को अर्थ मर्नु हुन्छ, नेपालीमा मास छर्न जानुको अर्थ पनि मर्नु नै हुन्छ। भाषाका यस्ता पदबन्धमा सहप्रयोग, टुक्का, रूढोक्ति आदि पर्दछन्। टुक्काहरू बढी मात्रामा लाक्षणिकता लिएका हुन्छन्। रूढोक्ति भने अभिधार्थमा प्रयोग हुने भए तापनि यी विभिन्न प्रकारका बद्ध अभिव्यक्तिका रूपमा प्रकट हुन्छन्। नेपाली परम्परामा वाक्यांश, वाकपद्धति र उखान-टुक्का भनिने बद्ध अभिव्यक्तिहरू सबै भाषामा हुन्छन्, तर समाजमा

परम्परागत रूपमा मानिएका रूढ प्रयोग भएकाले भाषाभाषीको संस्कृतिसँग यसको गहिरो नाता हुन्छ। लोकजीवनको लाक्षणिक प्रयोग भएकाले यस्ता पदबन्धको प्रयोग गर्दा सम्बन्धित लोकसंस्कृतिको ज्ञानको पनि आवश्यकता पर्छ। भाषाका रूपहरूको अध्ययन गर्ने विषयलाई रूपविज्ञान भनेजस्तै भाषाका बद्ध पदबन्धको अध्ययन गर्ने विषयलाई पदबन्ध विज्ञान भनेको पनि पाइन्छ। युरोपका भा।विद्हरूले यस विषयमा चासो लिएरो र सन् १९८० यता यस विषयमा ध्यान दिई यसको विविध पक्षको अध्ययन भएको छ। यस्ता शब्दहरूको नित्य सन्निधि रहन्छ। उदाहरणका निम्ति 'मेरा कुरा कान दिएर सुन।' हुन्छ तर 'मेरा कुरा कान प्रदान गरेर सुन' हुँदैन। 'पानीपानी हुनु' लाई 'जलजल हुनु' गराउन सकिन्न। 'भुँडी लाग्नु' को अर्थ मोटाउनु र पेट ठूलो हुनु हो भने 'पेट लाग्नु' को अर्थ छेराउटी लाग्नु हो।

यसको साथै कतिपय भाषाविद्हरूले शाब्दिकसँगै प्रकार्यात्मक पदबन्धको चर्चा गरेको पाइन्छ। प्रकार्यात्मक पदबन्धलाई शाब्दिक पदबन्धको सापेक्षतामा हेर्दा बुझ्न सजिलो पर्छ भन्ने गरेको पाइन्छ। शाब्दिक पदबन्धमा शाब्दिक पद शीर्ष रहन्छ भने प्रकार्यात्मक पदबन्धमा अशाब्दिक पद शीर्ष रहन्छ। अशाब्दिक पदहरू कोशिय अर्थ निश्चित नभएका व्याकरणिक कार्य सम्पन्न गर्न आउने र शाब्दिक पदका सापेक्षतामा अर्थिने पदहरू हुन्। यस्ता पदहरूको कहिलाकाहीँ वार्णिक रूपसमेत नभएको विद्वानहरूको भनाइ छ। प्रकार्यात्मक पदबन्धमा शीर्ष घटक एक्लैले पदबन्धको निर्माण गर्न सक्तैन, पूरक अनिवार्य हुन्छ। निर्धारक पदबन्ध, रूपायक पदबन्ध र आश्रयक पदबन्ध केही यस्ता प्रकार्यात्मक पदबन्धहरू हुन्। तीमध्ये रूपायक पदबन्ध र आश्रयक पदबन्धको धेरथोर चर्चा गरिन्छः

**(क) रूपायक पदबन्ध**

रूपायक पदबन्धमा रूपायक शीर्ष घटकका रूपमा रहेका हुन्छ। रूपायक भनेको काल र सङ्गतिको साझा नाम हो। अर्थात, रूपायकअन्तर्गत काल र सङ्गति पर्दछन्। काल र सङ्गतिलाई सहायक क्रियाले व्यक्त गर्दछ। अर्थात् सहायक क्रियाको कार्य काल र सङ्गति बुझाउनु हो। यसैले सहायक क्रियालाई अशाब्दिक वर्गमा राखेर हेरिन्छ। नेपालीमा पनि रूपायकलाई सहायक क्रियाका रूपमा बुझ्न सकिन्छ। यसरी हेर्दा रूपायक पदबन्धमा शीर्ष एक्लैले पदबन्धको निर्माण हुँदैन। तसर्थ, यसले वाक्यलाई नै पूरकका रूपमा लिन्छ। सहायक क्रिया वा रूपायक कोटिले पूरकका रूपमा लिने वाक्य भनेको सहायक क्रियाबाहेकको हुन्छ। रूपायक पदबन्धको उदाहरण हेरौँ-




यस उदाहरणमा हरेक पदबन्धको विस्तार हुन सक्छ र रूपायक पदबन्ध निकै वस्तृत देखिन् सक्छ।

**(ख) आश्रयक पदबन्ध**

आश्रयक शीर्ष घटक रहेको पदबन्ध आश्रयक पदबन्ध हो। आश्रयक पदबन्ध पनि शीर्ष एक्लैले बन्न सक्दैन। आश्रयक एउटा वाक्यलाई अर्को वाक्यको अधीन उपवाक्य बनाउन प्रयोग गरिने पद हो। परम्परागत व्याकरणमा सापेक्ष संयोजक भनिएका पदहरू नै आश्रयक हुन्। आश्रयकले एउटा वाक्यलाई अर्को वाक्यमाथि आश्रित बनाउने काम गर्छ तर यसको आफ्नै स्वतन्त्र अर्थ हुँदैन तसर्थ यो अशाब्दिक वर्गको पद हो। आश्रयक नाम पदबन्ध, विशेषण पदबन्ध वा क्रियाविशेषण पदबन्झको घटकका रूपमा आउँछ।

यसरी भाषाविद्हरूले पदबन्धको चर्चा गर्दा पदबन्धलाई विभिन्न आधारहरूमा विभाजन गरेको देखिन्छ। तर विशेष गरेर पदबन्धको चारवटा प्रकार नामपदबन्ध, विशेषण पदबन्ध, क्रियाविशेषण पदबन्ध र क्रियापदबन्धकै चर्चा भने अधिक मात्रामा भएको पाइन्छ।

## 13.4 नेपाली पदबन्धहरूको संरचना

पदबन्ध पदहरूको समूह हो। यसको आफ्नो संरचना हुन्छ। यसका संरचक घटकहरू पदहरू हुन्। पदबन्धको संरचना निश्चित संरचक वा घटकबाट हुन्छ। यसको संरचना गर्ने घटकहरू निम्नलिखित तीन किसिमका छन्-

**(२) शीर्ष (Head)**

पदबन्धभित्रको मुख्य वा अनिवार्य घटकलाई शीर्ष भनिन्छ। पदबन्धको संरचना एउटा पदबाट भएको छ भने त्यो नै शीर्ष हुन्छ र एकभन्दा बढी पदहरूबाट भएको छ भने सबैभन्दा मुख्य पद शीर्ष हुन्छ। सामान्यतः नाम पदबन्धमा नाम, विशेषण पदबन्धमा

विशेषण, क्रियाविशेषण पदबन्धमा क्रियाविशेषण र क्रिया पदबन्धमा क्रिया शीर्ष हुन्छ।

(३) *केटो रोयो।*

(४) *सानी केटी खुब रोई।*

माथिको वाक्यमा निम्नलिखित पदावली शीर्ष छन्:

वाक्य (१): पदबन्ध – *केटो*

शीर्ष – *केटो*

पदबन्ध - *रोयो*

शीर्ष – *रोयो*

वाक्य (२): पदबन्ध – *सानी केटी*

शीर्ष – *केटी*

पदबन्ध – *खुब रोई*

शीर्ष – *रोई*

पदबन्धमा कम्तीमा एउटा पद रहने तर बढीमा जति पनि पदहरू रहन सक्ने हुन्छ। ती सबै अउक्त पदबन्धभित्र एउटा मुख्य वा अनिवार्य घटक रहेको हुन्छ। एक मात्र पदबन्ध रहेको पदबन्धमा सोही पद र एकभन्दा बढी पद रहेको पदबन्धमा तीमध्येको अनिवार्य र मुख्य घटकलाई त्यस पदबन्धको शीर्ष भनिन्छ।

**(२) विशेषक**

शीर्षको विशेषता जनाउन सहायकका रूपमा आउने घटकलाई विशेषक भनिन्छ। नाम पदबन्धहरूमा निर्धारकहरू (यो, त्यो...) विशेषण पदबन्धर क्रियाविशेषक पदबन्धमा मात्राबोधको तीब्रकहरू (सारै, ज्यादै ...) तथा क्रिया पदबन्धमा कालबोधक क्रियाविशेषणहरू (हिजो, आज...) विशेषकका रूपमा आउँछन्।

*(५)* *यो चरो*

*(६)* *ज्यादै रङ्गीबिरङ्गी*

*(७)* *धेरै माथि*

*(८)* *भर्खर उड्यो*

माथिका उदाहरणमा निम्नलिखित विशेषक छन्

(५) पदबन्ध – *यो चरो*

विशेषक – *यो*

शीर्ष - *चरो* (नाम)

(६) पदबन्ध - *ज्यादै रङ्गीबिरङ्गी*

विशेषक – *ज्यादै*

शीर्ष – *रङ्गीबिरङ्गी* (विशेषण)

*(७)* पदबन्ध - *धेरै माथि*

विशेषक – *धेरै*

शीर्ष - *माथि* ( क्रियाविशेषण)

(८) पदबन्ध - *भर्खर उड्यो*

विशेषक - *भर्खर*

शीर्ष - *उड्यो* (क्रिया)

समग्रमा माथिका उदाहरणमा *यो, ज्यादै, धेरै, भर्खर* विशेषक हुन्। यी विशेषकहरूले *चरो, रङ्गीबिरङ्गी, माथि, उड्यो* शीर्षका संरचनामा सहायक भएर आई विशेषकको काम गरेका छन्। यसरी कुनै पदबन्धमा शीर्षका साथमा रहेर पदबन्धको सहायता संरचक बन्ने घटकलाई त्यस पदबन्धको विशेषक मानिन्छ। विशेषक पदले शीर्ष पदलाई निर्धारण वा विशिष्टीकृत गर्दछन्। विशेषकले छुट्टै पदबन्धको निर्माण गर्न सक्तैन।

**(३) पूरक**

शीर्षका साथमा संरचना पूरा गर्न सहायक रूपमा आउने घटकलाई पूरक भनिन्छ। नाम पदबन्धमा विशेषण तथा क्रिया पदबन्धमा नाम पदबन्ध र क्रियाविशेषण पदबन्ध पूरकका रूपमा आउन सक्छन्। विशेषण पदबन्ध र क्रियाविशेषण पदबन्धमा पूरक हुँदैन।

*(५) कालो केटो*

*(६) कालो केटोले दर्शकलाई हँसायो।*

*(७) कालो केटाले सबै दर्शकलाई बेसरी हँसायो।*

*(८) कालो केटाले बेंसरी हँसायो।*

माथिका उदाहरणमा निम्नलिखित पूरक छन्:

उदाहरण (१): पदबन्ध - *कालो केटो*

पूरक - *कालो* (विशेषण)

उदाहरण (२): पदबन्ध - *कालो केटाले*

पूरक - *कालो* (विशेषण)

पदबन्ध - *दर्शकलाई हँसायो*

पूरक - *दर्शकलाई* (नाम)

उदाहरण (३): पदबन्ध - *कालो केटाले*

पूरक - *कालो* (विशेषण)

पदबन्ध - *सबै दर्शकलाई*

पूरक - *सबै*

पदबन्ध - *बेसरी हँसायो*

पूरक - *बेसरी* (क्रियाविशेषण)

उदाहरण (४): पदबन्ध - *कालो केटाले*

पूरक - *कालो* (विशेषण)

पदबन्ध - *बेसरी हँसायो*

पूरक - *बेसरी* (क्रियाविशेषण)

विशेषक र पूरकमा विभेद गर्ने सन्दर्भमा कुनै पदबन्धभित्र रहेको पूरक स्वयं पनि पदबन्ध हुन्छ, तर विशेषकचाँहि पदबन्ध हुँदैन भन्ने दृष्टिकोण पनि पाइन्छ।


पदबन्धको संरचनामा शीर्ष, विशेषक र पूरक रहेका हुन्छन् भन्नेबारे माथि चर्चा गरियो। यी संरचकहरू पदबन्धमा विभिन्न तहमा मिलेर रहेका हुन्छन्। यसलाई स्पष्टसँग देखाउन जुनसुकै पदबन्ध बुझाउने चल क र पदबन्धको तह बुझाउने चिन्ह ‾ वा (बार) को प्रयोग गरिन्छ। यसअनुसार पदबन्ध संरचनाको अध्ययन गर्ने हुनाले यसलाई क-बार सिद्धान्त (X-bar theory) भनिन्छ। क-वार सिद्धान्तअनुसार पदबन्धको संरचनालाई दुई

तहमा देखाउन सकिन्छ। यसको गर्दा उच्च तहका लागि दुईवटा बार र निम्न तहका लागि एउटा बार प्रयोग गरिन्छ। यसभन्दा तल पदमात्र हुने हुँदा बारको प्रयोग गरिँदैन। सर्वप्रथम क-बार सिद्धान्तबारे चर्चा गरौँ

**क-बार सिद्धान्त**

वाक्यका घटकहरूको सम्बन्ध, खास गरेर पदबन्ध संरचना र कोशीय कोटिहरूका विश्लेषणका लागि रूपान्तरणोत्पादक व्याकरणमा विकसित एक व्यवस्थालाई क-बार सिद्धान्त भनिन्छ। यस्तो शाखागत सम्बन्ध देखाउँदा वृभारेख बनाइन्छ। जसरी वंशावली बनाउँदा आदि पुर्खाबाट रेखा कोर्दै कसको अधीन को हो भन्ने देखाइन्छ त्यसै गरी यसमा पनि तहीय सम्बन्ध जनाइन्छ।

यस सिद्धान्तमा सम्बन्ध जनाउँदा जुन घटकको सम्बन्ध देखाउनु छ त्यसलाई **क** मानौँ, त्यो उच्च तहको हो भने त्यसको टाउकामा दुई धर्का त्यसपछिको हो भने एउटा धर्का कोर्ने र त्यसपछिका घटकलाई चाँहि अचिन्हित राख्ने गरिन्छ जस्तैः



दयालु

मान्छे

= त्यो दयालु

मान्छे

यहाँ पाँच शाखाहरू छन् उच्च शाखा, ऊर्ध्वशाखा, अधःशाखा, समशाखा र अन्तशाखा।

**(क) उच्च शाखा**

सबैभन्दा माथि रहेको शाखा उच्च शाखा हो। यसका टाउकामा दुईवटा धर्का कोरिन्छ। माथि उदाहरणमा क राखिएको छ तर क वा जे पनि राख्न सकिन्छ, यसले आफूबाट निःसृत हुन् भन्ने बताउँछ।

**(ख) ऊर्ध्व शाखा**

आफूभन्दा ठ्याक्क माथि रहेको शाखालाई ऊर्ध्व शाखा भनिन्छ – छोराछोरीका लागि आमा / बाबु रहे जस्तै। उच्च षाथामुनिका शाखामा आउने घटकमा एक तह घटाएर एउटा धर्का कोरिन्छ।

**(ग) अधःशाखा**

माथिल्ला शाखाबाट एक तह तल झरेका शाखालाई अधःशाखा भनिन्छ। तेस्रो तहका लागि कुनै चिन्ह हुँदैन।

**(घ) समशाखा**

एकै बाबुआमाका सन्तान जस्तै समान तहमा रहेको शाखालाई समशाखा भनिन्छ।

**(ङ) अन्तशाखा**

अन्तिम शाखा अन्तशाखा होय़ यसपछिको सम्बन्ध हुँदैन।

पदबन्धको संरचनाको उच्च तहमा विशेषक र पूरक तथा शीर्ष रहेका हुन्छन् भने निम्न तहमा शीर्ष र पूरक रहेका हुन्छन्। शीर्ष, विशेषक र पूरकको काम भाषा विशेषमा परकफरक हुने गर्दछ। शीर्ष र पूरकबिचको क्मका आधारमा भाषाको प्रकारगत अध्ययन पनि हुन सक्छ। यसो गर्दा शीर्ष सुरुमा आउने भाषालाई शीर्षादि र शीर्ष अन्तमा आउने भाषालाई शीर्षान्त भाषा भनिन्छ। यिनलाई क्रमशः शीर्षबाँया वा शीर्षदाँया पनि भनिन्छ।

नेपाली भाषामा शीर्ष अन्तमा आउँछ र विशेषक र पूरक दुवै त्यस अघि आउँछन्।

**पदबन्धको परीक्षण**

कुनै पनि पदसमूह पदबन्ध हो वा होईन भनेर थाहा पाउन केही परीक्षणहरू गर्न सकिन्छ। ती परीक्षणहरू सञ्चालन परीक्षण, प्रतिस्थापन परीक्षण र संयोजन परीक्षण हुन्।

**(१) सञ्चालन परीक्षण**

कुनै पनि पदबन्धलाई एउटा एकाइका रूपमा वाक्यमा एक ठाउँबाट कों ठाउँमा सार्न सकिन्छ। यी उदाहरण हेरौँ-

क. रातो गाईले सुकेको घाँस खायो।

ख. यो गोरु बेसरी लड्यो।

यी दुई वाक्यलाई यसरी मिलाउन सकिन्छः

क. सुकेको घाँस रातो गाईले खायो।

ख. बेसरी लड्यो यो गोरु।

तर यसरी भने मिलाउन सकिँदैनः

क. * रातो सुकेको गाईले घाँस खायो।

ख. * यो बेसरी गोरु लड्यो।

यसरी *रातो गाईले, सुकेको घाँस* र *यो गोरु* पदबन्ध हुन्। यिनलाई एउटै एकाइका रूपमा वाक्यभित्र ठाउँ सार्दा व्याकरणिक वाक्य बनेका छन् तर यिनलाई टुक्र्याएर अलगअलग एकाइका रूपमा वाक्यभित्र ठाउँ सार्दा व्याकरणिक वाक्य बनेको छैनय़ यसरी पदसमूहलाई सञ्चालित गरेर वा ठाउँ सारेर पदबन्ध हो वा होइन भनी थाहा पाउन गरिने परीक्षण सञ्चालन परीक्षण हो।

**(२) प्रतिस्थापन परीक्षण**

सामान्यतः पदबन्धलाई त्यसभित्रको एउटा घटकले साट्न सकिन्छ माथि दिइएका वाक्यहरूको अर्थमा परिवर्तन नआउने गरी निम्नानुसारका वाक्य बनाउन सकिन्छः

क. गाईले घाँस खायो गाईले खायो।

ख. गोरु लड्यो।

यहाँ *रातो गाईले, सुकेको घाँस, सुकेको घाँस खायो* र *यो गोरु* पदबन्ध भएकाले तिनलाई क्रमशः *गाईले, घाँस, खायो* र *गोरुले* प्रतिस्थआपन गर्न सकिएको हो। यसरी प्रतिस्थापनबाट पदबन्ध थाहा पाउन गरिने परीक्षण प्रतिस्थापन परीक्षण हो।

**(३) संयोजन परीक्षण**

र, वा जस्ता संयोजकहरूले जोडेका पदहरू वा पदसमूहहरूले एउटा पदबन्ध निर्माण गर्छन्। तलको उदाहरणमा *रातो गाई* र *सेको गोरु* र *राम वा श्याम* दुई पदबन्ध हुन्।

क. रातो गाई र सेतो गोरु हरायो।

ख. उसले राम वा श्यामलाई पैसा दिन्छे।

यस्ता संयोजकले जोडेका पदबन्धलाई बहुशीर्ष पदबन्ध भनिन्छ। यस्ता पदबन्धलाई त्यसभित्रको एउटा घटकले साट्न सकिँदैन।

## 13.5 उपसंहार

वर्णहरू मिलेर शब्द बने झैं शब्दहरू मिलेर पदबन्ध बन्दछन्। उसै गरी पदबन्दहरू मिलेर उपवाक्य बन्दछन्। उपवाक्यहरूबाट वाक्य बन्दछन्। यसरी भाषामा क्रमैले सानोदेखि ठुलो, अझ ठुलो हुँदै एकाइहरूको एउटा चाखलाग्दो सिँढोजस्तो शृङ्खला बन्दछ। भाषाको सबैभन्दा ठूलो एकाई वाक्यलाई मानिन्छ भने वाक्यभन्दा तल उपवाक्य र उपवाक्यभन्दा मुनि पदबन्ध रहन्छ। वाक्यमा शब्दहरूको ताँती हुन्छ। कहिलेकाहीँ हामी शब्दहरूको त्यस्तो ताँतीले बनेको वाक्यलाई फूलका थुँगाहरू मिलेर बनेको मालासँग पनि दाँज्ने गरेको पाउँछौँ। तर फूलको शृङ्खलाले बनेको माला र शब्दको शृङ्खलाले बनेको वाक्यमाझ भिन्नता हुन्छन्। तिनीहरू भिन्न भिन्न समूह वा गुटका हुँदैनन्। तर समाजमा मानिसहरू जस्तै वाक्यमा शब्दहरू केही विशेष समूह वा गुटमा बाँडिएर बसेका हुन्छन्। वाक्यभित्र पाइने शब्दका त्यस्ता बेग्लाबेग्लै समूह वा गुटलाई पदबन्ध भनिन्छ। शब्दहरूलाई रूपिमहरूमा टुक्र्याउन सकिए झैं तथा रूपिमहरूलाई वर्ण-वर्णमा टुक्र्याउन सकिए झैं वाक्यहरूलाई विशेष पदसमूह अर्थात् पदबन्धहरूमा टुक्र्याउन सकिन्छ।

पदबन्ध एउटा मात्र पद वा शब्दको पनि हुनसक्छ, अथवा एउटभन्दा बेसी पद वा शब्दको पनि हुनसक्छ। पदबन्ध, उपवाक्य, वाक्य यी तिनैवटा संरचनाहरू शब्दभन्दा ठुला भाषिक एकाइहरू हुन्। यीमध्ये उपवाक्य र वाक्यमाझ संरचनाको अधिक समानता हुन्छ। सरल वाक्यहरूमा ता उपवाक्य नै वाक्य वा वाक्य नै उपवाक्य हुन्छ। उपवाक्य वा वाक्य र पदबन्धमाझ भिन्नता दर्शाउने एउटा मुख्य कुरा के हो भने, प्रत्येक उपवाक्य/वाक्यका उद्देश्य र विधेय गरी दुई भाग हुन्छन्। तर पदबन्धमा त्यस्तो हुँदैन। पदबन्धमा खालि एउटा पद मुख्य हुन्छ अनि अन्य पद त्यसका विशेषता बुझाउने हुन्छन्। त्यसरी कुनै पनि पदबन्धमा रहने मुख्य पदलाई शीर्षपद वा केन्द्रीयपद भन्दछन्।

पदबन्धलाई दुई आधारमा हेर्ने चलन छः शाब्दिक आधार र वाक्यात्मक व्याकरणिक कार्यको आधारमा। शाब्दिक आधारमा पदबन्धका चार प्रकारको चर्चा अधिक पाइन्छ भने वाक्यात्मक व्याकरणिक कार्यको आधारमा दुईवटा पदबन्ध छन्। यसअतिरिक्त पनि भाषावैज्ञानिकहरूले मुक्त र बद्ध पदबन्ध अनि रूपायक र आश्रयक पदबन्धको चर्चा गरेको पाइन्छ।

विभिन्न भाषामा पदबन्धका बेग्लाबेग्लै संरचनात्मक ढाँचा हुनसक्छन्। तैपनि कुनै पनि भाषाको नाम पदबन्धमा हुनैपर्ने एउटा मुख्य विशेषताचाँहि हो नामपद र्थात संज्ञाको प्रधानता। प्रत्येक नामपदबन्धमा संज्ञा नै मुख्य वा शीर्ष पद रहेको हुन्छ। क्रियापद नै प्रधान पद रहने अनि क्रियाविशेषण आदि त्यसका विशेषकका रूपमा रहने पदबन्धलाई क्रियापदबन्ध भनिन्छ। विशेषण नै प्रधान वा शीर्ष पदका रूपमा रहेको पद वा पदसमूहलाई विशेषण पदबन्ध भन्दछन्। क्रियाविशेषण नै प्रधान वा शीर्ष पदका रूपमा रहने पदसमूहलाई क्रियाविशेषण पदबन्ध भनिन्छ। विशेष्यको काम गर्ने शब्द सामान्यतः संज्ञा हुन्छ र विशेषणका रूपमा

आउने पद, पदबन्ध वा वाक्यांशले त्यसै संज्ञाको विशेषता बताउँछन्। यस्ता पदबन्ध मुक्त प्रकृतिका हुन्छन्। बद्ध पदबन्ध सँधै एउटै संरचनामा रहन्छन्, तिनलाई घटाउन वा बढाउन मिल्दैन। यिनमा परिवर्तन गर्न सकिन्न। रूपायक पदबन्धमा रूपायक शीर्ष घटकका रूपमा रहेका हुन्छ। रूपायक भनेको काल र सङ्गतिको साझा नाम हो। अर्थात, रूपायकअन्तर्गत काल र सङ्गति पर्दछन्। काल र सङ्गतिलाई सहायक क्रियाले व्यक्त गर्दछ। अर्थात् सहायक क्रियाको कार्य काल र सङ्गति बुझाउनु हो। आश्रयक शीर्ष घटक रहेको पदबन्ध आश्रयक पदबन्ध हो। आश्रयक पदबन्ध पनि शीर्ष एक्लैले बन्न सक्दैन। आश्रयक एउटा वाक्यलाई अर्को वाक्यको अधीन उपवाक्य बनाउन प्रयोग गरिने पद हो। परम्परागत व्याकरणमा सापेक्ष संयोजक भनिएका पदहरू नै आश्रयक हुन्।

वाक्यका घटकहरूको सम्बन्ध, खास गरेर पदबन्ध संरचना र कोशीय कोटिहरूका विश्लेषणका लागि रूपान्तरणोत्पादक व्याकरणमा विकसित एक व्यवस्थालाई क-बार सिद्दान्त भनिन्छ। यस सिद्धान्तमा सम्बन्ध जनाउँदा जुन घटकको सम्बन्ध देखाउनु छ त्यसलाई **क** मानौं, त्यो उच्च तहको हो भने त्यसको टाउकामा दुई धर्का त्यसपछिको हो भने एउटा धर्का कोर्ने र त्यसपछिका घटकलाई चाँहि अचिन्हित राख्ने गरिन्छ। यसका पनि पाँच शाखाहरू छन् उच्च शाखा, ऊर्ध्वशाखा, अधःशाखा, समशाखा र अन्तशाखा।

यसरी यस खण्डमा पदबन्धको परिचय, प्रकार अर्थ परिभाषा संरचना आदिको चर्चा गरियो। भाषाका अन्य तह र एकाइसरह पदबन्ध पनि मुख्य तह मानिन्छ। पदबन्धद्वारा नै उपवाक्य अनि उपवाक्यबाट वाक्यको निर्माण हुँदछ।

## 13.6 सार

यस खण्डबाट हामीले पदबन्ध, यसका प्रकार र पदबन्धको संरचनाबारे धेरथोर कुराहरू जान्न सक्यौं। विशेषतः यी जानकारीहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ-

- ❖ पदबन्धलाई पदसमूह र वाक्यांश भनिएको पनि पाइन्छ। वाक्यभित्र निश्चित क्रममा मिलेर रहेका पदहरूको समूहलाई पदबन्ध भनिन्छ। शब्दभन्दा माथिल्लो र उपवाक्यभन्दा तल्लो भाषिक एकाइ नै पदबन्ध हो।
- ❖ पदबन्धको संरचना एउटा पदबाट मात्र अथवा एकभन्दा बढी पदहरूबाट पनि हुन्छ। पदाबन्धको संरचना एकभन्दा बढी पदहरूबाट भएको छ भने ती पदहरू जुनसुकै र जथाभावी नभई निश्चित क्रममा मिलेर रहेका हुनुपर्छ। पद वा पदहरूबाट संरचित हुने हुँदा पदलाई नै पदाबन्धको संरचक घटक भनिन्छ।
- ❖ पूर्वीय एवं पश्चिमी दुवैतर्फका भाषाचिन्तकहरूले भाषिक अभिव्यक्तिका एक एकाइमा पदाबन्धलाई महत्त्व दिइएको देखिन्छ। भर्तृहरिले सुप्तिङन्तचयो वाक्यं क्रिया वा कारकान्विता अर्थात् सुबन्तचय, तिङ्न्तचय, क्रिया वा कारकयक्त क्रिया वाक्य हो भनेर पदहरूका पारस्परिक सम्बन्धगत एकाइतर्फ नै संकेत गरेका हुन्।
- ❖ उपवाक्य वा वाक्य र पदबन्धमाझ भिन्नता दर्शाउने एउटा मुख्य कुरा के हो भने, प्रत्येक उपवाक्य/वाक्यका उद्देश्य र विधेय गरी दुई भाग हुन्छन्। तर पदबन्धमा त्यस्तो हुँदैन। पदबन्धमा खालि एउटा पद मुख्य हुन्छ अनि अन्य पद त्यसका विशेषता बुझाउने हुन्छन्।

❖ पदबन्ध स्तरमा विभिन्न व्याकरण-सम्प्रदाय विभिन्न किसिमले विश्लेषण गर्छन्। नाम-पदबन्ध र क्रिया पदबन्ध अति प्रचलित प्रकार मानिन्छन्। पदबन्धलाई दुई आधारमा हेर्ने चलन छः शाब्दिक आधार र वाक्यात्मक व्याकरणिक कार्यको आधारमा।

❖ वाक्यमा कर्ता, कर्म, क्रियायोगी, क्रियापद आदि शब्दकोशीय आधारमा गरिने वर्गीकरणलाई शाब्दिक आधार भनिन्छ। यस आधारमा निम्नलिखित चार प्रकारका पदबन्ध हुन्छन्- नामपदबन्ध, विशेषण पदबन्ध, क्रियाविशेषण पदबन्ध र क्रियापदबन्ध।

❖ यस अन्तर्गत वाक्यमा आएका पदहरूले कथनका निम्ति गरेका कार्यलाई लिइन्छ। यस आधारमा पदबन्ध दुई किसिमका हुन्छन्- उद्देश्य पदबन्ध र विधेय पदबन्ध। उद्देश्य पदबन्धअन्तर्गत सामान्य उद्देश्य र उद्देश्य विस्तारक (विशेषण, भेदक) पर्दछन्।

❖ उद्देश्य भनेको क्रियाका व्याकरणिक कोटिलाई नियन्त्रित गर्ने पद हो। कर्तृवाच्यमा कर्ता, कर्मवाच्यमा कर्म र भाववाच्यमा भाव स्वयम् उद्देश्यको रूपमा रहेको हुन्छ। विधेय पदबन्धअन्तर्गत वाक्य समाप्त गर्ने विधेय (क्रियापद) र विधेय विस्तारक (प्रत्यक्ष कर्म, अप्रत्यक्ष कर्म, पूरक) पर्दछन्।

❖ भाषावैज्ञानिकहरूले पदबन्धलाई अन्य विभिन्न किसिमले विश्लेषण गरेको र विभाजन गरेको पाइन्छ। विशेष गरेर नामपदबन्ध र क्रियापदबन्ध अति प्रचलित विभाजन हो। यद्यपि कतिपय विद्वानहरूल् मुक्त पदबन्ध र बद्ध पदबन्धको पनि चर्चा

गरेको पाइन्छ। यसको साथै कतिपय भाषाविद्हरूले शाब्दिकसँगै प्रकार्यात्मक पदबन्धको चर्चा गरेको पाइन्छ।

❖ पदबन्ध पदहरूको समूह हो। यसको आफ्नो संरचना हुन्छ। यसका संरचक घटकहरू पदहरू हुन्। पदबन्धको संरचना निश्चित संरचक वा घटकबाट हुन्छ। यसको संरचना गर्ने घटकहरू तीन किसिमका छन्- शीर्ष, पूरक र विशेषक।

❖ वाक्यका घटकहरूको सम्बन्ध, खास गरेर पदबन्ध संरचना र कोशीय कोटिहरूका विश्लेषणका लागि रूपान्तरणोत्पादक व्याकरणमा विकसित एक व्यवस्थालाई क-बार सिद्दान्त भनिन्छ। यस्तो शाखागत सम्बन्ध देखाउँदा वृभारेख बनाइन्छ। जसरी वंशावली बनाउँदा आदि पुर्खाबाट रेखा कोर्दै कसको अधीन को हो भन्ने देखाइन्छ त्यसै गरी यसमा पनि तहीय सम्बन्ध जनाइन्छ।

❖ कुनै पनि पदसमूह पदबन्ध हो वा होईन भनेर थाहा पाउन केही परीक्षणहरू गर्न सकिन्छ। ती परीक्षणहरू सञ्चालन परीक्षण, प्रतिस्थापन परीक्षण र संयोजन परीक्षण हुन्।

## 13.7 अनुशीलनी

१. पदबन्धको परिचय दिँदै वाक्यमा यसको महत्त्व स्पष्ट पार्नुहोस्।

२. पदबन्धको अर्थ र परिभाषा स्पष्ट पारी लेख्नुहोस्।

३. पद र पदबन्धमाझको अन्तर स्पष्ट पार्नुहोस्।

४. पदबपन्धलाई विभाजन गर्ने आधारहरू खुट्याउनुहोस् र यसका प्रकारहरूबारे सोदाहरण चर्चा गर्नुहोस्।

५. शाब्दिक आधार भनेको के हो? यसअनुसार पदबन्धका कतिप्रकार छन् के के

६. व्याकरणिक कार्यका आधारमा पददबन्धको प्रकार बताउँदै बद्ध र मुक्त पदबन्धबारे चर्चा ७. गर्नुहोस्

७. क-बार सिद्धान्त भनेको हो हो ? यसअनुसार पदबन्धको संरचना खुट्याउनुहोस्।

८. पदबन्धका घटकहरू बताउँदै शीर्ष, पूरक र विशेषकका बारेमा लेख्नुहोस्

९. पदबन्ध परीक्षण भनेको के हो? सञ्चालन परीक्षण, प्रतिस्थापन परीक्षण र संयोजन परीक्षणबारे लेख्नुहोस्।

१०. नामपदबन्ध र क्रियापदबन्धबारे बताउँदै विशेषण र क्रियाविशेषण पदबन्धमाझको अन्तर लेख्निहोस्।

## 13.8 अतिरिक्त अध्ययन


१. बन्धु, चूडामणि- भाषाविज्ञान

२. न्यौपाने, टङ्कप्रसाद- भाषाविज्ञानको रूपरेखा

३. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र- आधुनिक भाषाविज्ञान

४. नेपाल, घनश्याम, लामा कविता- उच्च माध्यमिक नेपाली व्याकरण र रचना

५. नेपाल, घनश्याम, पराजुली, पुष्कर- माध्यमिक नेपाली व्याकरण र रचना

६. बन्धु, चुडामणि- वाक्य व्याकरणका वर्तमान प्रवृत्ति र नेपाली व्याकरण

## 13.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. क्रिया पदबन्ध र क्रियाविशेषण पदबन्धमाझ अन्तर ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.४.१ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. शीर्ष, पूरक र विशेषक भन्नाले के बुझिन्छ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.५ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. रूपायक पदबन्ध र आश्रयक पदबन्ध ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.४ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. उद्देश्य र विधेय पदबन्ध

..........................................................................................

..........................................................................................

..........................................................................................

Notes

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.४ खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

१५. सञ्चालन परीक्षण र प्रतिस्थापन परीक्षण

.................................................................................................

.................................................................................................

.................................................................................................

......................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १३.५ खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# UNIT-14 पदक्रम र पदसङ्गति

□ □ □ □ □ □

14.0 **उद्देश्य**

14.1 **परिचय**

14.2 **पदक्रम र पदसङ्गतिको अर्थ र परिभाषा**

14.2.1 पदक्रमको अर्थ र परिभाषा

14.2.2 पदसङ्गतिको अर्थ र परिभाषा

14.3 **पदक्रम र पदसङ्गतिको अध्ययन**

14.3.1 पदक्रमको अध्ययन

**14.3.1.1 पदक्रमका प्रकार**

**14.3.1.2 पदक्रमका नियामक तत्व**

14.3.2 पदसङ्गतिको अध्ययन

**14.3.2.1 पदसङ्गतिका प्रकार**

14.4 **पदक्रम र पदसङ्गति बीच साम्य र बैशम्य**

14.4.1 पदक्रम र पदसङ्गतिबीच साम्य

14.4.2 पदक्रम र पदसङ्गतिबीच बैशम्य

14.5 **उपसंहार**

14.6 **सार**

14.7 **अनुशीलनी**

14.8 **अतिरिक्त अध्ययन**

14.9 **मूल्यबृद्धिको निम्ति उत्तर**

## 14.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पदक्रमको सामान्य परिचय
- पदसङ्गतिको सामान्य परिचय
- पदक्रम र पदसङ्गतिको अर्थ र परिभाषा
- पदक्रमको प्रकार
- पदक्रमको नियामक तत्त्व
- पदसङ्गतिको प्रकार
- पदक्रम र पदसङ्गतिबिच साम्य र बैशम्य

## 14.1 परिचय

वाक्यमा पदहरूको एउटा व्यवस्थित शृङ्खला हुन्छ। जुनसुकै पद जतासुकै प्रयोग गरिँदैमा वाक्य हुँदैन। त्यसैले सार्थक शब्दहरूको समूह नै वाक्य होइन। पदहरूको व्यवस्थित र शृङ्खलाबद्ध प्रयोग नभई वाक्य बन्दैन। जस्तै-

उदाहरण १: मैले तिमीलाई एउटा कलम दिएँ।

बगैँचामा फूलहरू फुलेका छन्।

उदाहरण २: भनें भोलि कसलाई आमाले सधैं।

अमर कागज सस्तो पुस्तक जानुपर्छ।

माथिको उदाहरण १ का वाक्यहरूमा परस्पर अर्थले बाँधिएका पदहरूको व्यवस्थित शृङ्खला भएकाले ती वाक्यहरूको थोरैमा निश्चित अर्थ रहेको

पाइन्छ। तर उदाहरण २ मा पदहरू भए तापनि तिनीहरू माझ अर्थको कुनै सम्बन्ध नभएको र तिनको प्रयोग शृङ्खलाबद्ध नभएकाले अर्थबोध हुँदैन। उदाहरण २ मा प्रत्येक शब्दको आ-आफ्नो अर्थ भए तापनि ती सबै मिलेर भने कुनै एउटा निश्चित अर्थ दिनसकेका छैनन्। त्यसैले वाक्यमा पदहरू रहने एउटा निश्चित क्रम र स्थान हुन्छ। वाक्यमा प्रयोग गरिने पदहरूलाई शृङ्खलाबद्ध र व्यवस्थापूर्ण  क्रममा राख्ने काम नै पदक्रम हो।

सामान्यतः कतिप भाषाका कर्ताको जुन लिङ्ग, वचन, पुरुष हुन्छ, क्रियाको पनि त्यहीँ लिङ्ग, वचन र पुरुष हुन्छ। नेपालीमा निम्नलिखित उदाहरण हेरौँ-

१. केटो आयो। केटा आए।

२. केटी आई। केटीहरू आए।

३. म आउँछु। तँ आउँछस्।

माथिका उदाहरणमा कर्ताको जुन लिङ्ग, वचन, पुरुष छ क्रियाको पनि त्यही लिङ्ग, वचन र पुरुषमा देखिन्छ। 'केटो' पुलिङ्ग, एकवचन र अन्य पुरुषको भएकाले 'आयो' पनि पुलिङ्ग हो। कर्ता र क्रियाका बीचमा देखिने यस प्रकारको मेललाई सङ्गति वा मेल भनिन्छ। सबै भाषामा यस प्रकारको सङ्गति हुन्छ भन्ने केही जरुरी छैन। कति भाषाहरूमा वचनको स्तरमा मेल नहोला, तर अरू स्तरमा होला। कुनै भाषामा लिङ्गको स्तरमा त्यो नहोला, अनि कुनै भाषामा पुरुषको स्तरमा नहोला। नेपालीमा हामी लिङ्ग, वचन र पुरुषको स्तरमा मेल पाउँछौँ र केही विशेषणमा पनि सङ्गति देखिन्छ।

## 14.2 पदक्रम र पदसङ्गतिको अर्थ र परिभाषा

### 14.2.1 पदक्रमको अर्थ र परिभाषा

पदक्रम भनेको वाक्यमा पदहरू रहने स्थान हो। अर्थात् वाक्यमा आउने पदहरूलाई परस्पर सम्बन्ध बुझाउने गरी क्रमागत रूपमा राख्ने व्यवस्थालाई पदक्रम भनिन्छ। नेपाली भाषाका वाक्यहरूमा पनि पदहरू रहने निश्चित स्थान, क्रम वा पालो छ र सो क्रमअनुरूप नै वाक्यमा पदहरू रहन्छन्। वाक्यभित्र पदहरूको रखाइ सुव्यवस्थित भएन भने वाक्यको अर्थ गढबडिन सक्छ र अर्थ पनि स्पष्ट नहुन सक्छ। नेपाली भाषामा कर्ता, कर्म र क्रिया क्रमैसँग आउने पदक्रमको नियम छ। अङ्ग्रेजी भाषामा चाँहि कर्ता, क्रिया र कर्मको पदक्रम छ। नेपालीमा विभक्तिको प्रयोग हुने हुनाले पदक्रममा सामान्य विचलन गर्दा पनि वाक्यको अर्थमा त्यति अन्तर आउँदैन तर अङ्ग्रेजीमा चाँहि पदक्रम भङ्ग गरेमा अर्थमै फरक पर्ने र अर्थै स्पष्ट नहुने पनि हुनसक्छ। जस्तै अङ्ग्रेजीमा

(क) Grass is green

(ख) Green is grass

यस (ख) वाक्यमा (क) वाक्यको पदहरूको क्रम विचलन गरिँदा अर्थबोधमा भिन्नता आएको छ। तर नेपालीमा

(क) घाँस हरियो हुन्छ। (ख) हुन्छ हरियो घाँस।

(ग) हरियो हुन्छ घाँस। (घ) घाँस हुन्छ हरियो।

यी वाक्यहरू बनाउँदा अर्थमा त्यति फरक परेको छैन तर, व्याकरणिक दृष्टिले (ख), (ग) र (घ) वाक्य नियमित मानिँदैन। तसर्थ नियमित लेख्नका

निम्ति पदक्रम मिल्नु पर्दछ। तर, नियमित नभए पनि प्रसङ्गअनुसार नेपालीमा यस्ता पदक्रम विपर्यय भएको वाक्य प्रयोग गरिन्छन्। त्यसैले यस्ता वाक्यलाई अव्याकरणिक वा अशुद्ध भन्नु उचित ठहर्दैन।

## 14.2.2 पदसङ्गतिको अर्थ र परिभाषा

पदसङ्गति भनेको वाक्यमा रहेका पदहरूका बीचमा लिङ्ग, वचन, पुरुष र आदरमा हुने मेल हो। यसलाई अन्विति पनि भनिन्छ। वाक्यमा आउने विभिन्न नामिक पद (नाम, सर्वनाम र विशेषण) –हरू र क्रियापदहरूका बीच यस्तो आपसी सङ्गति हुनु आवश्यक हुन्छ। यस्तो सङ्गति भएन भने वाक्य अशुद्ध हुन्छ। जस्तै-

| अशुद्ध वाक्य | शुद्ध वाक्य |
|---|---|
| (क) केटी हाँस्यो।<br>(ख) ऊ सुन्दर थिए। | (क) केटी हाँसी।<br>(ख) ऊ सुन्दर थियो। |

माथि देब्रेपट्टि दिइएका वाक्यहरू अशुद्ध छन् भने दाहिनेपट्टि दिइएका वाक्यहरू शुद्ध छन्। देब्रेपट्टि (क) मा दिइएको वाक्यका 'केटी' कर्तापद तृतीय पुरुष एकवचन र स्त्रीलिङ्ग छ भने सोही वाक्यमा दिइएको 'हाँस्यो' क्रियापद, तृतीय पुरुष, एकवचन र पुलिङ्ग छ। त्यसलाई देब्रेपट्टिको (क) को 'केटी हाँस्यो' भन्ने वाक्यमा कर्ता र क्रियाकाबीच लिङ्गसङ्गति मिलेको छैन र त्यो वाक्य अशुद्ध हुन पुगेको छ। तर ठीक त्यसको दाहिनेपट्टि दिइएको 'केटा हाँसी' भन्ने वाक्य शुद्ध छ; किनभने त्यहाँ 'केटी' कर्तापदको लिङ्ग, वचन, पुरुषअनुसारकै 'हाँसी' क्रियापदको प्रयोग गरेको छ।

माथि देब्रेपट्टि (ख) मा 'ऊ सुन्दर थिए' भन्ने वाक्य दिइएको छ। सो वाक्यमा 'ऊ' सर्वनामपद 'थिए' क्रियापदसित मेल भएको छैन र वाक्य

अशुद्ध भएको छ। त्यसैले सोही वाक्यका दाहिनेपट्टि (ख) मा दिइएको 'ऊ सुन्दर थियो'- मा सङ्गति मिलेको कारणले यो शुद्ध वाक्य हो।

## 14.3 पदक्रम र पदसङ्गतिको अध्ययन

### 14.3.1 पदक्रमको अध्ययन

वाक्यमा पदहरूका शृङ्खलाबद्ध स्थितिलाई पदक्रम भनिन्छ। नेपाली भाषामा पदहरूको निश्चित स्थान छ। निश्चित स्थानभन्दा यता वा उता राख्नाले वाक्यले दिइने अर्थमा हेरफेर हुन्छ। पदहरू राख्ने काम व्यवस्थित नहुँदा वाक्यको अर्थ स्पष्ट हुँदैन। अर्थात् वाक्य बनाउँदा शब्दहरू माझ अर्थको के कस्तो र कति नजिक वा टाडाको साइनो-सम्बन्ध छ वा छैन सो ख्याल गर्नुपर्छ।

नेपाली भाषामा पदक्रमका सामान्य नियमअनुसार वाक्यमा पहिलो कर्ता अनि कर्म र क्रिया राखेर लेख्ने चलन छ। उदाहरण हेरौँ-

म घर जान्छु।

मलाई कलम देऊ।

रामले रावणलाई मारे।

सीता पेन्सिलले लेख्छिन्।

माथिका वाक्यमा म, मलाई, रामले र सीता कर्तापद हुन्; घर, कलम, रावणलाई र पेन्सिलले कर्मपद हुन् अनि जान्छु, देऊ, मारे र लेख्छिन् क्रियापद हुन्। यसरी कर्तापद, कर्मपद र क्रियापदको क्रम राखेर

लेख्ने नेपाली भाषाको साधारण नियम छ। माथिका वाक्यहरूमा भएका पदहरूलाई यताउता पारेर लेखिहेरौँ-

घर जान्छु म।

जान्छु म घर।

म जान्छु घर।

कलम देऊ मलाई।

देऊ कलम मलाई।

मलाई देऊ कलम।

उपयुक्त उदाहरणहरूमा पदहरूलाई यताउता सारेर प्रयोग गर्दा पनि तिनले अर्थ ता दिइसकेका छन् तर त्यस किसिमले बनेको वाक्य व्याकरणिक दृष्टिले नियमित वाक्य मानिँदैन। नेपाली भाषामा उपयुक्त किसिमका वाक्यहरूको प्रयोग पनि हुन्छ। त्यसैले यी वाक्यहरू अशुद्ध चाँहि होईनन् तर यिनमा रहेका पदक्रम भने नियमित लेखाइका पदक्रम होईनन्। त्यसैले यस्ता प्रकारका लेखाईलाई नियमित भने मानिँदैन।

### 14.3.1.1 पदक्रमका प्रकार

भाषामा व्यवहार हुने वाक्य सँधै नियमित व्याकरणिक पदक्रमानुसार मिलेको नै हुन्छन् भन्ने निश्चित छैन। भाषामा नै साहित्य लेखिन्छ। साहित्यमा अझ खासगरी कवितामा प्रयोग भएका वाक्यहरूमा साधारणतः नियमित व्याकरणिक पदक्रम मिलेको हुँदैनन्। यस्ता वाक्यलाई

आलङ्करिक वाक्य भनिन्छ। यस आधारमा पदक्रम दुई प्रकारका छन्- **(१) सामान्य व्याकरणात्मक पदक्रम र (२) आलङ्कारिक पदक्रम।**

**(१) सामान्य व्याकरणात्मक पदक्रमः** सामान्य पदक्रम भनेको सामान्य बोलचाल, अभिव्यक्ति र लेखपढीमा नियमअनुरूप गरिने पदहरूको रखाई हो। व्याकरणिक नियमअनुसार वाक्यमा रहने शब्दहरूको क्रम सामान्य व्याकरणात्मक पदक्रम मानिन्छ। नेपाली भाषाका वाक्यमा देखिने सामान्य व्याकरणिक पदक्रमको व्यवस्थालाई निम्न पाराले हेर्न सकिन्छः

**(क) विशेषण र विशेष्य (नाम)-** का बिचको पदक्रमः नेपाली भाषाका वाक्यमा खासगरी विशेषणपद पहिलो र सो विशेषणले विशेषता जाहेर गरेको नामपद त्यसपछि मात्र आउने पदक्रमको व्यवस्था देखिन्छ। जस्तै-

अग्लो छोरो आयो।

अग्ली छोरी आई।

यी वाक्यमा 'अग्लो' र 'अग्ली' विशेषणपद पहिलो र 'छोरो' र 'छोरी' विशेष्य त्यसपछि आएर आफ्नो-आफ्नो क्रमअनुसार रहेका छन् र यहाँ विशेषण र विशेष्यका बिच पदक्रम मिलेको छ।

**(ख) भेदक र भेद्यको पदक्रमः** नेपाली भाषाको वाक्यमा आउने पदसमूहहरूमध्ये षष्ठी विभक्तिचिन्ह लागेको भेदक पद पहिलो र त्यसपछि सो भेदक पदले सम्बन्ध राखेको अर्को भेद्य पद आउने व्याकरणिक क्रम छ। जस्तै-

(१) हरिको भाइ आयो।

(२) हरिकी बहिनी आई।

यहाँ दिइएका वाक्यमा 'हरिको' र 'हरिकी' भन्ने भेदक पद हुन् र ती उक्त वाक्यमा पहिले नै आएका छन्। यहाँ 'भाइ' र 'बहिनी' भेद्य पद हुन् र तिनीहरू उक्त वाक्यमा भेदक पदभन्दा पछि आएका छन् र आ-आफ्ना क्रमअनुसार बसेका छन्।

**(ग) क्रियाविशेषण र क्रियापदको पदक्रमः** नेपाली भाषाका वाक्यमा क्रियापद वाक्यका अन्त्यमा प्रयोगमा आउँछ भने त्यसैको देब्रेपट्टि क्रियाविशेषण रहेको हुन्छ। क्रियाविशेषण पहिले र क्रियापद पछि आउनु नै नेपाली भाषाका वाक्यको क्रियाविशेषण-क्रियापदको व्याकरणिक पदक्रम हो। जस्तै-

(१) तिमी राम्ररी जानू।

(२) तिमी विस्तारो पढ।

यहाँ दिइएका वाक्यमा 'जानू' र 'पढ' क्रियापद हुन् भने ती क्रियापदको बयान गर्न आएका 'राम्ररी' र 'विस्तारो' भन्ने क्रियाविशेषण हुन्। ती पदहरू क्रियाविशेषण-क्रियापदको व्याकरणिक क्रमअनुसार नै रहेका छन्।

**(घ) कर्ता र क्रियापदको पदक्रमः** नेपाली भाषाका वाक्यमा पहिले कर्ता र त्यसपछि क्रियापद आउँछ। जस्तै-

(१) कृष्ण गयो।

(२) दिनेश आउँछ।

माथि दिइएका वाक्यमा प्रयुक्त 'कृष्ण' र 'दिनेश' भन्ने कर्तापद र 'गयो' र 'आउँछ' भन्ने क्रियापद आ-आफ्ना क्रमअनुसार आएका छन्।

**(ङ) कर्ता → कर्म → क्रियापदक्रमः** नेपाली भाषाका वाक्यका सुरुमा कर्तापद र त्यसपछि कर्मपद आउने क्रम छ। यदि वाक्यमा दुईवटा कर्म आए त्यहाँ 'लाई' विभक्ति लागेको सजीव अप्रत्यक्ष कर्म पहिलो र त्यसपछि मात्र अर्को प्रत्यक्ष कर्म आउँछन्। जस्तै-

हरिले बहिनीलाई बजार पठायो

यस वाक्यमा 'हरिले' कर्तापद 'बहिनीलाई' अप्रत्यक्ष कर्मपद 'बजार' प्रत्यक्ष कर्मपद र 'पठायो' क्रियापद गरी सबै पदहरू कर्ता → अप्रत्यक्ष → कर्म प्रत्यक्ष कर्म क्रियापदको व्याकरणिक क्रमअनुसार नै आएका छन्।

**(च) कर्ता, कर्म, क्रियाविशेषण र क्रियापदको क्रमः** कर्ता → कर्म → क्रियाविशेषण र क्रियापद क्रमशः आउने नियम पनि नेपाली भाषाको व्याकरणिक पदक्रमको एक व्यवस्था हो। जस्तै-

दाजुले भाइलाई नराम्ररी कुट्यो।

यस वाक्यमा 'दाजुले' कर्तापद 'भाइलाई' कर्मपद 'नराम्ररी' क्रियाविशेषण पद र 'कुट्यो' क्रियापदको क्रममा आउनाले यस वाक्यको व्याकरणिक पदक्रम मिलेको छ।

**२. आलङ्कारिक पदक्रमः** सामान्य व्याकरणिक पदक्रमभन्दा बेग्लै किसिमको विशिष्ट साहित्यिक पदक्रम नै आलङ्कारिक पदक्रम हो। सामान्य व्याकरणिक पदक्रमलाई नियमित पदक्रम अनि आलङ्कारिक पदक्रमलाई अनियमित पदक्रम पनि भन्न सकिन्छ। विशिष्ट पदक्रम विशेष सम्प्रेषण र विशेष प्रयोजनका निम्ति व्याकरणिक पदक्रमको नियमलाई ध्यानमा नराखी गरिने प्रयोग हो। आलङ्कारिक पदक्रम साहित्यमा पद्य

रचनाका क्रममा अर्थमा जोड दिन, लय मिलाउन र अभिव्यक्तिलाई रोचक बनाउनु प्रयोग गरिन्छ। विशेषगरी कविताका क्षेत्रमा आलङ्कारिक पदक्रम बढी भेटिने गर्दछ। जस्तै-

| सामान्य व्याकरणात्मक पदक्रम | विशिष्ट वा आलङ्कारिक पदक्रम |
| --- | --- |
| १.मलाई मेरै पाखा पखेरो रमाइलो लाग्छ।<br>२.मेरो खाने बेला गयो।<br>मलाई बनको राज्या मिल्यो।<br>३.म त कुवाको पानी खादिनँ।<br>४.दुई चार सपूत मरेर नगए मुलुक बन्दैन। | १.लाग्छ मलाई रमाईलो मेरै पाखा पखेरो।<br>२.गयो खान्या बेला मकन त<br>मिल्यो राज्य वनको।<br>(छन्दोबद्ध)<br>३.म त खादिनँ कुवाको पानी।<br>(लय)<br>४.बन्दैन मुलुक दुईचार सपूत मरेर नगए। |

यसरी आलङ्कारिक वा साहित्यिक भाषामा सामान्य व्याकरणात्मक पदक्रमको साटो छुट्टै विशिष्ट आलङ्कारिक पदक्रमको सिर्जनात्मक प्रयोग गरिएको पाइन्छ। कविकाबाहेक साहित्यका अन्य विधाहरू कथा, निबन्ध, नाटक आदिमा पनि कुनै विशेष अर्थमा जोड दिन आलङ्कारिक पदक्रमको प्रयोग गरिएको भेटिन्छ। तर औपचारिक कुराकानी वा लेखाईमा भने सामान्य व्याकरणात्मक पदक्रमकै प्रयोग गर्नु पर्दछ। सामान्य कुराकानी गर्दा चाँहि नियमित र अनियमित दुवै थरी प्रयोग प्रसङ्ग र आवश्यकताअनुसार गरिन्छ।

### 14.3.1.2 पदक्रमका नियामक तत्त्व

वाक्य हुनका लागि अर्थद्वारा परस्पर सम्बद्ध रहेका पदहरू एउटै विशेष क्रममा आउनु पर्दछ। पदहरूको यस्तो विशिष्ट क्रमले एउटा आफैमा पूर्ण अर्थ वा सन्देश दिन्छ। वाक्यमा प्रयोग गरिएका शब्दहरू माझ यसरी अर्थपूर्ण सम्बन्ध हुनका लागि मुख्य रूपले तीनवटा तत्त्वहरूको आवश्यकता पर्दछ। ती हुन्- आकाङ्क्षा, योग्यता र आसत्ति।

१. **आकाङ्क्षा-** सामान्य व्यवहारमा जानुको इच्छालाई आकाङ्क्षा भनिएको छ। तर, व्याकरणमा आकाङ्क्षा भन्नाले वाक्यमा अर्थ पूरा गर्नका लागि आवश्यक र उपयुक्त शब्दको उपस्थिति भन्ने बुझिन्छ। वाक्यमा उपयुक्त शब्दको अभावमा अर्थ पूरा हुँदैन। यस अभावको पूर्तिका लागि चाँहिदो शब्दको आग्रह रहन्छ। यसरी अर्थका दृष्टिले शब्दहरू एकार्काको नजिकमा रहन आउने प्रक्रिया नै आकाङ्क्षा हो। कुनै शब्द वा पदको कमी भए वाक्य पूरा हुन सक्दैन। त्यसर्थ एउटा पूर्ण अर्थ दिनका लागि वाक्यमा रहेको पूर्णताले नै आकाङ्क्षा पूर्ति गर्दछ। एउटा पदपछि वाक्यमा स्रोता वा पाठकको आग्रह पूर्ति गर्ने जुन तत्त्व वाक्यमा हुन्छ त्यही नै आकाङ्क्षा हो। उदाहरण-

बजारमा धेरै ..... छन्।

यहाँ धेरै र छन्का बिचमा पसल, सामान, मान्छे आदि जस्तो कुनै एउटा पदको अपेक्षा रहन्छ। त्यो आएपछि मात्र पदहरूको यो शृङ्खला वाक्य बन्दछ।

२. **योग्यता-** वाक्यमा प्रयुक्त शब्दहरूमा अर्थ त हुनुपर्छ नै तर अर्थमाझ सङ्गति पनि हुनुपर्छ। प्रसङ्ग वा कुनै सन्दर्भअनुसार त्यसरी शब्दहरूका अर्थमाझ पाइने सङ्गतिलाई योग्यता भनिन्छ।

वाक्यमा रहेका पदहरूका बिचमा पारस्परिक कुनै बाधा नरहनु योग्यताको मुख्य उद्देश्य हो। थुप्रै पर्यायवाची शब्दहरूमध्ये हामी विशेष विशेष प्रसङ्गमा खास खास शब्दको नै प्रयोग गर्दछौँ। यसरी धेरैवटा मध्ये कुनै एउटालाई नै त्यस सन्दर्भमा रोज्नाको मूल आधार वा कारण शब्दहरूमाझ परस्पर सम्बन्धको योग्यता नै हो।

उदाहरण- पानी, जल, नीर, वारी, अम्बु, तोय आदि जम्मै पर्यायवाची भए तापनि ती सबै ठाउँमा सराबरी प्रयोग गरिनयोग्य छैनन्। तिर्खा लागेको भए एक बटुको तोय खाएर जाऊ जस्तो वाक्य व्यवहार गरिँदैन।

३. **आसत्ति-** वाक्यमा पदहरूको उच्चारणमा सधैँ एउटा निकटता वा सान्निध्य भए मात्र वाक्यको अर्थ प्रकट हुन्छ। पदहरूलाई क्रमबद्ध रूपमा समयको निरन्तरतासँग उच्चरित गराउने तत्त्व नै आसत्ति हो। शब्दहरू एउटै समयमा क्रमबद्ध भई उच्चरित हुँदा मात्र वाक्यको अर्थ निस्कन्छ। एउटा पदको उच्चारण भएपछि लामो समयसम्म रोकिए वा रोकिनुपरे पदहरूमाझ रहेको निकटतम बाधा आउँछ। यसरी रोकिनुपर्ने स्थानमा आवश्यकताअनुसार विराम-चिन्हको प्रयोग गरिएको हुन्छ। पदहरूको उच्चारण हुने समयको निश्चित र नियमित अन्तराल नै आसत्ति हो। पदहरूमाझ रहने कारणजन्य सन्निधान वा अन्तरङ्ग सामीप्य आसत्ति हो। बिहान उठेर घर भनेपछि भरे दिउँसोतिर जान्छु भन्दा यी दुईवटा पदमाझ कुनै किसिमको आसत्ति रहँदैन। अतः त्यस अवस्थामा वाक्य बन्दैन।

## 14.3.2 पदसङ्गतिको अध्ययन

वाक्यभित्र आउने पदहरू परस्पर रूपायनमा नियन्त्रित हुनु वा लिङ्ग, वचन, पुरुष आदिमा अन्वय हुनुलाई सङ्गति वा मेल भनिन्छ। खास गरेर रूपायनात्मक र प्रत्ययप्रधान भाषामा पदसङ्गति विशेष महत्त्वपूर्ण हुन्छ। लेटिनमा क्रियापद र उद्देश्य (नाम र सर्वनाम) का बिच वचन, लिङ्ग आदिमा मेल हुन्छ;

जस्तैः puer venit “केटाहरू आउँछन्”

Pueri veniant “केटाहरू आउँछन्”

Vos venitis “तिमीहरू आउँछौ”

Nos venimus “हामीहरू आउँछौं”

यी उदाहरणहरूमा क्रमशः puer “केटो” तृतीयपुरुष, एकवचन कर्ता हुँदा क्रिया पनि त्यस्तै छ, Pueri “केटाहरू” बहुवचनमा आउँदा क्रिया पनि बहुवचनमा छ, Vos “तिमीहरू” मा द्वितियपुरुष क्रियापद पनि त्यहीँ पुरुष बहुवचनमा छ। यस्तै फ्रेन्चमा पनि उद्देश्य र विधेयमा पुरुष र वचनगत सङ्गति छ, जस्तैः

Le garcon vient “त्यो केटो आउँछ”

Les garcons viennent “ती केटाहरू आउँछन्”

अङ्ग्रेजीमा चाँहि, वर्तमानकालीन तृतीयपुरुष र कवचनमा कर्ता र क्रियापदका बिच मेल छ, अरां चाँहि समान चरित्र, जस्तैः

| | |
|---|---|
| He comes. | He came. |
| They come. | They came. |

You come. You came.

You all come. You all came.

संस्कृतमा उद्देश्य र विधेयमा सबै काल, पक्ष र अर्थमा वचन र पुरुषमा सङ्गति छ. जस्तैः

| | एकवचन | द्विवचन | बहुवचन |
|---|---|---|---|
| प्र.पु | अहम गच्छामि | आवाम् गच्छावः | वयं गच्छामः |
| द्वि.पु | त्वम गच्छसि | युवाम् गच्छायः | यूयम् गच्छथ |
| तृ.पु | स/सा/तत् गच्छति | तौ/ते/ते गच्छतः | ते/ताः/तानि गच्छन्ति |

नेपालीमा उद्देश्य र विधेयमा लिङ्ग, वचन, पुरुष र आदरार्थीमा सङ्गति छ।

### 14.3.2.1 पदसङ्गतिका प्रकार

नेपाली भाषामा पदसङ्गति पाँच प्रकारका छन्-

(क) कर्ता र क्रियापदबिच पदसङ्गति

(ख) विशेषण र विशेष्यबिच पदसङ्गति

(ग) नाम र सर्वनामबिच पदसङ्गति

(घ)आदरार्थीका विभिन्न तहमा पदसङ्गति

(ङ) भेदक र भेद्यबिच पदसङ्गति

**(क) कर्ता र क्रियाबिच पदसङ्गतिः** कर्तृवाच्य वाक्यमा कर्ता जुन पुरुष, वचन, लिङ्ग र आदरको हुन्छ क्रियापद पनि त्यही वचन, पुरुष, लिङ्ग र त्यही आदरअनुरूपको हुनुपर्दछ। तर पदसङ्गतिको यस प्रकारमा कर्तृवाच्यको कर्ता मानवीय-मानवेतर, सजीव-निर्जीव, सङ्ख्येय-असङ्ख्येय

जे हुन्छ, त्यसका आधारमा क्रियाका लिङ्ग र वचनको निर्धारण हुन्छ। नेपालीम मानवीय कर्ताको क्रिया एकवचन सामान्य रूप तथा मध्यम आदरसूचक अवस्थाम लिङ्गभेदक हुन्छ भने मानवेतर कर्ताको क्रिया कहीँ पनि लिङ्गभेदक हुँदैन। त्यसैगरी सङ्ख्येय कर्ताको क्रिया वचनभेदक हुन्छ तर असङ्ख्येय कर्ताको क्रिया वचनभेदक हुँदैन। जस्तै-

**१. लिङ्गका आधारमा पदसङ्गतिः**

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| मानवीय | दाजु बजार गयो/गए | दिदी बजार गई/गइन्। |
| | लक्ष्मण कुद्यो। | गीता कुदी। |
| | भाइ कहाँ छ? | बहिनी कहाँ छे? |
| मानवेतर | गोरु आयो | X |
| | गाईले घाँस खायो। | X |
| | पोथीले अण्डा पार्‍यो। | X |

नेपालीमा उच्च र उच्चतम आदरार्थी प्रयोगमा भने मानवीय नामले पनि लिङ्गको अन्विति लिँदैन। जस्तै-

| | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| उच्च आदरार्थी | दाजु घर आउनुभयो। | भाउजु घर आउनुभयो |

उच्चतम आदरार्थी बुबा घर गइबक्स्यो। मुमा घर गइबक्स्यो।

नेपालीमा बहुवचनका क्रियामा लिङ्गभेद नपाइने हुँदा कर्ता पुलिङ्ग वा स्त्रीलिङ्ग जे भए तापनि वाक्यसङ्गतिमा कुनै भिन्नता हुँदैन। जस्तै-

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| केटाहरू स्कूल गए।<br>भाइहरू घर बाहिर खेल्दै छन्। | केटीहरू स्कूल गए।<br>बहिनीहरू घरभित्र खेल्दै छन्। |

२. **वचनका आधारमा पदसङ्गतिः** नेपालीमा गणनीय नामले क्रियापदका साथ एकवचन वा बहुवचनको अन्विति लिन्छन्। अगणनीय नामले सदैव एकवचनको अन्विति मात्र लिन्छन्। जस्तै-

| | एकवचन | बहुवचन |
|---|---|---|
| गणनीय | दाजु घर आयो। | दाजुहरू घर आए। |
| | ढुङ्गा लड्यो | ढुङ्गाहरू लडे। |
| | रुख भाँचियो | रुखहरू भाँचिए। |
| अगणनीय | दुध घोप्टियो। | X |
| | तेल पोखियो। | X |
| | पानी पर्‍यो। | X |

मानवीय नामको कर्तालाई बहुवचन बनाउँदा '-हरू' प्रयोग नगरिए आदरार्थी एकबचनको सङ्गति हुने हुँदा यस्ता नाममा '-हरू' लगाई क्रियासँग सङ्गति कायम गरिन्छ। जस्तै-

| एकबचन | आदरार्थी | बहुबचन |
|---|---|---|
| केटो आयो। | केटा आए। | केटाहरू आए। |
| हरि पढ्दै छ। | हरि पढ्दै छन्। | हरिहरू पढ्दै छन्। |
| ऊ घर गयो। | उनी घर गए। | उनीहरू घर गए। |

३. **पुरुषका आधारमा पदसङ्गतिः** नेपालीमा सर्वनाम र क्रियापदले पुरुषको अन्तरलाई स्पष्ट पार्दछन्। त्यसैले उद्देश्य भएका वाक्यमा उद्देश्य सर्वनाम भए सोहीअनुसार विधेयको सङ्गति मिंलाउनु पर्दछ। अर्थात कर्ता प्रथम पुरुष भए क्रिया पनि प्रथम पुरुषमा हुनुपर्दछ र कर्ता दोस्रो वा तेस्रो पुरुषमा भए क्रिया पनि सोहीअनुसार हुनुपर्दछ। जस्तै-

| प्रथम पुरुष | द्वितिय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म पढ्छु। | तँ पढ्छस्। | त्यो पढ्छ। |
| हामीहरू पढ्छौँ। | तिमीहरू पढ्छौ। | तिनीहरू पढ्छन्। |

द्वितिय पुरुष र तृतीय पुरुषका कर्तासँगसँगै आएमा द्वितिय पुरुष बहुबचनको क्रिया रहन्छन्। जस्तै-

द्वितिय+तृतीय - तँ र ऊ सँगै स्कूल आऊ।

तिमी र उनी कहाँ जान्छौ?

प्रथम, द्वितिय र तृतीय तीन पुरुष एउटै वाक्यमा प्रयोग हुन आएमा प्रथम पुरुषअनुसारको बहुबचन रूप क्रियापद लाग्छ। जस्तै- म, तँ र ऊ भरे जानेछौँ।

नामहरू भने सदैव तृतीय पुरुषमा हुने हुँदा तिनीहरूले तृतीय पुरुषको अन्विति मात्र लिन्छन्। उदाहरण- भाइ घर जान्छ। खोला बग्छ।

सर्वनामको प्रयोग गरिने ठाउँमा संज्ञा नै प्रयोग गरिँदा भने संज्ञापदले पनि क्रियापदसँग द्वितिय पुरुषको अन्विति लिन्छन्। उदाहरण-

राम यहाँ आऊ। हरि घरमा बस।

श्याम कतिबेला आयो? केटाजति वर आऊ।

केटाजति घर जाऊ आदि।

**ख. विशेषण र विशेष्यबिच पदसङ्गतिः** वाक्यमा आउने विशेषण पद विशेष्य (नाम) पदका बिच वचन र लिङ्गका आधारमा मेल हुनु पर्दछ। विशेष्य नामपद जुन वचन र लिङ्गको हुन्छ विशेषण पद पनि त्यही वचन र लिङ्गको हुनु नै विशेषण र विशेष्य पदका बिचको पदसङ्गति हो। जस्तै-

अ) कालो केटो आयो। काला केटा आए।

आ) काली केटी आई। काला केटीहरू आए।

इ) काला केटाकटीहरू आए।

माथि दिइएको वाक्यमा अ) मा 'कालो केटो आयो' वाक्यमा 'कालो' विशेषण पद र 'केटो' विशेष्य (नाम) पद हो। 'केटो' विशेष्य नामपद लिङ्ग र एकवचन भएकाले 'कालो' विशेषण पद पनि एकवचन र पुलिङ्गको रहेको छ र 'कालो केटो आयो' भन्ने वाक्यमा 'कालो' विशेषण पद र 'केटो' विशेष्य पदका बिच सङ्गति वा मेल भएको छ। त्यही वाक्य बहुवचन आदरार्थी हुँदा 'कालो' विशेषण पद 'काला' र 'केटो' विशेष्य पद 'केटा' अनि 'आयो' क्रियापद 'आए' हुन्छ र त्यस वाक्यमा नाम, विशेषण तथा क्रियामा पदसङ्गति भएको पाइन्छ। त्यस्तै आ) को 'काली केटी आई' भन्ने वाक्यमा पनि 'केटी' एकवचन र स्त्रीलिङ्गको विशेष्य नामपद भएकाले 'काली' भन्ने एकवचन र स्त्रीलिङ्गकै नामपदका बिच सङ्गति हुन पुगेको छ। सोही वाक्य बहुवचन आदरार्थीमा 'काला केटीहरू आए' हुन्छ। 'काली' एकवचन विशेषणपद 'काला' बहुवचन, 'केटी' एकवचन विशेष्यमा 'हरू' बहुवचन प्रत्यय गाँसिन्छ भने 'आई' स्त्रीलिङ्गी क्रियापद 'आए' वचन आदरार्थी भएर प्रयोगमा आएको छ। यसरी यस वाक्यमा पनि विशेषण पद 'काला', 'केटीहरू' विशेष्य पद एवम् 'आए' क्रियापदमा मेल वा सङ्गति दिएको तेस्रो वाक्य 'काला केटाकेटीहरू आए'- मा 'केटाकेटीहरू' बहुवचन बुझाउने विशेष्य भएकाले 'काला' भन्ने बहुवचनकै विशेषण आएर 'काला' र 'केटाकेटीहरू' भन्ने विशेषण र विशेष्यका बिचमा वचनका आधारमा सङ्गति मिलेको छ। विशेषण र विशेष्यका बिच लिङ्गगत र वचनगत यस्तो सङ्गति नमिलेमा वाक्य अशुद्ध हुन्छ।

**ग. नाम र सर्वनामबिच पदसङ्गतिः** वाक्यमा आउने नामपद जुन लिङ्ग, पुरुष, वचन र आदरको हुन्छ सो वाक्यमा आउने सर्वनामपद पनि सोही

लिङ्ग, वचन, पुरुष र आदरअनुरूपको हुनुपर्दछ अनि मात्र त्यहाँ नाम र सर्वनामका बिच पदसङ्गति हुन पुग्दछ। उदाहरण-

(अ) राम आए, उनी हिजो गएका थिए।

(आ) काका आउनुभयो, उहाँ हिजो जानुभएको थियो।

(इ) बहिनी मावल गई। ऊ भोलि आउँछे।

माथि (अ) मा दिइएको वाक्यमा पहिले 'राम' भन्ने पुलिङ्ग, तृतीय पुरुष, एकवचन र मध्यम आदर बुझाउने नामपदको प्रयोग भएको छ र त्यसपछि सो नामको साटोमा उही लिङ्ग- पुरुष- वचन- आदर भएको 'उनी' सर्वनामपद आएको छ। यसरी उक्त वाक्यमा 'राम' भन्ने नामपद र 'उनी' सर्वनामपदका बिच लिङ्ग- पुरुष- वचन- आदगत मेल भएको छ। त्यसै गरी (आ) मा दिइएको वाक्यमा प्रयोग भएका 'काका' नामपद र 'उहाँ' सर्वनामपदका बिच पुलिङ्ग- तृतीय पुरुष- एकवचन- उच्च आदरको सङ्गति मिलेको छ। यसरी वाक्यमा प्रयोग भएका नाम र सर्वनामका बिच लिङ्ग, पुरुष, वचन र आदरका आधारमा मेल हुनु पनि पदसङ्गतिको एउटा प्रकार हो।

**घ. आदरार्थीका विभिन्न तहमा पदसङ्गतिः** नामिक पद र क्रियाका माध्यमबाट आदरार्थीको अभिव्यक्ति हुन्छ। आदरार्थीले नेपाली भाषामा व्याकरणिक कोटीलाई नै जनाउँछ। आदरार्थीलाई अभिव्यक्त आदरका मात्राका आधारमा विभिन्न तहमा वर्गीकरण गरिन्छ- आदररहित, सामान्य आदर, उच्च आदर, उच्चतम (अत्युच्च) आदर।

आदररहितको प्रयोग नातासम्बन्ध, पद-प्रतिष्ठा आदिका दृष्टिले तल्लो स्तरको व्यक्ति, समकक्षीय वा अतिघनिष्टता भएका व्यक्तिका निम्ति

गरिन्छ भने सामान्य आदर सानालाई धेरै माया गर्दा, कसैप्रति आत्मीयता दर्साउँदा र आफूभन्दा ठुलालाई पनि बढी आदर भाव नदर्साउँदा प्रयोग गरिन्छ। उच्च आदर र उच्चतम आदरचाँहि आफूभन्दा ठुला तथा सम्मानित व्यक्तित्वहरूका निम्ति प्रयोग गर्ने गरिन्छ। हेरौँ केही उदाहरण-

| आदररहित | सामान्य आदर | उच्च आदर | उच्चतम आदर |
|---|---|---|---|
| छोरो आयो।<br>तँ आइस्।<br>रजनी आई। | छोरा आए।<br>तिमी आयौ।<br>रजनी आइन्। | दाजु आउनुभयो।<br>तपाईँ आउनुभयो।<br>मौसूफ सवारी भयो। | बुबा आइबक्स्यो।<br>मुमा आइबक्स्यो।<br>मौसूफ सवारी होईबक्स्यो/भइबक्स्यो। |

राजकीय प्रयोगमा प्रथम पुरुषमा पनि उच्चतम आदरार्थी प्रयोग गरिन्छ। जस्तै- हामीबाट घोषणा गरिबक्सेका छौँ।

आदरार्थीको प्रयोग व्याकरणिक मात्र नभएर सामाजिक पनि भएकाले एउटा व्यक्तिका निम्ति पनि आदररहितदेखि उच्चतम आदरसम्मको प्रयोग गर्न सकिन्छ। आदर गरिने व्यक्तिको उपस्थिति सामुन्ने रहेमा आदरार्थीको स्तर बढ्ने र नरहेमा घट्ने सामाजिक संस्कृति रहेको छ। जस्तै-

सामान्य आदरः भारतीय नेपाली निबन्ध लेखनपरम्परामा रामलाल अधिकारी एकजना

मूर्धन्य आत्मपरक निबन्धकार हुन्।

उच्च आदरः आज यस समारोहमा उहाँ (रामलाल अधिकारी) जस्ता सिद्धहस्त तथा विशिष्ट

निबन्धकारको सम्मान गर्नपाउँदा हामी सबै हर्षित छौँ।

**ङ. भेदक र भेद्यबिच पदसङ्गतिः** भेद्य भनेको नाम हो भने भेदक भनेको पनि सम्बन्धवाचक नाम हो। दुईका बिचको सम्बन्ध पनि विशेषण र विशेष्यसमान हुन्छ। अर्थात् को/की/का, रो/री/रा, नो/नी/ना जस्ता षष्ठी विभक्तिचिन्ह लागेका पदलाई भेदक र उक्त भेदक पदको सम्बन्ध रहेको अर्को पदलाई भेद्य भनिन्छ। भेदक र भेद्यका बिचंमा वचन र लिङ्गका आधारमा सङ्गति वा मेल हुनु नै भेदक र भेद्यका बिचको पदसङ्गति हो। जस्तै-

(अ) गीताको भाइ आयो।

(आ) गीताकी बहिनी आई।

माथि (अ) मा 'गीताको भाइ आयो' भन्ने वाक्य छ। सो वाक्यमा 'गीताको' भन्ने पद भेदक हो भने 'भाइ' भन्न पद भेद्य हो। 'गीता' भन्ने नामपदमा 'को' सम्बन्धवाचक षष्ठी विभक्तिको चिन्ह लागेर 'गीताको' भन्ने भेदक पद बनेको छ र त्यसले भेद गरेको वा सम्बन्ध राखेको अर्को 'भाइ' भन्ने भेद्य पदसँग वचन र लिङ्गका आधारमा मेल राखेको छ; 'भाइ' एकवचन र पुलिङ्ग भेद्य पद हो भने एकवचन र पुलिङ्ग भेद्य 'भाइ' पदअनुरूप 'गीता' भन्ने नामपदमा 'को' भन्ने एकवचन र पुलिङ्गको विभक्ति लागेर 'गीताको' भन्ने भेदकपद बनेको छ। यसरी 'गीताको' भन्ने भेदकपद र 'भाइ' भन्ने भेद्य पदका बिच यहाँ वचन र लिङ्गका आधारमा

सङ्गति रहेको छ। माथिको (आ) वाक्यमा 'बहिनी' भन्ने एकवचन र स्त्रीलिङ्ग भेद्य नामपद भएकाले सो पदसँग सम्बन्ध राख्न आएको 'गीता' भन्ने नामिक पदमा लागेको 'की' चिन्ह पनि एकवचन र स्त्रीलिङ्गअनुरूपको रहेको छ; यसरी भेदक 'गीताकी' र भेद्य 'बहिनी' पदका बिच यहाँ वचन र लिङ्गका आधारमा सङ्गति मिलेको छ।

## 14.4 पदक्रम र पदसङ्गति बीच साम्य र बैशम्य

### 14.4.1 पदक्रम र पदसङ्गतिबीच साम्य

पदक्रम र पदसङ्गतिबीचको समानता निम्नप्रकार देखाउन सकिन्छः

(१) पदक्रम र सदसङ्गति दुवै वाक्यसँग सम्बन्धित कुरा हो। पदक्रम र पदसङ्गति नमिल्दा वाक्यले दिने अर्थमा फरक पर्न सक्छ र वाक्य अर्थपूर्ण हुँदैन।

(२) एउटा अर्थपूर्ण वाक्य निर्माण हेतु वाक्यमा पदहरूको निश्चित क्रम र सङ्गति मिलेको हुनुपर्छ। यी दुवैको भूमिका वाक्यमा अपरिहार्य छ।

(३) पदक्रम र पदसङ्गतिका लागि पदहरूलाई परस्पर सम्बन्ध बुझाउने गरी क्रमगत रूपमा राखिनुपर्छ।

(४) वाक्यमा पदहरूको एउटा व्यवस्थित शृङ्खला हुन्छ। जुनसुकै पद जतासुकै प्रयोग गरिँदैमा वाक्य हुँदैन। पदहरूको शृङ्खलाबद्ध स्थिति पदक्रम हो भने सङ्गति भने पदहरूमाझको मेल वा सङ्गति हो। वाक्यमा पदहरूलाई परस्पर सम्बन्ध स्थापित गर्ने

गरी राखेर पूर्ण अर्थ दिने काम पदक्रम र पदसङ्गति मिले मात्र सम्भव हुन्छ।

## 14.4.2 पदक्रम र पदसङ्गतिबीच बैशम्य

पदक्रम र पदसङ्गतिबिचको वैशम्य वा असमानतालाई निम्नप्रकारले बुँदागत रूपमा देखाउन सकिन्छः

(१) पदक्रम भनेको वाक्यमा पदहरू रहने स्थान हो। अर्थात् वाक्यमा आउने पदहरूलाई परस्पर सम्बन्ध बुझाउने गरी क्रमागत रूपमा राख्ने व्यवस्थालाई पदक्रम भनिन्छ। पदसङ्गति भनेको वाक्यमा रहेका पदहरूका बीचमा लिङ्ग, वचन, पुरुष र आदरमा हुने मेल हो।

(२) पदसङ्गतिमा वाक्यमा आउने पदहरूबिच लिङ्ग, वचन, पुरुष, आदर आदिमा सङ्गति हुनुपर्दछ भने पदक्रममा कर्ता, कर्म र क्रियाबिच क्रम मिलेको हुनुपर्छ।

(३) पदक्रममा क्रमबद्धता मुख्य कुरा हो। यदि क्रम भङ्ग भए अर्थमा पनि प्रभाव पर्न सक्छ। तर पदसङ्गतिमा क्रमभन्दा पनि लिङ्ग, वचन, पुरुष, आदर आदिमा मेल हुन आवश्यक छ। क्रमसँग यसले सम्बन्ध राख्दैन।

(४) पदक्रम मुख्य गरेर सामान्य व्याकरणिक र आलङ्कारिक गरेर दुई प्रकारको हुन्छ अनि आलङ्कारिक पदक्रममा पदहरूको रखाइ उत्ति महत्त्वपूर्ण हुँदैन। तर पदसङ्गति भने जुनै अवस्थामा पनि मिलेको हुनुपर्छ।

(५) पदक्रममा निश्चित स्थानभन्दा यता वा उता राख्नाले वाक्यले दिइने अर्थमा हेरफेर हुन्छ। वाक्यभित्र आउने पदहरू परस्पर रूपायनमा नियन्त्रित हुनु वा लिङ्ग, वचन, पुरुष आदिमा अन्वय हुनुलाई सङ्गति वा मेल भनिन्छ। खास गरेर रूपायनात्मक र प्रत्ययप्रधान भाषामा पदसङ्गति विशेष महत्त्वपूर्ण हुन्छ।

## 14.5 उपसंहार

वाक्यमा पदहरूका शृङ्खलाबद्ध स्थितिलाई पदक्रम भनिन्छ। नेपाली भाषामा पदहरूको निश्चित स्थान छ। निश्चित स्थानभन्दा यता वा उता राख्नाले वाक्यले दिइने अर्थमा हेरफेर हुन्छ। पदहरू राख्ने काम व्यवस्थित नहुँदा वाक्यको अर्थ स्पष्ट हुँदैन। अर्थात् वाक्य बनाउँदा शब्दहरू माझ अर्थको के कस्तो र कति नजिक वा टाडाको साइनो-सम्बन्ध छ वा छैन सो ख्याल गर्नुपर्छ।

नेपाली भाषामा पदक्रमका सामान्य नियमअनुसार वाक्यमा पहिलो कर्ता अनि कर्म र क्रिया राखेर लेख्ने चलन छ। जस्तै -म स्कूल जान्छु। यस वाक्यमा ‘म’ कर्तापद हो, ‘स्कूल’ कर्मपद हो र ‘जान्छु’ क्रियापद हो। यसरी कर्तापद, कर्मपद र क्रियापदको क्रम राखेर लेख्ने नेपाली भाषाको साधारण नियम छ। पदहरूलाई यताउता सारेर प्रयोग गर्दा पनि तिनले अर्थ ता दिइसकेका छन् तर त्यस किसिमले बनेको वाक्य व्याकरणिक दृष्टिले नियमित वाक्य मानिँदैन।

भाषामा व्यवहार हुने वाक्य सँधै नियमित व्याकरणिक पदक्रमानुसार मिलेको नै हुन्छन् भन्ने निश्चित छैन। भाषामा नै साहित्य लेखिन्छ। साहित्यमा अझ खासगरी कवितामा प्रयोग भएका वाक्यहरूमा साधारणतः नियमित व्याकरणिक पदक्रम मिलेको हुँदैनन्। यस्ता वाक्यलाई

आलङ्करिक वाक्य भनिन्छ। यस आधारमा पदक्रम दुई प्रकारका छन्- **(१) सामान्य व्याकरणात्मक पदक्रम र (२) आलङ्कारिक पदक्रम।** नेपाली भाषाका वाक्यमा देखिने सामान्य व्याकरणिक पदक्रमको व्यवस्थालाई **विशेषण र विशेष्य, भेदक र भेद्य, क्रियाविशेषण र क्रियापद, कर्ता र क्रियापद, कर्ता-कर्म-क्रियापद र कर्ता, कर्मक्रियाविशेषण र क्रियापद , क्रम** पाराले हेरिन्छ।

सामान्य व्याकरणिक पदक्रमभन्दा बेग्लै किसिमको विशिष्ट साहित्यिक पदक्रम नै आलङ्कारिक पदक्रम हो। सामान्य व्याकरणिक पदक्रमलाई नियमित पदक्रम अनि आलङ्कारिक पदक्रमलाई अनियमित पदक्रम पनि भन्न सकिन्छ। विशिष्ट पदक्रम विशेष सम्प्रेषण र विशेष प्रयोजनका निम्ति व्याकरणिक पदक्रमको नियमलाई ध्यानमा नराखी गरिने प्रयोग हो। आलङ्कारिक पदक्रम साहित्यमा पद्य रचनाका क्रममा अर्थमा जोड दिन, लय मिलाउन र अभिव्यक्तिलाई रोचक बनाउनु प्रयोग गरिन्छ। विशेषगरी कविताका क्षेत्रमा आलङ्कारिक पदक्रम बढी भेटिने गर्दछ।

वाक्यभित्र आउने पदहरू परस्पर रूपायनमा नियन्त्रित हुनु वा लिङ्ग, वचन, पुरुष आदिमा अन्वय हुनुलाई सङ्गति वा मेल भनिन्छ। खास गरेर रूपायनात्मक र प्रत्ययप्रधान भाषामा पदसङ्गति विशेष महत्त्वपूर्ण हुन्छ। नेपाली भाषामा पदसङ्गति पाँच प्रकारका छन्- कर्ता र क्रियापदबिच पदसङ्गति, विशेषण र विशेष्यबिच पदसङ्गति , नाम र सर्वनामबिच पदसङ्गति, आदरार्थीका विभिन्न तहमा पदसङ्गति, भेदक र भेद्यबिच पदसङ्गति। नेपालीम मानवीय कर्ताको क्रिया एकवचन सामान्य रूप तथा मध्यम आदरसूचक अवस्थाम लिङ्गभेदक हुन्छ भने मानवेतर कर्ताको क्रिया कहीँ पनि लिङ्गभेदक हुँदैन। त्यसैगरी सङ्ख्येय कर्ताको

क्रिया वचनभेदक हुन्छ तर असङ्ख्येय कर्ताको क्रिया वचनभेदक हुँदैन। विशेषण र विशेष्यका बिच लिङ्गगत र वचनगत सङ्गति नमिलेमा पनि वाक्य अशुद्ध हुन्छ। वाक्यमा आउने नामपद जुन लिङ्ग, पुरुष, वचन र आदरको हुन्छ सो वाक्यमा आउने सर्वनामपद पनि सोही लिङ्ग, वचन, पुरुष र आदरअनुरूपको हुनुपर्दछ अनि मात्र त्यहाँ नाम र सर्वनामका बिच पदसङ्गति हुन पुग्दछ। नामिक पद र क्रियाका माध्यमबाट आदरार्थीको अभिव्यक्ति हुन्छ। आदररहितको प्रयोग नातासम्बन्ध, पद-प्रतिष्ठा आदिका दृष्टिले तल्लो स्तरको व्यक्ति, समकक्षीय वा अतिघनिष्टता भएका व्यक्तिका निम्ति गरिन्छ भने सामान्य आदर सानालाई धेरै माया गर्दा, कसैप्रति आत्मीयता दर्साउँदा र आफूभन्दा ठुलालाई पनि बढी आदर भाव नदर्साउँदा प्रयोग गरिन्छ। उच्च आदर र उच्चतम आदरचाँहि आफूभन्दा ठुला तथा सम्मानित व्यक्तित्वहरूका निम्ति प्रयोग गर्ने गरिन्छ। यसको साथै भेदक र भेद्य  पदका बिच वचन र लिङ्गका आधारमा सङ्गति मिलेको हुनुपर्छ।

## 14.6 सार

यस एकाइमा पदक्रम र पदसङ्गतिसम्बन्धि जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ वाक्यमा पदहरूको एउटा व्यवस्थित शृङ्खला हुन्छ। जुनसुकै पद जतासुकै प्रयोग गरिँदैमा वाक्य हुँदैन। त्यसैले सार्थक शब्दहरूको समूह नै वाक्य होइन। पदहरूको व्यवस्थित र शृङ्खलाबद्ध प्रयोग नभई वाक्य बन्दैन। वाक्यमा प्रयोग गरिने पदहरूलाई शृङ्खलाबद्ध र व्यवस्थापूर्ण क्रममा राख्ने काम नै पदक्रम हो।

❖ पदक्रम भनेको वाक्यमा पदहरू रहने स्थान हो। अर्थात् वाक्यमा आउने पदहरूलाई परस्पर सम्बन्ध बुझाउने गरी क्रमागत रूपमा राख्ने व्यवस्थालाई पदक्रम भनिन्छ। नेपाली भाषाका वाक्यहरूमा पनि पदहरू रहने निश्चित स्थान, क्रम वा पालो छ र सो क्रमअनुरूप नै वाक्यमा पदहरू रहन्छन्। वाक्यभित्र पदहरूको रखाइ सुव्यवस्थित भएन भने वाक्यको अर्थ गढबडिन सक्छ र अर्थ पनि स्पष्ट नहुन सक्छ। नेपाली भाषामा कर्ता, कर्म र क्रिया क्रमैसँग आउने पदक्रमको नियम छ।

❖ सामान्यतः कतिप भाषाका कर्ताको जुन लिङ्ग, वचन, पुरुष हुन्छ, क्रियाको पनि त्यहीँ लिङ्ग, वचन र पुरुष हुन्छ। कर्ता र क्रियाका बीचमा देखिने यस प्रकारको मेललाई सङ्गति वा मेल भनिन्छ। सबै भाषामा यस प्रकारको सङ्गति हुन्छ भन्ने केही जरुरी छैन।

❖ पदसङ्गति भनेको वाक्यमा रहेका पदहरूका बीचमा लिङ्ग, वचन, पुरुष र आदरमा हुने मेल हो। यसलाई अन्विति पनि भनिन्छ। वाक्यमा आउने विभिन्न नामिक पद (नाम, सर्वनाम र विशेषण) –हरू र क्रियापदहरूका बीच यस्तो आपसी सङ्गति हुनु आवश्यक हुन्छ।

❖ पदक्रम दुई प्रकारका छन्- **(१) सामान्य व्याकरणात्मक पदक्रम र (२) आलङ्कारिक पदक्रम।** सामान्य पदक्रम भनेको सामान्य बोलचाल, अभिव्यक्ति र लेखपढीमा नियमअनुरूप गरिने पदहरूको रखाई हो। व्याकरणिक नियमअनुसार वाक्यमा रहने शब्दहरूको क्रम सामान्य व्याकरणात्मक पदक्रम मानिन्छ।

❖ सामान्य व्याकरणिक पदक्रमभन्दा बेग्लै किसिमको विशिष्ट साहित्यिक पदक्रम नै आलङ्कारिक पदक्रम हो। सामान्य व्याकरणिक पदक्रमलाई नियमित पदक्रम अनि आलङ्कारिक पदक्रमलाई अनियमित पदक्रम पनि भन्न सकिन्छ।

❖ वाक्य हुनका लागि अर्थद्वारा परस्पर सम्बद्ध रहेका पदहरू एउटै विशेष क्रममा आउनु पर्दछ। वाक्यमा प्रयोग गरिएका शब्दहरू माझ यसरी अर्थपूर्ण सम्बन्ध हुनका लागि मुख्य रूपले तीनवटा तत्त्वहरूको आवश्यकता पर्दछ। ती हुन्- आकाङ्क्षा, योग्यता र आसत्ति।

❖ नेपाली भाषामा पदसङ्गति पाँच प्रकारका छन्- कर्ता र क्रियापदबिच पदसङ्गति, विशेषण र विशेष्यबिच पदसङ्गति, नाम र सर्वनामबिच पदसङ्गति, आदरार्थीका विभिन्न तहमा पदसङ्गति, भेदक र भेद्यबिच पदसङ्गति।

❖ कर्तृवाच्य वाक्यमा कर्ता जुन पुरुष, वचन, लिङ्ग र आदरको हुन्छ क्रियापद पनि त्यही वचन, पुरुष, लिङ्ग र त्यही आदरअनुरूपको हुनुपर्दछ। तर पदसङ्गतिको यस प्रकारमा कर्तृवाच्यको कर्ता मानवीय-मानवेतर, सजीव-निर्जीव, सङ्ख्येय-असङ्ख्येय जे हुन्छ, त्यसका आधारमा क्रियाका लिङ्ग र वचनको निर्धारण हुन्छ।

❖ वाक्यमा आउने विशेषण पद विशेष्य (नाम) पदका बिच वचन र लिङ्गका आधारमा मेल हुनु पर्दछ। विशेष्य नामपद जुन वचन र लिङ्गको हुन्छ विशेषण पद पनि त्यही वचन र लिङ्गको हुनु नै विशेषण र विशेष्य पदका बिचको पदसङ्गति हो। वाक्यमा आउने नामपद जुन लिङ्ग, पुरुष, वचन र आदरको हुन्छ सो वाक्यमा आउने सर्वनामपद पनि सोही लिङ्ग, वचन, पुरुष र आदरअनुरूपको हुनुपर्दछ अनि मात्र त्यहाँ नाम र सर्वनामका बिच पदसङ्गति हुन पुग्दछ।

❖ नामिक पद र क्रियाका माध्यमबाट आदरार्थीको अभिव्यक्ति हुन्छ। आदरार्थीले नेपाली भाषामा व्याकरणिक कोटीलाई नै जनाउँछ। आदरार्थीलाई अभिव्यक्त आदरका मात्राका आधारमा विभिन्न तहमा

वर्गीकरण गरिन्छ- आदररहित, सामान्य आदर, उच्च आदर, उच्चतम (अत्युच्च) आदर।

❖ भेदक र भेद्यका बिचंमा वचन र लिङ्गका आधारमा सङ्गति वा मेल हुनु नै भेदक र भेद्यका बिचको पदसङ्गति हो।

## 14.7 अनुशीलनी

(१) पदक्रम र पदसङ्गति केलाई भनिन्छ अर्थ स्पष्ट पार्नुहोस्।

(२) पदक्रम मिलेन भने वाक्यको अर्थ कस्तो हुन्छ? सोदाहरण बताउनुहोस्।

(३) सामान्य व्याकरणात्मक पदक्रम केलाई भनिन्छ? यसको प्रकार उदाहरणसहित लेख्नुहोस्।

(४) आलङ्कारिक पदक्रम भनेको कस्तो पदक्रम हो? आलङ्कारिक पदक्रमको प्रयोग विशेष गरी कुन क्षेत्रमा हुन्छ।

(५) पदसङ्गति नमिल्दा वाक्यको अर्थमा कस्तो हेरफेर हुन्छ? उदाहरण दिएर बताउनुहोस्।

(६) पदसङ्गतिका प्रकार चिनाउँदै कर्ता र क्रियापदबिच पदसङ्गति देखाउनुहोस्।

(७) विशेषण र विशेष्यबिच, नाम र सर्वनामबिच पदसङ्गति देखाउनुहोस्।

(८) आदरार्थीका विभिन्न तहमा पदसङ्गति देखाउँदै भेदक र भेद्यबिचको पदसङ्गति चिनाउनुहोस्।

(९) पदक्रम र पदसङ्गति बिचको समानता बताउनुहोस्।

(१०) पदक्रम र पदसङ्गति बिचको भिन्नता स्पष्ट पार्नुहोस्।

## 14.8 अतिरिक्त अध्ययन

१. बन्धु, चूडामणि- भाषाविज्ञान

२. न्यौपाने, टङ्कप्रसाद- भाषाविज्ञानको रूपरेखा

३. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र- आधुनिक भाषाविज्ञान

४. नेपाल, घनश्याम, लामा कविता- उच्च माध्यमिक नेपाली व्याकरण र रचना

५. नेपाल, घनश्याम, पराजुली, पुष्कर- माध्यमिक नेपाली व्याकरण र रचना

## 14.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. लिङ्गका आधारमा पदसङ्गति बताउनुहोस् ।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.४.२.१ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. वाक्य रचनामा आसत्तिको भूमिका स्पष्ट पार्नुहोस्।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.४.१.२ खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. आकाङ्क्षा र योग्यता भन्नाले के बुझिन्छ ।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.४.१.२ खण्डमै उत्तर खोज्न सक्नेछन् )**

१९. क्रियाविशेषण र क्रियापदको पदक्रम।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.४.१.१ खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

२०. वचनका आधारमा पदसङ्गति लेख्नुहोस्।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १४.४.२.१ खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**